सर्केगाड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
नेपाल

# सर्केगाड गाउँपालिकाको पर्यटन बिकास गुरुयोजना

## (Tourism Development Master Plan)
## 2082

परामर्शदाता
**मास्टर मिडिया एण्ड सप्लायर्स प्रा. लि.**
तारकेश्वर, काठमाडौं



## धन्यवाद ज्ञापन

सर्केगाड गाउँपालिका प्राकृतिक सुन्दरताको खानी, सांस्कृतिक विविधताको धरोहर र साहसिक पर्यटनको उत्कृष्ट गन्तव्य हो । यस गाउँपालिकाको पर्यटन विकास गुरुयोजना प्रकाशन गर्नु हाम्रो लागि गौरवको विषय हो । यो गुरुयोजना कार्यान्वयन भई पर्यटनको दिगो विकास, रोजगारीको सिर्जना र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने हाम्रो दृढ विश्वास छ । यो यात्रा यहाँ अन्त्य हुँदैन'यो त नयाँ सुरुवात हो ।

यस गुरुयोजनामा अमूल्य समय, ज्ञान र अनुभव प्रदान गर्नुहुने हाम्रो गाउँपालिकाका जनप्रतिनिधिहरू, गाउँकार्यपालिकाका पदाधिकारी, वडा अध्यक्ष तथा सदस्य, सम्पुर्ण कर्मचारी, स्थानीय पर्यटन व्यवसायी, होटल सञ्चालक, किसान, महिला समूह, युवा स्वयंसेवक, सञ्चारकर्मी तथा विभिन्न क्षेत्रका विज्ञहरूको योगदानको हामी उच्च प्रशंसा गर्दछौं ।

यो महत्वपूर्ण दस्तावेज तयार पार्ने क्रममा विभिन्न व्यक्तिहरू, संस्था र समुदायको सक्रिय सहभागिता, सहयोग र सुझावले यस कार्यलाई सफल बनाउन मद्दत पुऱ्याएको छ । गाउँपालिकाको तर्फबाट सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै, सहयोगी सरकारी तथा गैरसरकारी निकाय, पर्यटनप्रेमी व्यक्तित्व र समुदायका अग्रजहरूलाई पनि हाम्रो मनदेखि आभार व्यक्त गर्दछौं । यस कार्यमा प्राविधिक सहयोग, तथ्याङ्क संकलन र मार्गदर्शन प्रदान गर्नुहुने मास्टर मिडिया एण्ड सप्लायर्स प्रा लि लाई विशेष धन्यवाद ब्यक्त गर्दछु ।

अन्तमा, सबैको साथ, सहयोग र प्रतिबद्धताका साथ हामी सर्केगाड गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन नक्सामा स्थापित गर्नेछौं ।

ठान बहादुर रोकाया
अध्यक्ष

Website: www.sarkegadmun.gov.np
Email: sarkegadmun.ito@gmail.com


## शुभकामना



हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पदा र ऐतिहासिक महत्वलाई बोकेको गाउँपालिका हो । यसलाई व्यवस्थित रूपमा संरक्षण गर्दै दीगो पर्यटन विकासको बाटो देखाउने ध्येयका साथ यो पर्यटन विकास गुरुयोजना तयार पारिएको छ । हाम्रो उद्देश्य पर्यटक आकर्षण सँगसँगै स्थानीय जनजीवनको स्तर वृद्धि, रोजगारी सिर्जना र सांस्कृतिक पहिचानको संरक्षण हो भन्ने कुरा स्मरणीय छ ।

यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहनु हुने जनप्रतिनिधि, सरकारी तथा गैर—सरकारी निकाय, पर्यटन व्यवसायी, स्थानीय समुदायका अग्रज, युवा स्वयंसेवक, पत्रकार, प्राविधिक टोलि तथा विभिन्न संघ—संस्थाहरूको सहयोग अतुलनीय रह्यो । यस महत्वपूर्ण यात्रामा आफ्नो अमूल्य समय, सुझाव, श्रम र स्रोतहरूको योगदान गर्नुहुने सबै प्रति म हार्दिक आभार व्यक्त गर्दछु , यसका साथै हाम्रो गाउँपालिकाका सबै वडाध्यक्ष, वडा सचिव, कर्मचारी तथा स्थानीय बासिन्दाहरु, जसको सक्रिय सहभागिता र सुझाव बिना यो गुरुयोजना पूर्ण हुन सक्ने थिएन । यो दस्तावेजलाई साकार पार्ने सम्पूर्ण टिम, अनुसन्धानकर्ता तथा सम्पादन टोलीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यो गुरुयोजना सफलतापूर्वक कार्यान्वयन गर्नका लागि भविष्यमा पनि यही एकताको भावनासहित हातेमालो गरिरहनेछौं भन्ने अपेक्षा गर्दछु ।

देवकी तिमल्सिना
उपाध्यक्ष

सर्केगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सर्केगाड, हुम्ला
कर्णाली प्रदेश, नेपाल
Website: www.sarkegadmun.gov.np
Email: sarkegadmun.ito@gmail.com

# धन्यवाद ज्ञापन

हाम्रो सर्केगाड गाउँपालिका प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, ऐतिहासिक धरोहर र आतिथ्य संस्कृति भएको गाउँपालिका हो । यी सौन्दर्य, सम्पदा, धरोहर र संस्कृतिको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनमा यो गुरुयोजना मार्गदर्शक दस्तावेजको रूपमा उपयोगी हुने विश्वास लिएको छु ।

यस गुरुयोजनाको निर्माण कार्यमा आफ्नो अमूल्य समय, विचार र अनुभव प्रदान गर्नु हुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यज्यूहरू, वडा अध्यक्ष तथा सदस्यज्यूहरू, स्थानीय समाजका अग्रज व्यक्तित्वहरू, विभिन्न सरकारी तथा गैरसरकारी निकाय, सञ्चारकर्मी, प्राविधिक विज्ञहरू, पर्यटन व्यवसायी, स्थानीय होटल व्यवसायी, युवा तथा महिला समूह, र सम्पूर्ण समुदायजनप्रति हार्दिक आभार प्रकट गर्दछु । यस पर्यटन विकास गुरुयोजनालाई सफलतापूर्वक तयार पार्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, मार्गदर्शन र सुझाव प्रदान गर्नु हुने सबैमा गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस गुरुयोजनालाई सफलतापूर्वक तयार पार्नमा सहयोग गर्नु हुने परियोजना टोली, लेखक, सम्पादक, डिजाइनर तथा प्रकाशनमा संलग्न सम्पूर्ण सहयोगीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, यो गुरुयोजना व्यवहारमा उतार्न सबैको निरन्तर सहयोग, साथ र सद्भाव रहने आशा व्यक्त गर्दै, पुनः सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

कृष्ण केशर आचार्य
नि.प्रमुख प्रशासकीय अधिकृत

# धन्यवाद ज्ञापन

सर्केगाड गाउँपालिका प्राकृतिक सुन्दरताको खानी, सांस्कृतिक विविधताको धरोहर र साहसिक पर्यटनको उत्कृष्ट गन्तव्य हो । यस गाउँपालिकाको पर्यटन विकास गुरुयोजना प्रकाशन गर्नु हाम्रो लागि गौरवको विषय हो । यो गुरुयोजना कार्यान्वयन भई पर्यटनको दिगो विकास, रोजगारीको सिर्जना र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने हाम्रो दृढ विश्वास छ । यो यात्रा यहाँ अन्त्य हुँदैन–यो त नयाँ सुरुवात हो ।

यस गुरुयोजनामा अमूल्य समय, ज्ञान र अनुभव प्रदान गर्नुहुने हाम्रो गाउँपालिकाका जनप्रतिनिधिहरू, गाउँकार्यपालिकाका पदाधिकारी, वडा अध्यक्ष तथा सदस्य, स्थानीय पर्यटन व्यवसायी, होटल तथा लज सञ्चालक, किसान, महिला समूह, युवा स्वयंसेवक, सञ्चारकर्मी तथा विभिन्न क्षेत्रका विज्ञहरूको योगदानको हामी उच्च प्रशंसा गर्दछौं ।

यो महत्वपूर्ण दस्तावेज तयार पार्ने क्रममा विभिन्न व्यक्तिहरू, संस्था र समुदायको सक्रिय सहभागिता, सहयोग र सुझावले यस कार्यलाई सफल बनाउन मद्दत पुऱ्याएको छ । गाउँपालिकाको तर्फबाट सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै, सहयोगी सरकारी तथा गैरसरकारी निकाय, पर्यटनप्रेमी व्यक्तित्व र समुदायका अग्रजहरूलाई पनि हाम्रो मनदेखि आभार व्यक्त गर्दछौं ।

अन्तमा, सबैको साथ, सहयोग र प्रतिबद्धताका साथ हामी सर्केगाड गाउँपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन नक्सामा स्थापित गर्नेछौं ।

धन्यवाद !

मास्टर मिडिया एण्ड सप्लायर्स प्रा लि

तार्केश्वर, काठमाण्डौ

**बिषयसूची**

**अध्याय-एक** ........ ६

**परिचय** ........ ६

१.१ भूमिका ........ ६

१.२ सर्केगाड गाउँपालिकको संक्षिप्त चीनारी ........ ९

१.२.१ भौगोलिक, ऐतिहासिक, प्राकृतिकरजैविकविवरण ........ १०

क) भौगोलिकअवस्थिति ........ १०

ख) भू-बनोट ........ ११

ग) नदी, खोलाहरु तथा मुलहरु ........ १३

घ. ऐतिहासिक अबस्था ........ १५

१.२.२ राजनैतिक तथा प्रशासनिक विवरण ........ १६

१.२.३ जनसाङ्ख्यिक विवरण ........ १६

१.२.४ जातजातिहरु ........ १७

१.३ पर्यटन गुरुयोजनाको उद्देश्य ........ १८

१.४ पर्यटन गुरुयोजनाको अपेक्षित प्रतिफल ........ १८

१.५ अध्ययन विधि ........ १९

१.६ अध्ययनको क्षेत्र र सिमा ........ २०

**अध्याय-दुई** ........ २२

**पर्यटनको वर्तमान अवस्था** ........ २२

२.१ विश्वमा पर्यटनको इतिहास ........ २२

२.२ नेपालमा पर्यटनको इतिहास र वर्तमान अवस्था ........ २२

२.३ नेपालमा पर्यटन गुरुयोजनाको रूपरेखा ........ २५

२.४ पर्यटननीति—२०६५ तथा पर्यटन गुरुयोजना—२०६५ ........ २५

२.५ राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६- २०२५) ........ २७

२.६ पर्यटनको महत्व ........ २८

२.८ पर्यटनका राष्ट्रिय नीतिहरु ........................................................................ ३०

**अध्याय–तिन ................................................................................................ ३३**

**गाउँपालिकाका मुख्य पर्यटकीय क्षेत्र तथा गन्तब्यहरु ........................................... ३३**

३.१ सर्केगाड गाउँपालिकाका मुख्यपर्यटकीय क्षेत्रहरु ..................................................... ३३

३.१.१ प्राकृतिक क्षेत्र .................................................................................... ३३

३.१.१.१ सिमसार तथा जलाधार क्षेत्र .................................................................. ३४

३.१.१.२ वनजंगल .......................................................................................... ३५

३.१.१.३ जडीबुटी ........................................................................................... ३५

३.१.१.४ पशुपंक्षी तथा जनावर .......................................................................... ३६

३.१.२ ऐतिहासिक प्राकृर्तिक तथा धार्मिक क्षेत्र ........................................................ ३७

३.१.३ कृषि पर्यटन र कृषि उत्पादन क्षेत्रहरु ......................................................... ३७

३.१.४ शैक्षिक क्षेत्र ......................................................................................... ३९

३.१.५ मनोरञ्जन क्षेत्र ....................................................................................... ३९

३.१.६ व्यपारिक अवस्था र पर्यटन ...................................................................... ४१

३.१.७ साँस्कृतिक क्षेत्र ..................................................................................... ४३

३.१.७.२ संस्कारहरु .......................................................................................... ४६

३.१.७.४ खानपानका परिकारहरु ........................................................................ ५२

३.१.७.५ कला र संस्कृति .................................................................................. ५५

३.१.७.८ पौवा संस्कृति ..................................................................................... ६३

३.१.७.७ भेषभुषाहरु । ..................................................................................... ६८

३.१.७.८ पुराना खेलहरु तथा खेलिने विधि ............................................................ ७०

३.२ सर्केगाड गाउँपालिकाका मुख्य पर्यटकीय गन्तब्यहरु .............................................. ८२

**एकाइ–चार ................................................................................................ १४२**

**पर्यटन विकासका सम्भावना, योजना तथा कार्यक्रम .............................................. १४२**

४.१पर्यटनविकासकासम्भावनाहरू ........................................................................ १४२

४.१.१. होमस्टे ........................................................................................................१४२

४.१.२. अध्ययन, अनुसन्धान तथा शैक्षिक भ्रमण ............................................................१४२

४.१.३. पद यात्रा वा हाइकिङ ........................................................................................१४३

४.१.४. जङ्गल भ्रमण.......................................................................................................१४४

४.१.५. स्प्रिचुअल पार्क क्षेत्र ..............................................................................................१४४

४.१.६. कृषि उत्पादन क्षेत्र ..............................................................................................१४५

४.३ पर्यटन पूर्वाधारको वर्तमान अवस्था र सम्भावना...................................................१५५

४.५ सम्भावित पर्यटकीय क्षेत्र विकासका लागि बजेट योजना............................................१५९

**अध्याय-पाँच ..........................................................................................................१६८**

**पर्यटन विकासको लागि अल्पकालीन र दीर्घकालीन योजनाहरू ....................................१६८**

५.१ योजनाको सोच.......................................................................................................१६८

५.२ योजनाको लक्ष्य.......................................................................................................१६८

५.३ योजनाका उद्देश्यहरू ................................................................................................१६८

५.४ योजनाका रणनीतिहरू..............................................................................................१६८

५.५ गुरु योजनाका कार्य योजनाहरू.................................................................................१६९

५.५.१पर्यटन विकास कार्य योजना.....................................................................................१६९

५.५.२ क्षमता विकास कार्ययोजना .....................................................................................१६९

५.५.३ पर्यटन पूर्वाधार विकास कार्ययोजना.........................................................................१६९

५.५.४ पर्यटन रोजगारी तथा सीप विकास कार्ययोजना...........................................................१७०

४.५.५ पर्यटन प्रबद्र्धन र बजारीकरण विकास कार्ययोजना.......................................................१७०

५.६गाउँपालिकाको पर्यटन विकासका सबलपक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरू..............१७०

५.६.१ सबल पक्षहरू.........................................................................................................१७०

५.६.२ कमजोरपक्षहरू.......................................................................................................१७१

५.६.३ अवसरहरू.............................................................................................................१७१

५.६.४ चुनौतिहरू .............................................................................................................१७१

अध्याय–छ ........................................................................ १७३

निष्कर्ष, प्राप्ति र सुझाव ............................................................. १७३

# अध्याय-एक

# परिचय

## १.१ भूमिका

हुम्ला जिल्ला तिब्बतसँग जोडिएको नेपालको उत्तर–पश्चिम सीमावर्ती पहाडी क्षेत्र हो। यसलाई परम्परागत व्यापार–पैदलमार्ग, तिब्बती संस्कृतिको आदान प्रदान र कैलाश–मानसरोवर जाने तीर्थमार्गका कारण ऐतिहासिक रूपमा परिचित रहँदै आएको छ। सर्केगाड गाउँपालिका हुम्लाको मध्यम–दक्षिण भागमा पर्छ र कृषि तथा प्राकृतिक पर्यटनलाई प्राथमिकता राखियको छ ।

हुम्लाका बासिन्दाले शताब्दी यौ देखि तिब्बतसँग "नुन–अन्न" विनिमय गर्थे—तिब्बतबाट नुन/ऊन झार्ने र नेपालतिरबाट अन्न/सामान पुऱ्याउने। यो "कर्णाली नुन–व्यापार मार्ग" ले सर्केगाड लगायत तल्लो हुम्लाको बस्ती हुँदै मुगु र दैलेख–जाजरकोटतिर जोडिन्थ्यो। १९५० पछि तिब्बतको राजनैतिक परिवर्तन र भारतबाट सस्तो नुन पहुँचेपछि परम्परागत व्यापार ओझेल पर्यो, तर त्यसले हुम्लालाई ऐतिहासिक पदमार्ग–पर्यटन (heritage trail) को सम्भावना दियो।

हुम्ला–हिल्साबाट चीनको ताक्लाकोट (पुराङ) हुँदै कैलाश–मानसरोवर जाने बाटो औपचारिक रूपमा सन् १९९३ पछि विदेशी यात्रु/तीर्थयात्रीका लागि खुल्दा जिल्लाको पर्यटन प्रवाह बढ्न थाल्यो। अहिले पनि सिमकोट–हिल्सा खण्ड, र ग्रेट हिमालयन ट्रेलका केही खण्डले स्थानीय गाउँहरू (सर्केगाड समेत) लाई सामान–आतिथ्य–बजार सेवा जोडेर प्रत्यक्ष/अप्रत्यक्ष आय दिन्छन्।

जिल्लाभित्र का प्राचीन गुम्बा (जस्तै रालिङ/राइलिङ गुम्बा) र स्थानीय पर्व–रीतिथितिहरूले हुम्लालाई सांस्कृतिक पर्यटनको गहिरो आधार दिएको छ। यी प्रमुख स्थलहरू सर्केगाड स्वयंभित्र नपर्ने भए पनि सर्केगाडको होम–स्टे, स्थानीय मार्गदर्शक, ढुवानी, खाद्य–आतिथ्य सेवा जस्ता आपूर्तिहरू मार्फत लाभान्वित हुने मध्य–हुम्लाका बस्तीसँग प्रत्यक्ष सम्बन्ध राख्छन्।

कर्णाली प्रदेश पर्यटन मास्टर प्लानले हुम्लामा ऐतिहासिक नुन–व्यापार मार्ग, तीर्थ–आध्यात्मिक पर्यटन, क्यान्योनिङ/झरना र प्रकृति–सांस्कृतिक पदयात्रालाई प्राथमिकता दिएको छ, जसको लाभ सर्केगाडजस्ता बीचका बस्तीले लिने आधार देखिन्छ। सीमापार आवत–जावत सहज हुनेबित्तिकै व्यापार–पर्यटन दुबै सक्रिय हुने देखिन्छ । स्थानीय तहमै सर्केगाडले "कृषि–पर्यटन–वन–पूर्वाधार" लाई विकास नारा बनाएको देखिन्छ।

सर्केगाड क्षेत्र हुम्लाको परम्परागत नुन–व्यापार पदमार्गको कडी; यसले आजसम्म 'हेरिटेज ट्रेल' को इतिहासलाई बोकेको छ।

सम्पदा र सेवा–लिङ्केजः रालिङ गुम्बा–न्यिन्बा up-valley जस्ता आकर्षण नजिकै रहेकाले सर्केगाडका होम–स्टे, गाइड, ढुवानी–खाद्य आपूर्तिमा अवसर बढेको छ।

ऐतिहासिक नामसँगै प्राकृतिक सुन्दरताले भरिपूर्ण गाउँपालिकाको नाम हो सर्केगाड गाउँपालिका । भौगोलिक, जैविक, सामाजिक, आर्थिक विविधतायुक्त बिशेषता भएको सर्केगाड गाउँपालिका हुम्ला जिल्लाका स्थानीय तहहरु मध्ये छुट्टै बिशेषता बोकेको गाउँपालिका मानिन्छ । गाउँपालिकाका बिभिन्न वडाहरुका रहेका बिभिन्न मठ मन्दिर तथा धार्मिक पिठहरुले गाउँपालिका बासीहरुका आस्थाहरुलाई जिवन्त राख्दछन् । मौलिक संस्कृति, संस्कार र परम्परा यहाँका प्रमुख आकर्षण हुन् । थोरै भए पनि सन्तुष्ट हुन जान्ने दाजुभाइ, तिनको उच्च अतिथि सत्कार गर्ने परम्परा यहाँको उच्च पहिचान हो । आफ्नो छुट्टै पहिचान बोकेको यो गाउँपालिकामा आफ्ना फरक पहिचानसँग पौठेजोरी खेल्दै रमाइरहेको गाउँपालिका हो । चारैतिर हरियो पिछौरी फिजेझै फैलिएको बाक्लो जंगल, ठुला ठुला हिमाल, बिच बिचमा फैलिएका स साना फाँटह अति सुन्दर छन् साथै मनोरम दृश्यहरु सबैको मन लोभ्याउन सक्छन् ।

हुम्ला जिल्ला नेपालको कर्णाली प्रदेशमा पर्ने एक दुर्गम र अत्यन्तै सुन्दर जिल्ला हो, जुन नेपालको सबैभन्दा उत्तरमा अवस्थित छ। यो जिल्ला तिब्बत सँग सिमाना जोडिएको कारण सांस्कृतिक (चीन) र व्यापारिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ। हुम्लाको सदरमुकाम सिमीकोट हो, जुन हिमाली भेगमा पर्ने भएकाले यहाँको जनजीवन कष्टकर र सीमित साधनस्रोतमा निर्भर छ। यहाँ नेपाली-, तिब्बती र खाम भाषा बोलिन्छ, र खाम्चा, ठकुरी, ब्यासी, ब्राह्मण, क्षेत्री जातजातिको बसोबास छ। धार्मिक दृष्टिले यो जिल्ला निकै महत्वपूर्ण मानिन्छ किनभने यहाँबाट तिब्बतको मानसरोवर र कैलाश पर्वतको यात्रामा जाने प्रमुख नाका हिल्सा पर्दछ। कर्णाली नदी यहाँको प्रमुख नदी हो, जुन हिमालबाट उत्पत्ति भएर नेपालको विभिन्न भूभाग हुँदै भारततर्फ बग्दछ। यद्यपि यातायात र विकासका दृष्टिले हुम्ला अझै पनि पछाडि परेको छ, तर यसको सांस्कृतिक विविधता, धार्मिक महत्त्व, प्राकृतिक सौन्दर्य र सामरिक अवस्थिति यसलाई अत्यन्तै विशेष बनाउँछ ।

हुम्ला जिल्लाको पर्यटन इतिहास अत्यन्त रोचक र सांस्कृतिक गहिराइले भरिएको छ। यो जिल्ला विगतदेखि नै तिब्बतसँगको व्यापारिक नाका हिल्सामार्फत चिनिएको हो, जहाँबाट तिब्बत र नेपालको बीचमा व्यापार मात्र होइन, धार्मिक यात्राको सुरुवात पनि हुन्थ्यो। विशेषतः हिन्दू र बौद्ध धर्मालम्बीहरूका लागि कैलाश मानसरोवरको यात्रा गर्न हुम्ला एक महत्वपूर्ण मार्ग रहँदै आएको छ।

सिमीकोट हुँदै हिल्सा पुगेर मानसरोवर जाने धार्मिक यात्रुहरूको चापका कारण हुम्ला पर्यटनको प्रमुख गन्तव्य बन्न पुगेको हो। १९९० को दशकपछाडि बाह्य पर्यटकहरूको आवागमन बढ्न थालेपछि यस क्षेत्रको पर्यटनले केही व्यावसायिक रूप लिन थाल्यो। हुम्लाको प्राकृतिक सुन्दरता, हिमशृंखलाहरू, कर्णाली नदी, ऐतिहासिक गुम्बाहरू, र स्थानीय तिब्बतीनेपाली मिश्रित संस्कृतिले - पर्यटकलाई आकर्षण गरेको छ। अझ, ट्रेकिङ, धार्मिक यात्रा, सांस्कृतिक भ्रमण र अनुसन्धानका लागि हुम्ला अब एक नयाँ गन्तव्यको रूपमा विकसित हुँदै गएको छ। यद्यपि पूर्वाधार र यातायातको अभावले यहाँको पर्यटन अझै पूर्ण रुपमा फस्टाउन सकेको छैन, तर यसको सम्भावना भने अत्यधिक छ ।

हुम्ला जिल्लाको सर्केगाड गाउँपालिकामा पर्यटनको सम्भावना अत्यन्त उच्च छ र यस क्षेत्रको विकासका लागि महत्वपूर्ण आधार बन्न सक्छ। सर्केगाड गाउँपालिका प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले भरिपूर्ण क्षेत्र हो, जहाँ विशुद्ध हिमाली जीवनशैली, परम्परागत संस्कार र अनुपम प्राकृतिक सौन्दर्य पाइन्छ। यहाँको हरियाली पहाड, कर्णाली नदीका किनार, रहस्यमयी गुफा, ऐतिहासिक मठ आदिवासी समुदायका सांस्कृतिक गतिविधिहरूले पर्यटकलाई आकर्षण गर्ने क्षमता राख्छन् । विशेष गरी ग्रामीण पर्यटनको दृष्टिकोणले सर्केगाड उपयुक्त गन्तव्य हो, जहाँ पर्यटकले स्थानीय समुदायसँग प्रत्यक्ष अन्तरक्रिया गरी तिनीहरूको जीवनशैली, कृषि प्रणाली र परम्परागत ज्ञान अनुभव गर्न सक्छन्। धार्मिक तथा सांस्कृतिक चाडपर्वहरू, जस्तै स्थानीय ल्होसार वा पुजा परम्पराले पनि यो ठाउँलाई अद्वितीय बनाएको छ। यातायात र पूर्वाधारको विकाससँगै सर्केगाडले आन्तरिक तथा बाह्य दुबै पर्यटकलाई आकर्षण गर्न सक्ने र गाउँको आर्थिक विकासमा ठुलो योगदान पुऱ्याउने सम्भावना बोकेको छ।यस प्रकारको मनोरम पृष्ठभूमि बोकेको सुन्दर सर्केगाड गाउँपालिकाको समग्र पर्यटन विकासको गुरुयोजना पर्यटन विकास गुरुयोजना-२०८२ हो । यो योजना स्थानीय सरकार संचालन ऐन-२०७४ को परिच्छेद-३ दफा ११ को उपदफा २ (छ) (१) मा स्थानीय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन साथै बुँदा नं. २ मा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस गाउँपालिकाको पर्यटन विकासका लागि तयार पार्न लागिएको हो ।

## १.२ सर्केगाड गाउँपालिकको संक्षिप्त चीनारी

सर्केगाड गाउँपालिका हुम्ला जिल्लाका ७ वटा स्थानीय तहहरु मध्येको एक गाँउपालिका हो । पहाडी तथा हिमाली भूभाग रहेको यो गाँउपालिका राज्य पूर्नसंरचना भए पश्चात् साविकका जैर, सर्केदेउ, सायाँ, गोठी (१,२,४-९), बराई र रोडिकोट गाउँ विकास समितिहरु समायोजन गरी वि.स. २०७३ सालमा स्थापना भएको हो । यस गाँउपालिकालाई ८ वटा वडाहरुमा विभाजन गरिएको छ भने केन्द्रको रुपमा  साविकको सायाँ गा.वि.स.लाई बनाइएको छ । यस गाउँपालिकाको पूर्वी सीमाना चंखेली गाउँपालिका र मुगु जिल्ला, पश्चिममा बाजुरा जिल्ला, उत्तरमा खार्पुनाथ गाउँपालिका र दक्षिणमा अदानचुली र ताँजाकोट गाउँपालिका रहेको छ । भौगोलिक अवस्थिति अनुसार यो गाँउपालिका ८२ डिग्री १६ मिनेट ५२.७६ सेकेण्ड देखि ८२ डिग्री ५९ मिनेट ३१.९७ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको छ भने २९ डिग्री २२ मिनेट, ७८.८९ सेकेण्ड देखि २९ डिग्री ५० मिनेट ८०.४८ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको छ । समुन्द्री सतहबाट करिव २३०० देखि ६१०० मिटर सम्मको उचाईमा रहेको छ । नापी विभाग, काठमाण्डौबाट लिएको तथ्यांक अनुसार यस गाँउपालिकाको कुल क्षेत्रफल ३०६.७० वर्ग कि.मी. रहेको छ । सर्केगाड गाउँपालिका हुम्ला जिल्लामा अवस्थित एक हिमाली गाउँपालिका हो, जुन कर्णाली प्रदेश अन्तर्गत पर्दछ। यो गाउँपालिका प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र ऐतिहासिक महत्वले भरिएको क्षेत्र हो। सर्केगाड पहाडी भू-भागमा फैलिएको छ र यहाँका बासिन्दाहरूको मुख्य जीविकोपार्जन कृषि, पशुपालन र परम्परागत पेसामा आधारित छ। यहाँका प्रमुख जातजातिहरूमा क्षेत्री, ठकुरी, दमाई, कामी, तामाङ लगायत विभिन्न समुदायको सहअस्तित्व पाइन्छ। नेपाली भाषा बोलिने भए तापनि स्थानिय तहमा परम्परागत संस्कृतिको गहिरो प्रभाव देखिन्छ। सर्केगाड प्राकृतिक दृष्टिले सुन्दर छ र यहाँको हरियाली, खोलानाला, हिमाली वातावरण र मौलिक जीवनशैलीले यो क्षेत्रलाई छुट्टै पहिचान दिलाएको छ। भौगोलिक विकटता भए पनि सर्केगाड गाउँपालिका सामाजिक, सांस्कृतिक र आर्थिक दृष्टिले क्रमशः प्रगति गरिरहेको छ।




## १.२.१ भौगोलिक, ऐतिहासिक, प्राकृतिकरजैविकविवरण

## क) भौगोलिकअवस्थिति

सर्केगाड गाउँपालिका हुम्ला जिल्लाको पुर्वी भेगमा अबस्थित छ । यो गाउँपालिका सदरमुकाम सिमिकोटबाट करिब ६५ किमी टाढा रहेको छ । यो गाउँपालिका समुन्द्री सहत देखि २३०० देखि ६१०० मिटर सम्म अबस्थित छ । भौगोलिक अवस्थिति अनुसार यो गाँउपालिका ८२ डिग्री १६ मिनेट ५२.७६ सेकेण्ड देखि ८२ डिग्री ५९ मिनेट ३१.९७ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको छ भने २९ डिग्री २२ मिनेट, ७८.८९ सेकेण्ड देखि २९ डिग्री ५० मिनेट ८०.४८ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको छ । यस गाउँपालिकाको पूर्वी सीमाना चंखेली गाउँपालिका र मुगु जिल्ला, पश्चिममा बाजुरा जिल्ला, उत्तरमा खार्पुनाथ गाउँपालिका र दक्षिणमा अदानचुली र ताँजाकोट गाउँपालिका रहेको छ । यस गाउँपालिकाको भू-स्वरुपको बिबिधताका कारण हावापानीमा पनि बिबिधता पाइन्छ । हावापानी अनुसार

वन तथा वनस्पतीहरु पनि भिन्नभिन्न प्रकारका पाइन्छन् । उचाइगत बिविधता अनुसार भौगोलिक भिन्नताको अवस्था सृजना भएको छ ।




## ख) भू–बनोट

सर्केगाड गाउँपालिकाको भौगोलिक अवस्था विविधतापूर्ण रहेको छ। यस क्षेत्रको उचाई समुद्र सतहबाट लगभग २ हजार ९ सय मिटरदेखि ६ हजार मिटरसम्म फैलिएको छ, जसले गर्दा यहाँको जलवायु र प्राकृतिक विविधता मध्ये उल्लेख्य भिन्नता पाइन्छ। न्यूनतम तापक्रम १७ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ३० डिग्री सेल्सियससम्म रहने यस क्षेत्रमा समशीतोष्ण, उपशीतोष्ण र उष्ण प्रकारको हावापानी पाइन्छ।यस गाउँपालिकामा ५ हजार ३ सय ६४ फिट (लगभग १,६३५ मिटर) उचाइ भएको उच्च पहाडी क्षेत्र पनि समावेश छ, जसले यस क्षेत्रको भौगोलिक विविधतालाई अझ बढाएको छ। यस्तो भू-बनोटले नै यहाँको कृषि, वनजंगल र जैविक विविधतामा विशेष प्रभाव पारेको देखिन्छ।सामान्यतया, यस प्रकारको भौगोलिक र जलवायुगत विविधता भएका

क्षेत्रहरूमा प्राकृतिक स्रोतहरूको प्रचुरता रहेको हुन्छ भने स्थानीय जनताको जीवनशैलीमा पनि यसको स्पष्ट प्रभाव परेको हुन्छ। सर्केगाड गाउँपालिकाको भू-प्रकृति र हावापानीले यसलाई एक विशिष्ट भौगोलिक पहिचान दिएको छ।

मर्फि र कोपल्यान्डले २००५ मा गारेको अध्ययन अनुसार हुम्ला जिल्लाको भूगर्भशास्त्रीय बनावट जटिल र विविध प्रकारका चट्टान तथा संरचनात्मक प्रणालीहरूबाट बनेको छ, जुन हिमालय पर्वतश्रृङ्खलाको केन्द्रीय भागमा पर्दछ। यस जिल्लामा मुख्यतः चारवटा भूगर्भिक एकाइहरू पाइन्छन्: टेथियन फोल्ड-थ्रस्ट बेल्ट, ग्रेटर हिमालयन क्रिस्टालाइन कम्प्लेक्स (GHC), मेन सेन्ट्रल थ्रस्ट (MCT) क्षेत्र, र लेसर हिमालयन इम्ब्रिकेट थ्रस्ट बेल्ट। ग्रेटर हिमालयन क्षेत्रमा उच्च ग्रेडको रूपान्तरण प्राप्त गरेका पेलेटिक शिस्ट, क्वार्टजोफेल्डस्पाथिक ग्नाइस, क्याल्सिलिकेट शिस्ट, मिग्माटाइट, र लिउकोग्रेनाइटहरू पाइन्छन्। लेसर हिमालय क्षेत्रमा कुश्मा र रानीमाटा नामका युनिटहरू अन्तर्गत क्लोराइटिक शिस्ट, गार्नेट शिस्ट, मेटाक्वार्टजाइट, अम्फिबोलाइट, र मार्बल जस्ता चट्टानहरू देखिन्छन्। टेथियन अनुक्रममा मुख्यतः क्याम्ब्रियनदेखि मेसोजोइककालसम्मका अवसादी र सानोतिनो रूपान्तरण भएका चट्टानहरू समावेश छन्। यस क्षेत्रमा गुर्ला मन्दाता—हुम्ला भ्रंश प्रणाली (GMH) नामक प्रमुख भ्रंश संरचना विकास भएको छ, जसले पूर्व-पश्चिम दिशामा तानेजस्तो विकृति (transtensional deformation) सिर्जना गर्दै ग्रेटर हिमालय र टेथियन अनुक्रमका चट्टानहरूलाई अनुशरण गरेको छ। GMH प्रणालीमा डक्टाइल र ब्रिटल श्रेणीका तीनवटा प्रमुख शियर जोनहरू (SZ1, SZ2, SZ3) छन्, जसले विभिन्न चट्टान र समयका आधारमा फरक-फरक विकृति अभिलेख गरेका छन्। यी संरचनात्मक र चट्टानी विशेषताहरूले हुम्ला जिल्लालाई हिमालयन भूगर्भशास्त्रीय अध्ययनका लागि विशेष महत्व दिएको छ।




## ग) नदी, खोलाहरु तथा मुलहरु

यस गाउँपालिकामा सदाबहार पानी नसुक्ने दर्जनौं पानीका मुलहरु, सयौं नाला, ताल, तलैया तथा दलदले क्षेत्रहरूका साथै हिमाली उद्धगम हुम्ला कर्णाली नदी रहेको छ ।यहाँका खोला तथा नदीनालाहरू विभिन्न किसिमका दुर्लभ माछाहरु तथा सरिसृप हरूको बाँस रहेको छ । सुन्दर खोला, नाला तथा मुलहरु गाउँपालिकाकै गोदमा सृजना भई कलकल गरी बगिरहेका छन् । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका दर्जनौं खोलानाला र दहहरु पर्यावरणका अभिन्न पक्षका रुपमा रहेका छन् जसले यहाँको जैविक पर्यावरणलाई सुरक्षित बनाउन भूमिका खेलेका छन् । सर्केगाड गाउँपालिकामा रहेको प्रमुख खोलाहरूमा हुम्ला कर्णाली र सर्केगाड खोला पर्दछन् । यी खोलाहरुमा बर्षातमा पानी बढ्ने तथा हिउँदमा पनि हिम पग्लेर बगेका सदावहार नदी तथा खोलाहरु प्रशस्त छन् । यिनै खोलाहरुबाट यस क्षेत्रमा सिँचाइ तथा लघु जलविधुतको आपूर्ति गरेका छन । यी क्षेत्रहरुमा वर्षातको समयमा पहिरोको समस्या बढ्ने सम्भावना रहेको छ भने हिउदको समयमा हिमाल पगलेर बग्ने हिमनदी हरु देख्न सकिन्छ । यी नदि तथा खोलानालाहरुले बनाएका खोच, खोला किनारामा देखिने ठूला ठुला चट्टानहरु, खोला नालाको स्वच्छ जल, खोलानालाको मनोरम बहाव आदि पर्यटकीय आकर्षणका केन्द्र बन्न सक्दछन् ।

गाउँपालिका भित्रमा मुख्य खोलाहरु

हुम्ला कर्णाली वडा नं. १, २, ३, ४, ५, ६

सर्केगाड खोला धौलापानी हुंदै नेठा (पखां) भिउ पाटनसम्म ओगटेको वडा नं. ४, ५, ६, ७, ८

तातोपानी खोला वडा नं. ३

रिपगाड खोला वडा नं. २

नागाड खोला (मु. गुसां) वडा नं. ३, ४

खुगाड खोला वडा नं. ३

न्यासि खोला (मु. चरिगाँउ) वडा नं. ४

कालगाड खोला वडा नं. ४ उत्तर बहने

स्याडा जाने खोला वडा नं. १



## घ. ऐतिहासिक अबस्था

### तालिका नं. १: गाउँपालिकाका वडा तथा टोलहरु

| हालका वडाहरु | साविकका गाविसहरू | साबिकका वडाहरु |
|---|---|---|
| १ नं. | जैर | १–९ |
| २ नं. | सर्केदेउ | १–४,९ |
| ३ नं. | सर्केदेउ | ५–८ |
| ४ नं. | सायाँ | १–९ |
| ५ नं. | गोठी | १,२,४–४ |
| ६ नं. | बराई | १–९ |
| ७ नं. | रोडिकोट | ५–९ |
| ८ नं. | रोडिकोट | १–४ |




नक्सा १गाउँपालिकाका वडा तथा गाउँहरु

### १.२.२ राजनैतिक तथा प्रशासनिक विवरण

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ गते पेश गरेको प्रतिवेदन अनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ मासाविकका जैर, सर्केदेउ, सायाँ, गोठी (१,२,४-९), बराई र रोडिकोट गाउँ विकास समितिहरु समायोजन गरी वि.स. २०७३ सालमा स्थापना भएको हो ।

### १.२.३ जनसाङ्ख्यिक विवरण

पर्यटन विकासको प्रमुख आधार जनसंख्या हो । यसले कुनै पनि क्षेत्रको शैक्षिक, आर्थिक, स्वास्थ्य, रोजगारी आदिको स्थिति के छ भन्ने जानकारी दिन्छ । आफ्नो क्षेत्रमा कति जाति, भाषा र धर्मका मानिस छन् भन्ने तथ्याङ्क जानकारी हुन्छ । पर्यटनसँग सम्बन्धित दक्ष जनशक्तिदेखि सामान्य मजदुरको संख्या कुनै पनि क्षेत्रको जनसंख्या अवस्थाले निर्धारण गर्दछ । यसर्थ पर्यटनका हरेक सवालमा जनसंख्याको प्रत्यक्ष सम्बन्ध जोडिएको हुन्छ । यस गाउँपालिकाको जनसंख्याको अबस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| वर्ष | घर परिवार | जनसंख्या | | | घर परिवारको औसत आकार | लैगिक अनुपात | आर्थिक जनसंख्या वृद्धिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | | | |
| २०६८ | १७९४ | ४९७७ | ४८९१ | ९८६८ | ५.६६ | १०१.७५ | १.१४ | ३२.९८ |
| २०७८ | २२०५ | ५३६३ | ५३२५ | १०६८८ | ४.८५ | १००.७१ | ०.७७ | ३५.० |




स्रोत : सर्केगाडगाउँपालिकाको वस्तुगत विवरण

### १.२.४ जातजातिहरु

**तालिका नं.४ : जातजातिको आधारमा जनसंख्या विवरण**

| **जातजाति** | **पुरुष** | **महिला** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|
| क्षेत्री | २२१८ | २२०६ | ४४२४ | ४१.३९ |
| ब्राह्मण पहाडी | २४२ | २४१ | ४८३ | ४.५२ |
| विश्वकर्मा | ४६० | ४२९ | ८८९ | ८.३२ |
| परियार | २१६ | २२८ | ४४४ | ४.१५ |
| ठकुरी | ११५६ | १२०८ | २३६४ | २२.१२ |
| मिजार | २६० | २४४ | ५०४ | ४.७२ |
| छन्त्याल | २९ | १५ | ४४ | ०.४१ |
| ब्यासी | ७७२ | ७४३ | १५१५ | १४.१७ |
| अन्य | १० | ११ | २१ | ०.२० |
| **जम्मा** | **५३६३** | **५३२५** | **१०६८८** | **१००** |




## १.३ पर्यटन गुरुयोजनाको उद्देश्य

पर्यटन विकास गुरुयोजनाको प्रमुख उद्देश्य यस गाउँपालिका क्षेत्रभित्र रहेका सम्भावित पर्यटकीय गन्तब्यहरुको विकास, विस्तार तथा पैवर्धन गरी पर्यटनसँगसगैं मावनको संसाधनको सम्बन्ध स्थापना गरी गाउँपालिकाको आर्थिक समृद्धि र पहिचान अगाडि बढाउनु हो साथै यस गाउँपालिका बासीहरुको “अतिथि देवो भवः” भन्ने अतिथि प्रतिको उच्च सम्मान गर्ने संस्कार उपयोग गर्दै, आन्तरिक तथा बाह्य पर्यटकहरुको बृद्धि गर्नु, पर्यटनको माध्यमद्वारा यहाँ रहेका विभिन्न स्थानीय कला, संस्कृति, भाषा, रहनसहन, चाडबाड, परम्परा र जीवनशैलीको प्रचारप्रसार गर्नु हो । त्यसैले यस क्षेत्रमा पर्यटन विकासको अत्यधिक सम्भावना रहेकोले यसको पर्वधन तथा विकासका लागि यस गुरु योजनामा निम्न उद्देश्यहरु समावेस छन्-

गाउँपालिकाका सम्भावित पर्यटकीय क्षेत्रको पहिचान गर्नु ।

- पहिचान भएका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गर्नु ।
- पर्यटकीय क्षेत्रको विकास तथा विस्तारमा टेवा पुर्याउनु ।
- गाउँपालिकामा उपलब्ध जनशक्तिलाई पर्यटन क्षेत्रमा लाग्न प्ररित गर्नु ।

## १.४ पर्यटन गुरुयोजनाको अपेक्षित प्रतिफल

यस पर्यटन विकास गुरुयोजनाको कार्यान्वयन पछि स्थानीय क्षेत्रमा रहेका धार्मिक,सांस्कृतिक, सामाजिक एवम् प्राकृतिक पर्यटकीय स्थलहरूको पहिचान, प्रबद्र्धन, विकास तथा प्रचारप्रसार भई, आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि भई, स्थानीय वासिन्दाहरूको आय आर्जनमा टेवा पुर्याई, उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक लगायतका अवस्थामा सुधार तथा सकारात्मक परिवर्तन आउने र गाउँपालिकाको समग्र विकासमै टेवा पुग्ने अपेक्षा राखिएको छ । यस योगनाले पर्यटन विकाससँगै स्थानीय वासिन्दाहरूको जीवनशैलीमा परिवर्तन ल्याउने र

उनीहरूलाई गुणस्तरीय जीवन जिउन सक्षम बनाउने छ भन्ने अपेक्षा राखिएको छ । योजनाको कार्यान्वयन पछि उक्त योजनाले राखेका उद्देश्यहरूको प्राप्ति गर्नु नै अपेक्षित प्रतिफल हुने भएकाले सामान्यतया यास गुरुयोजनाका निम्नलिखित अपेक्षित प्रतिफल हुनेछन् -

- स्थानीय धार्मिक, सांस्कृतिक, सामाजिक एवम् प्राकृतिक पर्यटकीय स्थलहरूको पहिचान, प्रबर्द्धन, विकास तथा प्रचारप्रसार हुनेछ ।
- यस गाउँपालिकामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि हुनेछ ।
- यस क्षेत्रको पर्यटकीय पूर्वाधार, उद्योग, व्यापार व्यवसायको विकास तथा विस्तार हुनेछ ।
- स्थानीय बासिन्दाहरूको आय आर्जनमा टेवा पुगी उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक लगायतका अवस्थामासुधार तथा सकारात्मक परिवर्तन आउनेछ ।
- स्थानीय बासिन्दाहरू पर्यटकहरुको विश्वस्तरीय ज्ञान, विज्ञान, साहित्य, कला र जीवनशैलीबाट लाभान्वित भई उनीहरुमा बिश्वस्तरीय फराकिलो सोच तथा शैलीको विकास हुनेछ ।
- पर्यटनको माध्यमबाट स्थानीय कला, संस्कृति, भाषा, रहनसहन, चाडबाड, परम्परा र जीवनशैली आदानप्रदान हुनेछ ।

### १.५ अध्ययन विधि

यो गुरुयोजना निर्माणको क्रममा तथ्याङ्क सङ्कलनका प्राथमिक तथा द्वितीय दुबै विधिहरूको प्रयोग गरी प्राप्त तथ्याङ्क तथा सूचनाको विश्लेषण गरिएको छ । प्राथमिक विधिहरुमा स्थलगत अवलोकन, भ्रमण, अन्तरक्रिया र अन्तर्वार्ता आदि रहेका छन् भने द्वितीय विधिहरुमा विभिन्न प्रकासन तथा छापाखानाबाट प्रकाशित पुस्तकहरु, पत्रपत्रिकाहरु, वेवसाइटहरु, सामाजिक सञ्जाल आदि रहेका छन् ।

(क) प्राथमिक विधि - प्राथमिक विधि अन्तर्गत रहेको स्थलगत अध्ययन भ्रमण र प्रत्यक्ष ब्यक्ति सँगको भेटघाटलाई तथ्याङ्क संकलनको प्रमुख आधारको रुपमा लिइएको छ । यस बिधिबाट सर्केगाड गाउँपालिकाका विभिन्न स्थानीय धार्मिक, सांस्कृतिक, सामाजिक एवम् प्राकृतिक पर्यटकीय स्थलहरूको विज्ञहरूद्वारा स्थलगत अवलोकन भ्रमण तथा स्थानियहरू सँग अन्तरकृया गरी वस्तु स्थितिको अध्ययन र विश्लेषण गर्नुका साथै स्थानीय सरोकारवालाहरूसँग अन्तर्वार्ता समेत लिइएको छ । यसका साथै पर्यटन विकास गुरुयोजना सम्बन्धी कार्यशाला समेत सञ्चालन गरिएको छ ।

(ख) द्वितीय विधि - द्धितीय विधि अन्तर्गत स्थानीय पर्यटन प्रवर्द्धनसँग सम्बन्धित इतिहास, दस्तावेजहरू, ऐन, नियम, योजना तथा उपलब्ध सूचना, तथ्याङ्क र स्रोतहरूको अध्ययन गरी सान्दर्भिक पक्षहरूलाई यस गुरुयोजनामा समावेश गरिएको छ ।

यी बिभिन्न विधिहरुको माध्यमबाट तथ्याङ्कको संकलन, प्रस्तुतीकरण, बिश्लेष र ब्याख्या गरिएको छ । यस योजनामा समाबेस गरिएका तथ्यहरुलाई, विश्सनीय, बैध, बस्तुनिष्ठ, उपयोगी बनाइएको छ, जुन तथ्याङ्कहरु गाउँपालिकाका अन्य अध्ययन तथा अनुसन्धान कार्यमा बहुउपयोगी सिद्ध हुनेछन् ।

## १.६ अध्ययनको क्षेत्र र सिमा

यस गुरुयोजनामा सर्केगाड गाउँपालिकाका विभिन्न स्थानीय धार्मिक, सांस्कृतिक, सामाजिक एवम् प्राकृतिक पर्यटकीय स्थलहरूको सामान्य पहिचान तथा छनौट गरिएको छ । यस गुरुयोजनाले सम्भावित स्थानीय पर्यटकीय क्षेत्रहरुका आबश्यकताहरु, पूर्वाधारको विकास, बजेट योजना लगायत पक्षहरु समेटेको छ । उल्लेखित यी बिबिध पक्षहरुलाई निम्न अध्ययन सीमाभित्र रहेर यो गुरुयोजना तयार पारिएको छ -

- गुरुयोजना निर्माण गर्दा सर्केगाड गाउँपालिकाका सरोकारवालाहरूसँग अन्तरक्रिया गरिएको छ ।
- बिभिन्न लिखित स्रोतहरुबाट लिइएका सहायक तथ्याङ्कहरुलाई समेत यस योजनामा समावेश गरिएको छ ।
- स्थानीय सरकार र समुदायद्वारा गुरुयोजनाको कार्यान्वयन गर्न सकिन्छ भन्ने मान्यता अवलम्बन गरिएको छ ।
- स्थानीय साधन र श्रोतको अधिकतम उपयोग र परिचालनलाई विशेष प्राथमिकता दिई जनसहभागितामूलक योजना निर्माण प्रक्रियालाई उपयोग गरिएको छ ।
- स्थानीय समुदायलाई केन्द्रमा राखी उनीहरूको पूर्ण सहभागिताले मात्र यसले लिएको लक्ष्य, उद्देश्य र नतिजाहरू हासिल गर्न सकिने छ भन्ने मान्यता राखिएको छ ।




नक्सा २अवस्थिति नक्सा

# अध्याय-दुई

# पर्यटनको वर्तमान अवस्था

## २.१ विश्वमा पर्यटनको इतिहास

पर्यटन अध्यधिक सम्भावना बोकेको क्षेत्र हो । पर्यटन क्षेत्रलाई विश्वमासबैभन्दा तिव्र गतिमा विस्तार भएको क्षेत्रको रुपमा प्रमाणित भइसकेको छ । प्राचीन कालमा मानिसहरूले आफ्नो आवश्यकता पूरा गर्ने, अध्ययन गर्ने, वरपरको कुराहरूको वस्तुस्थिति जान्ने बुझ्ने उत्सुकताबाट सुरु भएको भ्रमणकार्य आजसम्म आइपुग्दा एक प्रमुख अन्तराष्ट्रिय, बहुराष्ट्रिय र स्थानीय उद्योगको रुपमा विकसित भइसकेको छ । प्रविधिको क्षेत्रमा आएको ब्यापक विकाससँगै जोडिदै गएको वर्तमान विश्वमा पर्यटन विकासले ठूलो फड्को मारिसकेको छ । संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संगठनका अनुसार सन् २०१७ मा कुल पर्यटक औसत आगमनमा अघिल्लो बर्षको तुलनामा ७५% ले वृद्धि भई १३,२२० लाख पुगेको तथ्यांक छ । जुन वृद्धिदर आगामी वर्ष सन् २०२०/०२१ मा पनि कायम रही ४५-५५% को हाराहारीमा रहने अनुमान गरिएको छ ।यसरी पर्यटनले विश्वमा अनेक उत्तार चढावसँगै आगामी लामो समयसम्म एक महत्वपूर्ण सामाजिक र औधोगिक गतिविधिको रुपमा स्थापित रही मानिसका आबश्यकताहरु पूर्ति र सामाजिक रुपान्तरणको प्रमुख हिस्सा बनेर स्थापित भइरहने निश्चित छ ।

## २.२ नेपालमा पर्यटनको इतिहास र वर्तमान अवस्था

मौलिक संस्कृति, परम्परा, स्वच्छ वातावरण, मनमोहक पर्वतीय श्रृङखलाहरू, साहसिक र चुनौतीपूर्ण भौगोलिक अवस्थिति र मौलिक जीवनशैलीका बहूआयामसँग सम्बिन्धित अनेकथरी पर्यटकीय उपजले नेपाल विश्वमा नै अनुपम पर्यटकीय गन्तव्य मानिन्छ । दक्षिणमा समतल तराई र उत्तरमा मनमोहक हिमाली चुचुराहरू सहितको भौगोलिक विविधताले भरिपूर्ण प्राकृतिक वातावरणले गर्दा नेपालको पर्यटन क्षेत्र मौलिक र साहसिक पर्यटनको लागि संसार भर चिरपरिचित छ ।

पर्यटकको नेपाल आगमनको प्राचिन इतिहास विस्तृत रुपमा अझै अज्ञात छ र पनि सन् १८९९ मा बौद्ध धर्मका अनुयायी जापानी नागरीक इकाई कावागुचीले अन्नपुर्ण क्षेत्रको भ्रमण गरे पश्चात् यसको प्रारम्भ भएको मानिन्छ । त्यसै गरी प्राचिनकालमा चिनिया यात्रीहरू हुयनसान र भारत वर्षका सम्राट अशोकको नेपाल भ्रमण पनि महत्वपूर्ण मानिन्छन् । नेपाल एकीकरणको समय पूर्व अर्थात् सन् १८१४ सम्म नेपाल विदेशीहरूको लागि लगभग बन्द जस्तै रह्यो । सन् १८१६ को सुगौली सन्धि पश्चात् बिदेशीहरू खासगरी ब्रिटिशहरूको नेपाल भ्रमणको क्रम बढ्न थाल्यो भने सन् १८५० मा तत्कालिन श्री ३ जङ्गबहादुर राणाको बेलायत भ्रमण, १८९३ मा वीर शमशेरको भारत भ्रमण, १९०८ मा चन्द्र शमशेरको बेलायत भ्रमण तथा सन् १९११ मा बेलायतका राजा जर्ज पाँचौंको नेपाल भ्रमण उच्चस्तरीय भ्रमणका महत्वपूर्ण थालनी हुन् । यिनका अलावा नेपालको भ्रमणमा बेलाबेला आएका धैरै देशका महत्वपूर्ण ब्यक्तित्वहरुले नेपाल हरेक दृष्टीकोणबाट एक अद्धितीय गन्तब्य रहेको कुरा दर्शाएका छन् ।

सन् १९७० को दशक सम्म आइपुग्दा यहाँको अनुकुल जलवायु, मनोरम प्राकृतिक वातावरण र अनुपम संस्कृतिका कारणले गर्दा पश्चिमा जीवन शैली र युद्धदेखि बिरक्तिएका युवा जमातहरूको लागि नेपाल सुरक्षित पर्यटन गन्तव्यको रूपमा चर्चित हुन पुगेको थियो । तिनीहरू केवल सामान्य जीवन शैलीमा रमाउने प्रकृतिप्रेमीहरू थिए जसलाई मानिसहरू हिप्पि (Hippies or Freak) का रूपमा चिन्थे । यसै क्रममा पश्चिमा पर्यटकहरू आकर्षित गर्न होटल, रिसोर्टहरू, आधुनिक सुविधा सहितका पश्चिमा रेष्टुरेन्टहरू खुल्न थालेको पाइन्छ । हाल नेपालमा उपलब्ध आधुनिक पर्यटक गतिविधिहरूमा मौलिक नेपाली कला संस्कृति, रीतिरिवाज, चालचलन, परम्परा र भेषभुषा, खानपान आदिको अवलोकन तथा ट्रेकिङ, र्‍याफ्टिङ, हिमाल आरोहण, वन्यजन्तु अवलोकन तथा शिकार (सफारी), बन्जी जम्पिङ (Bungy Jumping), प्यारागलाइडिङ, पर्बतीयउडान (Mountain flight) लगायतका साहसिक खेलहरू पर्छन् ।

नेपालको सन्दर्भमा बिगतका विभिन्न आन्तरिक राजनैतिक तथा वाह्य उतारचढावहरूका कारणले सन् २०१६ मा अन्तराष्ट्रिय पर्यटक आगमनको सङ्ख्यामा अघिल्लो वर्षको तुलनाले उल्लेखनीय रूपमा वृद्धि भएको पर्यटन विभागको तथ्याङ्कले देखाउँछ । उक्त तथ्याङ्कअनुसार २०१६ मा जम्मा ७,५३,००२ जना विदेशी पर्यटकहरू नेपाल भित्रिएका थिए जब कि सन् २०१५ मा जम्मा ५,३८,९७० जना मात्र विदेशी पर्यटकहरू नेपाल भित्रिएको देखिन्छ । तत्पश्चात् पर्यटनको संख्यामा हरेक बर्ष निरन्तर रहेको बृद्धि सन् २०२० सम्म आइपुग्दा विश्वब्यापी महामारीको कारण केही समय ओरालो लागेको अवस्था छ ।

नेपालको अर्थतन्त्रमा पर्यटनको महत्व दिन प्रतिदिन बढ्दै गइरहेको छ । पर्यटन उद्योगले हाल नेपालको निर्यात उपभोग्य वस्तुको ३८% वस्तुहरू र गैर-उद्योग सेवाहरूको कुल २०% र विदेशी विनिमय आयआर्जनको लगभग ३% योगदान पुर्‍याउँदछ । वल्ड ट्राभल एन्ड टुरिजम काउन्सिल (WTTC) ले सन् २०१६ मा गरेको अनुमान अनुसार पर्यटन क्षेत्रले सन् २०१५ मा नेपालमा जम्मा ४ लाख २६ हजार ५०० प्रत्यक्ष रोजगारी (कुल रोजगारको ३.२%) सृजना गर्‍यो र नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा प्रत्यक्ष रुपमा ४.०% ले योगदान पुर्‍यायो ।

नेपालको साँस्कृतिक पक्षको महत्व केवल संरक्षणको हेतुले लागि मात्र नभै नेपालीहरुको निरन्तर अभ्यासको विषय समेत भएकाले नेपालका साँस्कृतिक सम्पदाहरु जिवित संस्कृतिको रुपमा पनि सुपरिचित छन् । काठमांडौको किर्तिपुरमा नेपालको आकारमा राष्ट्रिय संस्कृति संग्रहालयको स्थापना गरि नेपालका १२५ जनजातीहरुले दैनिक जीवनमा गर्ने कार्यहरुको सजीव प्रस्तुतीको प्रर्दशन गर्ने प्रस्ताव यस योजनामा अगाडि सारिएको छ । साथै संग्रहालयको दिगोपनका लागि पर्यटकहरुले रुचाउने बस्तुहरु संग्रहालय परिसरमा नै निर्माण गरी बिक्रि गर्ने व्यवस्था मिलाउन पनि प्रस्ताव गरिएको छ । नेपालका ग्रामीण क्षेत्रहरुका प्राकृतिक, साँस्कतिक आर्कषणहरु, रहनसहन, रीतिरिवाज र आतिथ्यतालाई अन्तराष्ट्रिय र आन्तरिक पर्यटकहरु माझ प्रवर्धन गर्न, ग्रामिण र दुर्गम स्थानहरुमा बसोबास गर्ने स्थानीयहरुको आय आर्जन र रोजगारीमा अभिवृद्धि गर्न र पिछडिएको समुदायलाई पनि पर्यटन विकासको मूलप्रवाहमा ल्याएर गरीवी निवारणका लागि उपयुक्त मानिएको होम स्टे पर्यटनको

विकास, प्रवर्धन र संचालनका लागि यो रणनीतिले विशेष जोड दिएको छ । होम स्टे पर्यटन दर्ताको प्रक्रिया सहज बनाउन पनि यस योजनाले सिफारिश गरेको छ ।

मौसमी/ऋतुमा आधारित उद्योग र सस्तो पदयात्रा एवं धार्मिक पर्यटनका बजारहरू र उच्च गुणस्तरका सेवा र सुविधाहरूमा सीमित लगानीका कारणले नेपालको पर्यटनले दिने प्रतिफल सन् २०१५ मा प्रतिव्यक्ति पर्यटकको खर्च दर अमेरिकी डलर ९३२.५ रह्यो, अर्थात् प्रतिदिन सरदरमा अमेरिकी डलर ६८.५७ रह्यो ।

सन् २०१६ मा कुल पर्यटक आगमनमध्ये आधा भन्दा बढी हिस्सा पाँच देशको मात्र रहेको छ, जसमा क्रमशः भारत (१६५), चीन (१४५), श्रीलंका (८५), अमेरिका (७५) र बेलायत (६५) पर्दछन् । सबैभन्दा बढी पर्यटकहरू अक्टोबर महिनामा नेपाल प्रवेश गरेको देखिन्छ ।

अध्यागमन विभागको पछिल्लो तथ्याङ्क अनुसार सन् २०१७ को पहिलो ६ महिनामा विदेशी पर्यटक आगमनको सङ्ख्यामा अघिल्लो बर्षको सोहि अवधिको तुलनामा २८५ ले उल्लेखनीय रूपमा वृद्धि भएको छ । सन् २०१७ को पहिलो ६ महिनामा जम्मा ४,६०,३०४ जना विदेशी पर्यटकहरू नेपाल भित्रिएका थिए जब कि सन् २०१६ को सोहि अवधिमा जम्मा ३,५९,६७२ जना विदेशी पर्यटकहरू नेपाल भित्रिएको देखिन्छ । यस अवधिमा भारतबाट सबैभन्दा धेरै ९३,०४९ पर्यटकको नेपालमा आगमन भएको थियो । भारतपछि क्रमश- चीनबाट ३९,६०९, अमेरिकाबाट ४१,६९१, श्रीलङ्काबाट १९,७२९, बेलायतबाट २७,४४४, थाइल्याण्डबाट २२,०४५, बर्मा बाट १०,७१७, कोरिया बाट १७,४८८, अस्ट्रेलियाबाट १५,५१४ जना पर्यटकहरू हवाईमार्ग हुँदै नेपाल भित्रिएका देखिन्छन् । एकै महिनामा सबैभन्दा बढी पर्यटक १०,६,२९१ जना मार्च महिनामा नेपाल प्रवेश गरेको देखिन्छ जब कि अघिल्लो वर्षको सोही अवधिमा यो सङ्ख्या ७४,४९४ मात्र रहेको थियो । भारत र चीनको बढ्दो आर्थिक हैसियत र कूल पर्यटक आगमनमा यी दुई देशको अत्यन्तै ठुलो हिस्सा रहेबाट नेपालको भरपर्दो र दिगो पर्यटक उद्गमस्थल मध्ये भारत र चीन प्रमुख रहेको देखिन्छ । तसर्थ यी देशबाट बढी भन्दा बढी पर्यटक ल्याउने तर्फ हाम्रो प्रयास उन्मुख हुनु पर्दछ । साथै आन्तरिक पर्यटकहरूलाई आकर्षित गर्न विशेष योजना ल्याउन सकिने देखिन्छ ।

वर्तमान अवस्थामा पर्यटन नेपालको प्रमुख आर्थिक एवं रोजगारीको क्षेत्र हो । देशमा विद्यमान र भविष्यमा विस्तार हुनसक्ने आर्थिक विकासका क्षेत्रलाई विचार गर्दा नेपालको सन्दर्भमा पर्यटन नै एक यस्तो क्षेत्र हो जसको माध्यमबाट देशले द्रुत, दिगो र भरपर्दो विकास गर्न सक्छ । निजी क्षेत्रहरूको स्वःस्फुर्त सहभागिता रहेको पर्यटन क्षेत्रले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब १० लाख बराबरको रोजगारका अवसरहरू सिर्जना गरेको अनुमान छ । यसका अतिरिक्त हाल तिव्र गतिमा फस्टाउँदै गएको आन्तरिक पर्यटनको माध्यमबाट गाउँ गाउँमा स्वरोजगारका अवसरहरू पनि क्रमिक रूपमा विकसित हुँदै गैरहेका छन् । समग्रमा भन्नु पर्दा पर्यटन व्यवसाय राष्ट्रको एउटा भरपर्दो आर्थिक विकासको मेरुदण्ड हो ।

## २.३ नेपालमा पर्यटन गुरुयोजनाको रूपरेखा

पहिलो राष्ट्रिय विकास योजना १९५६-१९६० को तर्जुमा सँगै नेपालमा विविध खाले पर्यटकीय संभावनाहरूको पहिचान र त्यसका लागी आवश्यक पुर्वाधारहरूको योजना अवधारणाको सुरुवात सन् ५० को दशकतिर भएको थियो । त्यसबेला देखि राष्ट्रिय स्तरमा प्रशस्त पर्यटन नीति नियम र योजनाहरू तर्जुमा भएका छन् जसलाई हालको राष्ट्रीय पर्यटन रणनीतिक योजना **(National Tourism Strategic Plan (NTSP)** मा संक्षिप्त रूपमा समेटिएको छ ।

प्रथम पटक सन् १९५९ मा फ्रान्स सरकारको सहयोगमा फ्रान्सेली नागरीक जर्ज लेब्रेच (**Georges Lebrec**) ले "नेपाल पर्यटन विकास योजना" **(General Plan for the Organization of Tourism in Nepal)** तयार गरेका थिए । जर्ज लेब्रेचले आफ्नो योजनाको प्रारूपमा यहाँको उच्च हिमाली चुचुरा, मौलिक वनस्पति तथा जीवहरू झल्कने विविध प्रचार सामग्री, पर्यटन पुस्तिका, पोस्टर, हिमालय चित्रित गर्ने हुलाक टिकटहरू बनाउन सुझाब दिएका थिए । साथै नेपाल पर्यटन अफिस (**Nepal Tourism Office**) को निर्माण तथा पर्वतारोहण समेटिएको वृत्तचित्रहरू निर्माण गरी प्रचार प्रसार गर्न सुझाएका थिए । उनैले पछि फेरी सन् १९६४ र १९६६ मा दुईपटक नेपाल भ्रमण गरी अन्य दुई प्रतिबेदनहरू क्रमशः **"Report on the Development Tourism"/ "Report on Tourism in Nepal"** तयार पारेका थिए । नेपालको प्रथम पर्यटन विकास गुरुयोजना जर्मन सरकारको सहयोगमा ई.सं. १९७२ मा तयार गरिएको थियो । उक्त समयमा नेपालमा पर्यटन व्यवसाय भर्खर मात्र सुरु भएकोले थोरै मात्र पर्यटकहरू नेपाल आउने गरेको अवस्था थियो । सन् १९८२ अथवा दश वर्षपछि उक्त पर्यटन विकास गुरुयोजनालाई मूल्याङ्कन गर्दा त्यस वर्ष मात्रै करीब १ लाख ७७ हजार पर्यटकहरू नेपाल आएका थिए ।

## २.४ पर्यटननीति–२०६५ तथा पर्यटन गुरुयोजना–२०६५

दश वर्षे लामो माओवादी जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरूप सम्पन्न बृहत् शान्ति सम्झौता पश्चात सुरू भएको शान्ति प्रक्रिया सँगसँगै सम्पन्न निर्वाचनद्वारा संबिधान सभाको गठन पछिको अबस्थामा परिवर्तनका सकारात्मक उपलब्धिस्वरूप सन् २००७ मा पाँच लाखभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेबाट मुलुकमा पर्यटक आवागमनको सङ्ख्यामा वृद्धि मात्र नभई यस व्यवसायमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी कर्ताको लगानी गर्ने चाहनामा वृद्धि हुन गएका संकेतहरू देखा परेका थिए । यसै परिप्रेक्ष्यमा नेपाल सरकारले आर्थिक विकासका लागि पर्यटन प्रबर्द्धनको आवश्यकतालाई पहिचान गरी आ.ब. २०६५-०६६ देखि नेपाल पर्यटनलाई नयाँ आर्थिक विकास नीतिको उच्च प्राथमिकतामा राखी यसको विकासको लागि सम्बद्ध सबै मन्त्रालयका नीति तथा कार्यक्रमहरूलाई पर्यटन प्रबर्द्धनोन्मुख हुने गरी पर्यटन नीति २०५२ लाई परिमार्जन गरी नयाँ नीति ल्याउने घोषणा गरे अनुसार पर्यटन नीति २०६५ तर्जुमा गरिएको थियो । उक्त नीति को दीर्घकालिन दृष्टिकोण र लक्ष्य निम्न बमोजिम रहेको छ -

### क) दीर्घकालिन दृष्टिकोण

"नेपालको प्राकृतिक, साँस्कृतिक, जैविक एवं मानवनिर्मित सम्पदाहरूको संरक्षण तथा प्रबर्द्धन गर्दै नेपाललाई विश्व मानचित्रमा आकर्षक, रमणीय र सुरक्षित गन्तव्यको रूपमा विकास गर्ने"

## ख) लक्ष्य

"राष्ट्रिय सम्पदाहरूलाइ दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको योगदानलाई उल्लेख्य मात्रामा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने" उल्लेखित दीर्घकालिन दृष्टिकोण तथा लक्ष्य प्राप्ति को लागि निम्नलिखित चार उदेश्यहरू निर्धारण गरिएको छ -

- पर्यटन क्षेत्रको विविधिकरण र बिस्तारद्वारा सर्वसाधारण नागरीकमा स्वरोजगारको सिर्जना गरी पर्या-पर्यटन र ग्रामिण पर्यटनलाई गरीबी निवारणसँग आबद्ध गराई उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्दन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्ने ।

- देशका मूर्त-अमूर्त, प्राकृतिक, साँस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरूको खोज, संरक्षण, सम्बर्धन यवम् विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तब्यको रूपमा विकास गर्ने ।

- सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्ने ।

- पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा प्राकृतिक श्रोत र साधनको वातावरण-मैत्री दिगो रूपमा उपयोग गर्दै गर्दै स्थानिय श्रोत र साधनको दिगो रूपमा उपयोग गर्ने ।

उल्लेखित लक्ष्यहरू हासिल गर्न दस्तावेजमा २६ ओटा पर्यटन विकासका नीतिहरू तयार गरिएको छ । उल्लेखित नीतिहरूमा मूलत प्रवद्र्धनात्मक कार्यहरू, ग्रामिण पर्यटन विकास, आन्तरिक पर्यटन प्रवर्द्धन, पर्यटन विविधिकरण, विस्तार र विकास, हवाई सेवाको विकास, सरकारी तथा निजि क्षेत्रको भूमिका, मानव संसाधन विकास, पर्यार-पर्यटन, सूचना प्रविधिको उपयोग, पर्यटकीय सुरक्षा र संकट व्यवस्थापन लगायतका कुराहरू समेटिएका छन् । प्रत्येक नीतिको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि बेग्ला बेग्लै रणनीतिक कार्यनीतिहरू अवलम्बन गर्ने निर्धारण गरिएको छ ।

> "Tourism is valued as the major contributor to sustainable Nepalese economy, having developed as an attractive, safe, exciting and unique destination through conservation and promotion, leading to equitable distribution of tourism benefits and greater harmony in society."

जब कि यसका दुई मुख्य लक्ष्यहरू यसप्रकार छन् -

- आर्थिक अवसरहरू वृद्धि गर्ने र पर्यटन सम्बद्ध रोजगारिको अवसर १० लाख पुऱ्याउने,

पर्यटन लक्ष्य २०२० मा निम्न बमोजिमका मुख्य उद्देश्यहरू रहेका छन्, जसमा प्रत्येक उद्देश्यसँग सम्बन्धित रणनीतिहरू पनि समावेश गरिएको छ ।

- महिला तथा सिमान्तकृत समुदायहरूलाई केन्द्रमा राखी एकीकृत पर्यटन पूर्वाधार विकास, पर्यटन गतिबिधि तथा उत्पादनमा वृद्धि मार्फत् ग्रामीण क्षेत्रहरूमा रोजगारी सिर्जना गरी आमजनताको जिवनस्तर उकास्न टेवा पुऱ्याउने,
- सहज र सक्षम संस्थागत वातावरण तयार गरी पर्यटन विकासलाई नेपालको सामाजिक तथा आर्थिक विकासको मुलधारमा ल्याएर पर्यटन विकासलाई व्यापक आधारभूत क्षेत्रको रूपमा विकास गर्ने,
- पर्यटकीय गतिविधिहरूमा सहभागी हुनसक्ने गरी समुदायको क्षमता अभिवृद्धि गरी पर्यटन उत्पादन तथा सेवा विस्तारका नयाँ र सम्भावित क्षेत्रहरूको पहिचान गर्ने,
- अन्तर्राष्ट्रिय पर्यटन बजारमा रहेको नेपालको पर्यटनको सुन्दर छविको बारेमा प्रकाशन तथा प्रचार-प्रसार गर्ने,
- उड्डयन सुरक्षा अभिवृद्धि गर्दै विभिन्न शहर, देश तथा क्षेत्रहरूसँग हवाई सम्बन्ध (air connectivity) विस्तार गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय विमानस्थलको क्षमता र सुविधाहरू सुधार गर्ने,
- नयाँ पर्यटकीय पूर्वाधार, सुविधा उत्पादन र सेवाहरू सिर्जना गर्न थप लगानी आकर्षित गर्ने,

### २.५ राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६– २०२५)

सन् २०१३ अघि देखि नै कुनै पनि पर्यटन नीति, रणनीति तथा योजनाहरू तर्जुमा गर्दा उक्त नीति, रणनीति तथा योजनाहरूलाई सहयोग पुग्ने गरी विस्तृत विवरण सहितको कार्यान्वयन कार्य योजनाहरू तयार गरिएको छैन जसले सरकार तथा यसका सहभागीहरूबाट यस क्षेत्रको विकास गर्न गरीएका प्रयासहरूलाई निर्देशित गर्न सकोस् । यसै सन्दर्भमा भूकम्प र नाकाबन्दीले थला परेको पर्यटन क्षेत्रको बारेमा सकारात्मक सन्देश प्रवाह गर्दै नेपाली पर्यटनलाई विश्वव्यापीकरण गर्ने उद्देश्यले सरकारले १० वर्षे रणनितिक योजना अघि बढाएको छ । उक्त योजना कार्यान्वयनको लागि साढे ६ अर्बको बजेट प्रस्ताव गरिएको छ । साथै आ.व. २०७५/२०७६ को बजेट वक्तव्यमा नेपाल सरकारले पर्यटन विकास तर्फ ५ अर्व २० करोड ३४ लाख बजेट विनियोजन गर्नुले बजेट प्राथमिकताका १० मध्ये एक पर्यटन रहेको स्पष्ट हुन्छ । यस राष्ट्रिय पर्यटन रणनितिक कार्य योजना (२०१५-२०२४) (पछि अद्यावधिक गरिएको राष्ट्रिय पर्यटन रणनीतिक योजना (२०१६-२०२५) को मूल लक्ष्य "प्राविधिक तथा वित्तीय सहयोगको माध्यमबाट तीव्र आर्थिक वृद्धि तथा

रोजगार सिर्जनाको लागि पर्यटन उद्योगलाई एक प्रमुख उत्प्रेरकको रूपमा विकास गर्न सरकार र सरोकारवालाहरूको लागि आर्थिक विकासको दीर्घकालीन दृष्टिकोण सहितको एक मार्गनिर्देशक ढाँचा निर्माण गर्नु" हो ।

- यस रणनीतिक योजनामा समावेश ६ ओटा विशिष्ट उद्देश्यहरू निम्न बमोजिम छन् -
- पर्यटन मार्फत् राजस्व तथा रोजगारीका अवसरहरूको वृद्धि गरी प्रतिव्यक्ति कूल गार्हस्थ्यउत्पादन (GDP) वृद्धिमा योगदान पुऱ्याउने,
- देशको पर्यटन व्यवसायप्रतिको आकर्षण बढाउने र सेवाहरूको विकास तथा विविधिकरण गर्ने,
- देशको स्थिरता, पर्यावरण र सँस्कृतिलाई हानी नपुऱ्याई पर्यटक आगमनमा वृद्धि गर्ने,
- प्रमुख पर्यटन बस्तु उत्पादन बजारमा नेपाली उत्पादनका ब्रान्डहरू स्थापना गर्ने,
- पर्यटन सम्बद्ध मानव संसाधन तथा उत्पादनको गुणस्तर सुधार गर्ने,
- सामुदायिक सहभागितालाई प्रोत्साहित गर्ने र गरीबी कम गर्ने,

## २.६ पर्यटनको महत्व

आर्थिक रूपमा पर्यटनको महत्व सर्वाधिक रूपमा बढिरहेको छ । नेपालमा सन् १९६० को दशक अगाडि पर्यटन उद्योग वा व्यवसायबाट हुने आम्दानीलाई त्यति महत्व दिइएको थिएन । त्यसपछि प्राय - सबैजसो देशहरूले यसलाई वैदेशिक मुद्रा आर्जन गर्ने मुख्य माध्यम ठानी त्यसै अनुसारका रणनीति र योजनाहरू बनाए । त्यसपछि क्रमशः देशीय र अन्तराष्ट्रिय पर्यटन गतिविधिहरू तीव्र रूपमा अगाडि बढे । तब यसले आन्तरिक विकास, देशको गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय तथा राष्ट्रिय आय बढाउनुका साथै ठूला तथा घरेलु उद्योग र उत्पादनमा वृद्धि गराएको, बेरोजगारी समस्या कम गराएको, शोधानान्तर स्थिति सुध्रिएको जस्ता प्रत्यक्ष आर्थिक क्रियाकलापहरूमा प्रभाव पारेकाले पर्यटन क्षेत्र आर्थिक महत्वको विषय बन्न गएको छ । विशेषगरी एसियामा पर्यटन व्यवसायबाट चीन, भारत, जापान लगायतका देशहरूले आफ्नो स्थितिलाई मजबुत पारेका छन् । बिगतमा नेपालको गतिविधि पर्यटन विकासको अनुकुल नरहे पनि पर्यटन क्षेत्रले राष्ट्रिय आम्दानीमा वृद्धि गरीरहेको छ । अहिले नेपालको आन्तरिक गतिविधि पनि पर्यटन विकासको अनुकुल देखिएबाट यसको आर्थिक महत्व झन् बढेको छ ।

पर्यटन विकासका लागि नेपाल सरकारले उच्च प्राथमिकताका साथ नीति तथा कार्यक्रमहरू सञ्चालन गरेता पनि नेपालमा पर्यटनको सङ्ख्यामा खासै सुधार आउन सकेको छैन । सर्वप्रथम त सरकारले बजेट विनियोजनमा यथेष्ट प्राथमिकता र महत्व दिएको देखिँदैन । यद्यपी यो

सुधारोन्मुख छ । आर्थिक वर्ष २०७१-०७२ को बजेट विनियोजनमा पर्यटन क्षेत्रका लागि जम्मा ३ अर्ब ९२ करोड मात्र छुट्याइएको छ । त्यसैकारणले गर्दा यस क्षेत्रको विकास न्यून रहेको भन्न सकिन्छ । आर्थिक वर्ष २०७०-०७१) मा सबै देशका पर्यटक गरी ८ लाख ३ हजार ९२ जना पर्यटकमात्र नेपाल भित्रिए । हाम्रो प्राकृतिक, सामाजिक, भौगोलिक र साँस्कृतिक सम्भावनाको आधारमा यो सङ्ख्या ज्यादै न्यून हो । खासै भन्ने हो भने नेपाल आउने पर्यटकहरू मध्ये प्रशस्त खर्च गर्न सक्नेको सङ्ख्या पनि कम रहेको छ । धार्मिक, सांस्कृतिक उद्देश्यबाट आउने पर्यटनले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैनन् । जस्तो कि गत आर्थिक वर्षमा भित्रिएका पर्यटकमध्ये ५३.७% घुमफिर, ११.३% पदयात्रा र पर्वतारोहण, ८% तीर्थयात्रा, ४% मनोरञ्जन, ३.५५% व्यापार, ९.५% उद्देश्य खुलाउन नचाहने, २% सभा समारोहमा सहभागी हुन र २%सरकारी कामका लागि भित्रिएका थिए । सबै पर्यटकको कु ुल सङ्ख्या मध्ये २० प्रतिशत भारतीय पर्यटक रहेका थिए । पर्यटकले कति खर्च गरे र राष्ट्रिय अर्थतन्त्रमा कति योगदान पुऱ्याए भन्ने आधारबाट यस क्षेत्रको विकासको स्थिति विश्लेषण गर्नुपर्ने हुन्छ । नेपालमा आउने पर्यटकले गत वर्षसम्म दैनिक झण्डै ७० अमेरिकी डलर खर्च गर्थे भने यस वर्षबाट सो रकम निकै खस्केर ३४.९३ अमेरिकी डलरमा झरेको छ । यस क्षेत्रले करिब एक लाख ६० हजार मानिसलाई रोजगारी दिएको छ भने कुल गार्हस्थ्य उत्पादनमा ३.८% योगदान पुऱ्याएको छ । ग्रामीण गरीबी निवारणमा आन्तरिक तथा बाह्य पर्यटनको सीमित योगदान रहेको देखिन्छ भने नेपालको पहिचान तथा सम्बन्ध विस्तारमा पनि यसले योगदान पुऱ्याउँदै आइरहेको छ ।

पर्यटकीय सम्भावना मात्र भएर हुँदैन, त्यसका लागि व्यवस्थित र नियोजित क्रियाकलापहरू पनि आवश्यक रहन्छन् । नेपाल एक गरीब राष्ट्र भएका कारण पर्यटन क्षेत्रमा विशेष महत्व दिन सकिरहेको छैन । पर्यटकहरूको सङ्ख्या दिन प्रतिदिन कम वा न्यून हुनुको मुख्य कारण पूर्वाधार विकासमा कमी हो भने अर्को कारण सुरक्षाको कमीलाई पनि मान्न सकिन्छ किनभने विदेशी पर्यटकहरू ठगिने, लुटिने र मारिने पनि गरिनछन् । यस्तो हुँदा विदेशमा नेपालको नराम्रो छवि बन्दछ र अरू पर्यटकहरू पनि नेपाल आउनबाट निरुत्साहित हुन्छन् । जबसम्म समुदाय र राज्यले उनीहरूको सुरक्षामा चासो दिँदैनन् तबसम्म पर्यटकहरू नेपाल आउन हिच्किचाउँछन् । अर्को कुरा अन्य पर्यटकहरूले भन्दा युरोपियन राष्ट्रका पर्यटकहरूले बढी खर्च गर्ने हुँदा नेपालको ती राष्ट्रसँग हवाई सम्झौता नभएकोले पर्याप्त पर्यटकहरू भित्र्याउन सकिएको छैन र पर्यटन क्षेत्रमा अपेक्षित सफलता हासिल गर्न सकिएको छैन । जसले गर्दा पर्यटन क्षेत्रमा ह्रास आएको छ । यस्ता चुनौतीपूर्ण समस्याहरूको समाधान गर्न विनियोजित रकम अपर्याप्त छ जुन कुरा राज्यले सोच्नुपर्छ र पर्यटन क्षेत्रका समस्याहरूको समाधान र पूर्वाधार र सेवा विकासका लागि विभिन्न प्रकारका समाधान तथा सुधारका नयाँ कदमहरू चाल्नु आवश्यक रहेको छ । ती समस्याहरूको समाधानका लागि सर्वप्रथम पर्यटकको सुरक्षाको ग्यारेन्टी गर्नुपर्छ र नेपाललाई एक सुरक्षित पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्छ । नेपालका पर्यटन गन्तव्य स्थलहरूको राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा प्रभावकारी प्रचारप्रसारको

व्यवस्था गर्नुपर्छ । साथै विभिन्न सेवा सुविधाहरूको बन्दोवस्ती, यातायातको व्यवस्था, प्रभावकारी पर्यटक पथप्रदर्शकको व्यवस्था आदि कुरामा पनि पर्याप्त ध्यान दिनु अत्यावश्यक देखिन्छ, र त्यसका लागि थप लगानी गर्नुपर्ने हुन्छ । पर्यटन विकासका लागि अब व्यापक प्रचारप्रसार, अन्तरक्षेत्रगत समन्वय, क्षमता विकास, दक्ष जनशक्तिको विकास, हवाई सम्पर्क विस्तार, सेवा सुविधाहरूको विकास, विस्तार तथा विविधीकरण आदि जस्ता कुराहरूमा तीव्र कदम चाल्नु आवश्यक देखिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र समुदायको समन्वयित र एकिकृत प्रयासको खाँचो छ ।

पर्यटन उद्योग पूर्णरूपमा सेवामा आधारित व्यवसाय भएकोले अन्य उद्योग व्यवसायको तुलनामा यसको विकास र प्रवद्र्धन बढी चुनौतीपूर्ण हुनुका साथै संवेदनशील पनि छ । यसको कुनै एक पक्षमा आएको परिवर्तनले अर्को पक्षमा तुरुन्त असर पार्छ- जस्तैः यातायात व्यवसाय, हवाई उड्डयन, ट्राभल एजेन्सी, होटल व्यवसाय, पर्यटकीय स्थलसँग सम्बन्धित अन्य क्षेत्रहरूमध्ये कुनै एकमा तलमाथि भयो भने यसले पुरै पर्यटन उद्योगमै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा असर पार्दछ । तर यसो भन्दैमा सन्तुलित रूपमा पर्यटन व्यवसायको व्यवस्थापन, विकास र प्रवर्द्धन गर्न नसकिने भने होइन ।

पर्यटन उद्योगको सन्तुलित विकास र व्यवस्थापनका लागि यस क्षेत्रका विज्ञहरूको सल्लाह र सुझाव अनुसार उपयोगी र प्रभावकारी कार्यक्रम तथा रणनीति तय गरी सरकारी र नीजि क्षेत्र एकजुट भई दृढताका साथ पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनमा अघि बढ्नु आजको अनिवार्य आवश्यकता बनेको छ । निश्चित रूपमा पर्यटन उद्योगको विकास र प्रवर्द्धनका लागि पर्यटनसँग सम्बन्धित व्यावसायिक क्षेत्रहरू र पर्यटकीय स्थलहरूको सुधार तथा विकास र प्रवर्द्धन गर्नुपर्छ तर यो मात्र पर्याप्त हुँदैन ।

आजको कडा प्रतिस्पर्धाको युगमा सम्बन्धित क्षेत्रको विकास र प्रर्वधनका साथै तिनीहरूको प्रचारप्रसार तथा बजार प्रवर्द्धन, गुणस्तरमा अभिवृद्धिको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । यो सत्य हो कि नेपाल जस्तो आर्थिक रूपले विपन्न र भौगोलिक रूपले विकट देशका लागि विश्वका अन्य विकसित र सम्पन्न देशहरूसँग प्रतिस्पर्धा गर्नु त्यति सहज छैन ।

## २.८ पर्यटनका राष्ट्रिय नीतिहरु

सन् १९५५ देखि सन् १९६० सम्मको पञ्चबर्षी योजनाले पर्यटन विकासका आधार तथा सम्भाब्यताहरु पहिचान गरेको थियो । यस समयदेखि हालसम्मका नेपालका पर्यटन विकासका रणनीति तथा कार्यक्रमहरु तलको तालिकामा उल्लेख गरिएका छन् -

**तालिका नं.४ : नेपालका पर्यटन विकासका रणनीति तथा कार्यक्रमहरु**

| क्र.सं. | बर्ष (सन् मा) | नीति तथा कार्यक्रमहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | १९५७ | पर्यटन विकास बोर्डको स्थापना |
| २ | १९५८ | नेपाल वायु सेवा निगमको स्थापना (आरएनएसी) |
| ३ | १९५९ | पर्यटन बिभागको स्थापना |
| ४ | १९६२ | नेपालमा प्रथम पटक पर्यटन ऐनको निर्माण |
| ५ | १९६९ | पर्यटन विकास समिति |
| ६ | १९७२ | नेपालको पहिलो १० बर्षिय पर्यटन गुरुयोजना निर्माण |
| ७ | १९७६ | पर्यटन मन्त्रालयको स्थापना |
| ८ | १९७८ | पर्यटन ऐन निर्माण |
| ९ | १९७९ | पर्वतारोहण नीति |
| १० | १९८० | ट्राभल तथा टुर संगठन नीति |
| ११ | १९८१ | होटेल, लज, रेष्टुरेन्ट तथा पथपदर्शक नीयमन नीति |
| १२ | १९८५ | पदपात्रा तथा र्‍याफ्टिङ् नियमन |
| १३ | १९९३ | राष्ट्रिय हवाइ नीति |
| १४ | १९९५ | पर्यटन नीति |
| १५ | १९९६ | नेपाल नागरिक उड्यन ऐन |
| १६ | १९९७ | नेपाल पर्यटन बोर्ड |
| १७ | १९९८ | नेपाल भ्रमण बर्ष १९९८ |
| १८ | २००८ | नयाँ पर्यटन नीति |
| १९ | २००९ | पर्यटन भिजन २०२० |
| २० | २०११ | नेपाल पर्यटन बर्ष |
| २१ | २०१६ | नेपाल पर्यटन रणनीतिक योजना (२०१६–२०२५) |

| | | |
|---|---|---|
| २२ | २०२० | नेपाल भ्रमण बर्ष २०२० |

अहिलेको विश्वमा कुनै पनि देश तथा ठाउँका लागि पर्यटन एउटा राम्रो व्यवसाय तथा आम्दानीको श्रोतको रूपमा विकास भएको छ । ज्ञान, विज्ञान, पूँजी, सूचना, सञ्चार तथा सम्पर्कको विकास सँगै मानिसहरू विभिन्न कामको सिलसिलामा एक ठाउँबाट अर्को ठाउँमा जाने क्रमको विकास भयो र पछिल्लो समयमा पर्यटन व्यवसायले ठूलो फड्को मारिसकेको छ र विभिन्न देशले पर्यटनको विकासद्वारा देश विकासमै ठुलो फड्को मारेका छन् । पर्यटकीय स्थानहरूको पहिचान, प्रबद्र्धन, विकास र प्रचार प्रसारद्वारा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गरी स्थानीय वासिन्दाहरूको आय आर्जनमा टेवा पुऱ्याई उनीहरूको जीवन स्तरमा विकास गर्नु नै पर्यटन विकासको प्रमुख उद्देश्य हो ।

# अध्याय-तिन

## गाउँपालिकाका मुख्य पर्यटकीय क्षेत्र तथा गन्तब्यहरु

यो गाउँपालिका एक भएपनि यसका विविधता अनेक छन् । यहाँ प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक महत्वका सयौं सम्पदाहरु छन् । यहाँको भौगोलिक विविधताले पहाडका फाँटहरुको अनूभुति देखि हिमालको मनोरम वातावरणमा डुबाउने क्षमता राख्छ । अनेक थरी रङ्गी बिरङ्गी चराको चिरबिर चिरबिरले मन लोभ्याउछ । यहाँका हरेक डाडाँकाडा, नदी, खोलानाला, भीरपाखा, सबै मंहत्कांक्षी पर्यटकीय गन्तब्यहरु हुन् । यहाँका हरेक मठ मन्दिरहरु कहिले हेरेर नथाकिने, पढेर नसकिने, अनुसन्धान गर्नै नभ्याइने सदाबहार पर्यटकीय गन्तब्यहरु हुन् । यस गाउँपालिकाका ८ वटै वडाहरुमा अनेक क्षेत्रमा अनेक महत्व राख्ने धार्मिक, सांस्कृति तथा प्राकृतिक पर्यटकीय क्षेत्रहरु छन् ।

### ३.१ सर्केगाड गाउँपालिकाका मुख्यपर्यटकीय क्षेत्रहरु

#### ३.१.१ प्राकृतिक क्षेत्र

सर्केगाड गाउँपालिका, हुम्ला जिल्लाको पर्यटन विकासको प्रचुर सम्भावना बोकेको गाउँपालिका हो । यो पालिका प्राकृतिक सम्पदाले भरिपूर्ण छ । गाउँपालिकाको विचोविचवाट हुम्ला कर्णाली र सर्केगाड खोला वगेको छ । गाउँपालिकाको तल्लो भाग को तलवाट  गाउँपालिकाको मध्य भागमा समतल भूभागले ढाकेको छ भने गाउँपालिकाको अर्को छेउ सुन्दर, हरियाली, घना जंगलयुक्त लेक क्षेत्रले ढाकेको छ । यस गाउँपालिकाको मनोरम दृश्य कुनै स्वर्गभन्दा कम छैन यद्यपी यहाँको प्राकृतिक दृश्यले स्वर्गलाई नै जिस्काइ रहेको भान हुन्छ ।

प्राकृतिक दृष्टिकोणले अत्यन्त विपुल क्षेत्रमा अनगिन्ती प्राकृतिक सम्पदाहरु छन् । जसलाई यहाँ प्रस्तुत गर्न त्यति संभव रहेन् । प्रथमत - विश्वमा पाईने १०८ वटा प्रजातीका जडिबुटीहरुमध्ये अधिकांस जडिबुटी यसै क्षेत्रमा पाईन्छन् ।  यस भेगका क्षेत्रका स्थानीय बासिन्दाहरुको प्रमुख आयश्रोतका रुपमा यही पशुपालन, जडिबुटी र कृषी रहेकाले पनि यसलाई प्रमुख प्राकृतिक सम्पदाको धरोहरका रुपमा लिईन्छ ।

सर्केगाड गाउँपालिका प्राकृतिक सम्पदाले भरिपूर्ण एक मनोरम क्षेत्र हो। यहाँको मुख्य जीवनरेखा कर्णाली नदीले वडा नं १ देखि ६ सम्मको क्षेत्रलाई सिंचित गरेको छ। यस नदीले मात्र नभएर राहदेव खोला, घट्टे खोला, सर्केगाड खोला र तलछडी झरनाले  सर्केगाडको शौन्दर्य बढायको छ । गाउँपालिकामा  दुधे ताल, मेथा, तातोपानी जस्ता पर्यटकिय क्षेत्र ले प्राकृतिक सौन्दर्य बढाउँदै गयको छ ।

यी सम्पदाहरू न केवल क्षेत्रको प्राकृतिक सुन्दरताको प्रतिनिधित्व गर्छन्, तर सिंचाइ, जलविद्युत उत्पादन र पर्यटन विकास जस्ता क्षेत्रहरूमा पनि ठूलो सम्भावना बोकेका छन्। यसैले यी प्राकृतिक सम्पदाहरूको संरक्षण र सतत उपयोग गर्ने दिशामा स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा समन्वित प्रयास आवश्यक छ। यी सम्पदाहरूको उचित व्यवस्थापनले सर्केगाड गाउँपालिकालाई एक आदर्श ग्रामीण पर्यटन स्थलको रूपमा विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

### ३.१.१.१ सिमसार तथा जलाधार क्षेत्र

यस गाउँपालिकामा सदाबहार पानी नसुक्ने दर्जनौं पानीका मुलहरु, सयौं नाला, ताल, तलैया तथा दलदले क्षेत्रहरूका साथै हिमाली उद्धगम हुम्ला कर्णाली र सर्केगाड खोला रहेको छ । यहाँका खोला तथा नदीनालाहरू विभिन्न किसिमका दुर्लभ माछाहरु तथा सरिसृप हरूको बाँस रहेको छ । सुन्दर खोला, नाला तथा मुलहरु गाउँपालिकाकै गोदमा सृजना भई कलकल गरी बगिरहेका छन् । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका दर्जनौं खोलानाला र ताल तलैयाहरु पर्यावरणका अभिन्न पक्षका रुपमा रहेका छन् जसले यहाँको जैविक पर्यावरणलाई सुरक्षित बनाउन भूमिका खेलेका छन् । सर्केगाड गाउँपालिकामा रहेको प्रमुख खोलाहरूमाहुम्ला कर्णाली र सर्केगाड खोलापर्दछन् । यी खोलाहरुमा बर्षात्मा पानी बढ्ने तथा हिउँदमा पनि हिम पग्लेर बगेका सदावहार नदी तथा खोलाहरु प्रशस्त छन् । यिनै खोलाहरुबाट यस क्षेत्रमा सिँचाइ तथा लघु जलविधुतको आपूर्ति गरेका छन । यी क्षेत्रहरुमा वर्षातको समयमा पहिरोको समस्या बढ्ने सम्भावना रहेको छ भने हिउदको समयमा हिमाल पगलेर बग्ने हिमनदी हरु देख्न सकिन्छ । यी नदि तथा खोलानालाहरुले बनाएका खोच, खोला किनारामा देखिने ठूला ठुला चट्टानहरु, खोला नालाको स्वच्छ जल, खोलानालाको मनोरम बहाव आदि पर्यटकीय आकर्षणका केन्द्र बन्न सक्दछन् ।

### सर्केगाड गाँउपालिका भित्रका मुख्य खोलाहरुः

हुम्ला कर्णाली वडा नं. १, २, ३, ४, ५, ६

सर्केगाड खोला धौलापानी हुंदै नेठा (पखां) भिउपाटनसम्मा ओगटेको वडा नं. ४, ५, ६, ७, ८

तातोपानी खोला वडा नं. ३

रिपगाड खोला वडा नं. २

नागाड खोला (मु. गुसां) वडा नं. ३, ४

खुगाड खोला वडा नं. ३

न्यासी खोला (मु. चरिगाँउ) वडा नं. ४

कालगाड खोला वडा नं. ४ उत्तर बहने

स्याडा जाने खोला वडा नं. १




नक्सा ३सिमसार तथा जलाधार क्षेत्र

### ३.१.१.२ वनजंगल

यस गाउँपालिका बिभिन्न क्षेत्रहरु वनले ढाकिएका छन् ।

### ३.१.१.३ जडीबुटी

यो क्षेत्र विभिन्न प्रकारका जटीबुटीहरुको भण्डारण केन्द्र हो । यहाँ सामान्य देखि जटिल प्रकारका रोग ब्याधहरुमा जडीबुटीको प्रयोग हुदैं आएका छन् । यस क्षेत्रमा पाइने केही प्रमुख जडीबुटीहरु निम्न छन् -

गुच्चि च्याउ, कटुको, पाँच औंले, अत्तिस, सतुवा, बन अदुवा, सुवाकोटी, छाते च्याउ, कालथाप्ले, घोडामर्चा, सिमपाडी, खिरांउलो (सेतो चिनी), तितेपाति, पदम चाल, गन्दाइनु प्रशस्त मात्रामा पाइन्छ भने अरु थुप्रै प्रजातिका जडिवुटीहरु विभिन्न भेगमा पाइन्छ । जस्तै

क. जटामसी

ख. सतुवा

ग. कटुको

घ. खिरंलो

ङ. पदमचाल

च. यार्सागुम्बा

छ. वन लसुन

ज. घुच्ची च्याउ

झ. रातो च्याउ

ञ. पाँच औले

ट. चिराइतो

ठ. सेतो चिनी

ड. धुपी पत्र

ढ. निनै जरी

ण. सुगन्धवाल

त. पाखनवेद

थ. भाइजारु

द. समायो

ध. कालोदाना

न. सतुवा

प. विक

फ. अतिस

### ३.१.१.४ पशुपंक्षी तथा जनावर

यस गाउँपालिका क्षेत्रलाई विभिन्न जनावर तथा पशुपंक्षिको क्रिडास्थल मानिन्छ । यहाँ बिभिन्न प्रकारका पशुपंक्षि तथा जनावरहरु पाइन्छन् ।यस क्षेत्रको वनमा मुख्यतया जटामसी, सतुवा, कटुको, खिरंलो, पदमचाल, यार्सागुम्बा, वन लसुन, घुच्ची च्याउ, रातो च्याउ, पाँच औले, चिराइतो, सेतो चिनी, धुपी पत्र, निनै जरी, सुगन्धवाल, पाखनवेद, भाइजारु, समायो, कालोदाना, सतुवा, विक, अतिस, बोजो, लौठ सल्लो,

धुपी, हात्तिजरा, भुल्ने, चोत्रो, ढटेलो, सिलाजु, कालादाग, स्याउ, ओखर आदी मुख्य वनस्पतिहरु हुन । साथै यस पालिका क्षेत्र भित्र पाइने मुख्य पशुपन्छीहरुमा कालिज, डाँफे, चिल, गिद्ध, काग, बाज, भ्याकुर, नावो टाटो, कस्तुरी, थार, बनेल, भालु, घोरल, बाँदर, स्याल, दुराँस, च्यार, च्याखुरा, भ्याकुर, ढुकुर, झारल, कस्तुरी, नाउटोटो, रतुवा, गुना, फग्रास, लरुवा, नाउर, फयाउरो, परेवा, भंगेरा, काँडे भ्याकुर आदी मुख्य छन् । हाल चोरी सिकारी बढ्दै गएका कारण केही पशुपंक्षी तथा जनावरहरु लोप हुने अवस्थामा रहेका छन् ।

### ३.१.१.५ डाँडाकाँडा

सर्केगाड गाउँपालिकाको धेरै क्षेत्र सुन्दर तथा हरिया डाडाँकाडाहरुले ढाकेको छ । यो क्षेत्र पहाडी तथा उच्च हिमाली क्षेत्रमा पर्दछन् । यहाँको भू–बनोट बिबिधतायुक्त रहनुका साथै मनोरमयुक्त रहेको छ ।

### ३.१.२ ऐतिहासिक प्राकृर्तिक तथा धार्मिक क्षेत्र

यस गाउँपालिकामा ऐतिहासिक अध्ययन अनुसन्धान तथा खोजका लागि प्रसस्त क्षेत्रहरु रहेका छन् । जसले इतिहासको तथ्यपूर्ण अध्ययन अनुसन्धान गर्न सहयोग पुर्याउन सक्छन् । यहाँ रहेका ऐतिहासिक क्षेत्रहरु बिभिन्न स्थानमा रहेका कोटहरु, बिभिन्न स्थानका ऐतिहासिक नामाकरण, यस क्षेत्रका ऐतिहासिक रैथाने जातिको खोज तथा अनुसन्धान आदिको अध्ययन अनुसन्धानका लागि समेत आन्तरिक तथा बाह्य पर्यटकको संख्या बृद्धि गर्न सकिन्छ ।गाउँपालिकाका मुख्य पर्यटकिय क्षेत्रहरु

- मेथा प्रर्याटकिय **क्षेत्र**
- दुधे दह, राक्षेस ताल प्रर्याटकिय क्षेत्र
- भ्यु दुलो प्रर्याटकिय क्षेत्र
- मालिका तिर्थ प्रर्याटकिय क्षेत्र
- तातोपानी प्रर्यटकिय क्षेत्र
- तलछडी प्रर्यटकिय क्षेत्र
- पानचौर, मताराचौर प्रर्याटकिय क्षेत्र
- नाप्ले थाप्ले मन्दिरप्रर्यटकिय क्षेत्र
- सेरि गुफा प्रर्याटकिय क्षेत्र

### ३.१.३ कृषि पर्यटन र कृषि उत्पादन क्षेत्रहरु

कृषि व्यवसाय आफैमा एउटा आनन्दित र मनोरन्जनात्मक कार्य हो । कृषि उपज वा कृषि पैदावारहरु विषम मौषममा आधारित हुने भएकाले यसलाई मुख्य प्रभाव पार्ने भनेको हावापानी हो । चिसो हावापानीले गर्दा यस क्षेत्रमा पनि उत्पादन हुने विभिन्न कृषि पैदावारहरुले आ-आफ्नै प्रकारको

अस्तित्व बोकेको छ । जसले गर्दा आफ्नो फरक पहिचान दिएर पर्यटकहरुलाई मोहनी लगाउने गर्दछ । त्यस कारणले पनि यस क्षेत्रमा कृषि पर्यटनको सम्भाव्यता अग्र स्थानमा रहेको छ ।

विशेष गरी हिमाली भेग र पहाडी भू-भागको बीचमा रहेको यहाँको हावापानीमा उत्पादन हुने कृषि फसलहरु स्वभावैले पृथक छन् । जुन अन्नवालीहरु अन्य क्षेत्रमा पाईन्न र पाए पनि एकदमै कम मात्रामा पाईने गर्दछ । यहाँ पाईने कृषि फसलहरु - चिनो, कागुनो, फापर लगायत मकै, आलु, सिमी, जौ, गहुँ र अन्य बालीहरु हुन ।

विषम मौसम र भौगोलिक विकटता बावजुद पनि यहाँका कृषकहरुले यती धेरै प्रकारका कृषि व्यवसाय गर्नु भनेको सामान्य कुरा न भै आफैमा एउटा विशेष गौरव बोकेको देखिन्छ । अर्कोतिर यतिधेरै कृषि व्यवसायहरुलाई पृथक तबरले पृथक उत्पादक बस्तु भएकोले यस क्षेत्रका कृषि व्यवसाय, कृषक र उत्पादित बस्तुको अवलोकन गर्न, दृश्यावलोकन गर्न पाउनु भनेको जीवितै स्वर्ग पुगेसरी हुन्छ ।

तसर्थ - यस क्षेत्रका यी विविध खाले कृषि व्यवसायहरुलाई संरक्षण, सर्वद्धन गरी नवीनतम प्रवृधिबाट व्यवसाय सञ्चालन गरी यहाँका कृषकहरुको जीवनस्तर माथी उठाउन सकिन्छ । अर्कोतिर यी विविध खाले कृषि व्यवसायले आफ्नो पृथक पहिचान दिने भएकोले यहाँका पर्यटन क्षेत्रमा मुख्य भूमिका खेल्ने निश्चित छ । अन्तमा यहाँको कृषि व्यवसायलाई पर्यटनसंग जोडेर अगाडी बढन सकिएमा यहाँका बासिन्दाहरुको जीवनस्तरलाई गुणस्तर बनाउनका लागि (सुनमा सुगन्ध) झै हुने कुरा पक्का छ । त्यसैले एकपटक मात्र यहाँको स्थलगत यात्रा गरी नयाँ दृश्यावलोकन गरी अनुभव संगाली आ-आफ्नो जीवनमा थप अनुभूति लिन सकिन् ।

यस गाउँपालिकाका सबै क्षेत्रहरुमा बाच्नका लागि अनिबार्य रुपमा कृषि अभ्यास गरिएको छ । एकातिर यसलाई ब्यबस्थित तथा अत्याधुनिक शैलिबाट खेती गरेर आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ भने अर्कोतिर यहाँ परम्परादेखि चल्दै आएको बिउ बिजनको अर्गानिक खेती प्रणाली गरी पर्यटकहरुलाई आकर्षक गर्न सकिन्छ । बारीमा फलेका ताजा फलफुल, तरकारी लिन पनि टाढाटाढाबाट पर्यटकहरु तान्न सकिने सम्भावना यस क्षेत्रमा रहेको छ । यसबाट फार्म कार्यहरूको स्तर उन्नती हुनुका साथै किसानहरुलाई प्रोत्साहित गर्न सकिन्छ । साथै कृषी पर्यटनकालागी पालिकाका निम्न क्षेत्रहरु प्रस्ताव गरियको छ ।

गुसाँ ...................... वडा नं ३

सिमाली ................... वडा नं ७

लेक बराई .....................वडा नं ६

तुम्च ज्युलो ................. वडा नं. १

### ३.१.४ शैक्षिक क्षेत्र

शैक्षिक यूगको सुरुवात देखी नै विविध कारणले पछि परेको यस सर्केगाड क्षेत्रमा विगतको किवदन्ती होईजालीको अर्थ छोरी जन्मेमा पढाउनु पर्दैन भै हाल्छ नी हो तथापी यहाँका शैक्षिक चिन्तकहरुले समय अनुसार शिक्षाको विकास गर्न लागि परेको देखिन्छ ।

यस बाहेकको यहाँको भौगोलिक अवस्था, सामाजिक व्यवसायिक दृष्टिकोणले हेर्दा कृषि, शिक्षा सञ्चालन गर्न अति आवश्यक देखिन्छ । यहाँका स्थानीयबासीहरुको मुख्य पेशा नै कृषि व्यवसाय रहेको र कृषि व्यवसाय अन्तगत विविध खाले पृथक उत्पादक बस्तु भएकाले यसको प्रत्यक्ष सरोकार पर्यटन व्यवसायमा रहने देखिन्छ । यस क्षेत्रमा उच्च शिक्षासम्म को कृषि शिक्षा-बाली विज्ञान र भेटनरी शिक्षा सञ्चालन गरी प्रत्येक मा.वि. तहमा ऐच्छिक विषय कृषि अध्यापन गराउने व्यवस्था भएमा कृषि सम्बन्धी रोजगारीको सिर्जना हुने र शिक्षा आर्जन पछि आ-आफ्नो घरको कृषि व्ययवसायमा संलग्न हुने सहज हुने देखिन्छ ।

यसरी कृषि शिक्षाका आधारमा नै कृषि उत्पादित बस्तुहरु, कृषि व्यवसायका विधि, पद्धती आदीका बारेमा दृश्यावलोकन गराई पर्यटन व्यवसाय बढाउन सकिन्छ भने अन्य शिक्षा संगै पनि विविध खाले कुराहरुको पनि नवीनतम प्रविधिबाट सञ्चालन गर्न सकिन्छ ।

वन्य जडिबुटीको खानी यस क्षेत्रमा केही वन्य जडिबुटीलाई उच्च भेगको स्थानमा खेतीको रुपमा उत्पादन गर्न सकिने अनुसन्धान समेत स्थानीयबासीहरुले गरिसकेका छन् । यसर्थ यस क्षेत्रको पर्यटन व्यवसायमा शैक्षिक सम्भाव्यता अति उच्च स्तरमा रहेको पाईन्छ । कुनै स्थानमा यथास्थितीको शिक्षा पद्धती आश्चर्यजनक रहेको र नवीनतम प्रविधिको कृषि शिक्षाको सञ्चालन गर्न सकेमा पर्यटन व्यवसायको लागि शिक्षा मेरुदण्डको रुपमा सावित हुनेछ ।

साथै यस गाउँपालिकाको सेरोफेरोमा बिभिन्न विद्यालय तथा क्याम्पसहरु अवस्थित छन् । गाउँपालिकाको नजिकै सदरमुकाम रहेको हुदा यहाँ उच्च शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सजिलो छ । ती शैक्षिक संस्थका शिक्षक तथा प्राध्यापहरु अतिरिक्त क्रियाकलापको रुपमा शैक्षिक भ्रमण तथा पिकनिक मनाउन आउछन् । ती पिकनिकहरुमा केही खर्च गर्छन । उनीहरुका लागि ती आश्यक सामाग्रीको ब्याबस्थापन गरेर समेत आय आर्जन गर्न सकिन्छ । त्यसै गरी बिधिन्न शिक्षा क्षेत्रका ब्यक्तिहरु अध्ययन, अनुसन्धान गर्न, तालिम दिन, गोष्ठी सेमीनार सञ्चालन गर्न विद्यालयमा आउछन् । जुन आन्तरिक तथा बाह्य दुवै रुपमा आउने गर्छन् ।

### ३.१.५ मनोरञ्जन क्षेत्र

यहाँको बिभिन्न क्षेत्रहरुमा बिभिन्न अबसरमा आयोजित हुन मेलापर्व, देउडा, जात्रा हेरी मनोरञ्जन लिन सयौ आन्तरिक तथा बाह्य पर्यटकहरु यस क्षेत्रमा आउछन् । त्यसै गरी यस क्षेत्रमो प्रचार प्रसार भएमा बिभिन्न डकुमेन्ट्रीहरु बनाउन, भिडियो तथा फिल्म सुटिङ गर्न, बिबाह, जात्रा, मेलाको बारेमा

अध्ययन गर्न, पर्यटकहरु आउने वातावरण बनाउने सम्भावनाहरु रहेका छन् ।यसका लागी गाउँपालिका भित्र रहेका मुख्य प्रस्तावित मुख्य क्षेत्रहरु -

**ROCK CLIMBING:**

फेरे भिर --------- वडा नं. ४

सलिसल्ला --------- वडा नं. १

खुगाड भिर --------- वडा नं. ३

कुवाकोडी ------------ वडा नं. ५

- **PARAGLADING:**

खानि डांडा --------- वडा नं. ६

चत्थला गुसाँ --------- वडा नं. ३

बराई लेक --------- वडा नं. ६

सांखे कान देखी खडीखेत ६

- **बन्जि**

भदालि --------- वडा नं. ५

चाखा डाडाँ सायाँ --------- वडा नं. ४

- **KARNALI NIGHT CAMP:**

सलिसल्ला --------- वडा नं. १

- **धार्मिक तथा प्राकूर्तिक मेलाः**

मेथा तथा दशहरा मेला

नाप्ले थाप्ले

भुवो पर्ब

पान्चौर, मताराचौर मेला

देबिजात्रु मेला

मालिका तिर्थ मेला

गौरा पर्ब

साउने पुर्णिमा

वैशाख पुर्णिमा

३.१.६ व्यपारिक अवस्था र पर्यटन

**पहिलेको व्यपारिक अवस्था**

यस विषयमा अगाडि पनि सामान्य रुपमा चर्चा गरिएको छ । यहाँको परम्परागत व्यपारका कुरा गर्दा यहाँको स्थानीय उपजहरु आलु, सिमी, मकै, फापर आदीलाई विगतदेखी हालसम्म सदरमुकाम सिमिकोट, सुर्खेत, नेपालगञ्ज, काठमाण्डौमा विक्रीवितरण गर्ने तथा बस्तु विनिमय गर्ने प्रचलन थियो र अहिलेपनि अन्नवालीका अतिरिक्त यस क्षेत्रमा विगतको समयमा घरेलु उत्पादन अन्तर्गत स्थानीय बासिन्दाद्धारा तयार गरिएको नेपाली कपडा विक्रि गर्ने, भेडाको उनबाट राडी, पाखी, लिउ र फेरुवा जस्ता बस्तुहरु उत्पादन गरी विक्री गर्ने लगायतका व्यपारिक व्यवसायहरु थिए भने केही वर्ष पहिले देखी नै यहाँको मुख्य व्यपारिक व्यवसायको रुपमा बन्य जडीबुटीलाई नै प्रमुख स्थान दिएको छ । जडिबुटीको व्यपार अन्तगत विभिन्न खाले जडिबुटीहरु संकलन गरी थोरै संख्यामा रहेका स्थानीय व्यपारिलाई तथा अन्य यस गाउँपालिका बाहिरका व्यपारिहरुलाई विक्री वितरण गर्ने प्रचलन थियो । अहिलेपनि गाउँघरका बृद्धहरुको मुखारा बिन्द्रबाट यस्तो खाले परम्परागत व्यपार व्यवसायका बारेमा कथाका रुपमा विविध कहानीहरु सुन्दा हामी स्वयंम आश्चर्यचकित हुन्छौ ।

व्यपारिक दृष्टिले बर्तमान अवस्थामा यस क्षेत्रको प्रमुख व्यपारिक व्यवसायिक रुपमा जडिबुटी रहेको छ । यसका अलवा यस गाउँपालिकाको विभिन्न गाउँ, वडा तथा टोलका केन्द्रहरुमा दैनिक उपभोग बस्तुहरुको व्यपार व्यवसाय हुने गरेको यसका व्यपारिक केन्द्रहरुका रुपमा गाउँपालिकाको केन्द्र सर्केगाड रहेको छ ।साथै सवै वडाहरुमा स सान पशलहरु रहेका छन् । व्यपार व्यवसायको रुपमा यहाँ उत्पादीत विभिन्न अन्नवालीहरु घरेलु उत्पादन बस्तुहरु राडी, पाखी, लिउ, फेरुवा, पशुबस्तुहरु, भेडा, बाख्रा, घोडाघोडी, चौरी, गाईभैसी आदीको पनि व्यपार व्यवसाय हुने गरेको छ ।

यस क्षेत्रमा पर्यटन विकासका लागि व्यपारिक दृष्टिकोणले अतिउत्तम स्थान रहेको छ । सबैभन्दा पहिले पर्यटकहरुलाई यहाँका विविधखाले जडिबुटीहरुको रुपरंग र सुगन्धले मनोरम आनन्द प्रदान गर्दै अचम्मीत गर्नेछ । यसको अलवा यहाँको स्थानीय स्तरको उत्पादन बस्तु राडी, पाखी, लिउ,फेरुवाले जुनसुकै पर्यटकको मनमा अचम्मको उंमग र उत्साह पैदा गर्दछ । किनकी २१ औं शताब्दीमा पनि घरेलु हाते हतियारको प्रविधिबाट तयार पारिएका उक्त बस्तुहरुको वनावट नै अनौठो प्रकारको छ ।

यतिमात्र नभएर यहाँका यी लघुउद्यम खाले व्यपारिक व्यवसायहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्दै जाने र यहाँका विषम खाले जडिबुटीहरुलाई संकलन गरी स्थानीय स्तरमा नै प्रशोधन गर्ने व्यवस्था गर्न सकेमा पर्यटक मात्र नभएर व्यपारिहरु स्वयंम पर्यटक बन्ने र व्यपारिक स्थान तथा व्यपारिक केन्द्रहरु नै पर्यटकीय स्थान बन्न सक्ने प्रचुर संभावना रहेको छ । तसर्थ यहाँको व्यपार व्यवसायलाई स्थायित्व र आधुनिकीकरण गर्न सकिएमा यसले यस क्षेत्रको पर्यटन व्यवसायलाई उच्चतम शिखरमा पुर्याउने प्रचुर संभावना देखिन्छ । सुन्दै आश्चर्यजनक हुने यहाँको व्यपार व्यवसायहरु पर्यटकको प्रत्यक्ष अवलोकनमा पर्यटक स्यंम नेपालको नयाँ (पृथक) संसारको अनुभूति गर्नेछन् ।

यसका साथै यस गाउँपालिका क्षेत्रमा चिकित्सा पर्यटन, पुरातात्विक पर्यटन, तीर्थयात्रा, साहसिक यात्रा, खेल पर्यटन समेत विकास विस्तार गरी गाउँपालिकाको पर्यटन योजना सफल बनाउन सकिन्छ ।

प्रस्तावित सामुदायिक रेष्टुरा तथा होमस्टेहरु

**सामुदायिक रेस्टुरा**

सिताङ् पाटन (लाछे) --------- वडा नं. ६

न्यारी पाटन --------- वडा नं. ८

पोखरी पाटन --------- वडा नं. ५

धौलापानी --------- वडा नं. ७

पान्चौर, मताराचौर --------- वडा नं. १ र ३

मालिका --------- वडा नं. २

**होमस्टेः**

गुसां --------- वडा नं. ३

सिमाली --------- वडा नं. ७

लिप्ने --------- वडा नं. २

राहदेउ फुचा गाँउ --------- वडा नं. ८

जैर गाँउको (गहकुला) --------- वडा नं. १

### ३.१.७ साँस्कृतिक क्षेत्र

संस्कृति समाजको ऐना हो । यसले समाजको परम्परा, संस्कार र पहिचान झल्काउँछ । साथै यसले ब्यक्तिगत तथा सामाजिक कार्यहरुको रुपरेखा निर्माण गर्दछ । हरेक समाजमा आफ्नै प्रकारका परम्परा र संस्कारहरु रहेका छन् । यसर्थ सर्केगाड गाउँपालिकाका पनि थुप्रै मौलिक परम्परा र संस्कारहरु छन् ।

समाजको सांस्कृतिक सजावट उसको गहना र पहिचान हो । संस्कृति उसमा प्रभाव पार्ने सबभन्दा महत्वपूर्ण पदचिह्न हो । यसले संस्कृति, मानिस र इतिहासको दृष्टिकोणबाट सक्रिय तरीकाले अनुभव आदान प्रदान गर्दछ । यसले वरिपरिको परम्परा र संस्कृति को बारेमा सिक्न, अध्ययन अनुसन्धान गर्न पर्यटकहरूका लागि प्रत्येक यात्रामा अधिकतम लाभ लिन मद्दत गर्दछ । यस गाउँपालिका क्षेत्रमा सयौं संख्यामा मठ मन्दिर तथा सांस्कृतिक तथा धार्मिक धरोहरहरु रहेका छन् । आफ्नो छुट्टै पहिचान र परम्परा बोकेको गाउँपालिका भएकोले धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहेको छ ।

#### ३.१.७.१ चाडबाडहरु

सर्केगाड गाउँपालिकामा परापूर्व कालदेखि नै बिशेष अवसरमा बिशेष क्रियाकलापको आयोजना गरिन्छ । ती क्रियाकलापहरु मनोरञ्जनात्मक, ऐतिहासिक, धार्मिक तथा परम्परागत हुन्छन्, जसलाई हामी चाडपर्वको रुपमा मनाउछौं । यस क्षेत्रमा मनाइने चाडपर्वहरु यस प्रकार रहेका छन् ।

**क. चाडपर्व (पैटहरु)**

नेपालीहरुको सांस्कृतिक निसानी भित्र पृथक पहिचान र चिनारी रहेको यस (सर्केगाडक्षेत्र) मा परम्परागत चाडपर्वहरुको आफ्नैपन रहेको र समयको अन्तरालसँगै प्रचलित राष्ट्रिय चाडपर्वहरुको समेत स्थान पाएको देखिन्छ । परम्परादेखि हालसम्म प्रचलनमा रहेका यहाँका प्रमुख पैट चाडपर्वहरुलाई तल सूचीकृत गरिएको छ -

**ख. पुसे भैलोको औंसी**

प्रत्येक बर्षको पुष महिनाको औसींका दिनमा बालबालिका देखि बृद्धसम्म आ-आफ्नो उमेर समूहमा भेला भई लयबद्धरुपमा गीत भट्याउने, सामान्य रुपमा नृत्य प्रदर्शन गर्ने, सबैको घरबबाट अन्नबाली, दक्षिणा संकलन गरी त्यसको आम्दानीबाट कतै कतै सार्वजनिक कार्यमा सदुयोग गर्ने र बाकी पार्टी भोज (बन भोज) खाने, रमाइलो गर्ने, गरिन्छ । तत्कालिन समयमा तन्नेरीहरुलाई तरुनीले बोलाएर सगुनपात, जाँड रक्सी खुवाउने र तन्नेरीहरुले नगद रुपैयाँ दिने गरिन्थ्यो । आजभोलि पनि भैलो पैट (पर्व) हुन्छ । तर तन्नेरी र तरुनी बिचको भैलो खुवाउने प्रचलन भने छैन ।

**ग. माघ पञ्चमी (श्री पञ्चमी) पैट**

माघपञ्चमीका दिन आ-आफ्नो गाउँमा सबै सिकारीहरु जम्मा भएर तारो थाप्ने (काठको फल्याकमा गोलो घेराको चिन्ह लगाई त्यसभित्र बन्दुकको गोलीले निसाना लगाउने) र जुन सिकारीले निसान लगाउन सक्छ, त्यसको सीपको बर्णन गर्दै खुशीयालीमा अन्य सबै साथीहरुलाई भोज खुवाउने प्रचलन थियो । आजाभोली यो परम्परा केही ठाउँहरुमा मात्रै प्रचलनमा रहेको पाइन्छ । यो पर्वमा खिचडी पकाएर खाने, सिगापाती (घाँस पोलेर त्यसमा तेल मिसायर बनाइएको कालो टिका) लगाउने, छोरा छोरीको नाक र कान छेड्ने, प्रचलन थियो र आज पनि छ ।

**घ. चैते अष्ठमी (वडा दशैं)**

यो पर्वमा हरेकको घरघरमा मिठो मिठो भोजन पकाएर खाने, टाटे (तेल रोटी/पुरी) बनाएर खाने, सबैसँग खुशीयाली साट्ने जस्तो कार्य गरी मनाइन्छ ।

**ङ. साउने सक्रान्ति (लुतो-पाप्रो फाल्ने दिन)**

साउन महिनाको १ गते यस क्षेत्रका प्रत्येक गाउँमा आ-आफ्नो घरको छत र आँगनमा साझ परेको समयमा झरो (सल्ला काठको दियालो) बालेर पूरै गाउँ झिलिमिली देखिने कसै कसैले भरुवा बन्दुक वा पटका पट्काएर रमाइलो गर्दै लहरै पंतिबद्ध बलेको दियालोको राँकोलाई एक हातले समाइ टाउको वरीपरी घुमाउदै छिमेकी गाउँलाई गाली गर्दै पुरानो समयलाइ बिदाई गर्दै नयाँ आउने समयलाई शुभ होस् जय होस् भन्ने पुकारा गर्दै मिठो मसिनो खाना खाएर यो पर्व मनाउनु यहाँको प्रचलन हो ।

**च. दशैं (विजया दशमी)**

यो पर्व पहिले सामान्य तवरले मासुभात मात्र खाएर बनाइन्थ्यो । पछिल्ला दिनहरुमा राष्ट्रिय प्रचलनले नै स्थान पाएको छ । यहाँको प्रमुख बिशेषता भनेको हरेक पैट (पर्व) मा मध्यपान (जाँड रक्सी) को प्रयोग गरिने र कुनै पनि पर्वको टिका ग्रहण गर्दा कसैलाई पनि दक्षिणा स्वरुप नगद नदिने प्रचलन रहेको छ ।

यस गाउँपालिकाको सबैभन्दा ठूलो महत्वपूर्ण चाडको नाम दशैं हो । यस चाडमा देश, परदेश तथा टाढाटाढा भएका दाजुभाई तथा दिदीबहिनीहरु स्वदेश फर्किने गर्छन् । श्राद्ध सकिने बित्तिकै १० दिन अगाडि बिभिन्न बालीहरु समेटेर जमरा राखिन्छ । देवीहरुका मन्दिरमा बाजा बजाइन्छ । यस नौराता लगाउने पनि भनिन्छ । १० दिन सम्म जमरा हुर्कदै पहिलो र ठूलो भएपछि बिशेष सायतको बेला मान्यजनहरुले जमरा लगाउने गर्छन् । यस जमरासँगै टिका लगाउने गरिन्छ । निधारमा रातो टिका अनि जमरा लगाइन्छ । यसरी विभिन्न रङ्गको टिका र जमरा लगाएर केही घण्टा, केही दिन भए पनि पृथ्वी माताको स्वागत, सत्कार र श्रद्धा गरिन्छ भन्ने मान्यता रहेको छ । अनि मात्र आफू सुखी र खुशी भइन्छ भन्ने मान्यता रहेको छ । यस दिन आफन्त तथा मान्यजन तथा नातागोताकहाँ टिका

लगाउन आउने-जाने गरिन्छ । यसको अर्थ सानोले ठुलालाई आदर, सत्कार गर्नु, मान सम्मान गर्नु र ठुलाले सानालाई आशिर्वाद दिनु रहेको छ । यस चाँडको बेला यस क्षेत्रमा भाकल गरिएका देवीका शक्ति पिठहरुमा बोकाहरु तथा राङ्गाहरु काट्ने चलन छ ।

### छ. तिहार (भाइटिका)

यो पर्व कालान्तरमा सबैले मनाउने प्रचलन थिएन । त्यस समयमा जो धनी छ, जो हुने खाने छ, जसका दाजुभाइ अनि दिदी बहिनी छन्, उनले मात्र मनाउने प्रचलन थियो । तर आजभोली समयको परिवर्तनसँगै यो पर्वले पनि राष्ट्रिय स्वरुप लिएको छ ।

### ज. आगन्तुक पर्व

परिवर्तित समय र विकसित कालखण्डसँगै यहाँ जन्मदिन मनाउने पर्वले पनि स्थान पाएको छ । आजका दिनसम्म आइपुग्दा यहाँका केही समुदायका अधिकांस परिवार जन्म दिन मनाउने प्रचलन रहेको छ र अन्य आगन्तुक पर्वहरुमा होली छट  आदी ।

### ञ. देवता पूजाइ

देवता पुजाइ यस क्षेत्रको बिशेष परम्परा हो । हरेक बर्ष कार्तिक शुक्ल पक्षमा देवता पुजाइ हुन्छ । यस क्षेत्रमा रहेका बिभिन्न देवताहरुका मन्दिर तथा कुल घरमा देवता पुजाइ हुन्छ ।

देवता पुजाइका दिन बिभिन्न धामी तथा पुजारीहरु बिहानै देखि बर्त बस्छन् । दिउसो पख वा साँझपख घरबाट देउरो निकाल्ने चलन छ । घरबाट देउरो निकालेपछि बाजागाजा सहित सम्बिन्धित माणुदेउरो पुर्याउने गरिन्छ । माणुको सरसफाइ तथा पुजाका लागि तयारी गरिएको हुन्छ । सम्बन्धित भराणीले बाहुनको उपस्थितिमा पुजा गर्छन् ।

पुजा सकिएपछि बाजागाजा सहित सपस्थित दमाईहरुले बाजा बजाउदै सम्बिन्धित देवताको धाइ हान्छन् । भराणी र उपस्थित अन्य धामीहरुमा देवता चढ्छ । धामीहरु आगबाग र रोग ब्याध सम्बन्धि बखान काट्छन् । सबै उपस्थितहरुको टाउको सुम्सुम्याउदै स्वास्थ्य लाभको कामना गर्छन् । सबै जना बाजागाजा र भोकर सहित घर फर्कने र देउरो भित्र्याउने चलन छ ।

### ठ. होली

फागुन शुक्ल पूर्णिमा अर्थात होली पूर्णिमाको दिन मनाइने होली सर्केगाड गाउँपालिकामा पनि सामान्यका साथ मनाइन्छ । होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरूको एउटा महत्वपूर्ण चाड हो । यो चाड वसन्त ऋतुमा फागुनको महिनामा मनाइन्छ । होली रङ्गहरूको चाड हो । होलीको दिन मानिसहरूले एक अर्कामाथि विभिन्न प्रकारका रङ्गहरू हालेर एक अर्कालाई रङ्गिन बनाउछन् । यस पर्वले आपसी कटुतालाई बिर्सेर जनमानसमा उत्साह र उमङ्ग बाड्न सिकाएको छ । यस पर्वले रङसँगै रङ्गिन जिन्दगीको अनुभूति दिन्छ । यस पर्वमा लगाइने नीलो रंगले मानवता र

धैर्यता, पहेलो रंगले भगवान श्री कृष्ण र रातो रङ्गले शौभाग्यको सुचक जनाउछ ।

**चौदशीमेला**

(जैरको भिटगाउँ गुरा मान्नेले मनाउने गर्दछन् ।हरेक बर्षको जनै पूर्णिमा (रक्षा बन्धन) को अघिल्लो राति (चौदसी) का दिन प्रायशः युवा युवती, धामी धमीनीहरु उक्त स्थानमा रातभरि जागा बसी रमाइलो गर्ने प्रचलन रहेको छ ।

### ३.१.७.२ संस्कारहरु

हाम्रो धर्मशास्त्रमा सोह्र संस्कारको व्याख्या गरिएको छ । जसमा गर्भाधान संस्कार देखि मृत्यु संस्कारसम्म बर्णन गरियका छन् ।हाम्रो हिन्दु संस्कारले सोह्र श्राद्ध र संस्कारका कुराहरुलाई प्राथमिकता दिएको छ । जुन संस्कारमा मानव प्राणीको गर्भाधान देखि मृत्यु पर्यन्तसम्म वर्णन गरिएको छ । तर हाम्रो यस गाउँपालिकामा हिन्दु धर्मालम्बीहरुको बाहुल्यता भए पनि यी सबै संस्कारहरु प्रचलनमा नभई तपशिलका संस्कारहरु मात्र रहेका छन् । जुन हाम्रा संस्कारहरु निम्न छन् -

**छैटी अथवा न्वारन हेराउने**

बाहुनबाद (बाह्मण बादी) संस्कार भन्दा देवी देवतामा बढी विश्वास गर्ने यहाँको संस्कारमा मानव जन्मको छैटी वा न्वारनमा कतै कतै मात्र हुने खानेले बाहुनलाई बोलाई चिना (चिना) बनाउने, नामाकरण गर्ने गदर्थे भने बहुसंख्यकले कुल देवताका धामीहरुबाट नै आर्शिबाद लिने र नामाकरण गराउने प्रचलन थियो । आजका दिनसम्म पनि सोही संस्कार प्रचलनमा रहेको पाइन्छ ।

**न्वारन**

सुत्केरी भएको ९ दिन देखि १५ दिन सम्ममा सुत्केरी आमा र शिशुको नुहाइ धुवाइ गरी गोठ वा अर्को छुइकोठाबाट सरसफाइ गरी गृह प्रवेश गराउने गदथे । जन्मेको शिशु छोरा भएमा छैटी खेलाउने (गाउँ टोलका महिला पुरुषहरुलाई रमाइलो गर्न चाची खेल गाउँन लगाई खसी काटी भोज भतेर दिने) प्रचलन थियो । यो संस्कार हाल पनि कतैकतै रहेको पाइन्छ ।

**भात खुवाई**

यहाँको परम्परागत संस्कारमा शिशुको भात खुवाइ वा अन्नपाषण गर्दा त्यस्तो कुनै पनि विशेष कार्यक्रम नगरी जुन समयदेखि शिशु खाना खान शुरु गर्छ त्यही समयदेखि अन्न खुवाउने प्रचलन थियो । आजभोलि कतै कतै मात्र भात खुवाइ अन्नपाषण कार्यक्रम गर्ने गराउने प्रचलन रही आएको छ ।

साथै अहिले अन्नप्राशनलाई यस क्षेत्रमा भात चोखाइ भनिन्छ । यो भात चोखाई शिशु जन्मेको छ महिनामा शुभ नक्षत्र एवं शुभ दिन हेराएर आयोजना गरिन्छ । यस बिभिन्न प्रकारका मीठा मीठा मिष्ठान्न तथा भोजनका परिकारहरु बनाई शिशुको मुखमा छोउने चलन छ । यस दिन बिशेष खुशीयाली, रमाइलो तथा भोज गर्ने प्रचलन छ । यस दिन आफ्ना छिमेकी, नातेदार, आफन्तजनलाई बोलाई प्रसाद खुवाउने र शिशुलाई विभिन्न उपहार दिने चलन छ ।

**विद्यारम्भ संस्कार**

यो संस्कारको कुरा गर्दा यहाँ मानिसहरु अति सोभला देवता समान मानिन्छन् । शिक्षाले सबै भन्दा पिछडीयका क्षेत्रका मानवहरुलाई विद्यारम्भ संस्कारको कुनै प्रभाव रहेको थिएन । तर अचम्मको कुरा जुन जुन वस्तीमा पढेलेखेकाहरु छन्, त्यँहा संकुचित र कुण्ठाको भावनाले व्याप्त छाएको पाइन्छ । तर यहाँका हरेक बस्तीका हरेक मानवहरु किताबी कुरा नपढे पनि व्यवहारिक कुरामा परेका भएकाले एउटा मानवमा हुनुपर्ने मानविय गुणले युक्त सर्केगाड बासीहरुसंग प्रत्यक्ष अभिमुखिकरण बाट मात्र थाहा हुन्छ की यिनीहरुमा कतिसम्मको मानवियता र देवत्व गुण छ भनेर ।

**नाक कान छेड्ने संस्कार**

“छोराले कान र छोरीले नाक कान छेडेन भने अर्को जूनी पाँउदैन” भन्ने किंवदन्तीले प्रमुख स्थान पाएको यहाँको संस्कार अनुसार माघ पञ्चमी (श्रीपञ्चमी) मा बालबालिकाको नाक कानमा हिउँले चिस्याएर मात्र अनि पछि छेडिदिने प्रचलन व्याप्त छ । यसको कारण हिउँले चिस्याउदा दुखाई कम हुने गर्दछ । साथै यस क्षेत्रमा बालबालिकाहरुको कान छेड्ने र मुद्रा हाल्ने प्रचलन रहेको छ । बास्तवमा कान हाम्रो श्रवणद्वार हो । सम्पूर्ण श्रुतिहरु कानबाट नै हाम्रो मस्तिष्कमा पुग्दछन् । कर्ण वेधन गर्नाले व्यधिहरुबाट सुरक्षित हुनुका साथै श्रवण शक्ति पनि बढ्छ भन्ने मान्यता छ साथै कानमा आभूषणले हाम्रो सौन्दर्यता समेत बढाउने मान्यता छ ।

**व्रतवन्ध संस्कार**

यो संस्कार यहाँको परम्परागत संस्कृतिको प्रमुख विशेषता हो । व्रतवन्धनमा सम्बन्धित व्यक्तिको केश मुण्डन गर्ने । उक्त केश काँस धातुको थालमा दिदी–बहिनीले टिपेर नदिमा सेलाउने (बगाउने) । अनि उक्त काँसको थाल र केही नगद दक्षिणा दिदीबहिनीलाई प्रदान गर्ने प्रचलन छ । अर्को तिर

आफ्नो गाँउ टोलका छरछिमेकीलाई चिनोको भात र एउटा ठुलो खसी भोज स्वरुप दिने प्रचलन थियो । अचम्मको कुरा के भने चिनोको चामल पकाई सकेपछि सबै मानिसलाई पुगेन भने, फेरी पकाउने चलन थिएन बरु त्यहि पाकेको भात जति मान्छे छन् त्यति सबैलाई १/१ मुठी पारेर भए पनि बाँड्नु पर्ने प्रचलन थियो । आज भोली कतै कतै मात्र यो प्रचलन पाइन्छ भने, केही स्थानमा ब्राहमणबाट व्रतवन्धन गराउने चलन पनि रहेको छ । कही अल्पसंख्यामा व्रतवन्ध संस्कार नै नगर्ने प्रचलन पनि रहेको छ ।

यो संस्कार जनै धारण गर्ने संस्कार हो । यस संस्कारबाट हाम्रा ऋषिमुनीहरुले वेदमाता गायत्रीको आत्मासात् गर्ने प्रावधान दिएकाछन् भन्ने मान्यता छ यसै अनुरुप बाह्मणको उपस्थितिमा बालकलाइ जोगी बनाउने र भिक्षा माग्न लगाउने संस्कार रहेको छ । जनई हेर्दा सामान्य लागे पनि आयुबद्र्धक, बल र तेज प्रदान गर्ने सामथ्र्य राख्दछ भन्ने मान्यता रहेको छ । जनइ धारणको वैज्ञानिक महत्व पनि रहेको मानिन्छ ।

**विवाह संस्कार**

यहाँको परम्परागत संस्कारमा विवाहका विभिन्न प्रकारहरु मध्ये मुख्य विवाह संस्कार यस प्रकार रहेका छन् -

क) मागी विवाह

वर–वधु दुवैका अभिभावकहरुको सरसल्लाहमा विवाह गर्ने प्रचलन थियो । यसमा कतै कतै केटा केटीको पनि सहमति भएको पाइन्छ । तत्कालिन समयमा यो विवाह ५०-६० प्रतिशत हुन्थ्थो ।

ख) भागी विवाह

वर–वधुको राजि खुशिले अभिभावकलाई जानकारी नदिएरै विवाह गर्ने प्रचलन पनि थियो ।

ग) जारी विवाह

परम्परागत संस्कारमा अर्काको विवाहित महिलालाई पु ुरुषहरुले विवाह गरे पश्चात् दुवै केटा पक्षका भद्र भलाद्मीहरु बसी छलफल गरी तोकेको जम्मा रुपैयाँ मध्ये, नगद वा जिन्सी जारी (अर्काको पत्नी विहे गर्ने र गरे वाफत दिइने दस्तुर) दिने प्रचलन थियो ।

घ) रक्चुने विवाह (अन्मेल विवाह)

यहाँको परम्परामा कुनै पनि यूवती मन परेमा यूवतीको र माइतीको मञ्जुरी बिना नै यूवतीलाई जबरजस्ती रुपमा तानेर, बोकेर वा लछारपछार गरेर आफ्नो घर लगि पत्नी बनाउने वा रक्चुने (लछारदै लिने) विवाहको संस्कार पनि थियो । जो कतै कतै मात्र लगभग ५/६ प्रतिशतमा रहेको थियो । यो विवाहमा यूवतीलाई यूवकको घरमा लगिसकेपछि देवताका धामीले चामलको दाना खुवाए पछि पक्का मानिन्थ्यो । यो विवाह संस्कार आजभोलि कतै पनि छैन ।

समग्रमा भन्नुपर्दा यहाँको परमपरागत वैवाहिक संस्कार जस्तो भए पनि आजका दिनमा भने नेपाल सरकार तथा विभिन्न गैर सरकारी संघ संस्थाको आयोजनामा विभिन्न जनचेतना मूलक कार्यहरु गरी "बिहेवारी बिसपारी" भन्ने उखानलाई आत्मसात गर्दै बालविवाहमा समेत अति न्यूनिकरण आएको छ । कतै कतै अझैसम्म पनि बालविवाह हुने गरेता पनि प्रत्यक्ष रुपमा यो विषयमा सबैमा चेतना फैलिइसकेको अवस्था रहेको छ । आशा छ निकट भविष्यमा नै यो क्षेत्रबाट बालविवाहको उन्मुलन हुनेछ ।

## मृत्यु संस्कार

मृत्यु संस्कारमा कुनै कुनै स्थानमा ब्राहमण संस्कारमा विश्वास गर्नेहरु र अर्को तिर गाउँका हुनेखानेहरुले मात्र बाहुनलाई बोलाएर मृत्यु संस्कार पुरा गर्ने परम्परागत प्रचलन रहेको छ । अन्य स्थानमा प्रायजसोले आफ्नै परम्परागत संस्कारलाई बढावा दिदै आएका छन् । यहाँको परम्पराअनुसार केही स्थानमा मुत्यु भएकै दिन शवको दाहसंस्कार गरिसकेपछि मशान (प्रेत, पिशाच) पुजा गर्नका लागि सम्भव भए खसी, पाठी र सम्भव नभए कुखुराको भाले काटेर पुजा गर्ने प्रचलन अहिलेसम्म जिवित रहेको छ ।

मृत्यु संस्कारमा बाबाको (बाबा, पिताको) निधन भएमा लगभग छ महिनासम्म मासु र दही बार्ने (नखाने) काँसको भाँडा प्रयोग नगर्ने, फेरुवा, लिऊ (भेडा बाख्राको ऊनबाट बनाएको ओछ्याउने बस्त्र) प्रयोग नगर्ने चलन छ । यसैगरी आमाको निधन भएमा सोही समयसम्म दुध बार्ने (नखाने,) काँसको भाँडा प्रयोग नगर्ने प्रचलन परमपरा देखि रहिआएको छ ।

यो संस्कारमा विशेष विशेषता रहेको पोशाक/पहिरनका रुपमा प्रयोग गरिन्छ । पतिको (लोग्नेको) मृत्यु भएमा पत्नीले छ महिनासम्म आफनै पुरानो चोलो र गुन्यु उल्टो (बिफरो) पारेर प्रयोग गर्ने संस्कार रहेको छ । यसै गरी मृत्यु संस्कार विशेष गरी १३ औ दिनसम्म गर्ने प्रचलन छ भने, चोखिने दिन (१३ औ दिन) का दिन आफन्त नजिकका समुदाय सबै मिलेर मृत आत्माको सम्झनामा बाटो मर्मत गर्ने, पाटी चिन्ने, चौतारी निमार्ण गर्ने जस्ता कार्य गरिन्छन् ।

यहाँको संस्कारमा खास गरी छ महिना वा वर्षदिनको बराखी (मृत आत्माको चीर शान्तिका लागि १ वर्ष पूरा भएपछि गरिने कर्म) मा अनिवार्य रुपमा गरिने कर्म नगरी वर्षको जुन दिन मृत्यु भए पनि त्यस पछि आउने रक्षा वन्धन (जनै पूर्णिमा, तित्थे पुनि) को पूर्णिमा भन्दा केही दिन अघि तिर्थ स्थलमा वा नजिकको अन्य कुनै पनि स्थानमा गई नुहाएर घर आई छोरी/चेलीलाई भात खुवाई कर्मगरी सकेपछि कुनै पनि मृत आत्माको मृत्यु संस्कार पूर्ण रुपमा पुरा भएको मानिने यहाँको परम्परा रहिआएको छ ।

क्रियापुत्री बारेर बसेको व्यक्तिहरुले सम्भव भएसम्म सेतो कपडाको प्रयोग गर्ने गर्छन् । आश्चार्यको कुरा त के छ भने अविवाहित/नाबालिकाको मृत्यु भएमा दाहा संस्कार पश्चात् कुनै पनि प्रकारको मृत्यु संस्कार नगर्ने प्रचलन रहेको छ ।

'खस' (मतवाली, ब्राहमण संस्कारमा विश्वास नगर्ने) जातिहरुको बाहुल्यता रहेको यहाँको मुत्यु संस्कारमा मृत्यु भएको व्यक्तिको अन्तिम कर्म तित्थेपुनी (रक्षा वन्धन, जनै पूर्णिमा) मा तिर्थ–व्रत गरिसके पछि वार्षिक रुपमा गरिने कुनै पनि प्रकारको श्राद्ध–पित्त पुजा, सोह्र श्राद्ध) गर्ने प्रचलन छैन । यसका बारेमा सामान्य रुपमा पनि कुनै प्रकारको सोच वा धारणा रहने गरेको छैन ।

### ३.१.७.३ प्रचलन तथा प्रथा

#### भान्सा खाने चलन

खस र मतवाली यो दुई शब्दको शाब्दिक अर्थ भित्र सिमित यहाँका समुुदायमा खसको अर्थ खसेको र मतवालीको अर्थ मधपान प्रयोगकर्ता रहेको भन्ने परम्परागत किंवदन्ती रहेको छ । वास्तवमा यहाँको समुदायमा अवस्थित मानव व्यवहार रितिरिवाज, धर्म, संस्कृति र यहाँको हार्दिकता आदिलाई मनन गर्दा खस को अर्थ खास (विशेष) र मतवाली को अर्थ मत (राय, विचार) वाली (सम्बन्धित) अथवा स्वच्छ र उच्च मतवाला/विचारवाला भन्ने अर्थमा बुझ्दा उपयुक्त हुने देखिन्छ । तसर्थ पनि यँहाको मानवहरु परापुर्वकालदेखि बाहुन संस्कारबाट मुक्त रहेकाले केही सिमित धामी/धमीनीहरु बाहेक कोही कसैले पनि भान्सा पस्ने –भान्सा खाने) प्रचलन हिजो पनि थिएन र आज पनि छैन ।

#### अर्मा पर्मा (परिमा)

मानवीय गुणयुक्त यहाँका सम्पूर्ण समुदायका मानवहरुको छर/छिमेकीमा अर्मापर्मा गर्ने प्रचलन त परम्परागतदेखिको मानवीय विशेषताको रुपमा रहिआएको छ यति मात्र नभएर आ–आफ्नो छर-छिमेकीमा दुख–कष्ठमा परेका तथा घर व्यवहारको काममा पछि परेकाहरुलाई सहयोग स्वरुप बिना अर्मापर्मा सहयोग गर्ने स्वाभाव रहेको प्रथा छ ।

अर्मापर्मा यस क्षेत्रको आपसमा सहकार्यको प्रमुख उदाहरण हो । खेतीपाती, बिबाह, बर्तबन्ध तथा हरेक सामाजिक कार्यमा अर्मापर्मा गर्ने चलन रही आएको छ । समाजमा कमजोर तथा काम गर्ने नसक्ने ब्यक्ति, दुख, शोक चिन्ता तथा पिडामा गरेका ब्यक्तिहरु भए पनि सहयोगका रुपमा पर्मा दिने चलन रहेको छ । खासै अर्मापर्माको पूर्ण गणितीय हिसाव नभएपनि एक अर्कालाई सहयोग गर्ने भन्ने विशेष मान्यता रहेको छ । परम्परादेखि चल्दै आएको बिशेष प्रचलन पर्मा हो ।

## दैलौमा झिरझिरे काँडा राख्ने

घरमा घर परवारमा वाह्य अलौकिक तथा प्राकृतिक प्रकोपबाट बच्न, रुढीबादी परमपरा अनुसार आँखी,बोक्सी, भुत–प्रेत आदीबाट बच्न प्रत्येक घरको छतमा बुख्याचा – काठको मूर्ती) राख्ने र घरको दैलोमा पनि ढँटेलो–काँडा भएको स्थानीय जातको तेल उत्पादन हुने सानो वृक्ष) को चेप्टो परेको हाँगा झुण्डयाउने प्रचलन परम्परागत प्रथाको रुपमा रही आएको छ ।

## छाउपडी प्रथा

यस क्षेत्रमा मतुवालीहरुको मूख्य बास स्थान रहेकाले परापुर्खा देखि छाउपडि प्रथा नभएको पाइन्छ र तर समयको अन्तराल सँगै यो क्षेत्र भन्दा बाहिरबाट आउने पाहुनाहरुले भित्र्याएको संस्कारले गर्दा धामी, डाङ्गी–धामी र मन्दिरको पुजारी) हरुको महिनावारी भएको महिला न जाने प्रचलन पहिले थियो । अहिले कतै कतै मात्र सिमित छ ।

## धामी/झाँक्री प्रथा

धामी-झाँक्री मध्ये झाँक्री प्रथा पहिले पनि थिएन र अहिले पनि छैन । तर धामी प्रथा भने पहिलेदेखि चलि आएको प्रथा एउटा पर्वको रुपमा रहेको छ । यसै सन्रदभमा यँहा विभिन्न देवताका नाममा थान – मन्दिर) को स्थापना गरिएको छ र उक्त देवताको नाममा कुनै न कुनै व्यक्ति पतुर्ने (बाजाको तालमा काँपेर उफ्रदैं नाच्ने काम) गर्दछन । यहाँको सर्केगाड गा.पा समग्रमा भन्नु पर्दा यस भेक क्षेत्रका बासिन्दाहरु अधिकाशंले देवताको पुजामा विश्वास गरेको पाइन्छ ।

कसै कसैले यस क्षेत्रमा देवताको धामीलाई खुबै मान्यताका मान्छे मानिन्छ । मर्दापर्दा वा बिरामी पर्दा देवताका धामीको सहारा लिने परम्परा यस क्षेत्रमा अझै जिउदो छ । देवताका धामीहरु बिभिन्न देवतासँग जोडिएर झाक्रि निकाल्ने गर्छन् । बिभिन्न माणु तथा मन्दिरहरुको पुजाइमा बिभिन्न बाजागाजा र घाइसँगै देवताका धामीमा बिभिन्न देवताको शक्ति चढ्ने र बर्तमान तथा भविश्यको बारेमा बिभिन्न बखान काट्ने गर्छन् । धामीहरुले लुले, कोण, भूतप्रेत निको पार्छ भन्ने मान्यता यस क्षेत्रमा रहेको छ

। यस क्षेत्रमामष्ट, बुढो मष्ट, महारुद्ध, वनमाई, लसुर, लभान, ह्याङरे, भैयाँर आदी देवताका धामीहरु प्रमुख धामी मानिन्छन् ।

**दाइजो प्रथा**

यो प्रथाले खासै प्रभाव पारेको देखिदैन । परम्परादेखि हाल सम्म स्वइच्छामा भर परेको छ । सामान्य रुपमा भाँडाकुडा, लत्ताकपडा (टाला) लगायतका सामाग्री दाइजो स्वरुप दिने चलन छ ।

**छोरीको धन खाने प्रथा**

पहिले पहिले छोरी दिए वाफत थोरै केही नगद लिने अथवा ज्वाइले कम्तिमा १ वर्षसम्म ससुरालीमा काममा सहयोग गर्ने प्रचलन थियो । अहिले केही स्थानमा बाहेक अन्यत्र यो प्रचलन छैन । कतैकतै तिर छोरीको मर्ज खाने चलन अहिले पनि रहेको छ । मर्ज भनेको छोरीको विवाह गर्दा लाग्ने सम्पूर्ण खर्च दुवै पक्षको लागि दुलाह पक्षले व्यहोर्ने र माइती पक्षलाई विशेष प्रकारको कोशेली (सगुन–पात) पुर्याउनु पर्ने हो ।

**नुवा प्रथा**

यो प्रथा यहाँको हरेक बस्तीको मुख्य विशेषताको रुपमा रहेको पाइन्छ । यहाँको स्थानीय भाषामा न्वाँगी चाख्ने (नयाँ बाली सुरुवात गर्ने) भनिन्छ । कुनै पनि नयाँ अन्नबाली वा फलफुल पाकिसकेपछि पहिलो पटक केही अंश–इकाई आ–आफ्नो कुल देवतालाई पुजा गरी चढाएर पहिलो पटक उक्त नयाँबाली आ–आफ्नो घर परिवारले मात्र भोजन गर्ने प्रचलन रहेको छ ।

### ३.१.७.४ खानपानका परिकारहरु

यस क्षेत्र (हालको सर्केगाड गाउँपालिका) भित्र वर्तमान समयमा जुन प्रकारका नयाँ खानपानको चलन भित्रिएतापनि विगतको ऐतिहासिक खानपानले भने आफ्नो लोक प्रियताबाट बाहिरीएको अवस्था छैन् । अझै पृथक रुपले परिचित हुदैं गइरहेको छ । जुन खानाका परिकारहरु यस प्रकारका रहेका छन् ।

ढिडो, राप्लो, नुनेपानी, दालभात, कोल/गेडा, रोटा, सिस्नु, खिर, आलु, नुनचिया, बाँको, टाटे, मुरली मकै, लाड, दही, दुध, मही, मासु, फाँरो, भदरी, भट्टेकला, अनजरी, पुनेरा, खाजा, लगर, आदी ।

माथि उल्लेखित खानाका परिकारहरु बनाउने विधि -

**ढिडो** - खोप वा ढ्यांका (ठाडो भाँडो) मा पानी उमाली सकेपछि मकैको पिठो अलिअलि थप्दै काठ् वा निंगालोबाट बनेको औजार (सप्टुक) ले फिट्दै आहान सप्टुक नं भए पन्युले फिट्दै पकाउने र पाकेर तयार भैसकेपछि राप्लो, सिस्नु वा नुनेपानी संग मिसाएर मिठो मिठो परिकार खाने । साथै मकैको

पिठोबाट  बनाइएको अति स्वादिष्ट खाना/चुलो - अगेना) मा कुनै भाँडोमा तातो पानी उमालेर पन्यु वा सप्टुक-ढिडो बनाउने वा फिट्ने विशेष प्रकारको काठको औजार) ले राम्ररी फिटेर पकाउने गरिन्छ । ढिडोसँग हरियो सिस्नो, लसुन, नुनेपानी-लसुन लगायतको मसला मिसाएर बनाएको झोल पर्दाथ) राप्लो आदिसंग र दही, दुधसँग पनि भोजन गर्ने गरिन्छ । यो यहाँको परम्परागत विशेष खाना हो ।

**राप्लो -** घरमा भएको पिडालुको पात, घरबाहिर उम्रने बेथेको साग, गोते साग, गजिनो, अग्लो पाटन (लेक) मा उम्रने ढोकाया साग, रुघा साग आदि बाट हरियोमा वा सुकाएर उम्लेको तातो पानीमा आ-आफ्नो स्वाद अनुसारको मरमसला हाली ढिडो वा रोटीसंग आवश्यकता अनुसार खाने नुनेपानी (खुर्सानी पानी) यो विशेष गरी छोटो समयको सदुपयोग गर्न र अन्य तिउन तरकारीको अभाव भएको बेला अति उत्तम परिकार मानिन्छ । लसुन, टिमुर, खुर्सानी लगाएतका आआफ्नो स्वाद अनुसारका अन्य मरमसला ढुंगे ओखलमा कुटी पिसी तयार गरी पकाउन भाडामा तेल तताई उक्त तयारी मसला भुटेर स्वाद र आवश्यकता अनुसारको पानी राखेर तयार भर्पछि विशेष गरी यस क्षेत्रको राजा मानिने खाना ढिडोसंग खानलाई ढिडोंको रानी मानिन्छ ।

**दाल भात -** यो तयार गर्दा सामान्य तया सर्व सवितितै छ । यो बाहेक यस क्षेत्रमा चिनोका गुनो, मकैको च्याखला आदीको समेत भात खाने प्रचलन अहिलेसम्म रहि आएको छ भने दालको रुपमा सिमी, गहत, गुराँस, आदिको परिकार बनाई खाने प्रचलन छ ।

**कोल/गेडाँ -** सिमीलाई राम्रोसंग झार ढुंगा हटाएर छान्ने मकैलाई घर परिवारको आवश्यकता अनुसार नापतौल गरी ढुंगे ओखलमा पानी छर्कदै फल्ने (मकैको दानाको बाहिरी बोक्रा छोडाउने) त्यसपछि आवश्यकता अनुसार वा भड्डुमा राखेर बेसरी पकाउने । यसमा भए  स्वाद अनुसार भेडा वा खसीका खुट्टा मिसाउने, कसैले बोसो मिसाउने, कतैकतै ओखर वा आरुका पिता मिसाएर पकाउने प्रचलन छ । यो परिकार सबै समुदायका सबै उमेर समुहका लागि लोकप्रिय खाना हो । जो आज पनि हेरबस्तीको घरघरमा पाक्दछ । यो खाना विशेष गरी हिउदको जाडोको समयमा हिमपात हुदाँ घरभित्रै बसेर पकाएर खाने गरिन्छ ।

**रोटा (रोटी)** - यस क्षेत्रका स्थानीय उत्पादित बालीहरु मकै, गहुँ, कोदो, जौं, आटो (मैदा) आदीको पिठो भाँडा मा घरपरिवारको आवश्यकता अनुसार पानीले मुछेर तयार गर्ने । दाउराको आगो बालेर चुलोमा फलामको तावा तताई चुलोमा आगोको गोलमा सेकाई पकाउने र स्वाद अनुसार राप्लो, सिस्नु, साग वा अन्य तिहुन तरकारीमा मिठो हुने गरी झोल बनाएको संग खाने ।

**सिस्नुः** घरबाहिर अन्यत्र आफै उम्रेको वा घरमा लगाईएको सिस्नोको गुफा (मुन्टा) र पात टिपी उम्लेको तातोपानीमा सप्टुकले फिट्दै बनाउने र टिमुर अनिवार्य रुपमा राखी अन्य मसला आवश्यकता अनुसार राखी पकाएर तयार भए पछि ढिडोंसंग पातलो र विशेष गरी मकैको पिठो हालेर बनाउन सकिन्छ ।

**खिर-** यहाँको स्थानीय मार्सी चामललाइ पानीमा सफासंग पखालेर दुधमा पकाउने स्वाद अनुसारको

अन्य ल्वांग, सुकमेल, नरिवल, छोडा आदि मिसाई पकाउने ।

**आलुः** आलुलाई सफासंग पखालेर पानीमा उसिन्ने र स्वाद अनुसार भाँगो, तिलखुरो स्थानीय तेलहन वाली आदिको स्वादिष्ट अचार बनाई अर्नी नास्ताको रुपमा खानामा प्रयोग गरिन्छ ।

**नुने चिया (घिउ चियाँ, जडिबुटी चिया)** - पानीमा तिब्बतीयन चिया पकाएर नुन घिउको मिश्रण गरेको घिउ चिया अथवा पानीमा स्थानीय जडिबुटी घोडे मच्चो, बायजडी, गुन्द्राउनो, लौकाको बोक्रा आदिसंग नुन मिश्रण गरी बनाईएको जडिबुटी चियाँ यहाँका हरेक बस्तीका घरहरुमा दिनहुँ जसो नास्तामा प्रयोग हुने गर्छ ।

**बार्कों** - एक प्रकारको जंगली बुट्यान हो । यसको बोटको रस (तरल पदार्थ) शरिरमा लागेमा चिलाउने काचै मुखमा खाए अति चिलाउने हुन्छ । तर यसको जरा (जमिन मुनीको फल) निकालेर पानीमा उमाली ढुंगे ओखलमा राम्रोसंग पिस्ने । त्यसपछि नुन खुर्सानी संगको मसला बनाई मुखमा न चपाई निल्ने गरी खानुपर्छ । यो अतिनै स्वास्थ्य वर्धक भएकाले अहिले पनि यसको प्रचलन छ तर यो पाउन र बनाउने व्यक्तिको अभाव रहेको कुरा यहाँका स्थानीय बालीको भनाई छ ।

**चिला रोटी र टाटे (तेल रोटी, पुरी)** - विशेष प्रकारका चाडपर्वहरु र खास गरी विवाहवारीको लागि अनि देवताको पुजाईमा टाटेको प्रयोग गरिन्छ । गहुँको पिठो लाई पानीमा मुछेर अगेनामा कराई भित्र तताउने तेलमा पकाई स्वाद अनुसार विशेष गरी आलुपाना संगै खाने प्रचलन अति मान्यताको रुपमा अहिले पनि रही आएको छ ।

**मुरली मकै/ खाजा** - स्थानीय स्तरमा उत्पादन हुने सारो दाना भएको मकै (मुरली मकै) लाई अगेनामा गहिरो भाँडोभित्र तेल तताई अलिकति खाने नुन हालेर मकै भुट्दा एक दाना पनि बाँकी नरहेर फुल्ने गर्छ । यसै गरी ठूलो मकै, सेतो ठूलो भट्मास, सानो कालो भट्ट, गहुँ आदीलाई अगेनामा तावा तताई भुटेर दिउसको नास्ता विशेष गरी भेडी गोठाला, गाई, गुवाला, आदिले प्रयोग गर्ने गर्दछन् ।

**लड्डु/कोलेसी (कोशेली)-** विवाह, देवताको पुजाआजा आदिमा चामलको पिठोमा मह वा चिनी मिश्रण गरी तयार गरिन्छ । यो मान सम्मानको रुपमा सगुन वा कोशेलीको लागि प्रयोग गर्ने गर्दछन् ।

**दुध,दही र मही -** सामान्यतया सबै विदितै छ ।

**मासु -** घर, पालुवा तथा वन्यजन्तुको समेत मासु पकाउँदा परम्परागत चलन अनुसार पानीमा पकाउने, टिमुर, नून र खुर्सानी मात्र हालेर झोल धेरै बनाउने ।

**फाडेरफाँरो (थुक्पा)** - मकै लगाएतको अन्य पिठोलाई पानीमा राम्रोसंग पातलो हुने गरी पकाएर पिउने पदार्थ बनाई नास्ताको रुपमा प्रयोग गरिन्छ । अर्को तर्फ भटमास, सिमी, जौं आदिलाई भुटेर माथिकै विधिबाट पकाई आवश्यकता अनुसार को मसला राखी भात वा रोटीसंग तिहुनको रुपमा प्रयोग गर्ने प्रचलन छैन् ।

**भदुरी, भट्टेउला, कान्जरी, पुनेरा (बन्य कन्दमुल)** - बनपाखामा उम्रने यी कन्दमुललाई विशेष गरी हिउँदमा हिमपात पछि जमिन भिजेर नरम भएको अवस्थामा संकलन गरी ल्याएर राम्रोसंग पानीमा पखाली आलु जस्तैगरी उसेनी सकेपछि आ आफ्नो स्वाद अनुसार कसैले तेलमा भुटेर वा विभिन्न परिकार बनाएर खाने प्रचलन अहिले हरेक बस्तीमा रही आएको छ ।

**लगर र लगड** - फापरको पिठोलाई पानीमा २/३ घण्टा अगाडीदेखी भिजाएर अगेनामा तातेको तावा..(तावा) मा रोटी झैं पकाउने र तातो/तातो लगर घिउ, मह, स्वादिष्ट अचार वा अन्य तरकारी संगै खाना नास्ताको रुपमा प्रयोग गरिन्छ । यो अति नै स्वास्थ्य वर्धक भएकाले हाल यो अति महगों भएता पनि प्रयोगमा कमी आएको छैन् । बरु विविध कारणलले उत्पादनमा कमी भएको देखीन्छ ।

### ३.१.७.५ कला र संस्कृति

कला र संस्कृतिका विषयमा यो क्षेत्र विषम क्षेत्रमा व्यपकता बोकेकोले र खष भाषाको र संस्कृतिको अहिले सम्म पनि अनुशरण गरी व्यवहारमा लागु भै रहेकोले यस क्षेत्रका विगत देखी हालसम्म प्रचलित हुदैं आएका केही विशेषताहरुलाई हामीले खस भाषमा उच्चारित भएता पनि यसलाई जस्ताको त्यस्तै लिपीबद्ध गरेर त्यसको शाब्दिक वाक्यगत र भाषगत रुपमा राष्टिय भाषमा समेत अथ्याउने प्रयास गरिएको छ ।

यसै सन्दर्भमा यस क्षेत्रका कला र संस्कृति अन्तगत रहेका देउडा मागल चौथो पुसे भैलो,बालो खेलाउने, रोपाई गीत आदिलाई लयात्मक लरुपमा प्रस्तुत गराई यस पुस्तकमा अभिलेखिकरण गराउनको लागि यस सर्केगाड गापा का विभिन्न बस्तीहरुबाट उक्त विषयमा सम्बन्धीत विभिन्न व्यक्तिहरुलाई बोलाई उहाहरुकै स्वरवाचनमा तल जस्ताको त्यस्तै गीतहरुलाई लेखी त्यसको अर्थ अथ्याईएको. छ ।

**(गौरा गीत )**

सर्केगाड गापा यस क्षेत्रमा देवी देउताको पुजा पाठ गर्दा देवी देउतालाइ स्वागत गरेर खुसी पार्नको लागी यो मागल (स्वागत गीत) गाउने गरिन्छ ।

**शब्द तथा बाक्यहरु -**

हाहा कालु गाईको गोबर गरी थरी लिपी हाल कैलु गाइको गउँत गरी अनकन्या टोक्ती गरी थरी शुद्ध गर भन्ने चलन रहेको छ । पुञ्चे मुग्लेहरु राखी, पञ्चे बजा बजाई तेत्तिसकोटी देउता, बाह् भाई मष्ट नौ दुर्गा भवानी तेत्तिसकोटी माई, निउता गरी हामी लग्नै सुजाउ धामी डाङ्गी गउँतै सुझाउ घाँटघघुरा, सुनचादी गाली हालेर बाबा ज्यूका मोतीदाना एक एक मुठी हाली हाले , कसै बाट्यौ दियारीअ, कसै बाटयौबाती तेच्छी बाथ्यौ दियारीह ठारी बाट्यौ बाति अग्न्ीमाता जुवाला दियारी जगाई देउ घण्टै जति चेराई हाले धजै जति चराइ हाले फुलै जलै जति चराइ हाले चल मदिक चल मादेक चल अगारी सर गुप्त नबस खुसीयाली भै भल भल मदिउ चल आम्ना गदी सर ।

मगलको अर्थ - लयात्मक रुपको

सामान्य अर्थ - हा.. हो भन्ने लय संगै देवी देवताको पुजा गर्ने थान -मन्दिर स्थान मा यो मागलको सुरुवातमा काली गाईको ताजा गोबरले देवी देउता बस्ने गादी अलि अग्लो स्थान पोतेर राख खैरो रंगको गाईको गहुँत गरी अवकन्या टोक्ती -कन्या केटी गरी देविस्थान शुद्ध गर ।

पुञ्चै (पाँचै) मुग्लेउ मागल गाउने मुग्लेरी राखी पन्चेबाजा बजाई तेत्तिसकोटी देवता बाह् भाई मष्ट, नव दुर्गा भवानी, निउता गरी हामी लगत्तै शुद्ध गर धामी, डाग्री (पुजारी), गहुतले शुद्ध गर घाँट, घण्टा र अन्य सामाग्री सुनचादी थालीहाले बाबा ज्युका मोतीदाना(पुजा गर्ने चामलका दाना) एक एक मुठी हाली हाले कसै बाट्यौ बात्ति दियोमा बाल्ने कपासको बत्ति तेच्छी तेस्रो पारेर बाट्यौ दियारी ठारी (ठाडो पारेर) बाट्यौ बत्ति अग्नीमामा जुवाला, दियारी जगाई घण्टै जति चराई हालेधजै जति चराई फुलै जति चराई हाल मुनि जति चराई लहाल जलै जति अगारी सर गुप्त नबस खुसीयाली भै चल चल मादेल चल आम्ना गादि चल मदिउ चल ।

यसरी मागल गीत मार्फत देवतालाई आरती पुजा गरी सकेपछि देवीदेवताहरु प्रकट भएर पुजापाठ गर्दै नाचगान गर्ने लगायतका रमाइलो कार्य गर्ने प्रचलन विगत देखी हाल सम्म रही आएको छ ।

शब्दार्थ -

मादेउ- महादेव

गादी - आशन स्थल

मुत्ती - मूर्ति

जलै - पानी

फुलै - फूलहरु

तेच्छी - तेस्रो

ढारी - ठाडो

क्सै - कसरी

मागल विवाहमा सिन्दुर हाल्दाको स्वागत गितयस क्षेत्रको विवाहको अवसरमा फरक फरक समयमा फरक फरक मागल गाउँने गरिन्छ । यहाँ हामीले विशेष गरी दुलाहाले दुलहीलाई सिन्दुर पहिराउने समयको मागललाई प्रस्तुत गरका छौं ।

मागल गरी देउन बाह् पंखे घोडो रामलाई टुक्राईदेउन पिंयाला दैचाउला मादेउलाई पुजा गरि देउन

सुनचादी हालिदेउन राम सितालाई टक्राईदेउन सुनजादि हालिदेउन राम सितालाई टक्राईदेउन पैलाको छकाउने रामलाई दोस्रो लप्को गयो सैंयाको कोली ।

बुहारीको तर्फबाट - खोली देउन सासुमा अविया भनार ।

सासुआमा - भित्तसैतीशख, सैतसैंत बुहारी भित्र सैती राख

मागलको अर्थ - ह ....... है लामो लयमा (जो सिडियोमा छ) दुलाहालाई चढाउनको लागि लामो पुच्छर भएको बाह् पंखे (बाह्र प्रकारको रौ भएको उड्ने) घोडा बनाईदेउ पहेलो रंगको चामलको टिकाले महादेवको पुजा गरी देउ ।

सुन जादि (भगवानको आशन) हाली देउ रामछिता (राम र सिता) टक्राई (संझेर) देउ पैलाको छकाउने रामलाई दोस्रो लप्को गयो सैयाको कोली (दुलाहादुलही बीच मह लगायत अन्य चिज बस्तुहरु ढट्टा गर्दै खेलाउने प्रचलन भएकोले उक्त प्रसंगमा राम र सिता संग जोडेर यो भनिएको हो ।

सुन दर (सुनका द्धार ढोका) रुप संघार सुन्दरताले भरिएको घरको मुल ढोका देखी भित्र र कोठादेखी बाहिरको खण्ड) पिथाला दैचाउँल (पहेलो रंगको दहिचामलको टिका) छप्काई देउ छप्काईदेउ (अलि बढी मात्रामा देखिने गरी निधार लगायतको अन्य भागमा समेत देखिने गरी लपक्कै हुने गरी टिका लगाइ देउ भनेको । तत्पश्चात सासु र बुहारीको तर्फबाट मुग्लेरी (मागल गाउने) ले दोहोरी जस्तो गाउने गरीन्छ । जुन यस प्रकारको छ ।

बुहारीको तर्फबाट - खोली देउन सासुमा अभियाभनार (दुलही नया आएकोले दुलाहाको नया घरमा प्रवेश गर्दा धन सम्पती र मालसमानले भरिएको कोठा भनार (भण्डार कोठा) खोली दिनुस सासु आमा भनेर अनुरोध गरेको )

सासुमाको तर्फबाट- सैंत सैंत बुहारी, भित्त सैती राख्न बुहारीको अनुरोध पछि भनार (भण्डार कोठा) को ढोका खोली सकेपछि बुहारीलाई अनुरोध गर्दै सबै सामान त्यतै छ । तिमीले ल्याएको दाईजो, धनमाल पनि त्यतै राखेर ढोका सैंत (ढोका बन्द गर) भनेर मिठो भाषमा बुहारीलाई अनुरोध गरेको)

यस प्रकारको शुभकामना भनाई लयात्मक र रमाईलो तबरले समय रहेसम्म दुबै पक्षबाट लामो समयसमम गाउँने गरिन्छ ।

**ठूली भैलो (पुसे भौलो )** - लयात्मक रुपमा १ वा २ जनाले गीत भन्ने र अरु सबैले भैलो भन्ने यो प्रचलन रामको रावण माथि लंका विजय पश्चात यो राज्यका रैतीले खुसीयाली मनाउदै सबै छरछिमेकीहरु भेला भएर रमाईलो गर्ने अनि जम्मा भएको भैलोको विभिन्न बस्तुहरु चामल, सिमी अन्य अन्नपात र नगद रुपियाँबाट सबै मिलेर पाटेभात(भोज पिक्नीक) गर्ने प्रचलन परम्परादेखी हालसम्म प्रचलित रहेको छ ।

ठुली भैलो (पुसे भैलो ) - हे.... आउली बार (एकजनाले भन्ने)

भै...... लो ( सबैले भन्ने)

यसै गरी सबै टुक्का वा बाक्यांशमा भैलो भन्ने गरिन्छ । हे औसी बार दर बुद बार, दमरे खोली, झ्यारझ्यारे डोको, बुढोबादे बोको त्याई पर लिउँला, दिया भनौला .......

नामै चलाउला ...........भैलो

होटी घम्काउला लौरी छम्काउला भैलो ।

छोरीको पाईलो, माईतीको होटो .....भैलो

नामै चलला, दातै चलाउला .........भैलो

तिम्रो भैलेरा सधै साल आउने छन्

हामी भैलेरा कैले आने छौ र .........भैलो

भोटैका नुन तिम्रै घर होला

मधेसका तेल तिम्रै घर होला ....भैलो

घचक्क उघार, देखीला मुगार ..........भैलो

भित्र बुरेउलाका उगान डुंगा

बाग मार्ने जुगा ........भैलो

उनो खाडोल, उवो भकारी भरीया ...भैलो

गोटभरी गोरु, जागी भरी भेरा ........भैलो

पाथा भरीया दुबा जेलिया ...भैलो

भरीयाको तिम्रो रेलियाको हाम्रो ....भैलो

बाईए फेरा भित्र तिम्रो गादी ........भैलो

१४ तिम्रा छोरा १५ तिम्रा नाती ........भैलो

बाची जुरी रया फेरी आईसल आउला .......भैलो

अर्थः हे औसकिो शुभ दिन, शुभ साईत जुरेको बुधवार दमेली खोली खण्ड भएको बस्ती झ्यारझ्यारे माथिल्लो भाग फिजारिएको) डोको, खसी, पाठो बोके देउ दिए भनेर प्रशंशा गरौला प्रचार गरौला

घरको ओटाली वा आगनमा रमाईलो गरौला । छोरी, चेली माईतीको आगनमा आएका छौं दिने जति सबै दिनुहोला दान हुने छ । सबैतिर नाम चल्ने छ, तिम्रो घरमा हामी सदैव आउने छौं । भैलोको ऋतु आयो भनेर जानकारी गराउने छौं ।

धनी घर हो भोएबाट ल्याएको नुन होला महोसबाट ल्याएको तेल होला ताउलाखाउबाट ल्याएको सुन होला सबै देउ हामीलाई घचक्क दैला खोल घरीनाको मुहार देखौंला भित्र कोठामा बसेका बुढा बाजेको लामालामा जुंगा देखेर छक्क परियो ।

भैलो पाईसकेपछिको आशिष (आर्शिवाद) उनो (तल जमिनमा भएको अन्न राखे भकारी) सधै भरी भै राखोस, गोट (गोठ) भरी भेडा बाखा र गोठ बाहिर गाई, गोरु बस्त भै रहेको पाथा भरीया (पाथीमा भरिएको अन्न जस्तै सन्तान भरियोस धन सम्पती भरियोस दुबा जेलिया (दुबो जस्तै सन्तान फिजियोस) रोजेको जति तपाईको होस तपाईले दिएको जति हाम्रो होस घर बाहिर लिउ फेरुवा होस भित्र तपाईको आशन गने गादी होस १४ छोरा होउन १५ नाती होउन सधै सुःख शान्ती होस दिर्घायु होस नमरी बाचे काललै साचे फेरी अर्को साल आउँला ।

**बालो खेलाउने -** यस क्षेत्रमा नवजात शिशुको जन्म भै सकेपछि छैटौ दिनमा नवजात शिशुको स्वागतका लागि र उज्वल भविष्यको कामना गर्दै जन्मेको शिशुलाई नयाँ र सफा कपडा पहिराई गीत गाउने (भट्याउने) व्यक्तिले (महिलाले ) खेलाउने गर्दछन् । यसको लागि यस सर्केगाडगाउँपालिका

बालो खेलाउने गीत - आजखेरी बालको पैदा भयो सोरेनी आमाले नुहाईछन्, धोईछन्, सोबन्ना थालौनी संखे चुलेसीले नावी बेरिछन् । खास्टाको पछ्यौरीले छपक्क छोपी छन् सोबन्ना थालौनी संखे चुलेसीले नावी बेरिन्छ । मेरी बालो न चेलो ल्याउ मेरी सासुमा ।

सासु - लौ बहु तिम्मो बालो न चेलो लौ खेलाई हाल नवजात शिशुको जन्मको शुभकामना गीत प्रकट गर्दै रमाईलो गरिन्छ ।

चाँची (देउडा) गेरा (गीत)

यस क्षेत्रमा कुनै पनि घरायसी उत्सव विवाह, ब्रतबन्ध , देवताको पुजा पाठ आदि शुभ कार्यमा सम्बन्धीत घर पट्टीको तर्फबाट खेलाउने (गीत गाउँन लगाएर पुरुष र महिलाहरुको रमाईलो गर्न लगाउने) प्रचलन पहिले देखी हालसम्म प्रचलित रहेको छ ।

यस्ता शुभ कार्यमा पुरुषहरु र महिलाहरु आ आफ्नो समुहमा गीत गाउने कार्यक्रम रहन्छ । जस अन्तगत सुरुवातीमा देवीदेउताको नाममा गीत गाउने गरिन्छ । त्यसलाई चाँची भनिन्छ भने चाँची सुरु भएको निकै समय पछि अन्य विषयमा गाईने गीतहरु देउडा भनिन्छ । जुन तल प्रस्तुत गरिएको छ ।

**चाँची -** पाईतो पुग्यो मात साउन सगुनका दुदे चाउल लग्न पर्या लाउँला ।

**अर्थ -** अष्टमीको व्रतदेखी शुभ साईत पारेर पूजाआजा सुरु गर्दै आएको हो । समय बित्दै जादा श्रावण महिनामा पर्ने गुरु पूर्णीमा (तिर्थ पुनी) सम्म पुगियो । शुभ होस जय होस शुभ साईतमा तयार गरेको दुदे चामल (दै चामल) जति बेलाको पनि शुभ साईतमा लाउला भनेर देउडाको ढाँचामा दुबै पक्षले यस्तै प्रकारको शुभकामना गीतहरु गाउँने प्रचलन चलिरहेको छ ।

**देउडा - (स्थानीय भाषा र लयमा रहेको दोहोरी गीत )**

यसमा पनि हात खुट्टाको इसारा(संकेत) मिलाएर गाउँने गरिन्छ । यो यहाँको प्रचलित खेल हो ।

पक्ष - तल्लोबाटो तल्कोटेको हपल्लो जुम्लीको मलाई खान दिन्या हुन्क्या त्यो तिम्रा कुम्लीको ।

विपक्ष - चुईदिदैन चुवा तेल, बल्दीदैन बत्ति तिमी हामी एकै नासे, म दिदैन कति

**अर्थ -**

केटा -बाटोलाई ठाउँ विशेषसंग जोडेर टुक्का बनाई यौवनको माग गरेको ।

केटी - तेल र बत्तिलाई प्रसंग जोडेर यौवन दिन नमिल्ने भएकाले दिन सकिदैन भनि उत्तर दिएको ।





देउडा खेल्न आआफ्नेे भेशभुसामा सजिएकि स्थानीय -
दागहरु।बास्नि

### ३.१.७.६ मठ मन्दिर तथा धार्मिक क्षेत्र

सर्केगाड गाउँपालिकामा बहुसंख्यक हिन्दु धर्मालम्बीहरुको बसोबास रहेको छ । यहाँ सयौ देवीदेवताका मठ मन्दिरहरु रहेका छन् । यी मठ मन्दिर तथा धार्मिक क्षेत्रहरुको बारेमा ब्यापक अध्ययन तथा अनुसन्धान गर्ने हो भने यहाँको बिशाल संस्कृतिको बिशाल महाभारत बन्न सक्दछ । यहाँ कला, संस्कृति, संस्कार, चालचलन अन्य जिल्लाहरुसम्म परिचित गराउन सकिन्छ । त्यसलै यस क्षेत्रमा बिशाल देवीदेवताहरुको अध्ययन तथा अनुसन्धान केन्द्रको स्थापना गरी आन्तरिक तथा बाह्य पर्यटनको बृद्धिका साथै आर्थिक समृद्धि बढाउन सकिने प्रचुर सम्भावना रहेको छ ।

### ३.१.७.७ बाजागाजा

हुम्ला जिल्ला सस्कृतिको धनी जिल्ला हो । यहाँका गाउँघरहरुमा वर्षभरि विविध खालका चाडपर्व, चालचलन र रहनसहन अवलोकन गर्न सकिन्छ । पुर्खौ देखि हुम्ला जिल्लाका गाउँ र वस्तीहरुमा देवी, देवता सस्कृतिसंग सम्बन्धित विविध मेला, चाडपर्व, रहनसहन, बाजागाजा, गीत, धमारी, मागलको प्रस्तुती विविध अवसरमा भईरहन्छ । हुम्ला जिल्लाका यस्ता सांस्कृतिक पक्षहरुलाई यहाका परम्परागत बाजागाजले सिंगारेका छन् ।

हुम्लामा बाजागाजा भन्नाले परम्परादेखि विभिन्न चाडपर्व र अवसरमा बजाइने वाजाका ताल र धुन भन्ने बुझिन्छ । बाजागाजका यस्ता ताल र धुन भित्र पञ्चेवाजा, बणाई, नौमती, बऱ्यात बाजो, हुण्केली, चौलेबाजो, छलीया वाजो, चौघाई, घाई, उल्टा वाजो आदि पर्दछन् । वाजागाजका फरक धुन र तालहरु फरक-फरक चाडपर्व अवसरमा वजाउने चलन परम्परादेखि आएको छ । हुम्लामा परम्परागत बाजागाजाका साधन भित्र दाइना, दमाहा, भोकर, नरसिंहा, भानु, सनाई, हुड्को, ढोल, झ्याली आदि पर्दछन् । विवाह, व्रतबन्ध लगायतका शुभ कार्यमा पञ्चेवाजा, वणाई, बऱ्यात वाजा, हुड्केली प्रयोगमा आउछन् । त्यस्तै जाँत, भुवा, दशै, होली लगायतका चाडपर्वमा नौमती, चौले वाजो, चौघाई, घाई लगायतका वाजागाजका ताल प्रयोगमा आउछन् । यसैगरि कुनै व्यक्तिको देहान्त हुदा उल्टा वाजो प्रयोगमा आउने चलन छ । यस बाजोलाई मलामी बाजो पनि भनिन्छ ।

पुस्तौ पुस्तादेखि संरक्षित हुदै आजसम्म प्रयोगमा आउदै गरेका यस्ता वाजागाजाले हाम्रो गाउँवस्तीका परम्परा र सस्कृतिलाई जिवन्त राखेका छन् । हामीहरुले पनि हाम्रो गाउघरमा रहेका यस्ता वाजागाजालाई सरक्षण गर्नु जरुरी छ । यस्ता वाजागाजा सरक्षण गर्न सकेनौ भने हाम्रो सस्कृति लोप

हुनसक्छ । यसैले हामीले हाम्रा वाजागाजा सरक्षण गर्नु पर्छ, माया गर्नु पर्छ र वाजागाजा वजाउने सीप नयाँ पुस्तालाई सिकाउदै जानुपर्छ ।

प्रत्येक समुदायमा आवश्यकता अनुसारका विविध प्रकारका बाजागाजाहरुको प्रयोग गर्ने प्रचलन रही आएको छ । यो क्षेत्र पनि विभिन्न चार्ड, पर्व, गोला, विवाह, अन्य प्रयोग गरिने बाजागाजाहरु यस प्रकारका छन् ।

खैजडी, शंक, घण्ट, हार्मोनियम, दमाह, नसिंह, मादल, झ्याली (ताली), बासुरी अन्य कुनै पनि जातिको बसोबास नभएको यस क्षेत्रमा विवाह गर्दा यो क्षेत्र भन्दा बाहिर नजाने (खंलगा बजार) क्षेत्रबाट बाजा (दमाह, नसिंह, झ्याली, मादल लगाएतका) संगै नृत्यकार दर्जी (दमाई, परिवार) हरुलाई झिकाएर निनाहक ३/४ दिनसम्म ज्याला तिरी औधी रमाईला गर्ने प्रचलन परम्परादेखी चलि आएको छ।

-त्यसैगरी विद्यालय स्तरीय कार्यक्रममा मादल, हार्मोनियम, खैंजडी आदि बजाको प्रयोग गरिन्छ ।

- देवी देवताको पूजाआजामा घण्टा, झ्याली(ताल) र दमाहाको प्रयोग गरिन्छ ।

- घरमा रुद्री, सप्ताह, चालिसा अध्ययाय आदि ब्राहमणको उपस्थितीमा गरिने पुजामा शंखको प्रयोग गरिन्छ ।



पोशाक र बाजागाजामा सजियका धामि झाक्रीहरु

### ३.१.७.८ पौवा संस्कृति

सर्केगाड गाउँपालिका क्षेत्रमा रहेका विभिन्न संस्कृतिहरु मध्ये प्राचिन कालबाट प्रचलनमा आएको मानव सेवामा समर्पित संस्कृति पौवा संस्कृति हो । पौवा प्राचिन कालदेखि बटुवाहरु बास बस्न, काम गरेर थाके पछि थकाइ मेट्न, पानी पिउन, काम तथा हिड्ने क्रममा हावाहुरी, असिना, पानी आउँदा ओत लाग्न प्रयोग हुने काठ तथा अन्य कुनै बस्तुको प्रयोग नगरी ढुङ्गा र माटोमात्र प्रयोग गरी निर्माण गरिएका आश्रय स्थलहरु हुन् । यस्ता पौवाहरूको निर्माण तत्कालिन समयमा सार्वजनिक स्थान, बाटो, तिर्थस्थल, व्यापारिक स्थानहरू वरिपरी त्यो बेलाका राजा, रानी, मन्त्री, काजी, जर्नेल, करर्नेल जस्ता ठुलो पद धारण गरेका व्याक्तिहरू, धार्मिक ब्यक्तित्वहरु, समाजसेवी, बुद्धिजीवी, निसन्तान ब्यक्तिहरुले विशुद्ध सामाजिक सेवा भावले गराउँथे ।

(गौशाला, पार्टी, ठाटी, धर्मशाला) पानी लगाएतका अन्य व्यवस्थाले युक्त बाटोघाटोमा बास बस्नका लागि बनाईएको घर (पाउना घर) लाई पौवा घर भनिन्छ । यस्तो घर निर्माण हुदा कतै सरकारी सहयोगमा त कतै धर्मात्माहरुको आर्थिक सहयोगमा निर्माण गरिन्थ्यो । पौवा घरमा विशेष गरी बाटोमा हिड्ने बटुवाहरुको बास बस्ने काममा प्रयोग गरिन्थ्यो ।

पहिलेको समयमा यातायातको सुविधा नभएको अवस्थामा धेरै लामो स्थानसम्मको दुरी पनि पैदल यात्रा गर्ने प्रचलन थियो (जस्तै सर्केगाड गाउँपालिकाबाट पैदल यात्रा गरेर भारतको लखौ भन्ने स्थान सम्म पुगिन्थ्यो) त्यही समयमा बाटोको पैदल यात्रा लगभग ३०/३५ दिनको हुने गर्थ्यो र भोट सम्म पनी जाने गरिन्थ्यो । उक्त समयमा नै यी पौवा घरहरु बाटोघाटोमा प्रत्येक बास बस्ने स्थानमा हुन्थ्ये र प्रयोगमा आउथ्ये हाल पौवा घर छैनन् ।

अर्को तिर समायान्तर संगै भाषाको शब्दहरु नै अपभ्रंस हुदै जादा पौवा शब्दलाई बाटोबाटोमा बनाईने पार्टी, ठाटी (विश्राम गर्ने स्थान ) का रुपमा पनि बुझ्न र बुझाउन थालियो । बाटोमा पाटी र ठाटी बनाउने प्रचलनको मुख्य कारणहरु दुई प्रकारका छन् ।

**पहिलो कारण -** बिगतका समयमा यातायातको असुविधाका कारण मानिसले लामो दुरीसम्म आफैले भारी बोकेर हिड्ने अनि उकालो/ओरालो बाटोमा थकित हुने भएकाले आराम गर्न/विश्राम गर्न पाटी, ठाँटी (विसौनी) बनाउने गरिन्छ । यसको निर्माण प्राय - धर्मात्मा व्यक्तिहरुद्धारा निर्माण गराईन्छ ।

यस्तो पार्टी, ठाँटी निर्माण गर्दा उकालो बाटोको टुप्पामा, नदी तरिसकेपछि कुनै दुई क्षेत्रको सिमानाको बीच स्थानमा निर्माण गरिन्छ ।

**दोश्रो कारण** - उक्त पार्टी वा ठाटी वटुवा वा भरियाहरुको विश्राम गर्ने प्रयोजनका लागि नै तयार गरिन्छ तर हरेक गाउँघरमा कुनैपनि व्यक्तिको मृत्यु भएमा उक्त मृतआत्माको सम्झनामा तेह्रौ दिनको पुण्य तिथीमा तयार गर्ने गरिन्छ । यो प्रचलन आजभोली अझै व्यापक रुपमा प्रचलित भएको छ ।

तर हाल यस गाउँपालिकाका विभिन्न स्थानमा निर्मित पौवाहरू जिर्ण अवस्थामा रहेका छन् । ग्रामीण क्षेत्रमा यी धार्मिक तथा वातावरणीय महत्वका पौवाको अस्तित्व सङ्कटमा परेको छ । नयाँ नबनाउने र पुरानोका संरक्षण नगरिएको कारण पौवाहरु भत्कन थालिसकेका हुँदा यिनीहरुको अस्तित्व नै लोप हुने अवस्थामा छ । बर्तमान अवस्थामा गाउँपालिका सरकारको ध्यान यी पौवाहरु संरक्षणतर्फ जानु पनि अतिआबश्यक छ । यी पौवाहरुको बारेमा थप अध्ययन तथा अनुसन्धान हुनु जरुरी छ ।

### ३.१.७.९ विशेष घरयासी कामकाजका सामाग्री

यस गाउँपालिकाका अधिकांस जनताहरुको जीवनस्तर निर्बाहमुखी छ । घरयासी कामकाजमा दैनिकी वितिरहेको छ । परम्परादेखि नै बिभिन्न कार्यहरु सहज पार्नका लागि विभिन्न औजार, उपकरण तथा सामाग्रीहरुको प्रयोग हुँदै आएको छन् । खाना पकाउने, खाना खाने, कृषि कार्य गर्ने, घाँसपात गर्ने, मेला, पर्व आदि क्षेत्रमा बिविध नामबाट चिनिने सामाग्रीहरु प्रयोग गरिदै आएका छन् । जुन सामाग्रहरुलाई निम्नानुसार सूचीबद्ध गरिएको छ -

**कृषिसँग सम्बन्धित साम्रागीहरु** - बाउसो, हलो, हलानो, ओगो, फालो, फाली, मिजुरो, मैलणो, खोटेलो, सैला, दाना, जु, मैइ, जतेउणो, नाण आदि ।

**खाना पकाउने खाने कार्यसँग सम्बन्धित सामाग्रीहरु** - ताउलो, टाम्गे, भड्डु, टोप, कडै, डिबे, डाणु, पन्यो, तावा, जाति, डिल्लो, ठेल्लो, बसिन्नो, कसिन्नो, फुड्लो, बेल्या, हुन्नो, काठे, ओल्ले, पारो, गिलास आदि ।

**घरयासी कामकाजसँग सम्बन्धित सामाग्रीहरु** - डोको, नाङ्लो, सुप्पो, चाल्नो, छापरो, डालो, गोदो, नाली, मानो, डुरो, फुङगो, बासुलो, निगान, जाबो, सोलो, बरो, लामले, खुर्पेकाटो, घोणी, भाण, तारु, गणेखो, सिमरालो, बिटो, पुलो, आसी आदि । प्रमुख सामाग्रीहरुको विस्तृत विवरण निम्नानुसार छन् ।

**ठेटुवा-** परम्परागत प्रचलनमा लत्ता कपडाको पहुँचको कमी भएको अवस्थामा काचौं धागो (कपडा तयार गर्ने सेतो धागो) थुप्रै ल्यार आफ्नो आवश्यकता अनुसारको स्थानीय हाते औजार (चर्खा) आदिबाट तयार गरी माटो र भनेत्रो (एक प्रकारको कडा रंगरोगन हुने जडिबुटी) बाट रंगिन गरिएको

पुरुषको कोट तथा महिलाको लागि गुन्यु बनाउन प्रयोग गरिने कपडा हो । जो अहिले हुम्लामा दुर्लभ र महत्वपूर्ण पोशाक मानिन्छ ।

**हलो, दुम्च्या, मुसल, जाल लौरा, ददे (नुख्याम्चो) आदि (काठबाट निर्मित सामाग्रीहरु -** खेतीपातीको काम गर्न यहाँ जुन प्रकारको हलोको निर्माण गरिन्छ । यो एकदमै पृथक छ र अति नै प्रचलित छ । काठ्बाट नै दुम्चे (ओखल) र मुसलको तयार गरिन्छ । जसको सहायताले धान, चिनो, कागुनो आदि लाई कुटेर चामल बनाउने गरिन्छ । यसै गरी जौ, कोदो, सिमी आदीलाई बोटसंगै सुकाएर यसको फल (दाना) निकाल्न जाल लौराको प्रयोग हुन्छ । यो लेकाली कडा खाले काठ र मरेका गोरुहरुको छालाबाट तयार गरिन्छ । अन्तमा काठबाट नै देवीदेउताको थान (मन्दिर) मा र हरेक घरको थाडा (छत) मा राखिने ।

**(बुख्याम्चो)** निर्माण गरी यस क्षेत्रलाई परिचित गराउने प्रमुख कलाहरु परम्परादेखी हालसम्म रही आएको छ ।

- यस क्षेत्रको संस्कृति विल्कुलै विसुद्ध रुपमा स्थानीय पनमा आधारित रहेको पाईन्छ । धेरै कुराहरु परम्परा र सामाजिक रितीथितीमा आधारित भएको पाईन्छ । यसको वर्णन गर्नुभन्दा पनि प्रत्यक्ष अवलोकनले बढी प्रभावकारी हुने देखिन्छ । जे होस यहाँको संस्कृति बुझ्दा एउटै अलगैं संसारको महसुस हुने देखिन्छ ।

## चुटुकी, आले र सुर्को

परम्परा देखी यस क्षेत्रमा महिलाहरुको श्रृङ्गारका लागि पोते र धागोबाट तयार गरिएको संग प्रयोग गरिने चाप⁄ घुँघुरा हालेर आवाज आउने बस्तु चुल्टीना,चोलीको अगाडीको तुनामा र टाउकोमा समेत प्रयोग गरिने चुटुकीको निर्माता गर्ने प्रचलन थियो भने हाल यो कला हराउँदै गएको छ । धागोमा पोते उनेर घाँटीमा (महिलाको) टिपिक्क हुने गरी प्रयोग गरिने जालेको वनावट जुन छ, त्यो आज भोलीको श्रृङ्गार पसलहरुमा समेत पाईदैन । यो कलाको प्रचलन वर्तमान परिवेशमा समेत अत्यन्त लोकप्रियता रहेको छ ।

भेडाको उनबाट आवश्यकता अनुसारको लम्बाई र आकारमा विभिन्न रंग र बुट्टाको आकारमा आकर्षक ढंगबाट तयार गरी पुरुष वा महिला जस्तै पनि प्रयोग गर्ने गरिन्छ ।

**काठीं** - लेकतिरको कडा अनि टिकाउ खाले काठबाट घोडामा भारी बोकाँउदा भारीलाई अड्याउनका लागि घोडाका् पिठ्युमा प्रयोग गर्नका लागि लागि तयार गरिन्छ । यो असाध्यै मनमोहक र सिपयुक्त

ढंगले तयार गरिन्छ । यो असाध्यै मनमोहक र सिपयुक्त ढंगले तयार गरिन्छ । यस कलाको प्रचलन आजभोली पनि त्यतिकै छ, जति चर्चित परम्परामा थियो ।

**हलो, दुम्ने, मुसल, जाल, लौरा आदि (काठबाट निर्मित सामाग्रीहरु) -** खेतीपातीको काम गर्न यहाँ जुन प्रकारको हलोको निर्माण गरिन्छ, त्यो एकदमै पृथक छ र अति नै प्रचलित छ । काठ्बाट नै दुम्चे (ओखल) र मुसलको तयार गरिन्छ। जसको सहायताले धान, चिनो, कागुनी आदिलाई कुटेर चामल बनाउने गरिन्छ । यसै गरी जौ, कोदो। सिमी (दाना), निकाल्न जाल लौराको प्रयोग गरिन्छ । यो लेकाली कडा खाले काठ र मरेका गोरुहरुको छालाबाट तयार गरिन्छ । अन्तमा काठबाट नै देवी देउताको थान (मन्दिर) मा र हरेक घरको थाडा (छत) मा राखिने ददे (बुख्याम्चा) निर्माण गरी यस क्षेत्रलाई परिचित गराउने प्रमुख कलाहरु परम्परादेखी हालसम्म रही आएको छ ।

यस यो क्षेत्र क्षेत्रको संस्कृति विल्कुलै बिसुद्ध रुपमा स्थानीयपनमा आधारित रहेको पाईन्छ। धेरै कुराहरु परम्परा र सामाजिक रितीतिथीका आधारित भएको पाईन्छ । यसको वर्णन गर्नुभन्दा पनि प्रत्यक्ष अवलोकनले बढी प्रभावकारी हुने देखीन्छ ।



मार्सी चामल ओखलमा कुट्दै



कोदोको खलो चुट्दै स्थानीय बासिन्दा।

### ३.१.७.७ भेषभुषाहरु । पहिरन (टाला —स्थानीय भाषा)

**पुरुषहरुले प्रयोग गर्ने परम्परागत भेषभुषा**

- दोचा - मरेका गाई गोरुको छालाबाट तत्कालिन सार्की जातिले तयार पार्ने जालि वाला जुत्ता
- दोफ्फर - दोचाको भित्र प्रयोग गरिने भेडाको उनबाट बनाइएको बाक्लो र बलियो लामो खाले मोजा
- दोज्जेउरा - दोचामा जोडेर दोफ्फर समेत अटाउनलाई बाँधिने दोचाको ताना
- बख्खु - भेडाभेडीको उनबाट राडीपाखी जस्तै तर मसिनो कपडा तयार गरी शरीरको माथिल्लो भागमा प्रयोग गरिने कपडा वा तत्कालिन राज खलकमा प्रयोग गरिने लभेदा जस्तै
- पटुका - बख्खुको बाहिर कम्मरमा बाँधिने पाउरो (पटुका)
- गलबन्दी - जाडो मौसममा घाँटी, कान र टाउको समेत छोपिने गरी प्रयोग गरिने उनी वा अन्य कपडाबाट निर्मित स्थनीय भाषामा मफ्लर वा साँफा भनिने बस्त्र
- टोपी - उनीको चुच्चेटोपी, दुवैकान छोप्ने (कानपाले) टोपी
- स्टकोट - उनीको कपडा (पाखो) बाट निर्मित तर टाँक लगाउने छेउतिर लहरै मिलाएर पूरै सिक्काहरु जडान गरिएको स्थानीय भाषामा आस्कोट भनिने बस्त्र

यी बस्तहरु परम्परादेखि प्रचलित हुँदै आएता पनि हाल कतै कतै मात्र प्रयो गरिएको पाइन्छ । यी बस्तहरुको स्थान हालका आधुनिक तथा औधोगिक बस्त्रहरुले ओगट्दै आएका छन् ।

**महिलाहरुले प्रयोग गर्ने परम्परागत भेषभुषा**

- लामा, दोफ्फर
- ठेटुवा - स्थानीय स्तरमा तयार गरिएको काचो धागोको सफेद कपडाको छिपो (छाप लगाइएको) गुन्यू गावुन र सुर्को (गुन्यू वा घाघ्रो अड्याउन कम्मरमा बाधिने डोरी) लाई पाउरो भनिन्छ ।
- छिपो - निगालोबाट तयार गरिएको ठेटुवाको कपडामा कालो माटो र स्थानीय जडीबुटी (मजेत्रो) मिसाइ छाप वा रङ्ग लगाउन प्रयोग गरिने सानो हाते औजार । जसले आफूले चाहे बमोजिमको छाप वा बुट्टा तयार गर्न सहज गर्दछ । यो फरक फरक आकार र प्रकारको हुन्छ ।
- घाघ्रो - ढेटुवाको कपडाबाट तयार गरिएको महिलाले गुन्यूको सट्टामा प्रयोग गर्ने हालका भिडी वा फ्रकको कपडा जस्तो तर पूरै कपडा खुम्च्याएर चुना बनाइएको कम्मर देखि खुट्टा सम्म प्रयोग गरिने (घाँघर)

- बर्खो - ढेटुवाको कपडाबाट तयार गरिएको महिला ओढ्न प्रयोग गर्ने बस्त्र वा कपडा

**गहनाहरु**

- जाले - बिभिन्न रङ्गको पोतबाट बुट्टेदार रुपमा तयार गरिएको घाँटीमा पिटिक्क हुनेगरी प्रयोग गरिने श्रेङ्गारको साधन
- कालो पोते, नौगेडी - घाटीमा प्रयोग गरिने माला
- खगोलो - चाँदी वा कमसल धातुको प्रयोग गरी बनाइएको माला
- फरिका - चाँदी वा पितलबाट तयार गरिएको कानमा लगाउने (पाते)
- बाला - दुवै हातको नाडीमा प्रयोग गरिने चाँदी वा कम्सल धातुबाट बनाइएको बुट्ट्दार गहना
- चुरा - तत्कालिन समयमा प्रयोग हुने चुराहरु माटोबाट बनेको बिभिन्न रङ्गको हुन्थ्यो ।
- छाप - चाँदीको सिक्काबाट बनाइएको हातको औलामा औँठीको रुपमा प्रयोग गरिने गहना

**श्रृङ्गारहरु**

- यहाँ प्राचिन कालदेखिनै बिभिन्न प्रकारका श्रृङ्गार पटारहरु प्रचलनमा रहेका थिए । विवाहमा महिलाहरुले आफूसँग भएका राम्रा राम्रा बस्त्रहरु प्रयो गर्ने गर्दछन् । साथै विवाहको समयमा चाँदी वा कमसल धातुबाट बनाइएको खुट्टामा प्रयोग गरिने गहना जसलाई स्थानीय भाषामा मसुडी (कल्ली) भनिन्छ । प्राचिन समयमा महिलाहरुले जौको हरियो पाताको झोलमा चुलो माथिको घुँइसो (धुँवाले बनाइएको कालो पदार्थ) लाई मिसाएर अनुहारको निधारमा र चिउडोमा सियोले दाग बनाएर (अहिलेको टयाटु बनाउने प्रचलन) जस्तै अनुहारमा हरियो चिन्ह बनाउने गर्दथे । पुरुषले पनि विवाहमा आफूसँग भएका राम्रा राम्रा पोषाकमो प्रयोग गर्ने र अन्य श्रृङ्गार पटार समेत गर्ने प्रचलन छ ।

### ३.१.७.८ पुराना खेलहरु तथा खेलिने विधि

खेल क्षेत्रका कुरा गर्दा कुन्नी किन हो यस क्षेत्रमा खेलेको विषयमा त्यति प्रयाय मात्रामा खेलहरु खेल्ने गरेको पाईदैन् । तै पनि यस क्षेत्रमा खेलिने केही खेलहरुका नाम यस प्रकारका छन् ।

- **छेलो (सट्‌फुट)** - परम्परा देखी पुरुषहरु चाडपर्व वा मेला पात भएको समयमा कुनै सार्वजनिक स्थानमा भेला भएर कुनै निश्चित तौलको नाप नभएको तर गोलो ढुंगालाई छेलोको रुपमा प्रयोग गर्ने गरिन्थ्यो । खेल्दा अहिलेको सट्‌फुटको खेल विधि जस्तो नभएर अगाडी फ्याक्ने स्थान मात्र निश्चित रेखा कोरेको तर पछाडी जति सुकै टाढाबाट दौडेर आउन मिल्ने थियो । छेलो (सट्‌फुट) तारो हान्ने, गिरी खेल, पसि लाग्ने, डुम छुने, आराम खेल्ने, छक्का, ढाल्ला खेल्ने आदी ।

- **तारो हान्ने (निशाना लगाउने)-** यो खेल खेल्दा स्थानीय सिकारीहरुले कुनै चार्डपर्वमा एकै स्थानमा भेला हुने र करिब ७०/८० मिटरको दुरीमा काठको फल्याकको बीचमा कालो रंगको तारो (निशानी) लगाउने अनि पालैपालो भरुवा बन्दुकबाट त्यो निशानीमा गोली हान्ने गरिन्थ्यो । जसले निशानीको बीचमा लगाउथ्यो त्यहा राखेको नगद रुपियाँको लागी उसैले जित्ने हुन्थो । माथीका ठेलो हान्ने र तारो हान्ने खेल आजभोली त्यती प्रचलनमा छैन् ।

यो खेल अन्तर्गत आजभोलीसम्म पनि यहाँका बासिन्दा जनजातीहरु नयाँ वर्ष लोसारमा धनु/वाणको प्रयोग गरी सोही विधिअनुसार खेलिने गरिन्छ । यसमा बाजीराख्दा नगद वा छ्याङ (जाँड/खसी) राख्ने गरिन्छ ।

- **गिरी खेल** - धेरै वर्ष पहिले हुम्लामा यो खेल असाध्यै प्रचलित थियो तर आजभोली यो खेल लोप भईसकेको छ । पशुबस्तुको छालाबाट क्रिकेट बलको आकारमा बल बनाईन्थ्यो र हरेक पुरुष खेलाडीको हातमा लेकतिरको कडा खाले काठको टुप्पोमा घुमेको छाताको डण्डी आकारको लठ्ठी हुन्थ्यो र सोही लठ्ठीको माध्यमले दुई समुहबीच उक्त छालाको बल खेलिन्थ्यो ।

- **पसि लाग्ने-** पुरुषहरु वा किशोरावस्थाका बालबालिकाहरु आफुहरु खेल्नलाई भेला भएको स्थानमा समुह/समुह भएर वा एक्ला-एक्लै (पसी लाग्ने) (एउटाले अर्कोलाई पर्छाने, लगभग हालको कुस्ती खेल जस्तै) खेल खेलिन्थ्यो । जसको विजय हुन्थ्यो त्यसैको ठूलो मान, मर्यादा र नाम हुन्थ्यो ।

- **डुम बन्ने** - स-साना नानीबाबुहरु भेला भएर एकआपसमा राजारानी डुमजस्ता शब्दहरुको माध्यमबाट एकजना डुमबन्ने गर्दछ । राजारानी लगाएतका अन्य व्यक्तिलाई छुन मिल्ने निश्चीत

स्थानहरु मात्र हुन्छन् । उक्त स्थानमा डुम भएकोले जसलाई छोएपनि आफु उक्त स्थानमा जाने र छोएको व्यक्ति डुम बन्ने हुन्थ्यो ।

- **आराम खेल्ने:** यो खेल विशेषगरी नानीहरु एउटै उमेरका जम्मा भएर जमिनमा रेखा कोर्ने (आराम खेलको नक्सा कोर्ने) र आफ्ना नियम बमोजिम खेल्ने गरिन्छ । यो खेल आजभोली भने प्रचलित रहेको छ ।

- **छक्का ढाल्ला खेल:** यो खेल पनि समान उमेरका नानीहरु वा किशोरीहरुको बीचमा खेलिन्छ । एउटै आकारका साना ढुंगाको टुक्रा छिप्पा (गुच्चाको आकारमा) बनाईन्छ । त्यसपछि समुहमा भएका सबैजनाले पालैपालो खेल्ने गर्छन् । यो खेलका धेरै चरणहरु हुन्छन् । जुन व्यक्तिले सबै चरण पार गर्छ त्यसको पूर्ण विजय मानिन्छ । यो खेल पनि आजभोलीसम्म पनि प्रचलित छ ।

## पर्व–उत्सवहरूको विस्तृत विवरण

### १. नयाँ वर्ष

यस वडामा नयाँ वर्षलाई निकै भव्यताका साथ मनाउने परम्परा छ। वर्षको पहिलो दिनलाई नयाँ आशा र प्रेरणाको सुरुवातको रूपमा लिइन्छ। यस दिन मानिसहरूले आपसी सद्भाव, शुभकामना आदान–प्रदान, साथीभाइ तथा इष्टमित्रसँग भेटघाट, मीठा–मीठा परिकार खाने तथा वनभोजमा रमाउने गर्छन्। साथै स्थानीय मठ–मन्दिरमा पूजाआजा गरेर विगतका नकारात्मक क्रियाकलापहरूलाई छाड्दै नयाँ ऊर्जा र संकल्पका साथ आर्थिक, सामाजिक र सांस्कृतिक विकासको दिशा लिन प्रेरणा लिने गरिन्छ। यस दिनलाई सरकारले सार्वजनिक बिदा दिएकोले सबै वर्गका मानिसहरू यसमा सहभागी हुन्छन्।

### २. साउने संक्रान्ति

साउने संक्रान्ति कृषिजन्य समाजसँग जोडिएको महत्वपूर्ण पर्व हो। यस दिनलाई नयाँ बाली लगाउने समयको सुरुवातको रूपमा लिइन्छ। किसानहरूले खेतमा पूजा–अर्चना गरेर राम्रो बालीको कामना गर्छन्। यस दिन विशेष गरी गाई–बस्तुका लागि घाँस–दुध चढाउने तथा परिवारजनबीच मीठा परिकार खाने परम्परा रहँदै आएको छ।

### ३. राको वाल्ने र रमाइलो गर्ने चलन

स्थानीय युवायुवतीबीच मनोरञ्जनात्मक सांस्कृतिक गतिविधिका रूपमा रोका वाल्ने तथा समूहगत रमाइलो गर्ने प्रथा रहँदै आएको छ। राको वालेर रमाइलो गर्ने । विशेष गरी युवा पुस्ताले यस

अवसरलाई खेल, गीत–संगीत र नृत्यका माध्यमबाट सामाजिक सम्बन्ध बलियो बनाउन प्रयोग गर्ने गर्दछन्।

### ४. तीज व्रत

महिलाले तीजमा विशेष व्रत बस्ने गर्छन्। यस दिन महिलाले भगवान शिव–पार्वतीको पूजा गरेर परिवारको सुख–शान्ति, दीर्घायु र पति–पुत्रको मंगलकामना गर्ने परम्परा छ। रातभरि दर खाने, नाचगान गर्ने र बिहान उपवास बसेर नदी–तालमा स्नान गरी पूजा गर्ने गरिन्छ। यो प्रचलन कमै देख्न सकिन्छ।

### ५. नागपञ्चमी

नाग देवताको पूजा गर्ने यो पर्वलाई यहाँ "धामी–नाच, देउडा, चुटकिला खेल"सँग जोडिन्छ। मानिसहरूले नाग देवतालाई घर–परिवारको सुरक्षा र समृद्धिका लागि पूज्ने परम्परा राख्छन्। धामीले झाँक्री नाच प्रस्तुत गर्ने र गाउँभर चुटकिला तथा देउडा गाउने विशेष चलन रहन्छ।

### ६. गौरा पर्व

गौरा पर्व महिलाहरूले विशेष रूपमा मनाउने पर्व हो। यसलाई शिव–पार्वतीको विवाहको प्रतिक मानिन्छ। विशेष गरी भीमनगर र ठूलो गाउँमा महिलाहरूले समूहगत रूपमा खेल्दै, पूजापाठ गर्दै यसलाई मनाउँछन्। यहाँ गौरा खेल्ने महिलाहरूले हरियो पोते, चुरा, पहेंलो सारी लगाएर भव्य रूपमा सजिन्छन्।

### ७. ढालतरवार नाच

यो नाच विशेष गरी व्रतबन्ध, छैंठी र विवाह जस्ता अवसरमा पुरुषहरूले प्रस्तुत गर्ने गर्छन्। ढाल र तरवार बोकेर समूहगत रूपमा प्रस्तुत गरिने यो नाचले पुरानो वीर संस्कृति र शौर्य परम्पराको झलक दिन्छ।



**खुट्का नाच खेल्दै बहराइ**

## ८. साउने पूर्णिमा

यस दिन ठूलो मेला लाग्छ। वाद्य–वादन, धामी–नाच, चुटकिला र देउडा खेल मुख्य आकर्षण हुन्छन्। साउने पूर्णिमा धार्मिक रूपमा पवित्र दिन भएकाले गाउँका मानिसहरू सामूहिक रूपमा गुफा, मठ–मन्दिरमा पूजा गर्ने गर्दछन्।

## ९. दशैं पर्व

दशैंलाई हिन्दु धर्मावलम्बीहरूको महान चाडका रूपमा भव्यताका साथ मनाइन्छ। नवदुर्गाको पूजाआजा नौ दिनसम्म हुन्छ। फूलपाती, नवमी, विजयादशमी आदि विशेष दिनहरूमा घर–घरमा मान्यजनबाट टिका र जमरा लगाउने परम्परा रहँदै आएको छ। यस पर्वलाई सत्यको असत्यमाथि विजयको प्रतीकका रूपमा लिइन्छ।

## १०. तिहार

तिहारलाई दाजुभाइ–दिदीबहिनीबीचको प्रेम र आत्मीयताको पर्वका रूपमा लिइन्छ। काग, कुकुर, गाई, लक्ष्मी, गोरु र अन्त्यमा भाइटीकाको पूजा गर्ने परम्परा छ। भाइटीकाको दिन दिदीबहिनीहरूले दाजुभाइको दीर्घायु र समृद्धिका लागि पूजापाठ गरेर टीका लगाइदिन्छन्। यसलाई यम–पञ्चक पनि भनिन्छ।

## ११. भुवा पर्व

ओंसीको दिन ठूलो आगो बालेर भुवा खेल्ने चलन रहँदै आएको छ। यो रमाइलो गर्ने, समूहगत गतिविधि गर्ने र सामूहिक रूपमा भेटघाट गर्ने अवसरका रूपमा लिइन्छ।



**वडा नं ३ र ६ मा मनाइने -तस्विर -उनापानी**

## १२. भैली तिहार

मंसिर पूर्णिमाको दिन भैली खेल्ने प्रथा रहन्छ। भैली गाउने, नाच्ने र गाउँमा रमाइलो गर्ने यस पर्वमा समुदायबीच आत्मीयता बढ्ने गर्दछ।

## १३. माघी पर्व

यो पर्व लड्डु, तरुल, मिठाइ खाएर र खेल खेल्दै मनाइन्छ। यसलाई नयाँ कृषिजन्य चक्रसँग पनि जोडिन्छ। स्थानीय संस्कृति झल्किने लवाइ–खवाइ यस अवसरमा प्रमुख आकर्षण हुन्छ।

## १४. विजया पूर्णिमा

यस दिन रोग–व्याधि हटाउन जमरा चढाइने, देउडा खेल्ने र धामी–नाच गर्ने चलन छ। यसलाई धार्मिक शुद्धिकरण र सामुदायिक मिलनको पर्वका रूपमा लिइन्छ।

## १५. शिवरात्री

शिवरात्रीको दिन शिवालय र शिवस्थानहरूमा भव्य मेला लाग्छ। स्थानीय मानिसहरूले व्रत बस्ने, रातभरि भजन–कीर्तन गर्ने र शिवलाई बेलपत्र, दूध, धतुरा चढाउने परम्परा रहँदै आएको छ।

## १६. होली पर्व

यस वडामा हालसालै मात्र होली पर्व मनाउने चलन सुरु भएको छ। रङ खेल्ने, संगीत, नाचगान र समूहगत भेटघाट गरेर यो पर्वलाई रंगीन रूपमा मनाइन्छ।

**चालचलन**

सर्केगाड गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिका समुदायहरूको आफ्नै मौलिक चालचलन छ। जन्म, नामकरण, ब्रतबन्ध, विवाह, मृत्यु संस्कार आदिमा फरक–फरक परम्परा पाइन्छ। विवाह संस्कारमा दुलाह–दुलहीलाई देवतामा अर्पण गरी आशीर्वाद दिने र गाउँलेहरू सामूहिक भोजमा सहभागी हुने चलन अझै जिवित छ। मृत्युपछि काजक्रियामा सामूहिक सहयोग गर्ने र परम्परागत विधिपूर्वक दशौं दिनमा श्राद्ध गर्ने प्रथा छ। यसरी यहाँका चालचलनहरूले सामुदायिक एकता, सहयोग र धार्मिक आस्थालाई मजबुत बनाएका छन्।

यहाँ आफ्नै प्रकारका मौलिक चाल चलनहरु रहेका छन् । यहाँका प्रमुख मौलिक चालचलनहरु यस प्रकार रहेका छन् ।

- ठूलावडालाई ढोग दर्शन गर्ने ।
- पाहुनालाई हुक्का हाली फेरुवा फाली लगाई मान्की गर्ने ।
- तुमाखु चुरोट ठूलावडाबाट लेकर स्बोन
- खर्क सार्दा खिरखाने ।
- महिनावारीमा (पहिला प्रन्ध्र दिन हाल ३ दिन) बाहिर सार्ने ।
- जातीयता (धामी भांग्रीको घरमा दलित पस्न नपाइने ।
- विरोलो ले वाटो काटे साइत नगर्ने ।
- रित्तो भाडा विदुवा महिला भेटेमा साइत नपर्ने ।
- राती घर लिपपोत नगर्ने ।
- बाहुनले छाउ नपरेकी केटी विवाह गर्ने ।
- अन्तरजातीय विवाह नगर्ने ।
- विवाह ब्रतवन्धमा (जग्गा गाइ भेडा दिने (आमावावुले) ।
- नयाँ वर्षमा शुभकामना दिने वाहुनबाट बार्षिक मासिक रासीफल सुन्ने दक्षिणा दिने ।
- चोरी भएमा स् देउता भाग्ने (पुकारा गर्ने) ।
- आरी गरीएमा जारी काट्ने ।
- विवाहमा आमाले दुधोला हाल्ने ।
- दाइजो कोसेली अनुसार दाइजो दिने ।
- छोरा नभए अपुत्या भन्ने छोरी भएमा हेला गर्ने छोरो भए वन्दुक पटकाई बढाइ गर्ने
- खाते – मासुले पिरेमा मह खाने ।दलितलाई गाईको दूध दहि नदिने ।
- रोपाइमा धानको विउको पुजा गर्ने ।
- सात ले पिरेमा चली र चुमीले पिरेमा सातु खोने →सातु ने पिरेमा

- अवेला भालेवासेमा अपसगुन हुने ।
- सर्पले टोके –मन्त्र गराउने ।
- मोरीले टोकेमा पाती मोडेर रसलाउने
- कृयासस्कार १२ दिने क्या संस्कार गर्ने ।
- शनिबार रौ कपाल नकाट्ने आइतवार यात्रा नजाने ।
- शनिवार र मंगलवार दान गर्ने ।
- पानी पिउदा पानीको मूलमा मुख नहाल्ने मुख हाले मुख पाक्छ भन्ने मान्यता ।
- आगोमा पिसाव नगर्ने
- विदुषा महिलाले गौरा नखेल्ने
- १ गते चुनी र भौसीमा कसैलाई नगद र सामान नदिने सोमवार पनि नदिने ।
- वाहन र गाईलाई लात्ती नहाल्ने ।
- तिर्थ जाँदा –फल चढाउने वर माग्ने ।
- सर्पले मुसा खाएको देखेमा अप सगुन हुने ।
- श्री पञ्चमीमा क ख अक्षर सिकाउन लगाउने ।



संस्कार अनुसार ढोग्नु तथा दर्शन गर्दे ।

## लवाइ–खवाइ

सर्केगाडको लवाइ–खवाइमा यहाँको भौगोलिक अवस्था र सांस्कृतिक पृष्ठभूमि झल्किन्छ। पुरुषहरू परम्परागत रूपमा दौरा–सुरुवाल, टोपी, र महिलाहरू गुन्यू–चोली, मेखला, ढाकाका कपडामा सजिन्छन्।

चाडपर्व र विशेष अवसरमा सुनका गहना, चुरा, पोटा, तथा मौलिक कपडाहरू लगाउने परम्परा छ। खानपिनमा धान, गहुँ, मकै, कोदो, आलु, फापर, तरकारी र दाल–भात मुख्य आहार हुन्। विशेष चाडपर्वमा सेलरोटी, फिनी, खीर, मांस, घ्यू–मैलो र स्थानीय मदिरा खाने परम्परा अझै प्रचलित छ।

**वालीनाली**

यो गाउँपालिकामा कृषि मुख्य जीविकोपार्जनको आधार हो। धान, मकै, कोदो, फापर, गहुँ, तरकारी, दलहन, तेलहन, आलु, तथा फापरीको खेती प्रचुर मात्रामा हुन्छ। यहाँका कृषकहरूले परम्परागत हलो–जुवा, बैल, र सामुदायिक श्रमशक्तिको प्रयोग गरेर खेतीपाती गर्ने गर्छन्। बर्खा र चैतमा धान रोप्ने, असारमा धान रोपाइँ–महोत्सव गर्ने परम्परा छ। साथै गाई–बस्तु, बाख्रा, भेडा, चौरी पालन पनि आमदानीको प्रमुख स्रोत मानिन्छ।

**सांस्कृतिक सम्पदा**

सर्केगाडमा विभिन्न सांस्कृतिक सम्पदाहरू छन्। यहाँका मठ, मन्दिर, गुम्बा, ऐतिहासिक ढुङ्गा, पुराना घर र सामुदायिक पाटनहरू महत्वपूर्ण सम्पदाका रूपमा रहेका छन्। देउडा, झ्याउरे, हुद्केली, ढालतरवार नाच जस्ता मौलिक लोकसंस्कृति अझै प्रचलित छन्। यहाँको सांस्कृतिक सम्पदाले सामुदायिक जीवनलाई जीवित मात्र बनाएको छैन, भविष्यमा पर्यटन प्रवर्द्धन गर्ने आधार पनि बनेको छ।

सर्केगाड गाउँपालिकामा विभिन्न जातजातिका समुदायहरूद्वारा मनाइने मेलापर्व, नाचगान र संस्कार परम्पराहरू स्थानीय संस्कृतिको धरोहरका रूपमा जीवित छन्। यहाँ मेलापर्वमा देउडा खेल विशेष आकर्षणको रूपमा खेलिन्छ, जसमा पुरुष–महिला दुवै सामूहिक रूपमा गोलबद्ध भएर गीत गाएर रमाइलो गर्ने परम्परा छ। साथै, धामी नाच, दमाई नाच र ढोल–ताले वातावरणलाई उत्साहित बनाउने प्रमुख लोक–संस्कृति हुन्। फाग घुमारी र चुटकीला खेल पनि यस्तै सांस्कृतिक कार्यक्रम अन्तर्गत पर्दछन्, जसले युवायुवतीलाई मनोरञ्जनसहित सामाजिक सम्बन्ध सुदृढ गर्ने अवसर दिन्छ। ठकुरी समुदायमा मनाइने गौरा पर्व विशेष महत्व बोकेको छ, जसमा विशेष गरी महिलाहरू सामूहिक पूजापाठ, नाचगान र सामाजिक मेलमिलापमा सहभागी हुन्छन्।

संस्कार र परम्परागत रीतिथितिहरू यहाँको सामाजिक जीवनको अर्को विशेष पक्ष हो। यहाँ छोरी जन्मिए २० दिन र छोरा जन्मिए १५ दिनपछि मात्र आमा र बच्चा घर पस्ने प्रचलन रहेको छ। त्यसबेला नजिकका पाहुनालाई निम्त्याएर ठूलो–सानोलाई ढोगदर्शन, आशीर्वाद दिने, अन्न–चामल चढाउने चलन प्रचलित छ। मृत्युपछि १३ दिनको क्रिया संस्कार गरिन्छ भने छ दिन र छैटौं दिन विशेष विधि अनुसार संस्कार सम्पन्न गरिन्छ। विवाह, व्रतबन्ध वा अन्य सामाजिक अवसरमा रातभर ढोल तामाका बाजा बजाउने, गीत गाउँदै फारा घुमारी गर्ने परम्परा अझै जीवित छ।

यसका अतिरिक्त फुर्का, चौढाल र छिटका खेल पनि यहाँको परम्परागत खेल–मनोरञ्जनका रूप हुन्। यहाँका मानिसहरू मौसमअनुसार बसाइँ सर्ने प्रचलनमा पनि विश्वास गर्छन्—जस्तै, वर्खामा लेखतिर र जाडोमा औलतिर सर्ने। त्यस्तै, रोग–व्याधिबाट बच्नका लागि स्थानीय विश्वासहरू अझै प्रचलित छन्। उदाहरणका लागि, आँखा दुख्दा सागपात र मासु नखाने, ज्वरो आउँदा चुकिलो, अमिलो, दही र दूध नखाने प्रचलन छ। नयाँ घर प्रवेश गर्दा राम्रो दिन हेरेर खसी काट्ने, जुठो परेको अवस्थामा कसैलाई ढोग नगर्ने चलन पनि यथावत छ।

सामुदायिक जीवनमा सुची बस्ने परम्परा अझै प्रचलित छ। सुची बस्ने व्यक्तिले १० दिनसम्म शुद्धताको नियम पालना गर्नुपर्छ, जसमा कुकुर, बिरालो वा अन्य मानिसलाई छोएन, र भोजन पकाउँदा वा अन्य गतिविधिमा विशेष सावधानी अपनाइन्छ। त्यस्तै, गर्भवती महिलाको श्रीमान्ले क्रियामा सहभागी नहुने र केही धार्मिक विधि नगर्ने विश्वास पाइन्छ। यदि कसैलाई नयाँ देवता लागेमा तिनीहरूले भेडा, कैली, दमाहा, शंख, घण्टा अर्पण गरी शुद्धीकरण गर्ने परम्परा रहेको छ।

परिवार र छिमेकबीचको सम्बन्ध सुदृढ गर्ने अनेक अभ्यासहरू पनि पाइन्छन्। प्रत्येक मंगलवार, छोरी–बहिनीलाई घर बोलाएर अग्रास (विशेष भोजन) खुवाउने चलनले पारिवारिक माया र आत्मीयता झल्काउँछ। झगडा वा विवाद भएमा दैचामल चढाएर मेलमिलाप गर्ने, ढोकाभेट गरेर सम्बन्ध कायम गर्ने परम्परा अझै प्रचलनमा छ। त्यस्तै, "पोइल गएकी जोइको हातको नखाने" भन्ने परम्परागत विश्वासले यहाँको सामाजिक सोच झल्काउँछ। भान्सामा कोसा प्यालामा भात खाने, तामाका गाग्रामा पकाएको खाना खाने, आलु वा वढना (तरकारी) तामाको भाँडामा पकाउने चलन अझै गाउँघरमा जीवित छ।

**धार्मिक स्थलहरू**

सर्केगाडमा विभिन्न धार्मिक स्थलहरू रहेका छन्। हिन्दूहरूको मन्दिर, बौद्धहरूको गुम्बा तथा स्थानीय देवताका मठहरूसम्मिलित यी स्थलहरूले यहाँको धार्मिक आस्था र आध्यात्मिक जीवनलाई प्रकट गर्छन्। शिवरात्रीमा शिवालयमा, गौरा पर्वमा देवीस्थानमा, र साउने पूर्णिमामा मठ–गुफामा विशेष पूजा हुने गर्दछ। यी धार्मिक स्थलहरूले केवल आस्था मात्र होइन, सांस्कृतिक पर्यटनलाई पनि आकर्षित गर्छन्।

**थपाल्या व्यासी जातिको इतिहास**

१. उत्पत्ति र नामको व्याख्या

"थपाल्या" भन्ने शब्द स्थानीय भू–नाम वा थरगत उत्पत्तिसँग सम्बन्धित मानिन्छ भने "व्यासी" भन्ने शब्द 'व्यासी जाति' अथवा विशेष पेशागत समुदायलाई जनाउँछ। व्यासीहरू प्रायः हिमाली क्षेत्रमा वस्ने, परम्परागत कृषि, पशुपालन, औजार–भाँडाकुडा निर्माण तथा स्थानीय उत्पादनमा निर्भर हुने समुदाय थिए।

२. भौगोलिक फैलावट

थपाल्या व्यासीहरू हिमालय नजिकैका चिसो भेगमा बसोबास गर्थे। उनीहरूको वस्ती मुख्यतया डाँडाकाँडा र पहाडी क्षेत्रमा थियो जहाँ कृषियोग्य जमिन कम तर घाँसे मैदान, चौरीपालन र वन उपभोग गर्ने सम्भावना बढी थियो।

**३. सामाजिक–सांस्कृतिक जीवन**

धर्म र आस्थाः उनीहरूले प्रकृति, कुलदेवता र चोख्या (देवी–देवता) मा विश्वास गर्थे।

पर्व–उत्सवः गौरा पर्व, भुवो तिहार, चोख्या पर्व, फुर्का खेल आदि प्रमुख पर्व हुन्।

चलन–चल्तीः देउडा गीत, ढोल–नाच, धामी–झाँक्री, विवाहमा ढोल बजाउने, चुटकीला खेल्ने प्रचलन पाइन्थ्यो।

**४. पोशाक र गरगहना**

चिसो मौसमका कारण बाक्ला कपडा—बोक्खु, सुरुवाल (जँगिला), पटुका, दोछा, कम्मल आदि प्रयोग हुन्थ्यो।

महिलाले चोला, चुक्तो, गावन (धोती) लगाउँथे।

गरगहनामा पोत्यामाला, सुकामाला, चाँदीका बाला, औंठी आदि प्रयोग हुन्थ्यो।

यी सबै परम्परा उनीहरूको मौलिक पहिचानको हिस्सा थिए।

**५. आर्थिक जीवन**

कृषिः फापर, जौ, आलु, मकै जस्ता हिमाली बालीमुख्य उत्पादन।
पशुपालनः भेडा, बाख्रा, चौरी र गाईपालन प्रमुख आयस्रोत।
औजार र सामग्रीः हलो, फालो, वङ, खाट, डालो, सुपो जस्ता घरायसी सामान आफैं बनाउने परम्परा।

**६. ऐतिहासिक अवस्थाः परम्परा र आधुनिकता**

परम्परागत जीवनशैली आत्मनिर्भर र सांस्कृतिक रूपमा सम्पन्न थियो।
आधुनिक शिक्षा, रोजगारी र शहरप्रतिको आकर्षणका कारण थपाल्या व्यासीहरूको पुरानो शैली क्रमशः हराउँदै गएको छ।
तिनै मौलिक वस्तु, संस्कृति र परम्परालाई संरक्षित गर्न संग्रहालय स्थापना गर्ने माग बढ्दै गएको छ।

**७. महत्त्व**

थपाल्या व्यासी जाति नेपालको हिमाली भूभागमा बस्ने एउटा मौलिक समुदाय हो, जसले परम्परागत भेषभूषा, संस्कृति, धार्मिक आस्था र जीवनशैलीमार्फत नेपाली बहुल संस्कृतिमा योगदान पुऱ्याएको छ। उनीहरूको इतिहास संरक्षण नगरे हराउने खतरामा छ। त्यसैले इतिहास, संस्कृतिलाई भावी पुस्ताका लागि अभिलेख गर्ने आवश्यकता छ।

## थपाल्या व्यासी जाति र हुम्ला सर्केगाड गाउँपालिका बीचको सम्बन्ध

### १. बसोबास र भौगोलिक सम्बन्ध

थपाल्या व्यासी समुदाय हिमालय नजिक चिसो भेगमा बसोबास गर्ने भएकाले उनीहरूको बसाइस्थान हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका लगायतका आसपासका क्षेत्रसँग गहिरो सम्बन्धित छ। सर्केगाड हुम्लाको मध्य पहाडी–हिमाली भूभागमा पर्छ। थपाल्या व्यासीहरू परम्परागत रूपमा त्यहींका गोरेटो बाटो, खेतीयोग्य जमिन, चौरीपालनका गोठ र वनक्षेत्रमा आफ्नो जीवनयापन गर्थे। यस कारण सर्केगाड उनीहरूको मुख्य वस्ती, सांस्कृतिक गतिविधि र धार्मिक आस्थाको केन्द्र बनेको छ।

### २. सांस्कृतिक सम्बन्ध

पर्व–उत्सवः भुवो तिहार, चोख्या, फुर्का खेल जस्ता पर्वहरू सर्केगाडमै मूल रूपमा मनाइन्छ। यी पर्वले व्यासी जातिको मौलिक सांस्कृतिक जीवनलाई संरक्षण गर्दै आएको छ।

धार्मिक स्थलहरूः सर्केगाडमा रहेका चोख्या देवता पूजा गर्ने स्थल, पितरपाटा, र गाउँकै सामूहिक मेलापर्व गर्ने ठाउँहरू व्यासीहरूको सांस्कृतिक–धार्मिक एकताको प्रतीक बनेका छन्।

सामाजिक प्रचलनः विवाह, मृत्युपश्चात् चोखिने विधि, फुर्का खेल्ने चलन सबै सर्केगाडकै गाउँ–बस्तीमा केन्द्रित छ।

### ३. आर्थिक सम्बन्ध

व्यासी जातिको कृषि–पशुपालन (जौ, फापर, आलु, चौरी, भेडा, बाख्रा) जीवनयापन सर्केगाडकै पहाडी क्षेत्रसँग गाँसिएको छ। गोरेटो बाटो र भिरालो जमिनका कारण सर्केगाडलाई उनीहरूको आर्थिक

गतिविधि–उपज–व्यापारको प्रमुख आधार मानिन्छ। बजारको पहुँच कम भएकोले उनीहरूको आत्मनिर्भर जीवनशैली अझ लामो समयसम्म टिकेको छ।

## ४. सामाजिक–ऐतिहासिक सम्बन्ध

व्यासी जातिको परम्परागत भेषभूषा (बोक्खु, सुरुवाल, पटुका, दोछा आदि) र घरायसी सामग्री (डालो, सुपो, हलो, फालो, कोसी आदि) अझै पनि सर्केगाडमै प्रयोग हुन्छ। यसैले सर्केगाडलाई थपाल्या व्यासी जातिको जीवित सांस्कृतिक संग्रहालय पनि मान्न सकिन्छ। हाल तिनीहरूको जीवनशैलीमा परिवर्तन आए पनि सर्केगाडमै रहेका परम्परागत वस्तु, स्थल र पर्व संरक्षण भएमा भविष्यमा पर्यटन र सांस्कृतिक पहिचानमा ठूलो योगदान दिन सक्छ।

## ५. हालको अवस्था र चुनौती

आधुनिक शिक्षा, रोजगारी, र वैदेशिक रोजगारीका कारण व्यासी जातिको नयाँ पुस्ता सर्केगाडबाट बाहिर जान थालेका छन्। तर संग्रहालय स्थापना गर्ने प्रयास (थपाल्या व्यासी सङ्ग्राहलय) र स्थानीय सरकारको संरक्षण अभियानमार्फत उनीहरूको इतिहास–संस्कृति सुरक्षित गर्न खोजिँदैछ।




## ३.२ सर्केगाड गाउँपालिकाका मुख्य पर्यटकीय गन्तब्यहरु

स्वर्गसरी सुन्दरभूमि सर्केगाड गाउँपालिकामा असंख्य धार्मिक, सांस्कृतिक, प्राकृतिक पर्यटकीय स्थलहरु अवस्थित छन् । छुट्टै पहिचान बोकेका यहाँका असंख्य सम्पदाहरुको संक्षिप्त चिनारी यस प्रकार छ -

३.२.१. वडा नं १ मा रहेका पर्यटकीय स्थलहरु

गंगा दशहरा मेला सर्केगाड १ जैर हुम्ला)

कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको सर्केगाड गाउपालिका वडा न १ जैरमा मात्र दशहरा मनाउने गरेको पाइन्छ धेरै पहिले १० दिन सम्म मनाउने गतेमा पनी हाल आएर तीन दिन सम्म दशहरा मनाउने गरेका छन ।  हिसाब ले पनि २ दिन महिला ३ दिन पुरुष ले मनाउने गरे पनि हाल आएर पुरै ३ नै दिन महिला पुरुष मिलेर मनाउने गरिन्छ विशेश गरि ३८०० मिटरमा रहेको मेथा मन्दिर नजिक रहेको मानसरोवर रुपि कुन्ड को जलको सेवन गर्ने जसले जानी नजानी गरेका पापहरुलाइ क्षमा माग्ने र गाउँको टुप्पोमा अबस्थित मेथा माइ तथा कैलास पर्वत रुपि शिव सङ आफ्ना मनोकाक्षा पुरागर्नका लागि बरदान माग्नु का साथै आफ्ना जिवनमा थप उर्जा प्राप्त गर्न यसको ध्यय रहेको छ भने अन्तिम तेस्रो दिन नजिकैको महादेव चौरमा गएर निम्तालु तथा सिपालु देउडा गाएर सस्कृतिको जगेर्ना गर्नुका साथै देउडाको प्रतिभाको मुल्यांकन गरिने गरिन्छ । दिनमा मात्र नभएर रातभर समेत स्थानिय देउडा भाकामा तालमा ताल लयमा लय मिलाइ सिपकला देखाउने अवसरको रुपमा यश पर्बलाइ हेरिने भएकाले यसको महिमा समेत धेरै ठूलो र महत्वपूर्ण मानिन्छ ।

हिन्दू धर्मावलम्बीहरूले मनाउने एक पर्व हो। यो पर्व नेपाल तथा भारत सबै ठाउँमा मनाउने गरिन्छ । यस पर्वमा गंगा नदीमा स्नान गर्नाले सम्पूर्ण पापबाट मुक्त भइन्छ भन्ने धार्मीक मान्यता रहेको छ। यो पर्व ज्येष्ठ शुक्ल प्रतिपदाबाट शुरु भई दशमी सम्म १० दिन मनाउने गरिन्छ ।



जैर गाउँ



जैर गाउँवाट देखिने मुगुको दृष्य

## पौराणिक कथन

भगवान रामचन्द्रकी पत्नी सीतालाई रावणले हरण गरे पछि रावणको वध गर्न र लङ्का विजय गर्न अनि सीतालाई फर्काउन रामले प्रतिज्ञा गरे। त्यसै बेलाबाट यो 'दशहरा' पर्व पनि मान्न थालेको बुझिन्छ । त्यो बेला लङ्का जानलाई १०० योजन अर्थात् ४०० कोशको समुद्रको पुल बनाएर तर्नु पर्थ्यो। पुल निर्माण गर्न चानचुने कुरो थिएन । बाँदर श्रेष्ठ नलको नेतृत्वमा पुल पूरा भईएको कुरा हिन्दूहरूको पवित्र ग्रन्थ रामायणमा उल्लेख छ। पुल निर्माणको शीलान्यास स्वयं भगवान् रामचन्द्रबाट रामेश्वरम भगवान शिवको विधिवत स्थापन गरेर दशहराको पुण्यतिथिमा पूजा अर्चना साथ पुल निर्माण भएको कुरा पनि रामायणमा नै बताएको छ। यो पर्व ज्येष्ठ शुक्ल प्रतिपदाबाट शुरु भई दशमी सम्म १० दिनमा पूरा हुन्छ, त्यसैवेलादेखि 'दशहरा, पर्व मानिदै आएको बुझिन्छ। रामेश्वर शिव भगवानको ज्येष्ठ शुक्ल दशमीमा 'मनो भगवत्यै दशपाप हरा यैनमः।भनेर ५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय यी दुवै थारे गरी दशवटै इन्द्रिय जन्य' दशै थरी पापको हरण गर्न संकल्प सहित गंगास्नान गरिन्छ । सकेसम्म प्रतिपदाबाट दशमीसम्म र त्यत्ति धेरै दिन नसकेपनि दशमीको गंगा स्नानलाई अति महत्त्व मानिएको छ । अध्यात्मक रामायणको युद्धकाण्ड चतुर्थ सर्गमा भगवान रामले सेतु पूल) निर्माण गरेको विस्तृत वर्णन छ र रामेश्वर शिवको दर्शन तथा पूजाको १-८ श्लोकसम छर्लङ्ग पारिएको छ।

## धार्मिक महत्त्व

जसले रामले स्थापना गर्नु भएको रामेश्वर शिवलाई दर्शन गर्छ त्यसको ब्रह्म हत्यादि पाप पनि नष्ट हुन्छ। रामेश्वरको दर्शन पूजा गरेर काशी वाराणसी सङ्कल्पसहित पूजा गर्ने विषयलाई बढी महत्त्व दिएको छ। जस्तैः- ब्राह्म ज्येष्ठे मासि सिते पक्षे दशमी हस्त संयुता

हरते दश पापानी तस्मात् दशहरा स्मृता वराहः

दशमी शुक्ल पक्षेतु ज्येष्ठे मासे कुजे, हनि

अवतीणरा यतः स्वर्गात् हस्तार्थी च सरिद् बराः ।।

ज्येष्ठ मासि सिते पक्षे प्राप्य प्रतिपदा तिथिम्

दशाश्वमेधके स्नात्वा मुच्यते सर्व पातकैः

यस्तै यस्ता थुप्रै दृष्टान्त दिएर दशहराको महत्त्व दर्शाइएको छ । साथै यो दशहरालाई अत्युत्तम पर्व भनेर बताइएको छ । जाग्राम बसेर वाराणसीको भागिरथी स्नानलाई पनि त्यत्तिकै महत्त्व दिइएको छ।

दश प्रसृति कृष्णांच तिलां सर्दिश्व वै जले

सक्तुत पिण्डान् गुड पिण्डान् दधाच्च द संज्ञाया

यसरी काला तिल घिऊ सातु गुडको पिण्डदान गर्न पनि उल्लेख गरेको छ। यस्तै यस्ता थुप्रै शास्त्रोक्त वचनले यो दशहराको महत्त्व वर्णन भएको छ । यो दशहरामा कृषकहरूको खेतीको पहिलो अवधि भएको हुँदा कर्कलो, बोडी, फर्सी आदिका मुन्टा टिपेर पनि १० थोक तरकारी बनाइ यो दशहरा चाड मान्ने गर्छन्। दशहराको दिनबाट वर्षारारम्भ भएको मानिन्छ । यो दिनमा दस हातमाथि गङ्गाजीको छाल उठेर बढ्छ भन्ने किंवदन्ती अझैसम्म छ । हाम्रा पूर्खाहरूले यस्तै यस्ता विशेषतालाई औंल्याएर यस्ता थुप्रै पर्वहरू मान्दै आएका छन्। यो पर्व पनि आध्यात्मिक तथा भौतिक चिन्तन मनन गर्नलाई सहायक सिद्ध छ। हाम्रो मन मस्तिष्कमा १० इन्द्रियहरूले तगारो लगाएका हुन्छन् । त्यस्ता मानसिक विकृतिलाई पखाल्न र यी दशै इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा लिन पनि यो पर्वले गङ्गास्नान गर्न र शिवको आराधना गर्न औंल्याएको छ भने भौतिक दृष्टिबाट कृषकहरूले वर्षारम्भको बेला खुसियाली मनाउन गरेको पनि देखिन्छ । जे होस् यस्ता पर्वको जगेर्ना गरेर हाम्रो संस्कृतिलाई जीवित राख्न आवश्यक देखिन्छ । यस्तो परम्परा जीवित राख्न सकियो भने हामी मरे पनि हाम्रो संस्कृति जीवित रहनेछ ।

**यस वडामा रहेका धार्मिक स्थल तथा पर्यटकीय क्षेत्रहरु**

यस वडाका बासिन्दाहरुको विशेषगरी धार्मिक क्षेत्रहरूमा हिन्दु धर्मालम्बी मान्ने मानिसहरूको संख्या बढिरहेको छ र केही मात्रामा ईसाई धर्मालम्बीहरु छन्। यस वडामा निम्नलिखित धार्मिक स्थलहरु रहेका छन्। -

मेथामन्दीर

- भुडारामन्दीर
- वेतालमाडु
- गुरौमाडु
- वालाविनायक
- सर्किमाडु
- मस्टामाड
- भवानीमाडु
- खातीमस्ट

- रावतमस्य
- वुमीमस्य
- बुमीईश्वर
- कार्कीमस्टो
- कालेमाडु
- ठुलासाणा
- सर्किमाडु तुम्च
- सरिसल्ला
- सुगाटागा मन्दीर

सर्केगाड गा.पा. वडा नं १ मा अवस्थित पवित्र धार्मिक स्थल मेथा मन्दीर जैर वस्तीवाट त्यहाँ पुग्न करिब ४ घण्टा समय लाग्दछ। यस मन्दीरमा विभिन्न चाड् पर्व पूर्णिमामा मात्र, स्थानिय मेला पर्वमा मेथा माईको दर्शन गर्ने मानिसहरु जाने गर्दछन्।

यस मेथा माई <u>मन्दिर</u>को साउने पूर्णिमामा गंगा दशहरा मेलामा र दशरे पूर्णिमामा मात्र विशेष गरेर दर्शन गरेमा -मानसरोवरको दर्शन गरे जैस्तै हुन्छ र भक्तजनहरुको पापमोचन हुन्छ भन्ने स्थानियवासिहरुको विस्वास छ। यो मन्दीर अग्लो स्थानमा रहेको र रमणिय वातावरण भएकाले विभिन्न ठाउँबाट मानिसहरु घुम्न आउने गर्दछन्।

विशेष गरी यस मेथा तिर्थस्थलमा छिमेकि गा.पा. का मानिसहरू तिर्थयात्रिहरु र छिमेकि जिल्ला मुगु बाट, बाजुराबाट यस तिर्थस्थलको दर्शन गर्न आउने गर्दछन्। यस तिर्थ स्थलको स्थानिय निकाय सेवा प्रदायक संघसंस्थाहरू र सम्पुर्ण सरोकारवालाहरुवाट उचित पर्यटकिय पदमार्ग, बस्नको लागी आवास आकर्षक मन्दीरको निर्माणगरी प्रचार प्रसार गर्न सकिने स्थानिय पर्यटकहरु आयर दिगो आर्थिक विकासमा टेवा पुग्ने सम्भावना वढि देखिन्छ।

**पर्यटकी यस्थलहरूः**

- मेथामन्दीर
- देवल तुम्च
- सुगाटागा मन्दीर
- तातोपानी
- सलिसल्ला

**तातोपानी**

जैर तातोपानी सर्केगाड गा.पा वडा न १ अन्तर्गत वडाको दक्षिण दिसा तिर कर्णाली करिडोरसँग जोडिएको और तातोपानी पर्यटकीय स्थल मानिन्छ। विशेष गरि परम्परागत किम्वदन्दी अनुसार तातोपानी नुहाएमा विभिन्न रोगहरु निको हुनेर शरिर स्वस्थकर हुन्छ भन्ने विश्वासका साथ विभिन्न ठाउवाट मानिसहरु आउने गर्दछन्। यस तातोपानीमा नुहाउन आउने वाहिरि मानिसहरू ३/४ दिन बसी नुहाउने गर्दछन् ।

### ३.२.२. वडानं २ मा रहेका पर्यटकीय स्थलहरु

### ३.२.३. वडानं ३ मा रहेका पर्यटकीय स्थलहरु

**उनापानी शब्दको उत्पती** कालान्तरमा यो ठाउँको भुभाग वरी परी खोला नाला पहाड डाँडा काँडा जंगलै जंगलले घेरिएको थियो भन्ने भनाइ छ । अजु र गजु भन्ने बाजे सुरुमा खोली खेत रुगीन हुदै गल्फा गाड बसेछन । गल्फागाडबाट हुम्ला बाउलो खोलामा शिकार खेल्ने भनि आएका रहेछन । शिकार खेल्न आउने क्रममा हे भुं मार मेटाइदेउ मार मारी देउ भनी खल्ती बाट फुल्चाङ अथवा दाना छरेछन तिनै फुलचाङबाट बर्षेनी उवा पाक्दै अन्त अन्त ठाउँमा बिउ छर्दै सर्दै धेरै ठुलो ठाउँ ओगटी बाली पाकी पियाली बिष भएको कागले देखेछ । त्यो काग गलफागाड गएर रुखमा बसी कौवा भाकामा का, का भिटा चिर्याल्नी बाटुल्ला राइढुंङ्गा उवा  पियाला पुरा भनेर दिन प्रति दिन कराउने रहेछ । एक जना बुढी महिला कौवा भाष बुझ्ने रहीछन रे एकदिन अजु गजु भन्ने बाजे शिकार खेल्दै घर पुगेछन । य बा तिमि कता कता गएका थियौं राम्रोसँग याद गरत यतात दिन दिनै कागले कौवा भाषामा भिटा चिर्याल्नी बाटुल्ला राइढुंङ्गा भन्ने ठाउँमा उवा पाकी पियाली बिष भनेर भन्छ । भन्दा पछि पछि अजु गजु भन्ने बाजेले याद गरेछन । हामी हुम्ला बाउला खोला भन्ने ठाउँमा शिकार खेल्न गएका थियौं खल्तीबाट फुल्चाङ छर्दा ति उम्रे होलान । अब हेर्न जानु पर्यो भनी हेर्न आएका छन । आउदा त सोही ठाउँहरुमा उवा पाकी पियाली बिष भएको त्यसपछि यो ठाउँलाइ गहिरो अध्ययन गरेछन । अनि सबै कुरामा मिलेको देखेर बस्ती बस्न आएछन । बस्ती बस्दै गर्दा ठाउको नाम त चाहियो अब ठाउको नाम राख्नु पर्या अनि उनापानी राखे छन । उनाको अर्थ अन्न र पा को अर्थ पानी शब्दबाट पानी प्रत्यय लगाएर उनापानी नाम रहन गएको हो भन्ने गरेका छन । यसमा अन्न आफसे आफ उब्जेको पानी पनि प्राकृतिले आफ्से आफ बनेको हुँदा यस ठाउँलाइ उनापानी भनिएको हो । भनाइ छ, यो ठाउँमा भिटा चिरियाल्नी तातोपानी टिम्रमा रुख चिसो तातो पानीका जिउला धारा मुल

कल्पाटा भन्ने ठाउँमा बिकको बारी आएको ठाउँ पछि अजु गजु बाजेले सर्की देवता पनि ल्याए मन्दिरको नाउमा सर्की बसे जिउला धारा दवारा बिके बारी फकेल्न फर्काए बिकको डर भएन जिउला धारा पानि गाउँ देखी करिब १७० मिटर जती तल भित्र तल छिर्ने सम्मको औतारा देखाए यसरी उनापानी भनेर ना रहन गयो ।



## धार्मिक परम्परा

यस वडा नं ३ उनापानीमा पहिलेदेखी अहिले सम्म देबि देवता प्रति निकै आस्थावान हुदै आइरहेका छन । प्राय जसो हिन्दु धर्म मान्नेहरु देबि देवताको पुजा आजा गर्ने पनि गर्दछन । जस अनुसार यहाँका बासिन्दाहरुले मान्ने देबि देवताहरुमा खडा लेक सर्की, भुडारा मण्डीको सर्की, धरमाड सर्की, कैलाशपाटा सर्की, मष्टा, मण्डाल्नी, आदी प्रसिद्ध तथा प्रचलित देवताको रुपमा मानिदै आइ रहेका छन । पुर्खाहरु भन्ने गर्दछन, उनापानीको सर्की, रहेको रामपाल, छिप्रको लवासुर र गोप्काको गुरा त्यस मध्य उनापानीको सर्की तलको बझाङ, बाजुरा जिल्ला देखी लिएर हुम्लाको खोल्सी र फया सम्मका मानिसहरुलाई निराउने र लाग्ने गरेको पाइन्छ । साथै ठुला ठुला लाग र ढोयरीका मुद्या समेत छिन्ने गर्दछ यिनी देवताका मन्दिर भित्र असंख्या बाजागाजाहरुले भरिएका छन, प्राय जसो मानिसहरुलाई दुःख, पिडा चोरी, डकैती, अन्याय, अत्याचार, बलात्कार, हत्या, हिंसा, भ्रष्टाचार, गाली, बेइजती आदी जस्ता क्रियाकलाप भए गरेमा रुँदै कराउदै मन्दिरमा डुलाउने गर्दछन । अनि तुरुन्तै लाग्ने पनि गर्दछ । यस ठाउँका मानिसहरु देवताको बर्ष ६ देखी ७ वटा पुर्णिमा मान्ने गर्दछन । जसमा माग पुर्णिमा, बैशाख पुर्णिमा, साउन पुर्णिमा, ज्वारे पुर्णिमा, भैले पुर्णिमा, र दशहरा पुर्णिमा आदी उक्त पुर्णिमाहरुमा मध्य

साउन पुर्णिमा लाइ ठुलो मान्ने गरेका छन । साउन पुर्णिमामा धामी झाक्रीहरुलाई मानसरोवर, नौ मुले, मालिका र तिर्थ यात्रा गर्न जाने र लिने गर्दछन बाजा गाजा सहित यिनि सबै पुर्णिमाका दिन गाउँलेहरु लगायत टाढा टाढाबाट धेरै मानिसहरु आउछन । जहाँ मानिसहरुको ठुलो भिड हुन्छ । धामी झाक्रीहरु त्यो दिन बिभिन्न पैरनहरु लगाउने गर्दछन । बाइसे बाजा बजाइ धामी झाँक्रीहरु पालै पालो गरी सबैको सामु आ-आफ्नो खेल देखाउछन । जस्तो लाद हान्ने, तातो तेल पिउने, घाँट नचाउने, सीका पाती पार्ने, सतिमट गर्ने गर्दछन । यसरी यो धार्मिक परम्परा जगेर्ना गर्ने गरी मनाउदै आइ रहेको पाइन्छ ।

## तातो पानी

तातोपानी प्राकृतिक स्थलमा पर्ने मुख्य तथा प्रसिद्ध स्थल हो । यो तातोपानी सर्केगाड गाउँपालिका वडा नं ३ उनापानी गाउँमा अवस्थीत छ ।तातोपानी पुर्खाहरुको भनाइ अनुसार गाउँको नजिकै पश्चिम पट्टी सिपन्धारा भन्ने ठाउँमा सतहबाट मुल फुटेर बहिर निस्की ठुलो खाल्डो भएको अबस्थामा सोही खाल्डो नुहाइ धुवाइ गरी प्रयागमा आाइ रहेको थियो रे केही समयपछि उक्त तातो पानीको खाल्डोमा हुम्ला जिल्लाकै एक जना भोटे लामा जातिले चौरी गाईको छाला भिजाउन हाल्दा उक्त देबता नसही त्यो मुल दबिएर करीब ११० मिटर जती टाढा भिड चट्टान भित्र तल चिसो पानी खोलाको पिधमा निस्केको हो भन्ने किम्बतन्दी छ । त्यस अबस्थाको लगतै एकदमै कडा चट्टानको वरपर तल माथी थोरै थोरै ठाउँबाट बिभिन्न तापक्रमका पानीहरु फेला पर्दछन । त्यहा साना ८-१० वटा खाल्डा र धाराहरु बनाइएका छन । धाराहरुमा भने प्रकृतिकले आफ्सेआफ चट्टान भिर पाखाबाट निस्किरहेका छन । यस तातोपानीमा बर्षेनी टाढा टाढाबाट धेरै मानिसहरु नुहाउन र धुनका लागि आउने गर्दछन । नुहाइ धुवाइको क्रममा यस ठाउँका बासिन्दाहरुलाइ १०० मा ९५ प्रतिशत फाइदा हुन्छ भने ५ प्रतिशत बेफाइदा पनि हुने गरेको अनुमान छ ।

यो तातोपानी अत्यन्दै प्रसिद्ध हुदै गइरहेको छ । यति मात्र नभइ यो तातोपानीमा नुहाउदा पुर्खाहरु भन्ने गर्थे शरिर दुख्ने बाथ रोग र रुघाखोकी आदी जस्ता रोगहरु सन्चो गर्दछ भन्ने भनाइ छ । यो तातोपानीको ब्याबस्थित नभइ त्यहाँका बासिन्दाहरु निकै दुखित छन । जसको ब्याबस्थापनको लागि नेपाल सरकार र बिभिन्न संघ सस्थाहरुमा ध्यानाकर्षण होस भन्ने गाउँबासीहरुको आग्रह छ । जस अनुसार खेर गएका प्रकृति सम्पदाहरुको संरक्षण र सम्बर्द्धन गर्न सबैको भुमिका रहन्छ भन्ने बिस्वास छ ।



## खाँडालेख मन्दिर

विशेषगरी स्थानीय जन विश्वास अनुसार जब कोही अन्यायमा पर्छन्, उनीहरू सत्यको पक्षमा प्रमाण दिनका लागि खसी काट्ने गर्छन्। यो धार्मिक प्रथा न्याय र सत्यको प्रतीक मानिन्छ। यस्तो अनौठो र गहिरो सांस्कृतिक परम्पराले गर्दा मन्दिरको धार्मिक र पर्यटकीय महत्त्व पनि उत्तिकै बढ्दो छ।

खाँडालेख मन्दिर सांस्कृतिक सम्पदा मात्र होइन, न्यायको प्रतीक हो। परम्पराले बाँधिएको यो स्थानको संरक्षण गर्नु सबैको कर्तव्य हो। यसले धार्मिक आस्थासँगै स्थानीय पर्यटनमा पनि टेवा पुऱ्याउनेछ।"स्थानीय बासिन्दा मात्र नभइ अन्य वडाबाट समेत दर्शनार्थीहरू आउने क्रम बढेको छ। मन्दिर वरपरको वातावरण पनि सफा, व्यवस्थित र शान्त पाराले भरिएको छ, मन्दिर स्थानीय संस्कार र परम्पराको संरक्षणमा मात्र सीमित नभई भावी पुस्तालाई आफ्नो मौलिक पहिचान बुझ्ने अवसर पनि प्रदान गरेको छ। अब यो स्थल धार्मिक पर्यटनको आकर्षक केन्द्र बन्ने विश्वास गरिएको छ ।

परा-पूर्वकाल देखि न्याय निसाफका लागि खसी बलि दिने परम्पराले परिचित यस मन्दिरको अवस्था विगत केही वर्षदेखि अत्यन्त जिर्ण भइसकेको अबस्था छ। छानाको छिद्र, भित्ताको चिरा र थुप्रै संरचनागत कमजोरीले गर्दा मन्दिरको अस्तित्व नै संकटमा परेको देखिन्छ ।



## उनापानी  भुवा पर्ब उत्पती र साँस्कृतिक परम्परा

यस ठाउँमा बिभिन्ना जात जातिका मानिसहरु बसोबास गर्दै आएका छन । जस्तैः फडेरा, कार्की, रावत, थापा, रावल, बुढा, कामी र भियाल यिनिहरु फरक जाती भएपनि साँस्कृतिक भेष भुषा एउटै छ । यहाँ बर्षेनी धेरै चाड पर्वहरु मनाउने गर्दछन । ती चाड पर्वहरुमा भुवा पर्व, दशैं, तिहार, भैलो, पन्चमी, तिज, पुर्णिमा, बर्षगाड र माघी सक्रान्ती आदी यहाँको मुख्य चाँड पर्वको रुपमा भुवा पर्ब मान्ने वा पर्ने गर्दछ ।

भुवा पर्ब- पुर्खाहरुको भनाइ अनुसार यो पर्ब भगवान शिव र पार्वतीको एउटा खेल हो भन्ने किंवदन्ती छ । भगवान शिवले पार्वतीको लभ प्रतिको इच्छा वा चाहाना पुर्ति गर्न सक्नु भएन रे पर्वातीलाई लभ को झन झन बढी भन्दा पनि बढी चाहाना बढ्दै गएछ । अनि शिवलाइ बढी चिन्ता र आतुर  भएछ । शिवले केही छिन सोचे पार्वतीको चाहाना पुरा गर्न एउटा जुक्ती निकाले एका तर्फ पार्वती अर्का तर्फ शिव ज्यू अनि शिवज्युले अठार लिङ्गोबाट बाक्का बेक्केनीको रुपमा आँखाको भोज हाल्ने गरी जेपाए तेही गर्ने जे पाए तेही बोल्ने गरेर पार्वतीको रिष मर्यो यसरी भुवा पर्वको उत्पती भएको हो भन्ने किंवदन्ती छ । अब त्यसैको अबसरमा पहिले देखी अहिले सम्म भुवा पर्व प्रत्यक बर्षको पौष महिनाको औसीको रातमा आगाको ठुलो भुवो गरेर भव्यताका साथ मनाउने गर्दछन । त्यो दिन आगोको राँको खेल्ने सह बोलाउने एउटै स्वरमा तलको काँसी माथिको मानसरोवर सम्म पुग्ने बाक्का बक्केनी गर्ने पुरुषले महिला प्रतिको लभ लाई कम गराउन बिभिन्न भाषा बोल्ने टाढा टाढाबाट धेरै मानिसहरु आउने गरी राती देखी भोलि पल्टको दिन भरी बहुमुल्य पुराना पुराना पैरनहरु बोखु पटुका

सेतो पर्दुनी दौरा सुरुवाल लगाएर देउडा खेल्ने ढाल तरवार खेल्ने बिभिन्न नाटकहरु गर्ने पाहुनाहरुलाइ खोजी खोजी स्वागत सम्मान गर्ने गरिन्छ ।

अहिले आएर यो पर्व झन बर्षेनी परिमार्जन हुदै अगाडी बढी रहेको पाइन्छ । ठुलो ठुलो आयोजना गर्ने जिल्ला भित्र र अनेत्र जिल्लाबाट एकदमै चर्चित देउडा पारखीहरुलाई निम्ता गरेर २ तिन दिन सम्म मनोरञ्जन गर्ने राम्रो खेलाडीलाई पुरस्कृत गर्ने गरिन्छ । यसरी उनापानीको भुवा पर्वमा नआउने र नहेर्ने मानिसहरु बिरलै हुन्छन । साथै हो हल्ला र शान्ती सुरक्षाका लागि भुवो ब्याबस्थापन समिती गठन गरेको हुन्छ । यस किसिमले यो पर्था घट्नु भन्दा बढ्दै गइरहेको छ ।



**बन्य जन्तु तथा जडिबुटीहरु**

बिशेष गरी यो ठाउँ प्राकृतिक सम्पदाले भरिपुर्ण भएको मानिन्छ । पहाड डाँडा काडाँ खोला नाला हरियाली सामुदायिक बन जंगल र बन्ने जन्तुहरु आदीले गर्दा यस ठाउँको प्राकृतिक सम्पदा निकै रमणिय देखिन्छ । मुख्य बन्य जन्य जन्तुहरुमा कस्तुरी, मृग, घोरल, झारल, बाघ, झालु, डाँफे, चाखुरा आदी बिभिन्न जातका पशुपंक्षीहरु बिभिन्न किसिमका जडिबुटीहरु पाइन्छन ।

**पहाड कविता**

पहाड हेर कती राम्रो लेक बेसीले गर्दा ।
हिम शिखर खोला नाला झरनाअरु झर्दा ।
हरा भरा बन जंगल जता ततै हेर्दा ।
पशु बस्तु जीप जन्तु त्यसके भर पर्दा ।
बस्तीहरु छरिएका वातावरण स्वच्छ ।
पहाड जस्तो खनाकंटार अरु कोनै कोच्छ ।
प्रकृतीले भरी पुर्ण नभेटिने के छ ।
जडीबुटी मखमली खोजेपछि जे छ ।
तरकारी फलफुल सब चिज टन्न ।
गरेपछि सबै थोक नगरेमा हुन्न ।
परिश्रम गरे भने घर घरमा अन्न ।
समयले साथ दिए सक्छ कस्ले भन्न ।

**खुगाड झरना**



### ३.२.४. वडानं ४ मा रहेका पर्यटकीय स्थलहरु

## सर्केगाड

### भौगोलिक र सामाजिक महत्व

हुम्ला जिल्लाको सदरमुकाम सिमकोट पछिको दोस्रो ठूलो बजार यहीँ रहेको छ।भौगोलिक हिसाबले जिल्लाको मध्य भागमा अवस्थित हुँदा यातायात, व्यापार र आवतजावतका लागि सहज छ।यहाँ धान, गहुँ, तरकारी, फलफूल लगायतका बालीहरू उत्पादन हुने भएकाले कृषि उपजमा धनी मानिन्छ। कर्णाली नदी र सर्केगाड खोलामा प्रशस्त माछा पाइने, पौडी खेल्न र नुहाउन सकिने सुविधा छ।यस क्षेत्रमा पर्यटक र यात्रुहरूको लागि भोजन र आवासको राम्रो व्यवस्था गरिएको छ। शैक्षिक, स्वास्थ्य र प्रशासनिक संरचना हुम्ला जिल्लाको सबैभन्दा पुरानो हिमज्योती माध्यमिक विद्यालय यहीँ अवस्थित छ। स्वास्थ्य चौकी, इलाका प्रशासन कार्यालय, प्रहरी चौकी, भित्रसेन गुफा, तथा १५ शैयाको निर्माणाधीन अस्पताल यसै क्षेत्रमा छन्। यी आधारभूत सेवाले सर्केगाडलाई हुम्लाको महत्वपूर्ण प्रशासनिक तथा सामाजिक केन्द्र बनाएको छ।

कर्णाली प्रदेशको हुम्ला जिल्लामा अवस्थित सर्केगाड गाउँपालिका प्राचीन समयदेखि नै कर्णाली नदी र सर्केगाड खोलाको संगमस्थल (दोभान) भएको कारण खेतीयोग्य तथा बस्तीयोग्य प्रमुख स्थलका रूपमा परिचित छ। यस स्थान कर्णाली करिडोर सडकमार्गको बिच भागमा पर्छ, जसको उत्तरतर्फ चीनको हिल्सा नाका र दक्षिणतर्फ भारतको जमुनाह नाका रहेकाले आवतजावतका लागि रणनीतिक महत्व बोकेको छ। सर्केगाड गाउँपालिकाको केन्द्र यही सर्केगाड बजार हो, जुन गाउँपालिका-४ को केन्द्र पनि हो।

सदरमुकाम सिमकोटका पछि हुम्ला जिल्लाको दोस्रो ठूलो बजारका रूपमा विकसित सर्केगाड भौगोलिक हिसाबले जिल्लाको मध्य भागमा पर्दछ। यहाँ व्यापारिक गतिविधि, आवास, भोजन तथा यातायात सेवाको व्यवस्था भएकाले पर्यटक र बटुवाहरूका लागि सहज स्थल बनेको छ। धान, गहुँ, तरकारी, फलफूल लगायतका स्थानीय बाली उत्पादन हुने यस क्षेत्रमा नदी-खोलामा माछा पाइने, पौडी खेल्न र नुहाउन सहज हुने विशेषता छ। यहाँ हुम्लाको सबैभन्दा पुरानो हिमज्योती माध्यमिक विद्यालय, स्वास्थ्य चौकी, इलाका प्रशासन कार्यालय, प्रहरी चौकी, १५ शैयाको निर्माणाधीन अस्पताल लगायतका सरकारी संरचनाहरू रहेका छन्। साथै, ऐतिहासिक "भिमसेन गुफा" पनि यसै क्षेत्रमा पर्छ।

सर्केगाड गाउँपालिकाको भौगोलिक सीमाना पूर्वमा रानीचौर, पश्चिममा दुल्ली गाउँ, दक्षिणमा कर्णाली नदी र गैरीसाँया गाउँसम्म फैलिएको छ। यो स्थान समुद्री सतहबाट करिब १,६०० मिटर उचाइमा अवस्थित छ।

भविष्यमा सर्केगाडलाई नमूना शहर वा औद्योगिक सहरका रूपमा विकास गर्ने ठूलो सम्भावना रहेको छ। त्रिदेशीय व्यापारिक मार्ग (कर्णाली करिडोर) को बिचमा पर्ने भएकाले यस स्थानलाई कृषि, जडीबुटी, फलफूल प्रसंस्करण तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न सकिने देखिन्छ। यसबाट स्थानीय आम्दानी मात्र नभई विदेशी मुद्रा आर्जन गर्ने सम्भावना समेत प्रबल छ। किंवदन्ती अनुसार सर्केगाड नामको उत्पत्ति सर्केगाड नाम कसरी रह्यो भन्ने विषयमा विभिन्न किंवदन्ती प्रचलित छन्ः

**स्वर्गलोकसँग सम्बन्धित किंवदन्ती**

कर्णाली नदीको मूल स्रोत त चीनको मानसरोवर नजिकको राक्षसताल हो, तर पुराना मानिसहरूले यसलाई स्वर्गलोकबाट बगेको भन्ने विश्वास गर्थे। स्वर्गलोकबाट आएको नदीलाई गाड भनिन्थ्यो, त्यसैले सर्केलोक बाट बगेको नदीलाई सर्केगाड भनिएको हो।

**सर्की देवताको थानसँग सम्बन्धित किंवदन्ती**

कर्णाली नदीको पारिपट्टि अवस्थित सर्की देवताको थान बाट यस स्थानको नाम सर्केगाड रहन गएको भनिन्छ।

**बाबियोको डोरी (तुइन) प्रयोग गर्ने प्रचलनसँग सम्बन्धित किंवदन्ती**

नदी वारपार गर्न बाबियोको डोरी प्रयोग गर्ने चलन थियो, जसलाई स्थानीय भाषामा घाट भनिन्थ्यो। यही शब्द अपभ्रंश भएर सर्केगाड बनेको भनाइ छ।

**सर्का (दूधका साना सिर्का जस्ता पानीका धारा) बाट बनेको नाम**

कर्णाली नदी र सर्केगाड खोलाको पानी स-साना धारा वा सिर्का जस्तै बग्ने भएकाले यसलाई सर्का + गाड भन्ने संयोजनबाट सर्केगाड भनियो भन्ने किंवदन्ती छ। यो किंवदन्तीलाई सबैभन्दा बढी विश्वसनीय मानिन्छ।



सर्केगाड वजार



सायाँ गाउँ वडा नं ४

## भिमसेन गुफा

सर्केगाड गाउँपालिकामा अवस्थित भिमसेन गुफा पुरातन इतिहास, किंवदन्ती र प्राकृतिक अद्भुत स्वरूपसँग जोडिएको एक महत्वपूर्ण सम्पदा हो। स्थानीय मान्यतानुसार महाभारतकालीन वीर भिमसेनले आफ्नो घुँडाले ढुङ्गामा कोचेको खाल्डो यही गुफाको आसपासमा रहेको बताइन्छ। प्राचीन समयमा मानिसका लागि कुनै घर, टहरा वा अन्य बसोबासको संरचना नभएकाले भिमसेन स्वयंले यस गुफालाई आश्रय स्थलका रूपमा प्रयोग गरेको भन्ने किंवदन्ती अझै जीवित छ। यसले गुफाको धार्मिक तथा पौराणिक महत्वलाई अझै बलियो बनाएको छ।

भौगोलिक रूपमा हेर्दा, यो गुफा सर्केगाड गाउँपालिकाको केन्द्र देखि करिब १ किलोमिटर उत्तरतर्फ पर्छ। गुफामा पुग्न करिब २ सय मिटर लामो ढुङ्गे सुरुङ पार गर्नुपर्छ, जसले स्वाभाविक रूपमा गुफालाई रोचक बनाएको छ। करिब २ सय जना मानिस एकैपटक अटाउन सक्ने क्षमताको कारण यो गुफा हुम्ला जिल्लाका अन्य प्राकृतिक गुफामध्ये अनौठो र विशेष मानिन्छ। गुफा ढुङ्गै-ढुङ्गाको सुरुङ र बाटोमार्फत बनेको हुनाले यो भौगोलिक संरचना दृष्टिले पनि एक अन्वेषणीय स्थल हो।

गुफाको चारैतिर प्राचीन र प्राकृतिक स्थलहरू रहेका छन्। यसका पूर्वतर्फ भिमसेनको घुँडाले कोचेको ढुङ्गा, पश्चिमतर्फ भदाली डाँडा, दक्षिणतर्फ सर्केगाड गाउँपालिकाको कार्यालय भवन, र उत्तरतर्फ माथिल्लो भदाली डाँडा रहेको छ। यी चार भू-भागको बीचमा अवस्थित गुफा भूगोल, किंवदन्ती र पर्यटकीय दृष्टिले अत्यन्त आकर्षक देखिन्छ।

गुफासम्म पुग्ने मार्ग पनि सहज छ। वडा नं. ४ कार्यालयबाट करिब १ किलोमिटर दूरी (१५ मिनेट पैदल) र गाउँपालिका कार्यालयबाट पनि करिब १ किलोमिटर दूरी (१५ मिनेट पैदल) मात्र लाग्छ। यसले यहाँ पुग्ने पर्यटकलाई समय र दुरी दुवै हिसाबले सजिलो बनाएको छ।

हालसम्म यो गुफा पत्ता लागेको करिब १० वर्षजति मात्र भएको भए पनि यसलाई कुनै पनि मानवीय संरक्षित व्यवस्थापनमा ल्याइएको छैन। अझैसम्म व्यवस्थित प्रचारप्रसार, सरसफाइ, सुरक्षा तथा पर्यटकीय संरचना विकास नभएकाले पर्यटकहरूको आकर्षणमा आउन सकेको छैन। तर, यसको प्राकृतिक स्वरूप आफैंमा सुरक्षित छ।

यदि यस गुफालाई व्यवस्थित संरक्षण गर्दै पर्यटक पदमार्ग, प्रकाश व्यवस्था, मार्गदर्शन प्रणाली, र प्रचारप्रसार निर्माण गर्न सकियो भने, यो स्थान सर्केगाड गाउँपालिकाको प्रमुख पर्यटकीय आकर्षण बन्नेछ। यसबाट स्थानीय समुदायलाई रोजगारी सिर्जना हुने, पर्यटक आवागमन बढ्ने, साथै स्वदेशी र विदेशी मुद्रा आर्जन गर्ने ठोस सम्भावना रहेको छ।

## दुल्ली कुना प्राकृतिक सुरुङ

सर्केगाड गाउँपालिका-४ मा अवस्थित दुल्ली कुना प्राकृतिक सुरुङ भौगोलिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण र पर्यटकीय सम्भावनायुक्त स्थल हो। यस सुरुङको चारैतिर प्राकृतिक किल्लाजस्तो सीमाना रहेको छ–पूर्वमा दुल्ली गाउँ, पश्चिममा बरगाउँ, दक्षिणमा कर्णाली नदी, र उत्तरतर्फ पहाडी भू-भाग। करिब ३ सय मिटर लामो यो सुरुङ कर्णाली करिडोर सडकदेखि नदीसम्म फैलिएको छ।

स्थानीय बासिन्दाको भनाइ अनुसार अतीतमा मानिसहरू यही सुरुङमार्फत कर्णाली नदीमा पुग्थे र नदीको बालुवा ल्याउने गर्थे। सुरुङको आकार यति फराकिलो छ कि एकपटकमा एक जना मानिस सजिलै आवतजावत गर्न सक्थे। प्राकृतिक रूपमा बनेको यस सुरुङलाई कुनै मानव-निर्मित संरचनाले नभई प्रकृतिले नै सिर्जना गरेको हो, जसले यसलाई अझ रोचक र अध्ययन योग्य बनाएको छ।

यो सुरुङको लम्बाइ करिब ३०० मिटर रहेको छ, जसको चौडाइ एक व्यक्तिले सजिलै हिँड्न सक्ने खालको छ। यदि यसलाई व्यवस्थित संरक्षण गरी पर्यटकिय पदमार्गसँग जोड्ने काम गर्न सकियो भने यो स्थल पर्यटकहरूको लागि विशेष आकर्षण बन्न सक्छ। यसबाट स्वदेशी तथा विदेशी मुद्रा आर्जन गर्ने मात्र नभई, स्थानिय उत्पादन–जस्तै रैथाने बाली, फलफूल र जडीबुटी–को बजार विस्तार गर्न सकिनेछ। साथै, यसले स्थानीय बासिन्दाका लागि रोजगारी सिर्जना गर्ने पर्याप्त सम्भावना बोकेको छ।

स्थानिय दृष्टिले यो सुरुङसम्म पुग्ने दूरी पनि सहज छ। वडा नं. ४ कार्यालयबाट करिब ५०० मिटर (१५ मिनेट पैदल) र गाउँपालिका कार्यालयबाट करिब १ किलोमिटर (१ देखि २ घण्टा) हिँड्दा यो स्थलमा पुग्न सकिन्छ। अहिले यस सुरुङको प्रयोग खासै नभए पनि, दुल्ली गाउँका बासिन्दाले सुनाउने किंवदन्तीअनुसार उनका पुर्खाहरू यही बाटो प्रयोग गरी कर्णाली नदीबाट बालुवा ल्याउँथे।

हालसम्म यो सुरुङ प्राकृतिक रूपमा नै सुरक्षित छ। यद्यपि, मानव-निर्मित संरक्षण वा व्यवस्थापनका ठोस पहल भने अझै भएको छैन। तर, दुल्ली गाउँका बासिन्दामाझ यसलाई संरक्षण गर्ने चेतना बढ्दो क्रममा देखिन्छ, जसले भविष्यमा यस स्थललाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने बाटो खुलाउनेछ।

## इन्द्रेणी छहरा : प्रकृतिको अनुपम उपहार

सर्केगाड गाउँपालिका-४, न्यासी खोलामा अवस्थित इन्द्रेणी छहरा कर्णाली प्रदेश, हुम्लाको एक अत्यन्त आकर्षक र अनौठो प्राकृतिक स्थल हो। यो छहरा करिब ३०० मिटर उचाइबाट तल खस्छ, जसको प्रवाहमा सूर्यको प्रकाश पर्दा सातवटा रङ (सप्तरङ्गी इन्द्रेणी) देखिन्छ। यही कारण यसलाई इन्द्रेणी

छहरा नाम दिइएको हो। इन्द्रेणीको मनमोहक झिलिमिलीले यो स्थानलाई प्राकृतिक सुन्दरताको अनुपम नमूनाका रूपमा स्थापित गरेको छ।

छहरा कर्णाली करिडोर सडकबाट करिब १ किलोमिटर उत्तरतर्फ अवस्थित छ। यहाँ पुग्न न्यून लागत र छोटो समयमै पर्यटकिय पदमार्ग बनाउन सकिने भएकाले यसलाई तत्कालै आकर्षक गन्तव्यका रूपमा विकास गर्ने सम्भावना छ। छहराको चारैतिर प्राकृतिक किल्लाजस्ता भू-संरचना रहेका छन् – दक्षिणमा कर्णाली नदी, पूर्व र पश्चिममा उचालिएका कठोर चट्टान, र उत्तरतर्फ पुमा गाउँ। यसले छहरालाई अझै रमणीय र सुरक्षित देखाउँछ।

यदि छहरासम्म पुग्ने बाटो व्यवस्थित पदमार्ग, दृश्यावलोकन स्थल (view point), होटल, होमस्टे तथा अन्य सेवासुविधासहित विकास गर्न सकियो भने, यसले आन्तरिक तथा बाह्य दुवै पर्यटकलाई आकर्षित गर्न सक्छ। यसबाट स्वदेशी तथा विदेशी मुद्रा आर्जन गर्न सकिनेछ भने स्थानीय बासिन्दाले रोजगारी र आयस्रोत दुवै पाउनेछन्।

हालको अवस्थालाई हेर्दा वडा नं. ४ कार्यालयबाट छहरासम्म पुग्न करिब ५०० मिटर दूरी र २.५ घण्टा पैदल यात्रा लाग्छ। गाउँपालिका कार्यालयबाट पनि पैदल पुग्न त्यस्तै समय लाग्छ। हालसम्म यो छहरा कुनै कृत्रिम संरचनाले व्यवस्थित गरिएको छैन। तर, प्राकृतिक रूपमा सुरक्षित रहेको यस स्थललाई भविष्यमा व्यवस्थित संरक्षण र प्रचारप्रसारमार्फत अन्तर्राष्ट्रिय स्तरको पर्यटन गन्तव्य बनाउन सकिन्छ।

## सर्की देवताको थान

सर्केगाड गाउँपालिका-१, तल्लो मुण्डी गाउँमा अवस्थित सर्की देवताको थान हुम्ला जिल्लाको सबैभन्दा प्रसिद्ध धार्मिक स्थलहरूमध्ये एक हो। यस स्थलको उत्पत्ति सम्बन्धी किंवदन्ती अझै पनि स्थानीय समुदायमा गहिरो रूपमा जगेर्ना गरिएको छ।

### उत्पत्ति सम्बन्धी किंवदन्ती

प्राचीन समयमा १ नं. वडा जैर गाउँको माथिल्लो स्थान सुकाटाँका मा एक बहिरा गाईगोठालाले गाई चराउने गर्थे। उनका गाईमध्ये एकवटा गाईले घरमा दुध नदिई, सुकाटाँकामा रहेको लाम्चो आकारको ढुङ्गामा दुध चढाउने गर्थ्यो। एक दिन गोठालाले गाईलाई पछ्याउँदा उक्त गाईले ढुङ्गामा दुध चढाएको देखे। उनले ढुङ्गा फुटाएपछि त्यसको टुक्रा विभिन्न ठाउँमा गएर खस्यो।

एउटा टुक्रा जैर गाउँमा,

अर्को मुण्डी गाउँमा,
अर्को खाडिलेखमा,
अर्को उनापानीमा,
अर्को रिप गाउँमा,
र अर्को अदानचुलीस्थित रोकाया तथा पाल्स गाउँमा खस्यो।

यी सबै ठाउँमा आजसम्म पनि सर्की देवताको थान स्थापनामा पूजा-आराधना गरिन्छ।

**धार्मिक महत्व**

यी थानहरूमध्ये सबैभन्दा शक्तिशाली मानिने थान तल्लो मुण्डी गाउँमा रहेको छ। यस देवताको चमत्कारी शक्तिका थुप्रै कथाहरू प्रचलित छन्। उदाहरणका लागि –
धामी-झाँक्रीले घण्टा चपाएर निल्ने,
कर्णाली नदीबाट सुनको लट्ठी निकाल्ने,
पुर्णिमाको दिन त्रिशुल पेटमा रोपेर आन्द्रा बाहिर निकाल्ने र फेरि भित्र हाल्ने।
यी घटनाहरूलाई स्थानीयहरूले देवताको शक्ति र चमत्कारको प्रमाणका रूपमा व्याख्या गर्छन्।

**धार्मिक अनुष्ठान र परम्परा**

प्रत्येक वर्ष साउने पुर्णिमाको दिन सुकाटाँका मूल स्थलमा पुजारी, धामी-झाँक्री र भक्तजनहरू विशेष दर्शन र पूजा गर्न पुग्छन्। यस दिन बाजागाजासहित देवतालाई पूजा गर्ने, भविष्यवाणी गर्ने र न्याय-निसाफ गर्ने परम्परा छ।

**संरक्षण र विकास सम्भावना**

सर्की देवताको थानलाई धार्मिक पर्यटन स्थलका रूपमा विकास गर्ने ठूलो सम्भावना छ। सुकाटाँकासम्म पुग्ने पदमार्ग यसै थानबाट सुरु भई गुसाँ हुँदै जैर गाउँ र तुम्चसम्म जोडिन्छ। यदि यस स्थललाई व्यवस्थित गरी आधुनिक मन्दिर निर्माण गर्न सकियो भने, यो प्रसिद्ध धार्मिक पर्यटन गन्तव्य बन्नेछ। यसले आन्तरिक र बाह्य दुवै पर्यटकलाई आकर्षित गर्नेछ, जसबाट स्थानीय बासिन्दाको आयस्रोत र रोजगारीमा उल्लेखनीय वृद्धि हुनेछ।

हाल परम्परागत पूजा-आराधना स्थानीय बासिन्दाले निरन्तर गर्दै आएका छन्। सरकारको सानो अनुदानमार्फत थान वरिपरि घेरवार निर्माण गरिएको छ। तर मूल संरक्षण र परम्परागत व्यवस्थापन भने अझै पनि स्थानीय समुदायकै सक्रिय सहभागितामा चलिरहेको छ।



सर्केगाड गा/मुन्डीमा राहेको सर्की देवताको थान ४ .वडा नं .पा.माणु

## हाँस मारे

सर्केगाड गाउँपालिका-४ दुल्ली गाउँको उत्तरी भागमा अवस्थित हाँस मारे स्थल प्राकृतिक सौन्दर्यसँगै ऐतिहासिक र पुरातात्त्विक महत्व बोकेको गन्तव्य हो। यो स्थल गाउँको उत्तरतर्फ करिब ३०० मिटर दूरीमा पर्दछ, जहाँ ठूलो ढुङ्गामा खुकुरी र विभिन्न जंगली जनावरका आकृतिहरू कोरिएका छन्। यी चित्रकलालाई स्थानीय बासिन्दा र अध्ययनकर्ताहरूले प्राचीन सिकारी युगका मानिसहरूले कुदेको अनुमान गरेका छन्। त्यस समयको मानव जीवनशैली, शिकारप्रति निर्भरता, र कलात्मक अभिव्यक्तिलाई यो स्थलले प्रत्यक्ष झल्काउँछ। ढुङ्गामा देखिएका आकृतिहरू सरल भए तापनि ऐतिहासिक दृष्टिले अत्यन्त मूल्यवान छन्, जसले यस स्थानलाई हुम्लाको प्राचीन सभ्यता र संस्कृति बुझ्न एउटा खिड़कीको रूपमा स्थापित गरेको छ।

भौगोलिक हिसाबले हेर्दा, हाँस मारे स्थल कर्णाली करिडोरको मुख्य सडकको नजिकै रहेको छ, जसले यसलाई सहजै पर्यटकिय पदमार्गसँग जोड्ने सम्भावना देखाउँछ। वडा नं. ४ कार्यालयदेखि करिब १ देखि १.५ घण्टाको पैदल यात्रा र सर्केगाड गाउँपालिकाको कार्यालयदेखि करिब १ किलोमिटर (करिब डेढ घण्टा) हिँडेर पुग्न सकिन्छ। यात्रा छोटो, रमणीय र कम लागतमा सम्भव हुने भएकाले यसलाई पदमार्ग विकासमार्फत पर्यटनसँग जोड्न सजिलो छ।

तर, अहिलेसम्म यस स्थललाई कुनै औपचारिक संरचना वा संरक्षण प्रणालीमा ल्याइएको छैन। यसले अझै पनि प्राकृतिक रूपमा मात्र सुरक्षित अवस्थामा आफ्नो अस्तित्व कायम राखिरहेको छ। मानवीय संरक्षण र प्रचार-प्रसारको प्रयास नगरीएको भए पनि, स्थानीय समुदाय यसलाई आफ्नो इतिहास र पहिचानसँग गाँसिएको सम्पदा मान्छन्।

यदि यसलाई व्यवस्थित संरक्षण गर्दै – सूचना पट्टिका (information board), पदमार्ग, विश्राम गृह, र स्थानीय उत्पादन प्रवर्द्धन गर्ने सुविधा (जस्तै होमस्टे, स्थानीय फलफूल वा हस्तकला बिक्री) थप्न सकियो भने, यो स्थलले हुम्लाको पुरातात्त्विक महत्व मात्र होइन, आर्थिक र सामाजिक विकासमा पनि योगदान दिन सक्छ। यसरी, हाँस मारे स्थललाई संरक्षण र व्यवस्थापन गर्न सकियो भने यो सर्केगाड गाउँपालिकाको गौरवशाली सांस्कृतिक सम्पदा र पर्यटन प्रवर्द्धनको प्रमुख आधार बन्नेछ।

## सुकाटाँगा

सर्केगाड गाउँपालिका-४, दुल्ली गाउँको उत्तरी भागमा अवस्थित हाँस मारे स्थल प्राकृतिक सौन्दर्यसँगै ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्व बोकेको अद्वितीय गन्तव्य हो। गाउँको उत्तरतर्फ करिब ३०० मिटर दूरीमा रहेको यस स्थलमा ठूलो ढुङ्गामा खुकुरी र विभिन्न जंगली जनावरका आकृतिहरू कोरिएका देखिन्छन्। यी चित्रकलालाई स्थानीय बासिन्दा मात्र होइन, अध्ययनकर्ताहरूले पनि प्राचीन सिकारी युगका मानिसहरूले बनाएको अनुमान गरेका छन्। प्राचीनकालीन सिकारी जीवनशैली, शिकारलाई जीविकोपार्जनको मुख्य आधार बनाउने प्रवृत्ति, र कलात्मक अभिव्यक्तिलाई प्रत्यक्ष रूपमा यस स्थलले प्रकट गर्छ। ढुङ्गामा कोरिएका आकृतिहरू यथेष्ट सरल भए पनि, तिनीहरू पुरातात्त्विक दृष्टिले अत्यन्त मूल्यवान छन्। यी चित्रहरूले हुम्ला जिल्लाको प्राचीन सभ्यता र सांस्कृतिक इतिहासलाई बुझ्नका लागि एउटा जीवित प्रमाण प्रस्तुत गरेका छन्। यसै कारण यो स्थललाई प्राचीन सभ्यताको एक दुर्लभ धरोहरका रूपमा व्याख्या गर्न सकिन्छ।

भौगोलिक दृष्टिले, हाँस मारे स्थल कर्णाली करिडोरको मुख्य सडक नजिकै अवस्थित भएकाले यहाँ पुग्न सजिलो छ। वडा नं. ४ कार्यालयदेखि करिब १ देखि १.५ घण्टा पैदल यात्रा र *सर्केगाड गाउँपालिकाको कार्यालयदेखि करिब १ किलोमिटर (डेढ घण्टा पैदल)*मा पुग्न सकिन्छ। छोटो दूरी, रमणीय प्राकृतिक दृश्य, र न्यून लागतका कारण यस स्थललाई पदमार्ग निर्माणमार्फत पर्यटनसँग सजिलै जोड्न सकिने सम्भावना छ। यदि यस क्षेत्रमा व्यवस्थित पदमार्ग, विश्रामस्थल, र पर्यटनका लागि आधारभूत संरचना निर्माण गरियो भने, यसले पर्यटकलाई आकर्षित गर्ने मात्र होइन, स्थानीय अर्थतन्त्रलाई समेत मजबुत बनाउन मद्दत गर्नेछ।

तर, यतिबेला यो स्थल कुनै औपचारिक संरक्षण वा व्यवस्थापनबिना प्राकृतिक रूपमा मात्र सुरक्षित छ। अहिलेसम्म यसलाई पुरातात्त्विक सम्पदाका रूपमा दर्ता गर्ने वा संरक्षण गर्ने ठोस पहल भएको छैन। यद्यपि, स्थानीय बासिन्दाहरू यसलाई आफ्नो गौरवशाली इतिहास, संस्कृति र पहिचानसँग जोडिएको सम्पदा मान्दै आएका छन्। उनीहरूको दृष्टिमा हाँस मारे स्थल केवल ढुङ्गामा कोरिएका चित्र नभई पुराना पुस्ताको जीवनशैली र विश्वासको प्रतिबिम्ब हो।

यदि भविष्यमा यस स्थललाई व्यवस्थित रूपमा संरक्षण र प्रचार-प्रसार गर्न सकियो भने यसको महत्व अझ बढ्नेछ। सूचना पट्टिका (information boards) राखी यसको ऐतिहासिक पृष्ठभूमि वर्णन गर्ने, पदमार्ग विस्तार गर्ने, विश्राम गृह (rest sheds) निर्माण गर्ने, र स्थानीय उत्पादन–जस्तै रैथाने फलफूल, हस्तकला तथा होमस्टे सेवा–लाई प्रोत्साहन गर्ने कार्य भएमा यो स्थल हुम्ला जिल्लाको प्रमुख पर्यटकीय आकर्षण बन्न सक्नेछ। यसले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नुका साथै रोजगारी सिर्जना गर्ने, स्वदेशी तथा विदेशी मुद्रा आर्जन गर्ने, र सम्पूर्ण समुदायलाई आर्थिक लाभ दिलाउने सम्भावना छ।

यसरी, हाँस मारे स्थल केवल पुरातात्त्विक महत्व बोकेको ढुङ्गे चित्रकलाको नमुना मात्र नभई सर्केगाड गाउँपालिकाको गौरवशाली सम्पदा हो। यसको संरक्षण, व्यवस्थापन र प्रचारप्रसारमार्फत यसलाई सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिनेछ, जसले स्थानीय पहिचानलाई मजबुत पार्नुका साथै हुम्ला जिल्लाको समग्र पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुऱ्याउनेछ।

## ३.२.५. वडानं ५ मा रहेका पर्यटकीय स्थलहरु

## ३.२.६. वडानं ६ मा रहेका पर्यटकीय स्थलहरु

### प्राकृतिक स्थलहरू

हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका प्राकृतिक सम्पदाले भरिपूर्ण क्षेत्र हो। यहाँको भौगोलिक अवस्थाले यसलाई अपार पर्यटकीय सम्भावना बोकेको क्षेत्र बनाएको छ। पहाडी सौन्दर्य, शुद्ध हावापानी, हरियाली वातावरण, रमणीय दृश्य र ऐतिहासिक–सांस्कृतिक स्थलहरूको संयोजनले यसलाई पर्यटकहरूको लागि आकर्षक गन्तव्य बनाएको छ।

यस क्षेत्रमा हाइकिङ, ट्रेकिङ, क्याम्पिङ र जलयात्रा जस्ता साहसिक पर्यटन गतिविधि गर्न सकिने सम्भावना छ। हिमालका दृष्य, हरियाली जंगल, सफा खोला–नदी तथा जलप्रपातहरूले पर्यटकलाई सौन्दर्यसँगै मानसिक शान्तिको अनुभव दिलाउँछन्। यसरी सर्केगाडको प्राकृतिक वातावरण स्वयंमा एउटा अद्वितीय सन्देश र अनुभवको प्रतीक बनेको छ।



**लेक बराई**



## कुहिरो भित्र लुकेको बराई गाउँ

### सांस्कृतिक सम्पदाहरू

सर्केगाड गाउँपालिकाको अर्को पहिचान यसको विविधतापूर्ण सांस्कृतिक धरोहर हो। यहाँ लामा, तामाङ, ठकुरी, दलित र अन्य जातीय समुदायको बसोबास छ। उनीहरूको सांस्कृतिक परम्परा, भाषा, पोशाक, गीत–संगीत र चाडपर्वले यस क्षेत्रलाई मौलिक सांस्कृतिक गन्तव्य बनाएको छ। विशेष गरी ल्होछार, झ्याउरे, देउडा जस्ता नृत्य तथा सांस्कृतिक उत्सवहरूले यहाँको जीवनशैलीलाई अझ रंगीन र आकर्षक बनाएका छन्। दशैं, तिहार, साउने संक्रान्ति, फागु पूर्णिमा जस्ता चाडहरू पनि सामूहिक रूपमा मनाइन्छ। यी उत्सवहरूले केवल सांस्कृतिक विविधता मात्र नभई सामाजिक एकता र धार्मिक सहिष्णुताको प्रतिविम्ब पनि प्रस्तुत गर्छन्।
साथै, यहाँका बौद्ध मठ र हिन्दू मन्दिरहरूले धार्मिक पर्यटनलाई प्रवर्द्धन गरेका छन्। धार्मिक भ्रमण र उत्सवले पर्यटकलाई शान्ति, आध्यात्मिकता र सांस्कृतिक अनुभव दिन्छ। स्थानीय जनजीवनसँग जोडिएका परम्परागत नाचगान, बाजा (जस्तै मादल, ढोल, दमाहा) र हस्तकलाका उत्पादनहरू (ऊनका कपडा, ढाका टोपी, झोला) अझै पनि प्रचलनमा छन्। यी सम्पदाले सर्केगाडको सांस्कृतिक पहिचानलाई संरक्षण गर्ने मात्र नभई आर्थिक स्रोतका रूपमा पनि योगदान पुर्याउँछन्।

धार्मिक सम्पदा

सर्केगाड गाउँपालिका–६ अन्तर्गत विभिन्न धार्मिक स्थलहरू अवस्थित छन्, जसमाः

**१. नाम्ले थाप्ले मन्दिर**

समुद्र सतहदेखि करिब ३००० मिटरको उचाइमा अवस्थित सर्केगाड गाउँपालिका वडा नं. ६ को लेख वराइ देखि उत्तरतर्फ वडा नं. ७ को सिमाली वन, दक्षिणतर्फ लादाङ खोला, पूर्वमा पातल लोटे र पश्चिममा अग्लो डाँडाले घेरेको स्थानमा रहेको नाम्ले थाम्ले मन्दिर प्राकृतिक र धार्मिक दृष्टिले अत्यन्तै महत्वपूर्ण तीर्थस्थल हो। यस मन्दिरमा भगवान शिव र देवी दुर्गाको आकर्षक मन्दिर रहेको छ। मन्दिर भित्र करिब दुई क्विन्टल तौलको ढुङ्गे मूर्ति विराजमान छ, जसलाई देवी दुर्गाको प्रतिमाको रूपमा मानिन्छ। किंवदन्ती अनुसार, यो मूर्ति रोडिकोट भित्र पर्ने न्याथाङ भन्ने स्थानमा भेटिएको थियो। वराइ गाउँका नाग्मले बुढाथोकी नामक एक गोठालाले बाख्रा चराउने क्रममा यस मूर्तिलाई देखेका थिए। मूर्ति असाधारण सुन्दर ढुङ्गाको भएकाले उनले यसलाई गाउँतिर लैजाने निर्णय गरे। नाम्लो प्रयोग गरी शिरमा बोकेर उनी उकालो चढ्दै हालको मन्दिर रहेको डाँडासम्म आइपुगे। त्यहाँ केहीबेर आरामका लागि मूर्ति राखेपछि पुनः बोकेर उठाउने प्रयास गर्दा मूर्तिले नै उनको ढाडमा प्रहार गरेको भनाइ छ। त्यसपछिदेखि उनले जतिसुकै प्रयास गरे पनि मूर्ति उठाउन सकेनन् र अन्ततः मूर्तिलाई त्यहीं छोडेर देवीले यही स्थान रोजेको विश्वासमा पूजा गर्न थाले। त्यस घटनाका आधारमा यस मन्दिरलाई “नाम्ले थाम्ले” नामाकरण गरिएको जनश्रुति छ, जसमा मूर्ति नाम्लो प्रयोग गरेर बोकेर ल्याइएकाले नाम र घटनाबीच सान्दर्भिक सम्बन्ध देखिन्छ।

यस मन्दिरमा हरेक वर्ष भाद्र औंसीको पञ्चमीमा भव्य गव्य मेला लाग्ने गर्दछ। यस अवसरमा वडा नं. ४ सायाँ, वडा नं. ५ गोठी, वडा नं. ६ वराइ, वडा नं. ७ रोडिकोट र वडा नं. ८ राहदेव फुचाका भक्तजनहरू साथै खार्पुनाथ गाउँपालिकाका श्रद्धालुहरूले पनि ठूलो संख्यामा उपस्थित हुने गर्दछन्। मेलाको समयमा दुर्गा भवानीसमक्ष मनोकामना व्यक्त गर्ने, धामी–झाँक्री नाच, देउडा खेल, चुट्किला, बाजागाजा र देवी–देउताको भजन गाउने प्रचलन रहँदै आएको छ। श्रद्धालुहरूले धुप, बत्ती, दूध, फलफूल, अक्षता र घिउको टसी चढाई, शिर मन्दिरमा टेकेर बरदान माग्ने परम्परा पनि छ। स्थानीय जनविश्वासअनुसार, यस मन्दिरमा सच्चा श्रद्धाले गरिएका मागहरू पूर्ण रूपमा पूरा हुने मानिन्छ।

मन्दिर परिसरको दक्षिणतिरको ढुङ्गामा भगवान शिवले पाऊँ टेक्दा बनेको दुई खुट्टाको छाप, गाईका चार खुट्टाका छाप र दूध दिने ठेकीको आकृति अझै पनि देख्न सकिन्छ, जसले यो स्थललाई अझै पवित्र र अलौकिक बनाएको छ। यसैकारण नाम्ले थाम्ले मन्दिरलाई देवी दुर्गा र भगवान शिवले रोजेको विशिष्ट शक्ति–पीठका रूपमा मानिन्छ। हाल स्थानीय वडा र गाउँपालिकाले केही संरक्षण र पूर्वाधार विकासका पहलहरू गरे पनि मन्दिर वरिपरि

भिरालो डाँडामा रहेकोले बाटो–घाटोको अभाव, खानेपानी, विश्रामस्थल र व्यवस्थित बसोबासको सुविधा अझै अपर्याप्त छ।

यदि भविष्यमा यस मन्दिरसम्म पुग्ने पदमार्ग, खानेपानी, बत्ती, विश्रामस्थल, प्रचार–प्रसार र पर्यटन पूर्वाधार विकास गर्न सकियो भने यो क्षेत्र केवल धार्मिक स्थल मात्र नभई पर्यटकहरूको आकर्षण केन्द्र बन्ने निश्चित छ। यसले गाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुर्‍याउने मात्र नभई सांस्कृतिक धरोहरलाई संरक्षण र संवर्धन गर्ने माध्यम पनि बन्नेछ। नाम्ले थाम्ले मन्दिर हाम्रो मौलिक संस्कृति, आस्था र पुरख्यौली सम्पत्तिको जगेर्ना गर्ने महत्वपूर्ण धरोहर भएकाले यसको संरक्षण र भावी पुस्तामा हस्तान्तरण गर्नु हामी सबै नेपालीहरूको परम कर्तव्य ठहरिन्छ।

## २. देवकाँध गुफा

देवकाँध प्राकृतिक देवस्थल सर्केगाड गाउँपालिका–७ र ५ मा अवस्थित एक अद्वितीय गुफा तीर्थ हो, जसले प्राचीनकालदेखि नै धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले महत्त्वपूर्ण स्थान ओगटिरहेको छ। यस गुफालाई स्थानीय बासिन्दाले नौ दुर्गा देवीको रोजाइको प्राकृतिक मन्दिरको रूपमा मान्ने गरेका छन्, जहाँ व्रतबन्ध, विवाह, यज्ञ–हवन लगायतका धार्मिक संस्कारहरू उपाध्याय ब्राह्मणहरूको विधिपूर्वक पूजाआजासहित सम्पन्न हुने परम्परा रहँदै आएको छ। यस गुफाको भौगोलिक अवस्थाले यसलाई अझ विशेष बनाएको छ—पूर्वतर्फ रोडिकोट खोलो बग्छ, पश्चिममा उकाली चढिने भिरालो पाखा र तेस्रो बाटो, उत्तरमा गैरागुम्वा बालु र दक्षिणतर्फ कावरपानी सानो खोला रहेको छ। यस गुफाको प्रवेशद्वार अत्यन्तै अनौठो ढङ्गले बनेको छ—भिरालो ढुङ्गाबीच प्राकृतिक दरार बनेको छ, जसबाट मानिस भित्र पस्न सक्छन्। भित्र छिर्नासाथ करिब ५–१० जना मानिस एकैपटक बस्न सक्ने उज्यालो ढुङ्गाको कोठा जस्तो स्थान भेटिन्छ। अझ गहिराइमा गएपछि ढुङ्गामा स्वाभाविक रूपमा बनेका गाईका थुन, सर्पका आकृति, देवी–देउताका मूर्तिजस्ता कलात्मक र धार्मिक अभिव्यक्तिहरू देखिन्छन्, जसलाई देख्दा यो गुफा केवल प्राकृतिक संरचना नभई कलात्मकता र आस्थाको अद्भुत संगम हो भन्ने अनुभूति हुन्छ। यस्ता आकृतिहरूले यस स्थललाई पुरातात्त्विक र धार्मिक दृष्टिले अझ मूल्यवान बनाएका छन्।

यस गुफाको महत्व स्थानीय बासिन्दाहरूको सांस्कृतिक अभ्याससँग पनि जोडिएको छ। दशैंको समयमा रोडिकोट, गोठी, साँया र वराईका बासिन्दाहरू सामूहिक रूपमा यहाँ दर्शन गर्न आउने परम्परा छ, जसले यसलाई धार्मिक आस्था मात्र नभई सामाजिक एकता र सांस्कृतिक निरन्तरताको केन्द्र बनाएको छ। तर यति महत्त्वपूर्ण सम्पदा आजसम्म पनि औपचारिक रूपमा संरक्षणमा ल्याउन सकिएको छैन। हाल यस स्थल केवल प्राकृतिक रूपमा मात्र सुरक्षित छ र यातायात, खानेपानी, बत्ती, विश्रामस्थल वा पदमार्ग जस्ता

पूर्वाधारहरूको अभाव छ। यदि गोठी, साँया र रोडिकोटतर्फबाट पदमार्ग निर्माण गरी यातायातको पहुँच, खानेपानी र प्रकाशको सुविधा, साथै गुफा बाहिर रंगमञ्च, सूचना पट्टिका र विश्राम गृह निर्माण गर्न सकियो भने देवकाँध केवल स्थानीय धार्मिक स्थल मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षण बन्न सक्छ। यसरी व्यवस्थित संरक्षण र प्रवर्द्धन गर्न सकियो भने देवकाँध गुफा धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्य बन्नेछ, जसले सर्केगाड गाउँपालिकाको सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा दीर्घकालीन योगदान पुऱ्याउनेछ।

## २. सिकिताङ लाछ्े पाटन (पिकनिक योग्य स्थल)

पाटन क्षेत्रमा पर्यटकिय गतिविधि विस्तार गरी ग्रामिण पर्यटनलाई प्रर्वद्धन गरिनेछ ।





### ३. वाघ विरालो स्थल

यी स्थलहरू आस्थासँगै किंवदन्ती र लोकविश्वाससँग जोडिएका छन्। नाम्ले थाप्ले मन्दिरसँग सम्बन्धित कथा विशेष रोचक छ—करिब ५०० वर्षअघि एक गोठालाले जंगलमा सुतिरहेको बेला ढुङ्गाले पिठ्युँमा हानेको अनुभव गरेपछि त्यस ढुङ्गालाई देवशक्ति भएको विश्वास गरियो। उक्त ढुङ्गालाई बोकेर घरतर्फ लैजाने प्रयास असफल भएपछि गाउँलेहरूले सामूहिक रूपमा यसलाई शक्ति स्थलको रूपमा मान्यता दिए। त्यसयता प्रत्येक भाद्र शुक्ल पञ्चमीका दिन यहाँ ठूलो मेला लाग्ने चलन बस्यो। मानिसहरूले आफ्नो इच्छा पूरा हुने विश्वासका साथ यहाँ दर्शन गर्छन्। आजसम्म पनि पूजा–आराधना, गीति–भजन र वाद्यवादनसहितको उत्सव यहाँ जीवित छ।

यसरी यी धार्मिक स्थलहरूले केवल विश्वास मात्र नभई सामाजिक ऐक्यबद्धता र सांस्कृतिक निरन्तरतामा योगदान पुर्याएका छन्।

भौगोलिक अवस्था

सर्केगाड गाउँपालिका वडानं.–६ भौगोलिक दृष्टिले हिमाली क्षेत्रमा अवस्थित छ।

उत्तर–पूर्वः वडा नं. ७ रोडिकोट

दक्षिणः वडा नं. ४ साँया

पश्चिमः खार्पुनाथ गाउँपालिका, गोप्का गाउँ

उत्तरः मारघोर लेख

यो गाउँ समुद्री सतहदेखि १,८०० मिटरदेखि ४,००० मिटर उचाइमा फैलिएको छ। भौगोलिक बनावट भिरालो, सुख्खा र करालो छ, जसले बाढी, पहिरो, हिमपहिरो र डढेलोको जोखिम बढाउँछ। यहाँ १३ देखि १५५ हेक्टर क्षेत्रफलमा घाँसे फाँट र वनस्पति (औंली, सल्ला, भोजपत्र) फैलिएका छन्। उत्पादन क्षमता कम भए पनि जडीबुटी र घाँसका कारण यो क्षेत्र पशुपालन र जडीबुटी संकलनमा उपयुक्त मानिन्छ।

सम्भावना र विकासका अवसरहरू

सर्केगाडको प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदा व्यवस्थापन र संरक्षण गर्न सकेमा यो क्षेत्र नमुना पर्यटकीय गन्तव्य बन्न सक्छ। वडानं.–६ मा परम्परागत रूपमा लाग्दै आएको मेला र उत्सवले पुरानो संस्कृति जगेर्ना गर्ने मात्र होइन, पर्यटन प्रवर्द्धनको आधार समेत बन्न सक्छ। भविष्यमा उचित पूर्वाधार (जस्तै सडक, पदमार्ग, होमस्टे, सूचना पट्टिका, पिकनिक स्थल व्यवस्थापन) निर्माण भएमा देश–विदेशका पर्यटक आकर्षित गर्न सकिन्छ। यसले स्थानीयलाई रोजगारी, आयस्रोत र सामाजिक–आर्थिक उन्नतिमा योगदान पुर्याउनेछ।



वाघ विरालो पर्यटकिय क्षेत्र

३.२.७. वडानं ७ मा रहेका पर्यटकीय स्थलहरु

## सर्केगाड गा.पा. वडा नं ७, रोडिकोटको संक्षिप्त परिचय

हुम्ला जिल्लाको उत्तर–पूर्व भागमा, जिल्ला कै केन्द्र विन्दुमा पर्ने सर्केगाड गाउँपालिका–७, रोडिकोट ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्व बोकेको बस्ती हो। पौराणिक किंवदन्तीअनुसार, प्राचीन खस राज्यको सिर्जादरको रानीसैनस्थित कार्की गाउँबाट हतु कार्की र कनु कार्की नामका दुई दाजुभाइ सिकार खेल्दै मुगु जिल्ला पार गरी चखेली लेख, लोती खोला पुल, मेल्छामको कोट, ट्यायाप्से लेख हुँदै कल्लास गाउँ नजिकैको काने ओखरसम्म पुगेका थिए। सो ठाउँबाट उनीहरूले सिमाली देखि तलको रमणीय कोटडाँडा हुँदै वालु र गाडे रुख सम्मको प्राकृतिक सुन्दरताले भरिपूर्ण भूभाग देखे, जुन बसोबास योग्य तथा खेतीयोग्य स्थान ठानेर रोजीकोट तर्फ आकर्षित भए। लामो समयसम्म कष्टपूर्ण यात्रा गर्दै उनीहरू शिकार, फलफूल र कन्दमूल खाएर बाँच्दै ज्यूलाको बिचमा पर्ने चौराल पाटोमा (हाल प्राचीन गुम्बा रहेको स्थान) बस्ती बसाए।

त्यतिबेला रोजीकोट क्षेत्र आजका भ्यू पाटन, राउतेवाडा र वारिज्यूलो जोडिएको उपत्यकाजस्तै समथर र उपजाउ फाँट थियो। वरिपरि सिमाली खोला र राउतेवाडा खोला नजिकै बग्थे। किंवदन्तीअनुसार, गोठी खोलाको तलछरीमा बस्ने राक्षस र सिमाली शिरमा रहेको कालढुङ्गे राक्षसबीच "ज्यूलाको पुजा खाने अधिकार" कसको भन्ने विवाद हुँदा दुवैले बाजी माने। सर्त अनुसार, जो राक्षसले सिमाली र राउतेवाडा खोलाको पानी थुन्न सक्थ्यो, उसले पुजाको अधिकार पाउने भनियो। तलछडी राक्षसले डाँडापाखा, ढुङ्गा–माटो, रुख–काठ प्रयोग गरेर पानी थुन्न सफल भयो र ठूलो ताल बन्न पुग्यो। यसै क्रममा कार्कीवाडा मुनिको महादेव माडुको करिब ४० मिटर अग्लो बैंसको रुख डुब्यो, बस्ती डुबानमा पऱ्यो। यसरी तलछडीको जित भयो र कालढुङ्गे हाऱ्यो। महादेवले नै निर्णय सुनाएर "अबदेखि ज्यूलाको पुजा तलछडीले खाने" भनेपछि सो चलन आजसम्म निरन्तर रहँदै आएको छ।

यही सुन्दर उपत्यका स्वर्गभूमि रोजेर बसाइ भएको कारण कालान्तरमा "रोजीकोट" शब्द अपभ्रंश भएर "रोडीकोट" नामकरण भएको भनिन्छ। प्रारम्भमा कार्कीहरू बसाइ बसाएपछि बुढाथोकीहरूको आगमन भयो। हतु कतु कार्कीले हुम्लाको दियारपाटाबाट उपाध्याय ब्राह्मण चम्फा उपाध्यायलाई ल्याएर मष्टो देवताको पूजा, यज्ञ र होम गर्ने परम्परा सुरु गरे। सो उपाध्याय ब्राह्मणबाट नै विवाह, व्रतबन्ध, छैठी, नुवार्नीदेखि क्रियाकर्मसम्मका धार्मिक विधि–विधान सम्पन्न हुँदै आएका छन्।

यसपछि लालीतर्फबाट जोगराजको वंशज कल्याल शाही ठकुरीहरू पनि रोडीकोटमा बसाइ आएका र मिमनगर, ठूलो गाउँ क्षेत्रमा ठकुरीहरूको ठूलो वस्ती बनेको इतिहास पाइन्छ। आज रोडीकोटमा कार्कीवाडा, ठूलो गाउँ, माझवाडा, पानीभूल, भिमनगर, दलितवाडा, जाडवाडा र ताँज गाउँ गरी करिब ३२७ घरधुरी छन्। यहाँ कार्की, शाही, छत्याल, काफ्ले, हमाल, विश्वकर्मा, सार्की, ऐडी, जैसीलगायतका करिब १० थरका जातजाती बसोबास गर्दै आएका छन् भने खत्री, दमाई, ढकाल, मल्ल, उपाध्यायजस्ता केही परिवारहरू पनि छन्।

हाल यस वडामा करिब २,००० जनसंख्या छ। पूर्वमा गोठी मेल्छाम, पश्चिममा लाली खार्पुनाथ, उत्तरमा वडा नं. ८ राहदेव फुचा र दक्षिणमा साँया–वराइसँग सीमाना जोडिएको छ। यो बस्ती धार्मिक आस्था, सांस्कृतिक परम्परा, भेषभूषा, रहनसहन, प्राकृतिक सौन्दर्य, शिक्षा, खेतीपाती, मेला–पर्व, तालतलैया, वनजंगल, वन्यजन्तु, जडीबुटी र विविध जातीय सांस्कृतिक मिश्रणले सम्पन्न छ। रोडिकोटलाई यसैकारण ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक सम्पदाले भरिपूर्ण स्थानका रूपमा लिइन्छ।

## पर्यटकिय देवस्थलहरु

### १ देव काँध ढुङ्गे गुफा मन्दिर प्राकृतिक तिर्थ

देवकाँध प्राकृतिक देवस्थल सर्केगाड गाउँपालिका–७ र ५ मा अवस्थित एक अद्वितीय गुफा तीर्थ हो, जसले प्राचीनकालदेखि नै धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले महत्त्वपूर्ण स्थान ओगटिरहेको छ। यस गुफालाई स्थानीय बासिन्दाले नौ दुर्गा देवीको रोजाइको प्राकृतिक मन्दिरको रूपमा मान्ने गरेका छन्, जहाँ व्रतबन्ध, विवाह, यज्ञ–हवन लगायतका धार्मिक संस्कारहरू उपाध्याय ब्राह्मणहरूको विधिपूर्वक पूजाआजासहित सम्पन्न हुने परम्परा रहँदै आएको छ। यस गुफाको भौगोलिक अवस्थाले यसलाई अझ विशेष बनाएको छ—पूर्वतर्फ रोडिकोट खोलो बग्छ, पश्चिममा उकाली चढिने भिरालो पाखा र तेस्रो बाटो, उत्तरमा गैरागुम्वा बालु र दक्षिणतर्फ कावरपानी सानो खोला रहेको छ। यस गुफाको प्रवेशद्वार अत्यन्तै अनौठो ढङ्गले बनेको छ—भिरालो ढुङ्गाबीच प्राकृतिक दरार बनेको छ, जसबाट मानिस भित्र पस्न सक्छन्। भित्र छिर्नासाथ करिब ५–१० जना मानिस एकैपटक बस्न सक्ने उज्यालो ढुङ्गाको कोठा जस्तो स्थान भेटिन्छ। अझ गहिराइमा गएपछि ढुङ्गामा स्वाभाविक रूपमा बनेका गाईका थुन, सर्पका आकृति, देवी–देउताका मूर्तिजस्ता कलात्मक र धार्मिक अभिव्यक्तिहरू देखिन्छन्, जसलाई देख्दा यो गुफा केवल प्राकृतिक संरचना नभई कलात्मकता र आस्थाको अद्भुत संगम हो भन्ने अनुभूति हुन्छ। यस्ता आकृतिहरूले यस स्थललाई पुरातात्त्विक र धार्मिक दृष्टिले अझ मूल्यवान बनाएका छन्।

यस गुफाको महत्व स्थानीय बासिन्दाहरूको सांस्कृतिक अभ्याससँग पनि जोडिएको छ। दशैंको समयमा रोडिकोट, गोठी, साँया र वराईका बासिन्दाहरू सामूहिक रूपमा यहाँ दर्शन गर्न आउने परम्परा छ, जसले यसलाई धार्मिक आस्था मात्र नभई सामाजिक एकता र सांस्कृतिक निरन्तरताको केन्द्र बनाएको छ। तर यति महत्त्वपूर्ण सम्पदा आजसम्म पनि औपचारिक रूपमा संरक्षणमा ल्याउन सकिएको छैन। हाल यस स्थल केवल प्राकृतिक रूपमा मात्र सुरक्षित छ र यातायात, खानेपानी, बत्ती, विश्रामस्थल वा पदमार्ग जस्ता पूर्वाधारहरूको अभाव छ। यदि गोठी, साँया र रोडिकोटतर्फबाट पदमार्ग निर्माण गरी यातायातको पहुँच, खानेपानी र प्रकाशको सुविधा, साथै गुफा बाहिर रंगमञ्च, सूचना पट्टिका र विश्राम गृह निर्माण गर्न सकियो भने देवकाँध केवल स्थानीय धार्मिक स्थल मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरूको आकर्षण बन्न सक्छ। यसरी व्यवस्थित संरक्षण र प्रवर्द्धन गर्न सकियो भने देवकाँध गुफा धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्य बन्नेछ, जसले सर्केगाड गाउँपालिकाको सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा दीर्घकालीन योगदान पुऱ्याउनेछ।

## २ कार्कीवाडा मष्टा मन्दिर

यस मन्दिर/ माईमा दुधेमष्टा, दाहरेमष्टो, सर्की र दुर्गा भवानीको पूजा गरिन्छ । यो परम्परागत रुपमा परो पुर्खा देखि स्थापित रोडिकोट बासी जनताको सबैभन्दा पुरानो माडु मानिन्छ। यसको हाल गाउँपालिकाको स्थानिय सरकारद्वारा नयाँ मन्दिर निर्माणको लागि आर्थिक सहयोग भएको छ । सो मन्दिर विसौ पुष्ता कैयौं शताब्दी अगाडी देखिको देवालय भनेर चिनिन्छ ।

यस मन्दिरमा दुध पुजा गर्न र बली रगत पुजा गर्न फरक पुजारी ४जना डांरी छन् । त्यस्तै गरी जनताहरुको न्याय निसाफ गर्ने नाच्ने पतुर्ने २ जना धामी पनि छन् । यस मन्दिरमा साउने पुर्णिमा मा सवैभन्दा ठूलो मेला लाग्छ । अन्य वैसाख पूर्णिमा, विजया पुर्णिमा भैल्या पुर्णिमा र भजन र माघ पूर्णिमामा पनि पुजा आजा किर्तन गरी सामान्य मेला लाग्छ। बडा दशैं र चैते दशैंमा नौ दुर्गा देविलाई पुजाआजा गरी बली चढाइन्छ। यस मन्दिर मित्र धेरै (पुराना शंक, घण्ट, सालिग्रामशिला, हजारो पञ्च दिया, पञ्च कलस, त्रिसुल,२ र ३ क्वीन्टल जति मुर्तिहरू र वाजागाजा छन् । यो मन्दिर गुरा माडु बाटो पूर्व कार्कीवाडा पश्चिम दमैको जोगी मैग दक्षिणा मूलवाटोको को उत्तरमा करिव १ परोपनी जग्गामा अवस्थित छ । मष्टो देउता भन्ने प्रकृति हो जब मानिसको उत्पती भयो। तव मष्टो देव को उत्त्पती भएको मानिन्छ । परापूर्व काल देखि सारा जनताले मान्दै आएको यस देवता लयको संरक्षण सम्वद्धन र उजागर गर्नु आवश्यक देखिन्छ । यस मन्दिरलाई सिंजा रानीसैन बाट आएका हतुकतु २ भाई कार्की लेपहिलो पटक निर्माण गरेको भनाइ छ। यस देबालयमा गोठी, बराई, छ्यागी भुवा, कल्लास, राहदेव र रोडीकोट दशधर बासी जन्ताले मान्ने र पुजाआजा गर्ने गर्दछन् ।

## ३ कोट मन्दिर

यो मन्दिर कोटाले माडु देखि पूर्व कोट बजारदेखि पश्चिम कोट डाँडा आधारभूत विद्यालय देखि दक्षिण लेख सिमाली जाने मूल वाटोको उत्तरमा रहेको गुम्वा आकारमा निर्मित एउटा नौ दुर्गा देविको मन्दिर हो। यसको प्रारम्भीक निर्माण शुभारम्भ २०३६ साल साउन २५ गते तत्कालिन प्रधानपञ्च स्वर्गिय श्री राजमल कार्कीले साउन पूर्णि मेला दश घरको भेला भन्ने हिसावले प्रथम उद्‌घाटन र शुरुआत गर्नु भएको थियो। हाल यस मन्दिर मा साउन पुर्णिमा भव्य मेला लाग्छ। सो मेला मंड खार्पुनाथ गाउपालिका देखि चंखेली गाउँ पालिका सम्मका सम्पूर्ण मानिस भेला मै मेला हेर्ने गर्दछन्। यस मेलामा मन्दिरमा पुजाआजा गरी बरदान मागी सकेपछि सयौं धामी हरुको नाच हेरी सयौं बाजा बजाएको रमाइलो सकियल लगत्तै। आगन्तुक पाहुनाहरुलाई नास्ता पानी खुबाईसके पछि भव्य रुपमा देउडा खेल खेलिन्छ । कडा र दमदार देउडा खेलाडीको सुरीलो भाका र सान्दर्भिक सवाल जवाफ कान थापी थापी सुनिन्छ। यस मेलामा कालीकोट, अछाम बाजुरा र मुगुका चर्चित खेलाडीहरुबाट देउडा खेल खेलिन्छ । यो मेला साउन पूर्नी पछि २ दिन सम्म पनि चलिरहन्छ । साउन चुर्णिमाको मेला काहिले आउला भनेर सबै नरनारी आतुर भएको पाइन्छ । यस मेलामा भलिवल फुटवल र अन्य खेलहरूको पनि आयोजना गरीन्छ। करिब ५००० जनताको सहभागितामा सो मेला सञ्चालन गरीन्छ । यो मन्दिर र मेला पर्यटकिय हिसावले पनि अति रोचक र सान्दर्भिक मानिन्छ ।

## ४ सिमाली

सिमाली भन्ने ठाउँ करिव २५०० मिटर उचाइमा रहेको एउटा अति सुन्दर र रोमाञ्चक स्थान मानिन्छ। सिमाली नामाकरण गरीनुको मूख्य कारण सिमालीको केन्द्र विन्दुमा करिव ५ रोपनी जग्गा सिमसार क्षेत्र भएकोले र सितल हावा चिसो पानी भएको ठाउ भएकोले यस ठाउलाई सिमाली भनिएको हो । सिमालीमा करिव ३०० हेक्टर जमिनमा खेतीवाली आलु, सिमी गहुँजौ, उत्पादन हुन्छ र यो हुम्ला जिल्लाकै अति "उत्पादन हुने कृषि क्षेत्र हो। सिमालीको जग्गा वाहेकको जंगल छ र घना जंगललाई सुरक्षित वनाउन हाल सिमाली सामुदायिक बन भनेर दर्ता गरिएको छ। सो वन क्षेत्र भित्र विभिन्न किसिमका औषधि जन्य जडीबुटी, सुगन्धवाल चिराइतो, पाखन वेद, गुच्छी च्याउ, खस्रुच्याउ, गन्धाइनु अत्तिस, नौरखो, सेतो चिनी आंदीजस्ता अनगिन्ती जडीवुटी पाइन्छन् भने रुख विरुवामा खामु चुली दहेलो रिगो तेलजन्य विरुवा पनि पाइन्छ ।

लालीगुरास, लौठसल्लो, धुपी निगालो डिग्रे सल्लो, पावै सल्लो, गेरवेसल्लो, भोजपत्र, ओखर, रस, अम्ला किमु पिपल, उत्तिसजस्ता वहुमुल्य काठका रुख पाइन्छन् भने बाघ भालु ब्वाँसो लाटो कोसेरो, कस्तुरी, घोरल, रतुवा, स्थाल बाँदर आदिजस्ता अनगिन्ति वन्यजन्तुको साथै डाँफे कालीज, च्याखुरा, ढुकुर कोइली न्याउली भ्याकुर, चिल जस्ता तमाम चराहरुको वासस्थान यहि सीमाली सामुदायिक वनभित्र नै पाइन्छ । एकातिर बर्षे भरी हरियो जंगल अर्को तिर खेतीयोग्य जमिनले सिमाली प्राकृतिक रूपमा सिंगारिएको ठाउँ हो। यस सिमाली लेखमा कोट आवाशिय विद्यालय संचालन भई सरकारी डि पि आर आर अनुसार थप विकासले गर्दा अझै सुनमाथी सुगन्ध भई रहेको छ। उक्त विद्यालय ११ बिघा जमिन मा स्थापित छ र कक्षा ६ देखि ११ सम्म पढाइभइरहेको छर अझै प्राविधिक धारको विभिन्न विषयहरु पढाइ हुने शुरु योजनामा रहेको छ। सिमालीमा बर्खे खर्क ४ महिने वास हुन्छ । वरपर धेरै बस्ती र खर्कहरू रहेका छन् । जस्मा जुमा पाठा बाख्रा, गाई गोरु साउने देखि कार्तिक सम्स चराउने राखे गरिन्छ। यस वन भित्र कांफल एसेलु, वन मेलजस्ता फलफूल पनि खान पाइन्छ । सिमाली पर्यटकिय दृष्टिकोणले सार्है मनोरञ्जनात्मक अति सुन्दर र आकर्षणको केन्द्र विन्दु हुने कुरा सम्वन्धित सरोकारवाल क्षेत्र मा पहिचान सहित, उजागर गर्नु पर्ने देखिन्छ ।

## ५ नाम्ले थाप्ले तिर्थ

समुद्र सतह देखि करिब ३००० मिटरको उचाइमा अवस्थित सर्केगाड गाउँपालिका वडा नं. ६ को लेख वराइ देखि उत्तरतर्फ वडा नं. ७ को सिमाली वन, दक्षिणतर्फ लादाङ खोला, पूर्वमा पातल लोटे र पश्चिममा अग्लो डाँडाले घेरेको स्थानमा रहेको नाम्ले थाम्ले मन्दिर प्राकृतिक र धार्मिक दृष्टिले अत्यन्तै महत्वपूर्ण तीर्थस्थल हो। यस मन्दिरमा भगवान शिव र देवी दुर्गाको आकर्षक मन्दिर रहेको छ। मन्दिर भित्र करिब दुई क्विन्टल तौलको ढुङ्गे मूर्ति विराजमान छ, जसलाई देवी दुर्गाको प्रतिमाको रूपमा मानिन्छ। किंवदन्ती अनुसार, यो मूर्ति रोडिकोट भित्र पर्ने न्याथाङ भन्ने स्थानमा भेटिएको थियो। वराइ गाउँका नाग्मले बुढाथोकी नामक एक गोठालाले बाख्रा चराउने क्रममा यस मूर्तिलाई देखेका थिए। मूर्ति असाधारण सुन्दर ढुङ्गाको भएकाले उनले यसलाई गाउँतिर लैजाने निर्णय गरे।

नाम्लो प्रयोग गरी शिरमा बोकेर उनी उकालो चढ्दै हालको मन्दिर रहेको डाँडासम्म आइपुगे। त्यहाँ केहीबेर आरामका लागि मूर्ति राखेपछि पुनः बोकेर उठाउने प्रयास गर्दा मूर्तिले नै उनको ढाडमा प्रहार गरेको भनाइ छ। त्यसपछिदेखि उनले जतिसुकै प्रयास गरे पनि मूर्ति उठाउन सकेनन् र अन्ततः मूर्तिलाई त्यहीँ छोडेर देवीले यही स्थान रोजेको विश्वासमा पूजा गर्न थाले। त्यस घटनाका आधारमा यस मन्दिरलाई "नाम्ले थाम्ले" नामाकरण गरिएको जनश्रुति छ, जसमा मूर्ति नाम्लो प्रयोग गरेर बोकेर ल्याइएकाले नाम र घटनाबीच सान्दर्भिक सम्बन्ध देखिन्छ।

यस मन्दिरमा हरेक वर्ष भाद्र औंसीको पञ्चमीमा भव्य गव्य मेला लाग्ने गर्दछ। यस अवसरमा वडा नं. ४ सायाँ, वडा नं. ५ गोठी, वडा नं. ६ वराइ छ्यागी, वडा नं. ७ रोडिकोट र वडा नं. ८ राहदेव फुचाका भक्तजनहरू साथै खार्पुनाथ गाउँपालिकाका श्रद्धालुहरूले पनि ठूलो संख्यामा उपस्थित हुने गर्दछन्। मेलाको समयमा दुर्गा भवानीसमक्ष मनोकामना व्यक्त गर्ने, धामी–झाँक्री नाच, देउडा खेल, चुट्किला, बाजागाजा र देवी–देउताको भजन गाउने प्रचलन रहँदै आएको छ। श्रद्धालुहरूले धुप, बत्ती, दूध, फलफूल, अक्षता र घिउको टसी चढाई, शिर मन्दिरमा टेकेर बरदान माग्ने परम्परा पनि छ। स्थानीय जनविश्वासअनुसार, यस मन्दिरमा सच्चा श्रद्धाले गरिएका मागहरू पूर्ण रूपमा पूरा हुने मानिन्छ।

मन्दिर परिसरको दक्षिणतिरको ढुङ्गामा भगवान शिवले पाऊँ टेक्दा बनेको दुई खुट्टाको छाप, गाईका चार खुट्टाका छाप र दूध दिने ठेकीको आकृति अझै पनि देख्न सकिन्छ, जसले यो स्थललाई अझै पवित्र र अलौकिक बनाएको छ। यसैकारण नाम्ले थाम्ले मन्दिरलाई देवी दुर्गा र भगवान शिवले रोजेको विशिष्ट शक्ति–पीठका रूपमा मानिन्छ। हाल स्थानीय वडा र गाउँपालिकाले केही संरक्षण र पूर्वाधार विकासका पहलहरू गरे पनि मन्दिर वरिपरि भिरालो डाँडामा रहेकोले बाटो–घाटोको अभाव, खानेपानी, विश्रामस्थल र व्यवस्थित बसोबासको सुविधा अझै अपर्याप्त छ।

यदि भविष्यमा यस मन्दिरसम्म पुग्ने पदमार्ग, खानेपानी, बत्ती, विश्रामस्थल, प्रचार–प्रसार र पर्यटन पूर्वाधार विकास गर्न सकियो भने यो क्षेत्र केवल धार्मिक स्थल मात्र नभई पर्यटकहरूको आकर्षण केन्द्र बन्ने निश्चित छ। यसले गाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुर्‍याउने मात्र नभई सांस्कृतिक धरोहरलाई संरक्षण र संवर्धन गर्ने माध्यम पनि बन्नेछ। नाम्ले थाम्ले मन्दिर हाम्रो मौलिक संस्कृति, आस्था र पुरख्यौली सम्पत्तिको जगेर्ना गर्ने महत्वपूर्ण धरोहर भएकाले यसको संरक्षण र भावी पुस्तामा हस्तान्तरण गर्नु हामी सबै नेपालीहरूको परम कर्तव्य ठहरिन्छ।

## ६ दुधेदह

दुधजस्तो सेतो र शुद्ध पानीले भरिएको हुनाले यो काललाई "दुधेदह" भनेर नामकरण गरिएको हो। करिब डेढ वर्ग किलोमिटर क्षेत्रफल ओगटेर समुद्र सतहदेखि करिब ४५०० मिटर उचाइमा अवस्थित यो ताल प्राकृतिक सौन्दर्यले भरिएको अनमोल सम्पदा हो। चारैतिर साना–ठूला हिमालहरूले घेरेको यो ताल दारुण र अनुपम प्राकृतिक उपहारका रूपमा चिनिन्छ। पश्चिमतर्फ यस तालको निकास लुडुप्या खोलामा भएर खार्पुनाथको दोजाम खोलामा मिसिन्छ। उत्तरतर्फ धेल्या खोलाले सीमाना बनाउँछ भने

दक्षिणतर्फ तव्धन बनको हरियाली फैलिएको छ। यस क्षेत्र वरिपरि कस्तुरी मृग, नाउर, झारल, डुली, चुन्चुकी, चरी आदिजस्ता दुर्लभ वन्यजन्तुहरू पाइन्छन्, जसले यसलाई अझ आकर्षक बनाएको छ। वनस्पतिको दृष्टिले पनि यहाँ अपार सम्पदा रहेको छ—निनाउजडी, तेलाइल्या, गन्धाइनु, कटुकी, जटामसी, पझिनु, पाँचऔंले, रुगीसाग, सुच्चा आदि अमूल्य औषधिजन्य जडीबुटीहरूको भण्डार यस क्षेत्रमै भेटिन्छ।

दुधेदह ताल नजिकै मुसा साबल्या भनिने कालो, गहिरो र अनौठो ताल अवस्थित छ, जसलाई स्थानीय बासिन्दाले 'राक्षस ताल' भनी चिन्ने गर्दछन्। यो तालको अनुहार कालो–निलो देखिने भएकाले मानिसहरूले यसलाई अपवित्र ठान्छन् र यसमा कोही नुहाउने–धोइदिने चलन छैन। तर दुधेदह ताल भने धार्मिक–सांस्कृतिक दृष्टिले पवित्र मानिन्छ। विशेषतः साउन पूर्णिमाको अवसरमा यहाँ ठूलो मेलाको आयोजना गरिन्छ, जसमा गाउँका बासिन्दासहित बाहिरी पाहुनाहरू पनि सहभागी हुन्छन्। यस दिन सबै देवताको चामीहरू आएर यस तालमा स्नान गरी शुद्ध हुने परम्परा रहिआएको छ, साथै विद्यार्थी, शिक्षक तथा सर्वसाधारण श्रद्धालुहरू समेत दर्शन र भ्रमणका लागि आउँछन्।

यद्यपि प्राकृतिक सौन्दर्य, जैविक विविधता र सांस्कृतिक महत्वले धनी भए पनि दुधेदह ताल अझै सरकारी स्तरमा व्यवस्थित संरक्षण र व्यवस्थापनको अभावमा उपेक्षित छ। यो तालसम्म पुग्न तिब्सीखर्क हुँदै उकालो बाटो काट्नुपर्छ र उच्च हिमाली भू–भाग भएकाले यात्रामा शारीरिक कठिनाइ आउन सक्छ। बर्खे मौसम, विशेषतः आषाढदेखि असोजसम्म ताल अवलोकन र स्नानका लागि उपयुक्त मानिन्छ भने मंसिरदेखि फागुनसम्म चिसो हावापानी र बाक्लो हिउँका कारण यहाँ बरफ जम्छ र आवतजावत न्यून हुन्छ। यात्रुहरूको सहजताका लागि तालको छेउमै तीन कोठे धर्मशालाको निर्माण गरिएको छ, जसले आश्रय दिने सुविधा पुऱ्याएको छ।

भौगोलिक दृष्टिले यो ताल साविकको रोडीकोट गा.वि.स. वडा नं. १, २, ३ मा पर्ने भए पनि हाल सर्केगाड गाउँपालिका वडा नं. ८ को नक्साभित्र पर्दछ। यसलाई वराइ, सायाँ, गोठी, रोडीकोट र सहदेव फुचाका बासिन्दाले सार्वजनिक तीर्थस्थलका रूपमा मान्ने परम्परा रहिआएको छ। दुधेदह तालको वास्तविकता अध्ययन, प्रचार–प्रसार र संरक्षणमा स्थानीय तहदेखि प्रदेश र संघीय सरकारसम्मको पहल आवश्यक देखिन्छ। यदि यसको महत्त्वलाई व्यवस्थित ढंगले उजागर गर्न सकियो भने यो ताल केवल धार्मिक–सांस्कृतिक आस्थाको केन्द्र मात्र नभई, देश–विदेशका पर्यटकलाई आकर्षित गर्ने एक महत्वपूर्ण पर्यटकीय धरोहरका रूपमा स्थापित हुन सक्ने प्रचुर सम्भावना रहेको छ।





मानव निर्मित धार्मिक आकृती (भिउदुला हुदै दुधे दह जाने पैदलमार्गमा वनायको)

## भिउदुला (भिमदुला)

सर्केगाड गाउँपालिका–८, साविक रोडीकोट गा.वि.स. वडा नं. १ र ३ को आसपास, समुद्री सतहदेखि करिब ४५०० मिटर उचाइमा रहेको मारघोर लेख हुलाकी राजमार्गको गल्छी नाकाबाट करिब २०० मिटर उत्तर–पश्चिमतिर "भिमदुला" नामक अद्भुत स्थल अवस्थित छ। यहाँको हिमालको चुचुरामाझ करिब २ वर्गमिटरको ढुङ्गाले छेडेको प्वाल (दुलो) देखिन्छ, जुन सिमिकोटको तल्लो गाउँको शिवमन्दिर नजिकै रहेको भिउ ढङ्गोबाट स्पष्ट देख्न सकिन्छ। परम्परागत किंवदन्ती अनुसार यो ढुङ्गामा परेको दुलो पौराणिक पाँच पाण्डव मध्ये महावली भिमसेनले आफ्नो बलको परीक्षणका लागि हुम्ला खलङ्गाबाट कैलाश पर्वत ढाल्ने उद्धेश्यले ताकेर प्रहार गरेको ढुङ्गोले बनेको मानिन्छ। त्यो ढुङ्गाले मुगुको घोल्या हिमाल छेड्दै चंखेली गाउँ हुँदै मारघोर लेखको भिर पार गरेर सिमिकोटसम्म पुगेको बताइन्छ। अन्ततः सिमिकोटमा महावली देउता "काला सिल्ला" ले उक्त ढुङ्गोलाई रोकेर त्यहीं थामिदिएको विश्वास पाइन्छ। आश्चर्यजनक कुरा के छ भने ती सबै हिमालका दुलोहरू सीधा र समानान्तर अवस्थामा रहेका छन्।

यस किंवदन्तीका कारण कालान्तरमा यसलाई "भिउदुलो" भनिन थालियो भने सिमिकोटको ढुङ्गोलाई "भिमढुङ्गो" भनियो। आजसम्म पनि यी स्थलहरूलाई धार्मिक आस्थासँग जोडेर हेरिन्छ। भिउदुलामा गएर दुलो छिरेपछि जीवनभर गरेका सबै पाप नष्ट हुन्छन् भन्ने जनविश्वास रहेको छ। यसै कारणले यहाँको धार्मिक–सांस्कृतिक महत्व निरन्तर बढ्दो छ र हरेक वर्ष दर्शनार्थी तथा पर्यटकहरूको संख्या उल्लेख्य रूपमा बढिरहेको छ। हालै यहाँ कैलाश पर्वत हेर्न र श्रद्धालुहरूलाई सहजता दिनका लागि भ्यू टावर निर्माण गरिएको छ। परम्पराअनुसार दुलो छिरेपछि कैलाश मानसरोवर तर्फ नमस्कार गरी अक्षता, फुलपाती, ध्वजा–पताका अर्पण गर्ने र घ्यूको टसी लगाई मनोकामना माग्ने प्रचलन रहिआएको छ। यसलाई भिमसेनको शक्ति प्रमाणित गर्ने धार्मिक प्रतीक मात्र नभई आस्थाले भरिएको तीर्थस्थल मानिन्छ। पर्यटकीय दृष्टिले पनि यो स्थल अत्यन्तै रोचक र रोमाञ्चक छ, जसको व्यवस्थित प्रचार–प्रसार र संरक्षण गरिएमा यो क्षेत्रीय मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको महत्वपूर्ण आकर्षण बन्न सक्छ।



## थुमचुली (थुम पाटन)

सर्केगाड गाउँपालिका–७ को उत्तरी भागमा अवस्थित थुमचुली, जुन "थुम मालिका" नामले पनि चिनिन्छ, प्राकृतिक र धार्मिक दृष्टिले समान रूपमा महत्त्वपूर्ण स्थल हो। समुद्री सतहदेखि करिब ४००० मिटरको उचाइमा रहेको त्रिभुजाकार हिमचुली एकदमै मनमोहक देखिन्छ। यसको पूर्वपट्टि तोरामाटा, उत्तरपट्टि पदाले लेख र कुकुर छाड्ने खोला, पश्चिमपट्टि नौ ताल–नौ दह र दक्षिणपट्टि सिप्कपुर बुता खर्क अवस्थित छन्। थुमचुलीको शिरमा एउटा सानो मालिका मन्दिर छ, जहाँ प्राचीन ढुङ्गाका मूर्तिहरू विराजमान छन्। यस क्षेत्र वरिपरि विशाल पाटन फैलिएको छ, जसले धार्मिक तथा प्राकृतिक वातावरणलाई अझ आकर्षक बनाएको छ।

थुमचुली भन्दा तलतिर सल्लो, बाँझ, लालीगुराँस, भुजपत्र, चिमाली, तिलाइलो, लौठो सल्लो र अन्य वनस्पतिहरूले बनेको घना जंगल छ। यस क्षेत्रमा डाँफे, च्याखुरा, चिल जस्ता दुर्लभ चराहरू, बाघ–भालु जस्ता वन्यजन्तु र अनेकौं जडीबुटी तथा फलफूल पाइन्छन्। यो चुलीसम्म पुग्ने बाटो तोरामाटा खर्क र पूर्वता खर्क हुँदै डोरेटो बाटोबाट जान सकिन्छ। तर यातायात सुविधा तथा व्यवस्थापन अभावका कारण यहाँ पुग्न हाल कठिनाइ छ।

धार्मिक आस्थाका हिसाबले यो स्थललाई शिव–पार्वतीको वासस्थान तथा पार्वतीको जन्मथलोको रूपमा मानिन्छ। यहाँ वर्षेनी हिल्सा, महादेव, मष्टो, कैलाश क्षेत्रका धामी–झाँक्रीहरू दर्शनका लागि आउने परम्परा रहेको छ। बर्खे महिनादेखि कार्तिकसम्म यस क्षेत्र वरिपरिका पाटनहरूमा धार्मिक मेला लाग्छ, जहाँ यात्रु, गुम्बा गच्छीका भिक्षुहरू र वन्यजन्तु खोज्ने चराचुरुङ्गी हेर्ने पर्यटकहरूको भीड लाग्ने गर्छ।

यदि सरकारले यहाँ केबलकारको व्यवस्था, मन्दिरको संरक्षण, पुनर्निर्माण तथा प्रचार–प्रसारमा ध्यान दिने हो भने थुमचुली अत्यन्त आकर्षक धार्मिक–पर्यटकीय गन्तव्य बन्न सक्छ। प्राकृतिक फुलवारी, हिमाली चराचुरुङ्गी, चौरी, भेडा–बाख्राको बथान, कस्तुरी मृगको खेलाइ र प्राकृतिक दृश्यावलोकनले भरिएको यो स्थल नेपालकै महत्वपूर्ण पर्यटकीय सम्पदा बन्ने सम्भावना बोकेको छ।

सर्केगाड गाउँपालिका विभिन्न जातजाति, भाषा र संस्कृतिको संगमस्थलका रूपमा चिनिन्छ। यहाँ बसोबास गर्ने लामा, तामाङ, मगर, क्षेत्री, दलित लगायतका समुदायहरूको आफ्नै मौलिक संस्कार, परम्परा र चाडपर्वहरू यस क्षेत्रको समृद्ध सांस्कृतिक सम्पदाका मुख्य आधार हुन्। विशेषगरी ल्होछार, झ्याउरे, देउडा, मारुनी जस्ता नृत्य–गीत र सामूहिक उत्सवहरूले यहाँको सामुदायिक जीवनलाई जीवित मात्र राखेका छैनन्, आपसी एकता र सहकार्यलाई पनि बलियो बनाएका छन्। यस्ता उत्सवहरूमा सहभागिता गर्ने अवसरले स्थानीय संस्कृतिलाई पर्यटकका लागि जीवित संग्रहालयसरह अनुभव गर्न सक्ने बनाउँछ। साथै, यस क्षेत्रका बौद्ध मठ, हिन्दू मन्दिर, शक्तिपीठ र ऐतिहासिक देवस्थलहरूले धार्मिक आस्था र सहिष्णुताको अद्वितीय उदाहरण प्रस्तुत गर्छन्, जसले धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान दिएको छ। यसैगरी, सर्केगाडका प्राचीन ऐतिहासिक स्थलहरू, गुफा, देउरा र पुराना अवशेषहरूले यस क्षेत्रमा विगतका सभ्यता र संस्कृतिको झल्को दिन्छन्। यी सम्पदाले यहाँको सांस्कृतिक पहिचानलाई मात्र बलियो बनाउँदैनन्, भविष्यमा यसको संरक्षण र प्रवर्द्धन भएमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सर्केगाडलाई महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने सम्भावना पनि बोकेको छ। यस वडामा बसोबास गर्ने विभिन्न जातजाति र धर्म मान्ने मानिसहरूको जीवनशैली, रीतिथिति, रहनसहन र संस्कृतिको विविधता स्वयंमा अध्ययन र आकर्षणको विषय बनेको छ।





थुम चुली

धार्मीक तिर्थस्थल देबीजान्न

सर्केगाड गाउपालिका र खार्पुनाथ गाउँपालिकाको सिमानामा पर्ने पवित्र पर्यटकिय तथा धार्मिक स्थल देविजन्य अत्यन्तै महत्वपुर्ण छ ।





देविजान्नु पर्यटकिय क्षेत्र

## धार्मिक, सास्कृतिक, परम्परागत स्थलहरु

### १. देवकाँध

देवकाँध सर्केगाड गाउँपालिकामा अवस्थित एक अद्वितीय धार्मिक स्थल हो। यो स्थान ढुङ्गाभित्र आफैं बनेको प्राकृतिक तीर्थस्थलका रूपमा परिचित छ। यहाँ ढुङ्गामा कुदिएका गाईका थुन, देवी–देवताको आकृति तथा प्राकृतिक नारा (धार्मिक लेख) भेटिन्छन्। स्थानीय बासिन्दाले यस स्थानलाई भवानीको पूजा गर्ने स्थलका रूपमा प्रयोग गर्ने गर्दछन्। विवाह, व्रतबन्ध जस्ता धार्मिक संस्कार यहाँ सम्पन्न हुने परम्परा छ, जसले यसलाई स्थानीय आस्थाको केन्द्र बनाएको छ।

### २. नाम्ले थाप्ले

नाम्ले थाप्ले वडा नं. ६ र ७ को सिमानामा, करिब ४५०० मिटर उचाइमा अवस्थित ठूलो र सुन्दर मन्दिर क्षेत्र हो। यहाँ करिब १ क्विन्टलको ढुङ्गामा शिवजीको मूर्ति, शिव–पार्वतीको पदचिह्न, गाईका थुनको छाप, र ढुङ्गामा बनेको ठेकीमा दूध निचोर्ने आकृति पाइन्छ। यस क्षेत्रमा विशेष तिथिमा भव्य मेला लाग्ने गर्दछ। दर्शन गर्ने व्यक्तिको मनोकामना पूरा हुन्छ भन्ने धार्मिक विश्वासले यसलाई अझ पवित्र बनाएको छ। साथै, वरिपरि विभिन्न रङका ढुङ्गा, प्राकृतिक फूल र बहुमूल्य जडीबुटी पाइने भएकाले यो धार्मिक मात्र नभई औषधीय दृष्टिले पनि महत्त्वपूर्ण छ।

### ३. थुमचुली

थुमचुली करिब ५,००० मिटर उचाइमा अवस्थित एक रमणीय स्थल हो, जुन नौ दुर्गा देवीको वासस्थानका रूपमा चिनिन्छ। यस क्षेत्र वन्यजन्तु र जैविक विविधताले समृद्ध छ—कस्तुरी, घोरल, झारलजस्ता प्राणी र दर्जनौं दुर्लभ जडीबुटी यहाँ भेटिन्छन्। थुमचुलीको टुप्पोमा सानो देवीको मन्दिर रहेको छ। धार्मिक विश्वास अनुसार यो स्थान शिवजीकी पार्वतीको जन्मथलो तथा माइती घरको रूपमा पनि चिनिन्छ। यहाँ पुग्दा प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र जैविक विविधताको त्रिवेणी अनुभव गर्न सकिन्छ।

### ४. दुधेदह

दुधेदह सर्केगाडको अर्को धार्मिक एवं प्राकृतिक स्थल हो। यस दहमा सेतो र शुद्ध पानी भरिएको छ, जसको पानी लुडुचे खोलाबाट बग्ने गर्दछ। धार्मिक विश्वासअनुसार, दुधेदहमा नुहाउने व्यक्तिले मानसरोवरमा स्नान गर्नु पर्दैन भन्ने मान्यता छ। अपवित्र मानिस वा धामी–देउताले यहाँ स्नान गर्दा पवित्र हुने विश्वासले यसलाई स्थानीय आस्थाको केन्द्र बनाएको छ। यस दह वरिपरिको हरियाली र पहाडी डाँडाले यसलाई रमणीय पर्यटन स्थल पनि बनाएको छ।



## ५. देवकाडा

वडा नं. ७ मा पर्ने देवकाडा करिब ५,००० मिटर उचाइमा अवस्थित धार्मिक स्थल हो। रोडीकोट तर्फबाट बग्ने नदी किनार र घासी खोलाको मार्ग हुँदै पुगिने यस स्थानले स्थानीयलाई पूजा–अर्चना मात्र नभई परम्परागत बाटोको ऐतिहासिक महत्व पनि बोकेको छ।

## ६. पाक्सोवाडा

पाक्सोवाडा वडा नं. ७ मा पर्ने सामुदायिक वन क्षेत्र हो, जुन करिब ४,५०० मिटर उचाइमा अवस्थित छ। यो खर्क–पाटन क्षेत्रमा बहुमूल्य जडीबुटी पाइन्छ। मौसमी फूलहरू र हरियालीले ढाकिएको यस क्षेत्रमा औषधीय महत्वका वनस्पति र घाँसेभूमि भएकाले गाई–भैंसी, चौरीपालन जस्ता गतिविधिका लागि पनि प्रयोग हुने गरेको छ।

## ७. सिमाली सिमसार क्षेत्र

यो क्षेत्र वडा नं. ७ को पश्चिमतर्फ अवस्थित छ र अलौकिक वन–भण्डारका रूपमा परिचित छ। यहाँ चिराइतो, सुगन्धवाल, गुच्छी च्याउ, अत्तिस, सेतो चिनी लगायत बहुमूल्य जडीबुटी पाइन्छन्। साथै, जंगलमा डाँफे, फुक्रास, च्याखुरा, न्याउली, कोइली जस्ता पक्षी र वाघ, भालु, घोरल, काट्दो, लाटो कोसेरो जस्ता वन्यजन्तुहरू वास गर्ने गर्दछन्। यसले यस क्षेत्रलाई जैविक विविधताको धरोहरका रूपमा स्थापित गरेको छ।

## ८. कोट मन्दिर

कोट मन्दिर वडा नं. ७ को कोटडाँडामा २,४५० मिटर उचाइमा अवस्थित छ। नौ दुर्गा भवानीको प्रतिष्ठा गरिएको यो मन्दिर वि.सं. २०३६ सालमा तत्कालीन प्रधानपञ्च राजमल कार्कीको नेतृत्वमा स्थापना गरिएको हो। मन्दिरको संरचना गुम्बा शैलीमा बनाइएको छ, जसले यसलाई अझ आकर्षक बनाएको छ। प्रत्येक साउने पूर्णिमामा यहाँ भव्य मेला लाग्ने गर्दछ। धामी नाच, देउडा खेल, खेलकुद र विभिन्न सांस्कृतिक कार्यक्रमहरू आयोजना हुने हुँदा यस मन्दिरलाई स्थानीय सामाजिक–सांस्कृतिक जीवनको केन्द्र मानिन्छ।

## सर्केगाड गा.पा. वडा नं ८, रहादेव

## राहादेव गाउँ



**१. दुधेदहः-**

दुधेदह हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका–८ मा पर्ने राहदेव गाउँको लेख क्षेत्रमा अवस्थित छ। राहदेउ गाउँबाट यहाँ पुग्न पैदल एक दिन लाग्छ र यो स्थल करिब ४५०० मिटर उचाइमा रहेको छ। प्राचीन समयमा यस ताल दुधकै भएको जनश्रुति छ, त्यसैले यसलाई "दुधको दह" भनिन्थ्यो। त्यही कारणले हुम्लाभरिका धामी–झाँक्रीहरू यहाँ स्नान गर्न आउने गर्थे। हाल जिल्लाभरिका धामी–झाँक्रीहरू यहाँ आउने परम्परा हराइसके पनि सर्केगाड गाउँपालिकाका सबै वडा, चंखेली गाउँपालिकाका वडा र खार्पुनाथ गाउँपालिकाका केही धामी–झाँक्रीहरू यहाँ आएर स्नान गर्ने, पूजा गर्ने र दक्षिणा चढाउने परम्परा अझै कायम छ। स्थानीय विश्वासअनुसार धेरै वर्षअघि सर्केगाड–५ कुली गाउँका एक धामी दुधको दहमा पस्दा साउन पूर्णिमाको दिन एक वर्षपछि मात्र बाहिर निस्किएका थिए। तर त्यसपछि दुधको ताल पानीको तालमा परिणत भएको र त्यही समयदेखि यसलाई पवित्र "दुधेदह" भनिन थालिएको भनाइ छ। अर्को जनश्रुतिअनुसार, कुली गाउँका अर्का धामी दुधको तालमा पस्दा बाहिर

निस्कन नसकी त्यहीं मृत्यु भएको थियो र उनको शरीर तालबाट बालबालिकाले निकालेर बाहिर राखेको प्रसंग पनि सुनाइन्छ। हालैका वर्षमा पनि यस दहसँग सम्बन्धित कथाहरू गाउँलेहरूले अनुभवका साथ प्रस्तुत गरेका छन्।

धार्मिक महत्वका साथै दुधेदह प्राकृतिक सौन्दर्यले भरिपूर्ण रमणीय स्थल हो। यहाँ दुईवटा ठूलो ताल छन्—दुधेदह र मुससाब्लो। मुससाब्लो पनि देवताको नाममा रहेको पवित्र ताल हो, जहाँ पूजा गर्ने परम्परा छ। यो उच्च पर्वतीय पाटन क्षेत्रमा पर्ने भएकाले चौरी, भेडा, बाख्रा जस्ता पशुपालनका लागि उपयुक्त खर्कहरू छन्। साथै, यहाँ बहुमूल्य जडीबुटीहरूको खानी पाइन्छ—जस्तैः यार्सागुम्बा, पोरे, कुटकि, जटामसी, हातेजरा, पाँचऔंले, सेतो चिनी, गन्दाइनो, पञ्चाल्नु आदि। यी जडीबुटीहरूले दुधेदहलाई औषधीय दृष्टिले समेत महत्वपूर्ण बनाएका छन्।

यद्यपि यस क्षेत्रको विकास अझै कमजोर छ। खच्चर–रोड वा अन्य यातायात सुविधाको अभावले धार्मिक यात्री तथा पर्यटकलाई कठिनाइ भएको छ। सरकारी बजेट आएको भए पनि कतिपयले दुरुपयोग गर्ने प्रवृत्तिका कारण वास्तविक विकास नभएको स्थानीय गुनासो छ। दुधेदहको नजिकै तीर्थयात्री र धामी–झाँक्रीका लागि सुरक्षित वासस्थान नहुँदा उनीहरू बस्तीभन्दा टाढा चौर–खर्कमा असहज रूपमा बस्न बाध्य छन्। यसकारण गाउँपालिकाबाट वडा कार्यालयसम्म पुग्ने लामो दूरीलाई ध्यानमा राख्दै, दुधेदहको नजिकै ४ कोठे धर्मशाला वा विश्रामगृह निर्माणको अत्यावश्यकता देखिएको छ। त्यस्तो सुविधा उपलब्ध भएमा धार्मिक तथा पर्यटक आवागमन सहज हुने छ र स्थानीय अर्थतन्त्रमा पनि प्रत्यक्ष लाभ पुग्नेछ।

दूरीको हिसाबले हेर्दा, गाउँपालिकाको केन्द्रबाट करिब ३० किलोमिटरभन्दा बढी र वडा कार्यालयबाट करिब १५ किलोमिटर वरिपरि यो स्थल पर्छ। अहिले यात्रुहरूले लुगाफाटा, खाद्यान्न, भाँडाकुडा बोकेरै चौर–खर्कमा पुगेर बस्नुपर्ने बाध्यता छ, कहिलेकाहीं बिरामी वा अशक्त व्यक्तिलाई बोकेर पनि स्नान गर्न ल्याइन्छ। यस्ता कठिनाइलाई कम गर्न सडक, वासस्थान र होटल–व्यवसायको आधारभूत सुविधा उपलब्ध गराउने हो भने दुधेदहलाई एक उत्कृष्ट धार्मिक तथा प्राकृतिक पर्यटनस्थल बनाउन सकिन्छ। यसको विकास र संरक्षणको जिम्मा केवल सर्केगाड गाउँपालिका मात्र नभई छेउका चंखेली र खार्पुनाथ गाउँपालिकाका अग्रज तथा सरोकारवालाले पनि लिनु आवश्यक छ। प्रदेश सरकार र स्थानीय सरकारबीचको सहकार्यले मात्र दुधेदहको महत्वलाई बढाउन र यहाँ रहेका चुनौतीलाई समाधान गर्न सक्नेछ।



दुधे दह

**न्यारी पाटन**

सर्केगाड गाउँपालिकामा अवस्थित न्यारी पाटन क्षेत्र



न्यारी पाटन

२. **भिउदुलो** :- भिउँदुलो हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका र खार्पुनाथ गाउँपालिकाको बीचमा पर्ने मारघोर लेक क्षेत्रको सीमा क्षेत्रमा अवस्थित एक अद्भुत प्राकृतिक तथा ऐतिहासिक स्थल हो। विशेष गरी यसलाई सर्केगाड गाउँपालिका–८ को सीमाभित्र गणना गरिन्छ। पुराना कथनअनुसार, सतियुगको समयमा नेपाल र चीनबीच युद्ध हुने बेला तत्कालीन सेनापति भिमसेन थापाले चीनतर्फ रहेको ताक्लाकोट (हालको तिब्बत) मा ढुङ्गा प्रहार गरेका थिए। तर, त्यो ढुङ्गा ताक्लाकोटसम्म पुग्न नसकी मारघोर लेकको टुप्पोमा चिरा पारेर गएको र त्यसैबाट प्वाल बनेको विश्वास गरिएको छ। यसै कारणले यस चट्टानमा बनेको गोलाकार प्वाललाई "भिउँदुलो" भनिएको हो। यो ढुङ्गाको बीच भागमा बनेको अनौठो प्वाल कसरी बनेको भन्ने कुरा आज पनि रहस्यमय छ, जसलाई स्थानीय बासिन्दा र पर्यटकहरू दुवै चासोका साथ हेर्ने गर्छन्।

भिउँदुलो करिब ४,००० मिटरको उचाइमा रहेको उच्च पहाडी क्षेत्रमा पर्छ। यहाँबाट वरपरका प्राकृतिक सौन्दर्यपूर्ण दृश्यहरू देख्न सकिन्छ। विशेष गरी यस स्थानबाट चीनतर्फको भूभाग (वाउडर क्षेत्र) समेत हेर्न सकिने भएकाले यसलाई ऐतिहासिक र रणनीतिक दृष्टिले समेत महत्वपूर्ण मानिन्छ। भौगोलिक दृष्टिले यो स्थल केवल प्राकृतिक आकर्षण मात्र नभई ऐतिहासिक कथा–व्याख्याले भरिएको पवित्र र रोचक स्थान पनि हो।

सडक, होटल व्यवसाय र गोरेटो मार्गको अभावले हालसम्म यस स्थलको प्रचार–प्रसार र विकास हुन नसकेको छ। तर, सर्केगाड गाउँपालिकाबाट करिब ६ घण्टामा, वडा कार्यालयबाट ३–४ घण्टामा, र अन्य गाउँपालिकाबाट १–२ दिनमा पुग्न सकिने भएकाले यसलाई पर्यटकिय गन्तव्यका रूपमा विकास गर्ने ठूलो सम्भावना रहेको छ। यहाँ स्वच्छ हावा, शुद्ध पानी, उच्च हिमाली वातावरण र वरपरका तालतथा हिमालहरूको मनोरम दृश्य देख्न सकिने भएकाले भविष्यमाअन्य रमणीय गन्तव्यसँगै यो स्थानलाई पर्यटकहरूको प्रमुख आकर्षण बनाउन सकिन्छ।

भिउँदुलो पुराना पुस्ताले केवल वासस्थानका रूपमा चिने पनि नयाँ पुस्ता यसलाई अन्वेषण र अध्यायनका दृष्टिले महत्त्व दिन थालेका छन्। अहिले स्थानीय बासिन्दा मात्र नभई अन्य पर्यटक पनि यस रहस्यमय प्वाल हेर्न आउने गरेका छन्। त्यसैले, यस स्थलको महत्वलाई बढाउँदै पुराना ऐतिहासिक कथाहरूसँग जोडेर राज्य र सरकारलाई जानकारी गराई यसको संरक्षण, पूर्वाधार विकास र व्यवस्थित प्रचार गर्नुपर्ने आवश्यकता देखिन्छ। यसरी विकास गर्ने हो भने भिउँदुलो केवल स्थानीय गर्वको धरोहर मात्र नभई सम्पूर्ण हुम्ला जिल्लाको पर्यटकिय पहिचान बन्न सक्छ।

**३. थुम :**

हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका–८, रहादेव गाउँ अन्तर्गत अवस्थित अग्लो थुम्का (ठूला डाँडा–थुम्काहरू) स्थानीय बासिन्दाका लागि मात्र नभई बाहिरबाट आउने पर्यटकका लागि पनि एक अत्यन्त आकर्षक र रहस्यमय स्थल हो। तलको खोलाबाट मोडिएको यो अग्लो टुप्पो वरिपरि घना जंगलले घेरेको छ, जसले यस स्थानलाई अझ रमणीय र पवित्र देखाउँछ। लोक कथा अनुसार, वि.सं. २०३०/३५ सालतिर केही कुहिरे (गाउँका पुराना बासिन्दा) हरू अनुसन्धान गर्ने क्रममा यहाँ सुनको गाई (पिपलको जराभित्र बनेको मूर्ति) भेटिएको भनाइ पाइन्छ। तर, नजिक पुग्दा सर्पले बेरेको देखिने भएकाले त्यो गाईलाई निकाल्न सकिएको छैन, र आजसम्म पनि त्यसलाई व्यवस्थित संरक्षण गर्न सकिएको छैन। यसै कारणले यो स्थल अझै रहस्यमय र पौराणिक विश्वासले ओतप्रोत बनेको छ।

थुमको खाल्डो छेउमा एउटा प्राकृतिक तातोपानी निस्कने स्थान छ, जसलाई धार्मिक दृष्टिले पवित्र मानिन्छ। यहाँ धामी–झाँक्रीहरूले तिर्थस्थलको रूपमा पूजा गर्ने गरेका छन्, विशेष गरी चैत्रे दशैंमा यहाँ ठूलो पूजापाठ हुने गर्छ। साथै, प्रेरणा रयालीबाट बग्ने खोलासँगै साङ्टा दया न्या खोला मिलेर बनेको दोभान पनि यो ठाउँलाई थप रमणीय र धार्मिक महत्त्वपूर्ण बनाउँछ।

भौगोलिक दृष्टिले हेर्दा, वडा कार्यालयबाट करिब आधा घण्टामा र गाउँपालिकाको कार्यालयबाट ३–४ घण्टामा यहाँ पुग्न सकिन्छ। थाम्चाको टुप्पोमा पुगेपछि वरिपरि टाढा–टाढासम्मका हिमाल, गाउँ–वस्ती, पाटन र हरियाली जंगल स्पष्ट देख्न सकिन्छ। यस्ता प्राकृतिक दृश्यहरूले यस क्षेत्रलाई भविष्यमा पर्यटक आकर्षणको मुख्य गन्तव्य बनाउन सक्ने सम्भावना देखिन्छ। तर हाललाई यसको उपयोग केवल तातोपानीमा नुहाउने र चैत्रे दशैंमा पूजा गर्ने सम्म सीमित छ।

कुहिरेहरूको भनाइअनुसार, सुनको गाईलाई सर्पले बेरेको भन्ने कथा स्थानीय विश्वासमा अझै जीवित छ। त्यसैले, स्थानीय सरकार र सरोकारवालाहरूले यो स्थलको वैज्ञानिक अनुसन्धान, उत्खनन र संरक्षणमा ध्यान दिन जरुरी छ। यदि सुनको गाईको मूर्तिलाई सुरक्षित गरेर त्यहाँ मन्दिर निर्माण गर्न सकियो भने यसले धार्मिक महत्व मात्र नभई पर्यटकिय आकर्षणको रूपमा पनि ठूलो योगदान दिनेछ। साथै, चल्लेखर्कबाट रिलिङसम्म सिमेन्टका सिडी बनाइ गोरेटो बाटो निर्माण गर्न सकेमा यहाँ पुग्ने यात्रुहरूको सहज पहुँच हुने र यसलाई पर्यटकिय गन्तव्य बनाउन सजिलो हुने देखिन्छ।

यसरी व्यवस्थित विकास, संरक्षण र प्रचार–प्रसार गर्न सकिने हो भने राहादेउ गाउँको यो थुम धार्मिक तीर्थ, प्राकृतिक पर्यटन स्थल र सांस्कृतिक सम्पदाका रूपमा स्थापित हुन सक्नेछ। यसका लागि स्थानीय सरकार, प्रदेश सरकार र अन्य सरोकारवालाले सामूहिक पहल गर्न जरुरी छ, जसबाट यस रहस्यमय स्थलको महत्व अझै बढ्नेछ र हुम्ला जिल्लाको गौरवशाली पर्यटकिय पहिचान बन्नेछ।

### ४. सेरीगुफा : धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्व

सेरीगुफा हुम्ला जिल्लाको सर्केगाड गाउँपालिका–८, रहादेव गाउँको माथिल्लो भागमा अवस्थित एक महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक गुफा हो। गाउँपालिकाको कार्यालयबाट करिब ४ घण्टाको यात्रापछि र वडा कार्यालयबाट १५ मिनेटमै पुग्न सकिने यो स्थल पर्यटक र धार्मिक यात्रीहरूका लागि सहज गन्तव्य बनेको छ। गुफाभित्र छिर्दा गाईको थुनजस्तै ढुंगाबाट बनेका संरचना, हिम्राझुण्डी जस्ता आकृतिहरू देखिन्छन्, जसले यसलाई प्राकृतिक चमत्कारको रूपमा प्रस्तुत गर्छ। गुफाको बाहिरी भाग वरिपरि विशाल चट्टानहरूले घेरेको छ भने भित्री भागमा चिरो परेको स्थानलाई तिर्थस्थलका रूपमा पूजिन्छ। यहाँ कालीका मालिका देवीको पूजा गर्ने परम्परा रहेको छ, जहाँ भक्तजनहरूले फूलपाती, दूध, चामल, सामाग्री चढाउने र वर माग्ने गर्दछन्। विशेष गरी साउन महिना, पुनी र औंसी, तथा नागपंचमीमा यस गुफामा चाडपर्वको विशेष उत्सव हुने गर्दछ।

## साउने पूर्णिमा पर्व

साउने पूर्णिमा यस क्षेत्रको सबैभन्दा भव्य र धूमधामका साथ मनाइने पर्व हो। यो पर्वलाई यहाँका बासिन्दाले धार्मिक विश्वास र सांस्कृतिक उत्सव दुवैका रूपमा मान्छन्। यस दिन धामी–झाँक्रीहरूले आफ्नो धर्म–परम्परा अनुसार दूधेदह, सरोवर, कविलास, काँशी, मुक्तिनाथ, केदारनाथ, पशुपति, छायानाथ जस्ता प्रमुख तीर्थस्थानको प्रतिनिधित्व गर्दै पूजा गर्दछन्। गाउँका बुढापाका, महिलाहरू, पुरुषहरू सबै कलश बोकेर, दूबो र दैचामल चढाएर तिर्थस्थलमा पुग्छन्।

यस दिन बलि दिने परम्परा पनि छ, जसमा बोकाहरू, चौरी, भेडा वा अन्य जनावरहरूको बलि दिइन्छ। त्यसपछि चतुर्दशीका दिन चरिहिल्सो, देवलहिल्सो, भुवानीबुत्तोला, महादेव, मैठो, सल्लीरुख हिल्सो आदिमा पूजा गर्ने चलन छ। पर्वको अर्को विशेषता भनेको गीत–माङ्गल हो। यहाँ पुरुष र महिला छुट्टै समूहमा बसेर देवी–देवताको नाममा गीत गाउँछन्, नाच्छन् र रातभर रमाइलो गर्छन्। टाढा–टाढाबाट आएका पाहुनाहरूले पनि यस मेलालाई भव्यताको साथ अनुभव गर्ने अवसर पाउँछन्।

### पंचमी पर्व

साउने पूर्णिमाको पाँच दिनपछि मनाइने अर्को ठूलो मेलापर्व हो – पंचमी। यो मेलाको विशेष स्थान वडा नं. ५ को रहादेव गाउँअन्तर्गतको छिन्टे ढुङ्गा हो। यस ढुङ्गालाई स्थानीयहरूले मालिका देवीको प्रतीक मानेका छन्। यहाँ दूध–चामल, फूलपाती, फलफूल चढाउने परम्परा छ। ढुङ्गामाथि निधार टेकेर भक्तहरूले बर माग्छन् – कोही चौरी–भैसी, कोही भेडा–बाख्रा, कोही धन–सम्पत्ति, कोही अन्न–पानी, कोही सन्तान र कोही वर–वधुको वर माग्छन्। मागिएको वर विश्वासका साथ पूरा हुने धारणा भएकाले यस पर्वलाई अझै पवित्र मानिन्छ।

यस अवसरमा देवीलाई समर्पित गीत गाउने चलन छ, जसलाई माङ्गल गीत भनिन्छ। ती गीतमा देवीको स्तुति, गाउँ–घरको ऐक्यता र सांस्कृतिक मूल्यहरू अभिव्यक्त हुन्छन्। पुरुष र महिलाले छुट्टै समूह बनाएर एकअर्कासँग प्रश्नोत्तर शैलीमा गीत गाउँछन्, नाच्छन् र सामूहिक रमाइलो गर्छन्।

**सांस्कृतिक महत्व र भविष्यको सम्भावना**

सेरीगुफा र यससँग सम्बन्धित चाड–पर्व, मेलापर्व तथा सांस्कृतिक गतिविधिहरू केवल धार्मिक आस्थासँग मात्र सम्बन्धित छैनन्, यी सामाजिक एकता, सांस्कृतिक पहिचान र पर्यटन विकासको आधार पनि हुन्। सेरीगुफा धार्मिक दृष्टिले महत्वपूर्ण भएझैं यसको भौगोलिक सौन्दर्य पनि मनमोहक छ। तर, हालसम्म यहाँको पहुँच कठिन छ – केवल गोरेटो बाटो छ, जुन भिरालो भएकाले यात्रुहरूलाई असहज हुन्छ। त्यसैले यसलाई व्यवस्थित पर्यटकिय स्थल बनाउन सडक, पुल, धर्मशाला, विश्रामस्थल, होटल–व्यवसाय जस्ता संरचना निर्माण गर्न आवश्यक छ।

स्थानीय र प्रदेश सरकारको पहलमा यसलाई संरक्षण, प्रचार–प्रसार र पर्यटन प्रवर्द्धनमा जोड दिन सकिएमा, सेरीगुफा–साउने पूर्णिमा–पंचमीको सांस्कृतिक सम्पदा हुम्ला जिल्लाको मात्र होइन, सम्पूर्ण नेपालको धार्मिक–सांस्कृतिक पहिचानको गौरव बन्न सक्छ।

## शिरसेना र देवीपूजा सम्बन्धी संस्कार

शिरसेनामा हुने धार्मिक तथा सांस्कृतिक अनुष्ठान स्थानीय समुदायको आस्था, परम्परा र एकतासँग जोडिएको छ। यो क्षेत्रको महत्वपूर्ण चाडमा युवायुवती, बुढापाका र धामीझाँक्रीहरूको सहभागिता देखिन्छ। चाड सुरु हुने बेलामा गाउँलेहरू मिलेर देवीस्थानमा पुग्छन्। यहाँ सिंदुर, दूध, लुगा र अन्य पूजनीय सामग्री चढाइन्छ। देवीलाई समर्पित मंगलगीत गाउँदै, बाजागाजाको तालमा रमाइलो गरिन्छ। देवीको आशीर्वाद प्राप्त गर्न युवतिहरूले सिंदुर चढाउने, पुरुषहरूले फूलपाती चढाउने परम्परा छ। पूजापाठ सकिएपछि धामीहरूले पितृहरूको सम्झना गर्दै तान्त्रिक कर्म सम्पन्न गर्छन्। यसपछि गाउँभरि गीत, नृत्य र रमाइलोको वातावरण सिर्जना हुन्छ, जसले सामूहिक एकता झल्काउँछ।

अब उठ भाई ओ साथी संगी देवि पान्न जाउँ

अब देविका पाटन भित्रके उके उर मिथाई

अब सय साठीरा उलाचेलीसिन्धुरपिन्निछन्।

अबअग्यारकोपिन्योसिन्दुरदेविचराउछिन

अब, पछयारको पिन्योसिंदुरआफूपहिरन्छिन्

त्यस्तैअगाडीकोदुधअगाडीकोलुगा

आउँखेरीमाँगल:

अबकालीकोइलीकोलरीठछालीहाल्योदौल

अवदेवीपाटनज्वारीआयौखेलमेराछौल

भन्दैगाउमाआएरधामिडॉरी,
बुढापाकाआमावुवालाईयुबायुबतिलेफूलपातीलगाईढोकगर्नेगर्छमात्यसपछिधामीहरुपतुर्नेकामगर्छन। पतुरीसके पछितिर्थकागीतहरुभनेरखेलमालगरियोचाडसिडिन्छयोठाउँमाजानगाउँवाट 3 घण्टामापुग्छन। गाउपालीकाबाट६/७घण्टाकोदुरिछ। यसमाजानआउनभिरालोजमिनभएकोले गोरेटोबाटोकोआवश्यकता छ।

## भुवो तिहार (वर्षचक्र पर्व)

भुवोतिहार पर्व ८ नं. वडामा बसोबास गर्ने व्यासी जातिको लागि अत्यन्त महत्वपूर्ण मानिन्छ, जसलाई उनीहरूले नयाँ वर्षको रूपमा समेत मनाउने गर्छन्। यस पर्वमा नयाँ वर्षको गणना १२ प्राणीका नामबाट गरिन्छ, जसमा मुसा, गोरु, बाघ, खाजा, देऊ, सर्प, धोरा, भेरा, बाँदर, कुखुरा, कुकुर र सुँगुर रहेका छन्। यसैलाई “यो वर्ष्या, त्यो वर्ष्या” भन्दै गाउँलेहरूले वर्ष छुट्याउने परम्परा रहिआएको छ। पर्वको अघिल्लो दिन गाउँघर लिपपोत गरी चेली–बहिनीलाई अक्रास खुवाइन्छ भने भोलिपल्ट बिहान भाले बासेपछि पुरुषहरू खोलामा गएर “वर्ष दिनको महल फाल्ने” विश्वासका साथ ठूलो आगो बालेर नुहाउने गर्छन्। महिलाहरू घरमा चिड्ला हाल्ने चलन छ। स्नान सकेपछि चेली–बहिनीहरूले पिठो पिसेर आमा–बाबु, दाजुभाइलाई घरघरमा गएर टिका लगाइदिन्छन्। यस पर्वसँग मृत्यु संस्कारसमेत गाँसिएको छ, जसअनुसार कोही मरेको घर एक वर्षपछि “काँच किरिया” गरेर चोखिने प्रथा छ। बुढापाकाहरू त्यस्तो घरमा गएर भैदोली सगुनका रूपमा हात–कानमा लगाएका गरगहना फालेर नयाँ जीवनको सुरुवातको प्रतीकका रूपमा प्रदान गर्छन्। यसरी “आजदेखि कुदिन गयो, सुखको दिन आयो” भन्दै असिपात दिने चलन रहन्छ। दिउँसो गाउँका सबै मानिसहरू पितर पाटा (मुया पुज्ने स्थान) मा भेला भई नयाँ मुया र पुराना मुयालाई चिउरा–भात चढाएर गाउँका जेठो व्यक्तिको हातबाट पूजा गर्ने गर्छन्। त्यही अवसरमा चेली–बहिनी र साना छोरीहरूले बुढापाकालाई पिठोको टिका लगाएर ढोग

गर्छन्, जसलाई प्रत्युत्तरस्वरूप वडापाकाले "भैदोली" भनी आशीर्वाद दिने गर्छन्। यसरी भुवोतिहारले नयाँ वर्षको सुरुवात मात्र होइन, सामाजिक एकता, पुराना संस्कारको निरन्तरता र जीवन–मृत्यु चक्रलाई समेत स्मरण गराउने गहिरो सांस्कृतिक महत्व बोकेको पाइन्छ।

भुवोतिहार पर्व व्यासी जातिको मौलिक सांस्कृतिक र धार्मिक धरोहर हो, जुन विशेषगरी ८ नं. वडामा बसोबास गर्ने समुदायका लागि अत्यन्तै महत्वपूर्ण मानिन्छ। यसलाई उनीहरूले नयाँ वर्षको रूपमा समेत मनाउने परम्परा रहेको छ। यो पर्वमा वर्षको गणना बाह्रै जनावरका नामका आधारमा गरिन्छ, जसमा मुसा, गोरु, बाघ, खाजा, देऊ, सर्प, धोरा, भेरा, बाँदर, कुखुरा, कुकुर र सुँगुरको नाम प्रयोग हुन्छ। यसरी "यो वर्ष्या ग, त्यो वर्ष्या" भन्दै वर्ष छुट्याउने प्रचलन पुरातन समयदेखि चलिआएको छ। पर्व सुरु हुनु अघिल्लो दिन गाउँबस्तीका घरहरू सफा गरी लिपपोत गर्ने, चेली–बहिनीलाई अक्रास खुवाउने परम्परा रहन्छ। भोलिपल्ट बिहान भालेको बास सकिएपछि पुरुषहरू खोलामा गएर "वर्ष दिनको महल फाल्ने" प्रतीकस्वरूप ठूलो आगो बालेर स्नान गर्ने गर्छन् भने महिलाहरू घरमा चिड्ला हाल्ने चलन छ। त्यसपछि चेली–बहिनीहरूले पिठो पिसेर आमा–बुबा र दाजुभाइलाई घरघरमा गएर टिका लगाइदिन्छन्।

यस पर्वसँग मृत्यु संस्कार पनि जोडिएको पाइन्छ। कोही मानिस मरेको घर एक वर्षपछि "काँच किरिया" गरेर चोखिने गरिन्छ। त्यस्तो घरमा पुगेका बुढापाकाहरूले "भैदोली सगुन"का रूपमा हात–कानमा लगाएका गरगहना फालेर नयाँ जीवन सुरु भएको सन्देश दिने गर्छन्। यसरी "आजदेखि कुदिन गयो, सुखको दिन आयो" भन्ने विश्वाससहित असिपात दिने परम्परा प्रचलित छ। दिउँसो भने गाउँका सबै मानिसहरू पितर पाटा (मुया पुज्ने स्थान) मा भेला भएर नयाँ र पुराना मुयालाई चिउरा–भात चढाउँछन् र गाउँकै जेठो व्यक्तिले पूजा सञ्चालन गर्छन्। सो अवसरमा चेली–बहिनी र साना छोरीहरूले बुढापाकालाई पिठोको टिका लगाएर ढोग गर्छन् भने वडापाकाहरूले प्रत्युत्तरस्वरूप "भैदोली" भनी आशीर्वाद दिन्छन्। यसरी भुवोतिहार पर्वले केवल नयाँ वर्षको सुरुवात गर्ने मात्र नभई सामाजिक एकता, पुराना संस्कारहरूको निरन्तरता र जीवन–मृत्यु चक्रलाई सम्झाउने गहिरो सांस्कृतिक महत्त्व बोकेको पाइन्छ।

## चोख्या पर्व

चोख्या पर्व स्थानीय समुदायको अत्यन्त पुरानो र मौलिक सांस्कृतिक परम्परा हो, जुन तीन वर्षमा एकपटक मनाइन्छ। यसको मूल भावनामा परिवार र गाउँमा भएको अन्नबाली, पशुधन तथा सम्पत्ति चोख्या नामक अपशकुन वा अनिष्टबाट सुरक्षित रहोस् भन्ने कामना गरिएको हुन्छ। यसैले यसलाई देवताको रूपमा पूज्ने चलन रहँदै आएको छ। यो पर्व विशेषतः महिनाको औंसी तिथिमा मनाइन्छ र

गाउँको बीचमा रहेको चोख्या पूजास्थलमा सामूहिक विधि–विधान सम्पन्न गरिन्छ। पुरुषहरू गाउँमाथिको चौबे ढुङ्गाबाट ठूलो सल्लाको लिङ्गो ल्याएर पूजास्थलमा उभ्याउँछन् भने महिलाहरू खरिकां धारामा भेला भई आपसी माया–प्रेमका गीत गाउँछन्। पूजामा ठूलो खसी काटिन्छ, जसको आन्द्राबाट पुरुष लिङ्गको प्रतीक बनाइन्छ र महिलाले त्यसलाई पीठो, सातु छरेर हास्य व्यङ्ग्यपूर्ण ढंगले खेल्ने चलन रहन्छ। यसरी संकलित पीठो प्रयोग गरी चोख्या बोक्ने व्यक्तिलाई विशेषरूपले सजाइन्छ—कान–नाकमा गहना, टाउकोमा काँसकुशको मुकुट, र शरीरमा धुलोपिठो लगाइन्छ। गाउँमा पालो–पालो चोख्या बोक्ने व्यक्तिलाई अत्यन्तै महत्त्व दिइन्छ। पुरुषहरूले लठ्ठी समातेर प्रत्येक घरका महिलाको नाम लिई "फलानो चिक्छै, हलानो चिक्छै" भनेर अँ भन्न लगाउने चलन छ, अस्वीकार गरेमा प्रतीकात्मक रूपमा लठ्ठीले टाउकोमा हानिन्छ। यसलाई मनोरञ्जनात्मक विधि मानिन्छ र अन्ततः सबै महिलाको नाम लिएपछि चोख्या बोक्ने व्यक्तिलाई अगाडि राखी केटाहरूले गाउँ परिक्रमा गर्छन्। प्रत्येक घरमा अन्न, बीज, कपडा आदिको रक्षा होस् भन्ने उद्देश्यले पानी छर्किन्छ र महिलाले पनि पुरुषहरूलाई पानी खन्याएर भिजाउने परम्परा छ। अन्ततः गाउँको तल राउला भन्ने ठाउँमा बोका काटेर चोख्या विसर्जन गरिन्छ। त्यसपछि चोख्या बोक्ने व्यक्तिले नुहाएर नयाँ लुगा, फूलपाती र अन्नबालीसहित गाउँमा फर्किन्छ, जहाँ प्रत्येक घरलाई पूजामा प्रयोग भएको फूलपाती वा अन्नबाली बाँडिन्छ र यसलाई सम्पत्ति सुरक्षित राख्ने प्रतीक मानिन्छ। यस व्यक्तिलाई दिदी–बहिनीका पाप काट्ने मान्यता दिइन्छ र मंसिर महिनामा हरेक घरले एक–एक पाथी सिमी चोख्या बोक्ने व्यक्तिलाई दिने चलन पनि छ। यस पर्वको विशेष पक्ष भनेको यस दिन महिलाहरूलाई पनि खुला रूपमा रमाइलो गर्ने, मन लागेको केटासँग खेल्ने वा हाँस्य–व्यङ्ग्यपूर्ण गतिविधिमा सामेल हुने स्वतन्त्रता दिने संस्कार हो। यद्यपि, यस पर्वमा कतिपय छाडा संस्कार पनि मिसिएका छन्, जसलाई वर्तमान सामाजिक सन्दर्भअनुसार परिमार्जन गर्दै संस्कृतिको रमाइलोपन, सामूहिकता र मौलिकतालाई जोगाउन आवश्यक देखिन्छ। यसरी हेर्दा चोख्या पर्व धार्मिक आस्था मात्र नभई सामाजिक एकता, हास्य–व्यङ्ग्य र समुदायमा साझा जीवनपद्धतिको अभिव्यक्ति हो, जसलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सकेमा स्थानीय सांस्कृतिक सम्पदाको रूपमा संरक्षण गर्न सकिने देखिन्छ।

### थपाल्या व्यासिको संग्राहलय-

थपाल्या व्यासीहरू हिमाली भूभागमा बसोबास गर्ने, आफ्नै मौलिक संस्कृति सहितको समुदाय हो। कठोर चिसो मौसम र हिमालय नजिकैको जीवनशैलीले उनीहरूको पोशाक, गहना, घरायसी सामग्री र भौतिक संस्कृतिलाई अद्वितीय बनाएको छ। यिनै विशेषताहरूलाई संग्रहालयमार्फत संरक्षण गर्ने उद्देश्य राखिएको छ। सर्केगाड गा पा वडा न ८ मा संग्रालयको स्थापना गरियको छ ।

**परम्परागत पोशाक र लुगाफाटा**

थपाल्या व्यासीहरूको परम्परागत पोशाक केवल चिसोबाट बच्ने साधन मात्र नभई सामाजिक पहिचान र सांस्कृतिक गौरवको प्रतीक हो।

पुरुष पोशाकः

टोपि –विशेष ढाँचा भएको, बाक्लो र तातो।

बोक्खु –याक वा भेडाको ऊनबाट बनेको तातो लुगा।

जँगिला (सुरुवाल) – बाक्लो कपडाको सुरुवाल।

टुवाउको (पटुका) – पेटमा बाँध्ने लामो कपडा।

दोछा (जुत्ता) – छालाबाट बनाइएको मजबुत जुत्ता।

दोफर (मोज़ा) – ऊन वा छालाबाट बनेको।

गलाबन्दी (फेटा) – टाउको वा गला ढाक्ने कपडा।

**महिला पोशाकः**

चोला, चुक्तो, टिवाउको – लामो लुगा, स्कर्ट जस्ता।

गावन (धोती) – ढाक्ने लुगाको रूप।

पिरोला, पाउरो, सोटि – विशेष मौसमी तथा धार्मिक कार्यक्रममा लगाइने लुगाफाटा।

कम्मल (कम्बल), लिउ, फेरुवा – ओड्ने–ओछ्याउने बाक्ला वस्त्र।

यी सबै पोशाकहरू आजको आधुनिक परिधिसँग तुलना गर्दा अनौठो लाग्छन् तर यी हिमाली जीवनशैलीअनुकूल अपरिहार्य थिए।

**गरगहना र सजावट**

थपाल्या व्यासी महिलाहरूले लगाउने गरगहना सांस्कृतिक पहिचानको अर्को महत्वपूर्ण पक्ष हो।

गर्दनमाः आलाङ कपुन्या माला, दोबोटयार माला, सुकामाला, पोत्यामाला, झालरो।

हातमाः चाँदीका मोटा–मोटा बाला, चुरा।

औँलामाः चाँदी वा तामाका औंठी।

कपालमाः युवतीहरूले कपालमा चुल्ठो बनाई काँडा वा धातुका सजावटी सामान लगाउने गर्थे।

कानमाः डोरी वा चाँदीका झुण्डिने गहना।

यी गहनाले उनीहरूको सामाजिक–आर्थिक हैसियत मात्र होइन, सौन्दर्य र सांस्कृतिक आत्मगौरवलाई समेत प्रतिनिधित्व गर्थे।

**घरायसी सामग्री र प्रयोग**

थपाल्या व्यासीहरूको दैनिकीमा प्रयोग हुने घरायसी सामग्री पनि मौलिक छन्।

धान्य भण्डारणका लागिः फापरको धोलो, फाइन्या, सुपो, डालो, राग्या।

भोजन पकाउने र खानेका लागिः टिपन्या, थुनरुइ, टोकरी।

काठका सामग्रीः खाट, मदुश (काठको सन्दुक), दराज, जुम, दूध दुहुने सु्ुवा, हलो, फालो, वङ, रुलि।

छाना र संरचनाः बाँस वा निगालोबाट बनेका छापरी, भार, चैनु।

यी सबै वस्तुहरूले पुरानो जीवनशैली कस्तो थियो भन्ने कुरा स्पष्ट देखाउँछन्।

**संग्रहालयको आवश्यकता**

आज यी सबै चिजवस्तुहरू आधुनिक जीवनशैलीका कारण विस्थापित हुँदैछन्।

नयाँ पुस्ताले यी पुराना लुगाफाटा, गहना, घरायसी सामग्रीलाई "अनौठो" वा "अद्भुत" भनेर हेर्छ।

यदि यिनलाई संरक्षित गरिएन भने भोलिका पुस्ताले आफ्नो मौलिक संस्कृति देख्न पाउने छैनन्।

यसैले, यी सबैलाई संग्रहालयमा संकलन गरी सुरक्षित राख्नु अत्यावश्यक छ।

**पर्यटन र विकास सम्भावना**

थपाल्या व्यासीहरूको संग्रहालयलाई व्यवस्थित रूपमा स्थापना गर्न सके, यो केवल सांस्कृतिक संरक्षण मात्र नभई पर्यटन प्रवर्द्धनको माध्यम बन्न सक्छ।

सांस्कृतिक पर्यटनः विदेशी पर्यटकलाई हिमाली जीवनशैली, पोशाक र गहनाबारे देखाउन सकिन्छ।

शैक्षिक महत्वः विद्यालय–विश्वविद्यालयका विद्यार्थीले पुरातात्त्विक र सांस्कृतिक अध्ययन गर्न सक्नेछन्।

आर्थिक लाभः प्रवेश शुल्क, स्थानीय उत्पादन बिक्री, गाइड सेवाबाट आम्दानी हुन सक्छ।

यसलाई सफल बनाउन ठूलो र मजबुत भवन आवश्यक छ। साथै, प्रदेश र स्थानीय सरकारको सहकार्यमा अझ धेरै सामग्री संकलन गरेर प्रदर्शन गर्न सकिन्छ।

## ३.३ पुराना खर्कहरु तथा खर्कको जीवन शैली

खर्कको शब्दको शाब्दिक अर्थ गाई, भैसी, भेडा, बाख्रा, आदिलाई एकै स्थानमा भेला गराई समय समयमा नुन दिने स्थान हो । समयान्तर संग भाषाको बोली अपभ्रङस हुदैं आउँदा यो शब्द वर्षा याममा यस क्षेत्रका हरेक गाउँ बस्तीमा गाउँ भन्दा अलि अग्लो लेकतीर पशुबस्तु राखेर अस्थायी घर (झुपडी, बास, आटी) बनाएर बस्ने स्थानको मागमा परिणत भएको हो ।

गाउँबासीहरुको अधिकांस जग्गाजमिन गाउँ भन्दा माथिल्लो भाग लेकतिर हुने र घरबाट गोठेमल (पशुबस्तुले मल्याएर बनाएको मल) उकालीमा बोकेर लिन गाह्रो हुने तथा बर्खायाममा पशुबस्तुहरुलाई पनि गाउँबस्तीमा बढी गर्मी हुने भएकाले खर्क (बास, आटी, झुपडी) मा राखेर घरका मानिसहरु समेत बस्ने काम गसरन्छ । परम्परा देखीको प्रचलित भाषामा खर्कलाई आटी वा बास भनिने गरिन्छ ।

जीवनशैली - खर्क (बास/आटी) को जीवनशैलीलाई स्थलगत रुपमा नियाल्ने अवसर मिलेमा स्वर्गानुभुति हुने गर्दछ । अस्थायी बसोबास बसोबास भएकाले प्राय खर्कको बनौट जंगली झारपातहरुले सुकेर काठको बार लगाईएको हुन्छ । कतै कतै मेहनतीहरु भएमा वा साधन स्रोत उपलब्ध भएमा रुखका बोक्राले छाउने वा काठका फल्याकले छाउने गरिएको हुन्छ । प्रायजसो एउटा घरको खर्कसंग अर्को घरको खर्कको दुरी निकै टाढा रहने गर्दछ ।

खर्कको जीवनशैलीमा अस्थायी बसोबास हुने भएकाले मानव र मानवत्तरहरुको बसाई संगसंगै हुने गर्दछ । उदाहरणका लागि चलचित्र भवनमा पर्दामा चलचित्र देखिए झैं एकै बसाई वा आसपासमा बाछ्राबाछी, पाठापाठी, पाडापाडी, बछेराबछेरी आदीको गुञ्जमान स्वरले आफु स्यंम स्वर्गको एक कुनामा भएको आभास गराउँछ ।

गाउँबस्तीबाट टाढाको बसाई सबै चिज बस्तुको अप्रयाप्तता अनि कामको चपेटाले प्राकृतिक र अर्गानिक रुपमा जेपाक्छ, जति पाक्छ त्यो नै अमृत समान चौरासी भोजन भन्दा मिठो हुन्छ । भाडाँको अभावमा सिमपरी पात (बन्य सिम्परी फूलको गोलो थाल जस्तो पात) मा खाना खान परे पनि डाडु पन्युको सट्टा काठको भाटानै प्रयोग भए पछि सुत्ने बिस्ताराको रुपमा सल्ली पिरल (सल्लाको जातको रुखको मसिनो पात) सुकेको वा दालुको पशु बस्तुलाई गोठमा ओछ्याएर मल तयार गर्ने एकप्रकारको बन्य झारपात (उन्यु) आदीको प्रयोग गर्दा होस वा वर्षा यामको सिमसिमे पानी संगै शुभ संदेश बोकेको मन्सुनी हावा चलेको समयमा खर्कमा दाँया,बाँया र वरिपरी बारिएको बीचमा छिद्र(प्वाल) भएको बारबाट खुल्ला आकासलाई स्वच्छ र सफा मनले नियालेर चिहाँउदा राजधानीमा रहेको गगनचुम्वी पाँचतारे महलको आनन्द भन्दानी बढी स्वर्गानुभूति हुने गर्छ ।

खर्कको बसाईमा प्रायजसो घरमा भएका नव दुलाहादुलही वा छोरीबुहारीहरु अथवा घरका कनिष्ट(कान्छा उमेरका) लाई बसालिने गरिन्छ । खर्कको जीवन शैलीलाई पहिले र अहिलेको अवस्थालाई तुलना गर्दा पहिलेको जीवशैली पूर्ण रुपमा प्राकृतिक र अर्गानिक थियो भने, अहिले अप्राकृतिक समेत मिश्रण भएको पाईन्छ ।

**खर्कको आर्थिक महत्व**

खर्क ग्रामीण अर्थतन्त्रको मेरुदण्ड हो। पशुपालनमा आधारित अर्थतन्त्रः गाई, भैंसी, भेडा, बाख्रा आदि खर्कमा राख्दा उनीहरूको दुध, घिउ, मासु, ऊन उत्पादन बढी हुन्थ्यो। मलको उत्पादनः खर्कमा बस्दा गोठेमल प्रशस्त उत्पादन हुने भएकाले खेतबारीमा मल हाल्न सजिलो हुन्थ्यो। आर्थिक चक्रः दुध, दही, घिउ, ऊनजस्ता उत्पादनले ग्रामीण बजारमा आपूर्ति हुने र स्थानीय अर्थतन्त्र चलायमान हुने गर्थ्यो। यसकारण खर्कलाई केवल बसोबास स्थल नभई ग्रामीण अर्थतन्त्रको आधारभूत इन्जिन मानिन्छ।

### सामाजिक-सांस्कृतिक महत्व

खर्क केवल पशु राख्ने स्थान मात्र होइन, यसले समाज र संस्कृतिलाई पनि नियन्त्रित गरेको छ।

पारिवारिक जिम्मेवारीः प्रायः नवदुलाहा-दुलही, छोरीबुहारी वा कान्छा सदस्यलाई खर्कमा पठाउने चलनले परिवारमा कामको बाँडफाँड हुन्थ्यो।
समुदाय र आत्मनिर्भरताः खर्कमा बस्दा गाउँभन्दा अलग, प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध राख्ने अवसर मिल्थ्यो।
सांस्कृतिक अभ्यासः पशुपालनसँग जोडिएका पूजा-संस्कार (जस्तै गोठपूजा, चाडबाडमा पशु-बली) पनि प्रायः खर्कसँग सम्बन्धित हुन्थे।
यसले ग्रामीण समाजलाई आत्मनिर्भर, श्रममूलक, र प्रकृतिसँग नजिक राख्ने भूमिका खेल्यो।

### खर्क र आधुनिक परिवर्तन

पहिलेः पूर्ण अर्गानिक, प्राकृतिक, आत्मनिर्भर जीवन।
आजः प्लास्टिक, टिन, रेडिमेड सामानले केही अप्राकृतिक तत्व थपिएका छन्। तर मौलिकता अझै पनि कायम छ।

### पर्यटन सम्भावना

खर्कलाई व्यवस्थित विकास गर्न सकेमा यो पर्यटनको नयाँ आकर्षण बन्न सक्छ।
ग्रामीण पर्यटन (Rural Tourism): पाहुनालाई खर्कको जीवनशैली, पशुपालन, अर्गानिक खाना, स्थानीय संस्कृतिको अनुभव दिलाउन सकिन्छ।
होमस्टे र इको-टुरिज्मः खर्कमा बसेर पाहुनाले "Eco-living" अनुभव गर्न सक्छन्।
सांस्कृतिक सम्पदाः खर्कलाई जोगाएर भविष्य पुस्तालाई देखाउने व्यवस्था मिलाउन सकिन्छ।
यसरी, खर्कलाई संरक्षण र प्रवर्द्धन गर्न सके स्थानीय जीवनशैली मात्र होइन, स्थानीय अर्थतन्त्र र पर्यटन उद्योग दुवै बलियो हुन्छ।

## एकाइ-चार

## पर्यटन विकासका सम्भावना, योजना तथा कार्यक्रम

सर्केगाडगाउँपालिकामा धार्मिक, सांस्कृतिक, सामाजिक र प्राकृतिक पर्यटन विकास तथा प्रवर्द्धनका लागि विभिन्न सम्भावनारू रहेका छन् । यस गाउँपालिकामा पर्यटन क्षेत्रको धेरै सम्भावना भएको कारण, त्यसको विकास, प्रवर्धन र प्रचारप्रसारका लागि पर्यटनसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु तयार पारिएका छन् ।

### ४.१पर्यटनविकासकासम्भावनाहरू

सर्केगाड गाउँपालिकाको समग्र अध्ययन र अवलोकन पश्चात् यस क्षेत्रमा निम्न पर्यटन गतिविधिहरू सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

४.१.१. होमस्टे

यस गाउँपालिकाका बिभिन्न पर्यटकीय क्षेत्रमा होमस्टे सञ्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । गाउँतिर आउने पर्यटकहरू स्थानीय बासिन्दाको घरमा नै गएर रात बिताउन चाहन्छन् । पर्यटकहरू स्थानीय समुदायको घरमा बसी स्थानीय स्वाद अनुसारका परिकारहरूका खानपान गर्दछन् भने स्थानीय संस्कार र संस्कृतिमा रमाउँछन् । ठूलो लगानीको आवश्यकता नपर्ने भएकोले कुनै पनि समुदायले घरबास सञ्चालन गर्न सक्छन् । सर्केगाड गाउँपालिकाको अधिकांश ग्रामीण बस्तीमा विभिन्न जातजातिहरूको बसोबास भएकाले होमस्टे सञ्चालन गर्न सकिने संभावना भए तापनि तत्कालका लागि यि क्षेत्रमा क्षेत्रमा होमस्टे सञ्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

गुसां --------- वडा नं. ३

सिमाली --------- वडा नं. ७

लिप्ने --------- वडा नं. २

राहादेव फुचा गाँउ --------- वडा नं. ८

जैर गाँउको (गहुकुला) --------- वडा नं. १

४.१.२. अध्ययन, अनुसन्धान तथा शैक्षिक भ्रमण

यस गाउँपालिका अन्तर्गत रहेका बिभिन्न तीर्थस्थल, धार्मिक, मठ-मन्दिर, खोला, जङ्गल, चराचुरूङ्गी आदि बिबिध पक्षको अध्ययन तथा अनुसन्धान र मनोरञ्जनका लागि यो क्षेत्र एकदमै उपयोगी रहेको छ । यस गाउँपालिकामा बाहुन, क्षेत्री, मगर, विश्वकर्मा, परियार, योगी, आदि विभिन्न जाति जनजातिहरू बस्दछन् । यो विविधता अनुसन्धानकर्ताको लागि एउटा सानो पुस्तकालय नै हो । यसले यहाँ बसोबास गर्ने

विविध जाति जनजातिहरूको संस्कार र संस्कृतिको अध्ययन, अनुसन्धान र अवलोकनको लागि जो कसैलाई पनि सहजता प्रदान गर्दछ । यो क्षेत्र प्राकृतिक हिसाबले पनि अध्ययन अनुसन्धान गर्न सकिने क्षेत्र हो भने सांस्कृतिक रूपमा विविधताले भरिएको यो क्षेत्रमा बसोबास गर्ने समुदायको अध्ययन तथा अनुसन्धान गर्न सकिने स्थल हो ।

गाउँपालिकाका यि दुइ विधालयलाई नमुना विधालयको रुपमा विकास गरी शैक्षिक सुधार गर्न सकिने संभावना छ ।

हिमज्योती मा. बी --------- वडा नं. ४

सिमाली आवासीय मा. बी --------- वडा नं. ७

### ४.१.३. पद यात्रा वा हाइकिङ

सर्केगाड गाउँपालिकाको बिभिन्न स्थलमा पैदल यात्रा वा "हाइकिङ" गर्न सकिने सम्भावना छ । यस सर्केगाड गाउँपालिकाको विभिन्न स्थलहरू पैदल यात्राका लागि उपयुक्त देखिन्छन् । यस योजनामा यी क्षेत्रहरु भ्रमण गर्नका लागि ट्रेकिङ रुटको योजना बनाइएको छ । यी क्षेत्रहरुमा सुन्दर, शान्त, मनोरम, वातावरण हुनका साथै स्वर्गको अनूभुति प्राप्त गर्न सकिन्छ । यस क्षेत्रमा भ्रमण गर्ने जो कोहीको मन लोभिन्छ । तसर्थ यो गाउँपालिकामा हाइकिङ तथा पदयात्राको सम्भावना प्रचुर मात्रामा रहेको छ ।



पान्चौर /मताराचौर जाने मार्ग

४.१.४. जङ्गल भ्रमण

यो क्षेत्र हावापानीको बिबिधतासँगै वन जंगलमा समेत अनेकता पाइन्छ । यहाँका बन जंगलमा बिभिन्न प्रकारका रुख, बुट्यान, झाडी तथा जडिबुटीहरु पाइन्छन् । तसर्थ यस जंगल क्षेत्रमा रहेको जैविक विविधताको अध्ययन अनुसन्धान तथा मनोरञ्जनका लागि उपभोक्ता समितिहरूसँग समन्वय गरी पर्यटकहरूलाई जङ्गल भ्रमण गराई मनोरञ्जन दिलाउन सकिन्छ । यस क्षेत्रमा रहेका चराचुरुङ्गीहरूको अवलोकन बाट पर्यटकले मनोरञ्जन लिन सक्दछन् । अतः जंगल भ्रमण पर्यटक लागि एक प्रमुख भ्रमण गन्तब्य बन्न सक्ने सम्भावना रहेको छ ।

४.१.५. स्प्रिचुअल पार्क क्षेत्र

यस गाउँपालिकामा रहेका बिभिन्न सुन्दर, शान्त तथा प्रकृति प्रदत्त क्षेत्रहरुका स्प्रिचुअल पार्कको विकास गर्न सकिन्छ । यी क्षेत्रहरुका गर्मी मौसममा तराईका बिभिन्न क्षेत्रहरु नेपालगञ्ज, सुर्खेत तथा हुम्लाबजारका साथै अन्य गाउँपालिकाका बिभिन्न ठाउँँबाट समेत शितल मौसममा रमाउन पर्यटकहरू र हिउँ खेल्न, हिमालको अनुभुती लिन आउने सम्भावना रहेको छ ।

**RAFTING:**

लामो दुरिमाः रिपको लेप्चे देखि तुम्च सम्म

छोटो दुरिमाः सर्केगाड बजार देखि सलिसल्ला सम्म

**KARNALI NIGHT CAMP:**

सलिसल्ला --------- वडा नं. १

**ROCK CLIMBING:**

फेरे भिर --------- वडा नं. ४

सलिसल्ला --------- वडा नं. १

खुगाड भिर --------- वडा नं. ३

कुवाकोडी ------------ वडा नं. ५

**PARAGLADING:**

खानि डाडाँ --------- वडा नं. ६

चत्थला गुसाँ --------- वडा नं. ३

बराई लेक --------- वडा नं. ६

सांखे कान देखी खडीखेत ६

**बन्जि**

भदाली --------- वडा नं. ५

चाखा डाडाँ सायाँ --------- वडा नं. ४

४.१.६. कृषि उत्पादन क्षेत्र

यस क्षेत्रमा जस्ता कृषि उत्पादनका प्रचुर सम्भावना भएका समथर क्षेत्रहरु छन् । यी क्षेत्रहरुमा यहाँका अर्गानिक बालीनाली तथा फलफुल, तरकारी उत्पादन पकेट क्षेत्रको विकास गर्न सकिन्छ । कृषका ससाना समूहहरु निर्माण गरी आधुनिक एवम् अत्यन्त आकर्षक ढङ्गले खेती पाती गर्न सकिन्छ । यस खेती पातीको अध्ययन, अबलोकन तथा अनुसन्धान गर्नका लागि पर्यटकहरुलाई भित्र्याउन सकिने प्रवल सम्भावना रहेको छ । संभावित कृर्षी पर्यटकिय क्षेत्र तथा व्यवसायीक उत्पादन गर्न सकिने क्षेत्रहरु

**कृर्षी पर्यटकिय क्षेत्र :**

गुसाँ --------- वडा नं. ३

सिमाली --------- वडा नं. ७

लेक बराई --------- वडा नं. ६

तुम्च ज्युलो ----------- वडा नं. १








# सर्केगाड गाँउपालिका भित्रका खेतिपाति











गुसां लेख जसलाई अन्नको भन्डारको रुपमा परिचित छ।



मार्सि धानको फांट।

### ४.१.७. हुम्ला कर्णाली नदी र्याफ्टिङ क्षेत्र

यस गाउँपालिकाको वडा नं. १, २, ३, ४, ५ र ६ का हुम्ला कर्णाली र सर्केगाड खोलाले छोएका भागहरुमा र्याफ्टिङ सेवा सञ्चालन गर्न सकिने सतप्रतिशत सम्भावना रहेको छ । यस बहावमा सजिलै र्याफ्टिङ्का गर्न सकिने सम्भावना भएका कारण पर्यटकका लागि र्याफ्टिङ् सेवा सञ्चालन गर्न सकिने सम्भावनाहरु रहेका छन् तर यसको संभाव्यता अध्ययन गर्नु आवश्यक छ।

लामो दुरिमाः रिपको लेप्चे देखि तुम्च सम्म

- छोटो दुरिमाः सर्केगाड बजार देखि सलिसल्ला/सरिसल्ला सम्म





### ४.२ सर्केगाड गाउँपालिकाका सम्भिावित पदमार्गहरु

- रिप मालिका रानीसैन शैपाल प्रर्यटकिय पदमार्ग




- मारघोर-चुवांखोला पदमार्ग



MARGOR CHUWAKHOLA TREKKING ROUTE
SARKIGAD RURAL MUNICIPALITY
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
Map:Trekking Route Map
Legend
Education
river
Lake
Health_Post
Temple
Adminstrative_Office
Places
Margor chuwakhola Trekking Route
Rural Road
waterways
Humla
Sarkigad_R.M.
Ward_Boundary
NEPAL_DISTRICTS_WGS
Coordinate Systems:
WGS_1984
Source:
@ Survey Department, Open Street Map
HUMLA
Sarkegad
Sarkigad Rural Municipality
Budhe Dalla Marg
Proposed Geological park
Marghor lekh
Rugheni Kharka
Kharpunath
Dhaula pani Area
Rahadeu LekhYali Nirbeli
Thuma Lekh
Bhim nagar
Rahadev
purbuta gau
Gwali
Phucha Gau
Patihalna
Pata Khani
Gairi Kharka
Sikkada lake
Simali Area
Pani Mull
Sera jyulo
Ward Office 7
Millekh
Chyaagi
Chankheli
Bhuwa
Kallas
Pogari Chaur
Ward Office -2
Lipne
Giusi
Paga
Barai Health Post
Barai Gau
Gothi
Talchadi Jharna
Kuti
Lekha Gau
Ward Office 3
Gairi Saya
Kuwakoti
Lek kutti
Sarkegad Bajar
Sarkegad R M Office
Melchham
29°56'0"N
29°55'0"N
29°54'0"N
29°53'0"N
29°52'0"N
29°51'0"N
29°50'0"N
29°49'0"N
29°48'0"N
29°47'0"N
29°46'0"N
81°51'0"E
81°52'0"E
81°53'0"E
81°54'0"E
81°55'0"E
81°56'0"E
81°57'0"E
81°58'0"E
81°59'0"E
82°0'0"E
82°1'0"E
82°2'0"E
82°3'0"E
82°4'0"E
0 2 4 8 KM



- सुकाटाँगा-पान्चौर देखि गुसाँ हुंदै सर्केगाड पदमार्ग




## ४.२.५ राम्रो पद यात्रा पदोन्नति को लागि सुझाव र सिफारिसहरु

यो क्षेत्र ग्रामिण जीवन शैलीको ऐना हो । यस क्षेत्रले ग्रामिण जीवनको मौलिकपना कायम राख्न भएकाले स्वदेशी तथा बिदेशी आगन्तुकहरुको रुचीको क्षेत्र बन्ने प्रवल सम्भावना रहेको छ । हाम्रो मौलिक चालचलन, रितिरिवाज, संस्कृतिको संरक्षण एबं प्राकृतिक स्रोत साधनको उपयोगबाट स्थानीयवासीको रोजगारि वृद्धि, आर्थिक गतिविधिमा बढावा र हाम्रो मौलिकताको पहिचान पदमार्ग विकासको प्रमुख उदेश्य हो । जसका निमित्त पर्यटकीय गतिबिधि बढाउन, स्रोत साधनको उचित व्यवस्थापन गर्न सरसफाइमा ध्यान दिने, स्थानिय स्तरमा होम स्टे निर्माण गर्ने, प्राकृतिक स्रोत साधनको संरक्षण र सम्बर्धन गर्ने र तिनीहरुको उचित (दिगो) प्रयोग गर्ने कार्यक्रम चलाउनु जरुरी छ ।

यसका साथै पद यात्रामा जाने यात्रीहरुले आफुलाई आबस्यक पर्ने सामाग्रीहरुको आफैसंग राम्रो व्यवस्था गरी हिडेको अवस्थामा यात्रा अझै सफल हुनेछ । हालको अवस्थामा गाउँघरमा रहेका साना होटेल, चिया पसल तथा किराना पसलहरुले पर्यटकहरुका लागि आधारभूत खाना र आवास सेवाहरू प्रदान गर्न सक्दछन् । तर पनि यात्री हरुले आफुसंगै बोकेर लगेको खानेकुरा तथा स्थानीय स्रोत साधनहरुलाई समेत प्रयाप्त उपयोग गरी आफ्नो यात्रालाई सहज बनाउन सक्छन् । यसले स्थानीय स्रोत साधनहरुको उपभोग हुनुका साथै ग्रामिण पर्यटन क्षेत्रमा समेत सकारात्मक र दिगो विकासको रंग भर्न सक्छ ।



## ४.३ पर्यटन पूर्वाधारको वर्तमान अवस्था र सम्भावना

कुनै पनि क्षेत्रको पर्यटन विकासमा त्यस क्षेत्रको पर्यटन पूर्वाधारहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छ । तसर्थ सर्केगाड गाउँपालिकाको सन्दर्भमा पर्यटन विकासको चर्चा गर्दा पनि यस क्षेत्रको पूर्वाधारको अवस्था उल्लेख गर्नु जरुरी हुन्छ । पर्यटकहरूको लागि आधारभूत पुर्वाधार भएन भने पर्यटन विकास हुन गाह्रो मात्र होइन असम्भव प्रायः हुन्छ । यो प्रतिवेदनको यस खण्डमा सर्केगाड गाउँपालिकामा रहेका भौतिक पूर्वाधारहरूको हालको अवस्थाको बारेमा छोटो चर्चा गरिएको छ ।

### १. सडक तथा पुल

### २. पैदल तथा गोरेटो बाटो

